आचार्यवामनेन काव्यालङ्कारसूत्रे दोषनिदर्शनक्रमे गुणविपर्यात्मनः दोषाः भवन्तीति प्रतिपादितमस्ति । वामनस्य मते काव्ये यैः पदार्थैः काव्यसौन्दर्यहानिर्भवति ते दोषाः कथ्यन्ते [9]। दोषराद्धान्तविकासे ध्वन्यालोककारस्यानन्दवर्धनस्य विशिष्टं स्थानं दृश्यते । तेन ध्वनिसिद्धान्तस्य स्थापनक्रमे काव्यात्मतया स्वीकृतस्य रसध्वनेः प्रतीतौ विघ्नकारकत्वेन पञ्च संख्यकाः दोषाः गृहीताः [10]। तथैव सर्वदा रसविघातकाघातकतया दोषद्वैविध्यमपि प्रदर्शितम् । तस्य मते रसगताः दोषाः नित्याः, तदन्ये श्रुतिदष्टादयः दोषाश्च अनित्याः भवन्ति [11] । वक्रोक्तिजीवितकारः कुन्तकः काव्ये दोषस्यास्तित्वमेव न

---

[1] हरेकान्तमिश्रः, वृहद्धातुकुसुमाकरः, चौखम्बा-संस्कृत-प्रतिष्ठानम् (२००७), ४४७ पृष्ठम् ।

[2] वामन-शिवराम-आप्टे, संस्कृतहिन्दीकोशः, मोतिलाल-वनारसीदास-पब्लिसर्सदिल्लीतः प्रकाशितः ४७७ पृष्ठम् ।

[3] मुख्यार्थहतिर्दोषो । काव्यप्रकाशः, ७।४९ ।

[4] साहित्यदर्पणम्, १।२ कारिकायाः वृत्तिभागः ।

[5] एते दोषास्तु विज्ञेयाः ..... एत एव विपर्यस्ताः गुणाः काव्येषु कीर्तिताः । नाट्यशास्त्रम् , १७।९५ ।

[6] सर्वथा पदमप्येकं ननिगाद्यमवन्ध्यवत् ।
विलक्ष्मणा हि काव्येन दुस्सुतेनेव निन्द्यते ॥
नाकवित्वमधर्माय व्याधये दण्डनाय वा ।
कुकवित्वं पुनः साक्षान्मृतिमाहुर्मनीषिणः । काव्यालङ्कारः, १।९-१० ।

[7] तदल्पमपि नोपेक्ष्यं काव्ये दुष्टं कथञ्चन ।
स्याद्वपुः सुन्दरमपि स्वित्रेणैकेन दुर्भगम् ॥ -काव्यादर्शः , १।७ ।

[8] उद्वेगजनको दोषः । अग्निपुराणम् ।

[9] गुणविपर्यात्मनो दोषाः । ...., वामनः, काव्यालङ्कारसूत्रवृत्तिः, २।१२

[10] विरोधिरससम्बन्धिविभावादिपरिग्रहः ।
विस्तरेणान्वितस्यापि वस्तुनोऽन्यस्य वर्णनम् ।
अकाण्ड एव विच्छित्तिरकाण्डे च प्रकाशनम् ।
परिपोषं गतस्यापि पौनः पुन्येन दीपनम् ।
रसस्य स्याद् विरोधाय वृत्यनौचित्यमेव च ॥ - ध्वन्यालोकः, ३।१८-१९ ।

[11] श्रुतिदुष्टादयो दोषा अनित्या ये च दर्शिताः ।
ध्वन्यात्मन्येव शृङ्गारे ते हेया इत्युदाहृताः । ध्वन्यालोकः, २।११ ।

स्वीकुरुते । स विशिष्टशब्दार्थयोः प्रयोगेण दोषाः स्वतः पलायन्ते इति मतं प्रकटयति । अभिनवगुप्तश्च दोषविवेचने आनन्दवर्धनमेवानुकरोति। व्यक्तिविवेककारः महिमभट्टः रसप्रतीतौ विघ्नविधायकाः दोषाः भवन्ति, अनौचित्यं हिव दोषः, स च रसभङ्गस्य प्रमुखः हेतुरिति प्रतिपादयति ।

दोषविवेचनपरम्परायां काव्यप्रकाशस्य `विशिष्टं स्थानम् । काव्यप्रकाशे आचार्यमम्मटः 'मुख्यार्थहतिर्दोषः' इत्युक्त्वा काव्यामतया स्वीकृतस्य रसस्य (मुख्यार्थस्य) यत्रापकर्षः भवति तत्र हि दोषः समुत्पद्यते इति दोषविषयकं प्रौढपाण्डित्यपरिलसितं सूक्ष्मनिरीक्षणान्वितं, तार्किकञ्च सिद्धान्तं प्रस्तौति । दोषः कुत्र कुत्र तिष्ठति ? इति विचिकित्सायां मम्मटः मुख्यार्थे अर्थात् रसे, रसाश्रयीभूते वाक्ये अर्थे वा, रसस्य वाच्यस्य (अर्थस्य) प्रतिपादके शब्दे च दोषः भवति । शब्दस्य च पद-पदांशवाक्यभेदात् दोषाः पञ्चप्रकारकस्थलेषु भवन्तीति कथयति [12]। ततः विश्वनाथः साहित्यदर्पणे मम्मटस्य दोषराद्धान्तमेवानुरोति । सः दोषाः रसापकर्षकाः भवन्तीति प्रतिपादयति [13]। काव्यदोषविषयिकीं वार्तामिमां पर्यालोच्य निष्कर्षरूपेणोच्यते यत् दोषराद्धान्तः मम्मटेनैव स्थिरीकृतः दोषस्य सर्वसम्मतं लक्षणञ्च मम्मटाचार्यवर्येणैव प्रदर्शितमिति कथने न क्वापि विप्रतिपत्तिः । भामहादारभ्य विश्वनाथपर्यन्तानां लक्षणशास्त्रकाराणां दोषराद्धान्तं पर्यालोच्य वयं निर्णेतुं शक्नुमः यत्- 'साक्षात् परम्परया वा रसादीनां साधुतयाप्रतीतिप्रतिबन्धककाव्यधर्मत्वं दोषत्वम्' इति दोषसामान्यलक्षणं कर्तुं शक्यते अर्थात् ये साक्षादन्यतो वा रसादीनां प्रतीतौ विघ्नं कुर्वन्ति ते एव दोषाः कथ्यन्ते । ते च काव्यात्मभूते रसे, रसप्रतिपादकेऽर्थे, अर्थस्याधारभूते पदपदांशवाक्येषु च भवन्ति ।

४. दोषविभागः

काव्यदोषाध्ययनपरम्परेव दोषवर्गीकरणस्य क्रमश्च समकालमेव प्रादुर्भूतो दृश्यते । संस्कृतकाव्यलक्षणशास्त्रीयचिन्तनस्याद्य आचार्यभरतो हिदोषविभाजनेऽपिप्राथम्यं लभतेनूनम्।एतेन,अगूढान्तरार्थहीनभिन्नैकार्था-भिप्लुतार्थ-न्यायादपेत-विषम-विसन्धि-शब्दहीनभेदात् दोषस्य दशभेदाः परिगणिताः [14]। ततः पञ्चमशतकोत्पन्नेनाचार्येण भामहेन काव्यालङ्कारे त्रिषु स्थलेषु त्रयोविंशतिसंख्यकाः दोषाः परिगणिताः सन्ति [15]। भामहेन सामान्यदोषाः, वाणीदोषाः, अन्यदोषां इति दोषाणां त्रयो विभागाः कृताः । दण्डिना एकादश दोषाः दर्शिताः [16]। काव्यालङ्कारसूत्रवृत्तौ वामनेन पूर्वं दोषाः शब्दगतार्थगतभेदेन विभक्ताः । ततस्तयोर्मध्ये शब्दगतानां पद-पदार्थ-वाक्यगत-भेदेन त्रैविध्यम्, अर्थगतानाञ्च पदार्थ-वाक्यार्थभेदेन द्वौ भेदौ प्रदर्शितौ । असाधु-कष्ट-ग्राम्याप्रतीतानर्थकभेदेन पञ्च पददोषाः । अन्यार्थ-नेयार्थ-गूढार्थाश्लील-क्लिष्टार्थ-भेदेन पञ्च पदार्थदोषाः, भिन्नवृत्त-यतिभ्रष्ट-विसन्धिभेदेन त्रयः वाक्यदोषाः, व्यर्थैकार्थ-सन्ध्यप्रयुक्तापक्रम-लोक-विरुद्धविद्याविरुद्धेति सप्त वाक्यार्थदोषाः इति कृत्वा विंशतिसंख्याकाः दोषाः प्रस्तुताः सन्ति [17]। आचार्यरुद्रटेन शब्दार्थभेदेन दोषस्य द्वौ भेदौ प्रदर्शितौ शब्ददोषस्य पुनः पद-वाक्यभेदेन द्वौ भेदौ स्तः । दोषस्वरूपचिन्तनस्य प्रवर्तकेनानन्दवर्धनेन 'रसविरोधिनः दोषाः' इत्युक्त्वा षट्प्रकारकाः रसविरोधावस्थाः कथिताः [18]। रसस्य नित्यानित्यत्वेन द्वौ विभागौ च दर्शितौ [19]। रसस्य वर्गीकरणे काव्यप्रकाशकर्तुः आचार्यमम्मटस्य मतं युक्तियुक्तं परिपुष्टञ्च विलोक्यते । एतस्य दोषविवेचनं स्पष्टं सर्वस्वीकार्यञ्च मन्यते । मम्मटमते त्रयो विभागाः सन्ति । शब्दार्थरसभेदेन दोषाणां पूर्वं त्रयो विभागाः सन्ति । प्रथमस्य पुनः ते यथा-पदांशदोषाः, पददोषाः वाक्यदोषाश्च [20]। एतावता भेदोपभेदान् परिगणय्य साकल्येन पञ्चप्रकारकाः दोषाः मम्मटेन सन्ति व्याख्याताः । एत एव दोषाः विश्वनाथेन स्वीकृताः साहित्यदर्पणे यथा-

रसापकर्षकाः दोषाः ते पुनः पञ्चधा मताः ।
पदे तदंशे वाक्येर्थे संभवन्ति रसेऽपि यत् ॥[21]

आचार्यजगन्नाथ-भामहाभ्यां दोषविवेचने अलङ्कारदोषाश्च विवेचिताः । तथाऽपि मम्मटविश्वनाथाभ्यां प्रतिपादितपञ्चविभागाः एव दोषवर्गीकरणे युक्तियुक्ताः दृश्यन्ते । अतः दोषाणां पञ्चप्रकाराः निश्चीयन्ते । ते च- पददोषाः, पदांशदोषाः, वाक्यदोषाः, अर्थदोषाः, रसदोषाश्च । तेषां सङ्क्षेपेण परिचयोऽत्र प्रस्तूयते-

४.१. पदांशदोषः

पदस्य प्रकृतौ प्रत्यये वा ये दोषाः भवति ते पदांशदोषाः । पदांशदोषसंख्यायाः विषये विदुषां मतैक्यं न । मम्मटः सप्तप्रकारकान् पदांशदोषान् दर्शयति[22] चेत् विश्वनाथः केवलं पञ्चैव [23]। मम्मटेन स्वीकृताः सप्तपदांशदोषाः यथा-श्रुतिकटु, निहितार्थत्वम्, अवाचकत्वम्, अश्लीलत्वम्, सन्दिग्धत्वम् नेयार्थत्वञ्चेति [24]। पदांशदोषाः पदस्यैकभागे स्थिताः सन्तः काव्यं दूषयन्ति । अतः कविना पदप्रयोगे एतेषां परिहारः कार्यः ।

४.२. पददोषः

एकस्मिन्नखण्डे पदे स्थितं दोषं पददोषम् । मम्मटविश्वनाथाभ्यां पददोषाणां षोडशभेदाः उक्ताः ते यथा-दुश्रवत्वम्, अश्लीलत्वम्, अनुचितार्थत्वम्, अप्रयुक्तत्वम्, ग्राम्यत्वम्, अप्रतीतत्वम्, सन्दिग्धत्वम्, नेयार्थत्वम्, निहतार्थत्वम्, अवाचकत्वम्, क्लिष्टत्वम्, विरुद्धमतिकारिता, अभिमृष्टविधेयांशत्वम्, निरर्थकत्वम्, असमर्थत्वम्, च्युतसंस्कृतिश्चेति [25]।

४.३. वाक्यदोषः

पदैर्निर्मिते वाक्ये ये दोषाः भवन्ति ते वाक्यदोषाः । आचार्यमम्मटेन त्रयस्त्रिंशत् संख्यकाः वाक्यदोषाः परिगणिताः सन्ति । तेषु त्रयोदशदोषाः पददोषेऽपि परिगणिताः । तेष्वतिरिक्ताः वाक्यदोषाः यथा-प्रतिकूलवर्णता, अधिकपदता, न्यूनपदता कथितपदता, हतवृत्तता, पतत्प्रकर्षता, अर्धान्तरैकपदता, समाप्तपुनरात्तता वाच्यानभिधानता, भग्नप्रक्रमता, अस्थानस्थसमासता, प्रसिद्धित्यागः गर्भितता, सङ्कीर्णता आहतविसर्गता चेति [26]।

---

[12] मुख्यार्थहतिर्दोषो रसश्चमुख्यस्तदाश्रयाद् वाच्यः ।
उभयोपयोगिनः स्युः शब्दाद्यास्तेन तेष्वपि सः ॥ काव्यप्रकाशः, ७।४९ ।
[13] विश्वनाथः, साहित्यदर्पणम्, ७।१ ।
[14] गूढार्थमर्थान्तरमर्थहीनं भिन्नार्थमेकार्थमभिप्लुतार्थम् ।
न्यायादपेतं विषमं विसन्धि शब्दच्युतं वै दशकाव्यदोषाः ॥ - नाट्यशास्त्रम्, १६।८९
[15] भामहः, काव्यालङ्कारः, १।३७, ४।२-३ ।
[16] काव्यादर्शः, ३।१२५-२६ ।
[17] वामनः, काव्यालङ्कारसूत्रवृत्तिः, २।१२ ।
[18] ध्वन्यालोकः, ३।१७-१९ ।
[19] ध्वन्यालोकः, २।११ ।
[20] काव्यप्रकाशः, ७।४९ ।
[21] साहित्यदर्पणम्, ७।१ ।
[22] काव्यप्रकाशः, ७।५२ ।
[23] साहित्यदर्पणम्, ७।४ ।
[24] काव्यप्रकाशः, ७।५२, वृत्तिभागः ।
[25] काव्यप्रकाशः, ७।५०-५१ ।
[26] काव्यप्रकाशः, ७।५३-५५ कारिकाः ।

४.४. अर्थदोषः

ये दोषा अर्थमाश्रित्य तिष्ठन्ति ते अर्थदोषाः। शक्यलक्ष्यव्यङ्ग्यसंज्ञकेषु त्रिष्वर्थेषु स्थिताः दोषाः गण्यन्तेऽत्र । अन्वयव्यतिरेकप्रतिपादकतया अर्थप्रयोज्यदोषत्वमर्थदोषत्वम्। दुष्टकाव्ये यत्र पदानां पर्यायपदप्रदानेनाऽपि दोषपरिहारः न भवति तत्रार्थदोषः भवति । आचार्यमम्मटेनार्थदोषाणां त्रयोविंशति भेदाः परिगणिताः सन्ति । ते यथा [२७] - अपुष्टता, कष्टता, व्याहतता, पुनरुक्तता, दुष्क्रमता, ग्राम्यता, सन्दिग्धता, निर्हेतुता, प्रसिद्धिविरुद्धता, विद्याविरुद्धता, अनवीकृतता, नियमेद्रनियमः, अनियमे नियमः, विशेषाविशेषः, अविशेषे विशेषः, साकाङ्क्षता, अपदयुक्तता, सहचरभिन्नता, प्रकाशितविरुद्धता, विध्ययुक्तत्वम् अनुवादायुक्तत्वम्, त्यक्तपुनः स्वीकृतः, अश्लीलत्वञ्चेति ।

४.५. रसदोषः

ये दोषाः साक्षात् रसप्रतीतौ विघ्नोत्पादकाः भवन्ति । ते रसदोषा उच्यन्ते । आचार्यमम्मटेन त्रयोदशरसदोषाः प्रतिपादिताः । आचार्येणानन्दवर्धनेन रसविरोधावस्थाः इति नाम्ना ये रसदोषाः पूर्वं व्याख्याताः। त एव मम्मटेन विस्तरेण रसदोषेषु प्रतिपादिताः। ते यथा -[२८] व्यभिचारिणः स्वशब्दवाच्यता, रसस्य स्वशब्दवाच्यता, स्थायिभावस्य स्वशब्दवाच्यता, कष्टाक्षिप्तविभावत्वम्, कष्टाक्षिप्तानुभावत्वम् प्रतिकूलविभावादिग्रहणम्, रसस्य पुनः पुनः दीप्तिः, अकाण्डे प्रथनम्, अकाण्डे छेदः, अङ्गस्यातिविस्तृतिः, अङ्गिनोऽननुसन्धानम्, प्रकृतीनां विपर्ययः, अनङ्गस्याभिधानञ्चेति ।

५. निष्कर्षः

वैक्लृत्यर्थकात् दुष्धातोर्घञि निष्पन्नः दोषशब्दः त्रुटीत्यर्थं बोधयति । नाट्यशास्त्रकर्तुः भरताद् प्रारब्धा दोषचिन्तन परम्परा मम्मटं प्राप्य स्थिरतां प्राप्ता । दोषस्वरूपविवेचने वर्गीकरणे च मम्मटमतं सुव्यवस्थितं सर्वसम्मतञ्चास्ति । काव्यात्मत्वेन स्वीकृतस्य रसस्यापकर्षकाः ये श्रुतिदुष्टादयः काव्यपदार्थाः त एव दोषाः । ते पदे, पदांशे, वाक्ये, अर्थे रसे च भवन्ति । यथा काणत्वादयः दोषाः देहिनं दूषयन्ति तथैव श्रुतिदुष्टादयः काव्यदोषाः काव्यस्यापकर्षकाः भवन्ति । अतः काव्यप्रणेत्रा दोषपरिहारे विशेषो यत्नः कार्यः । यदि सावधानतया काव्यरचना क्रियते चेत् दोषपरिहारो भवति । एतेन काव्यस्य स्थानमुच्चं भवति ।

प्रमुखसन्दर्भग्रन्थाः

१. आनन्दवर्धनः ध्वन्यालोकः ।
२. दण्डी काव्यादर्शः ।
३. भरतः नाट्यशास्त्रम् ।
४. भामहः काव्यालङ्कारः ।
५. मम्मटः काव्यप्रकाशः ।
६. मिश्रः हरेकान्तः, बृहद्धातुकुसुमाकरः (ई. २००७), चौखम्बा-संस्कृत-प्रतिष्ठान-वाराणसीतः प्रकाशितः ।
७. वामनः काव्यालङ्कारसूत्रवृत्तिः ।
८. वामनः शिवराम-आप्टे, संस्कृत-हिन्दी-कोशः (ई.२००३) मोतिलाल-वनारसीदास-पब्लिसर्स-दिल्लीतः प्रकाशितः ।
९. विश्वनाथः साहित्यदर्पणः

---

[२७] काव्यप्रकाशः, ७।५५-५७ कारिकाः ।

[२८] काव्यप्रकाशः, ७।६०-६२ कारिकाः ।

हार्दिक शुभकामना



नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हरिसिद्धि इम्पोरियम
प्यूखा चोक, न्यूरोड
काठमाडौं

बौद्धाभिमताः संस्काराः

■ श्रवण खनाल
वाल्मीकिविद्यापीठम्

मनुष्याणां परिचयस्तेषां संस्कारैः मान्यताभिश्च भवति । तस्मादेव जगति विभिन्नदेशीयानां जनानां वा भिन्न-भिन्न धर्मानुयायिनां स्वानुकूलेन अनेकाः संस्काराः लोकशिक्षणार्थ प्रचलिताः सन्ति । हिन्दूधर्मानुयायिनां षोडश संस्काराः दरीदृश्यन्ते । तथैव बौद्धदर्शने कति संस्काराः स्वीकृताः वा अत्र संस्काराणां कथं महत्त्वमस्तीति विविच्यते ।

यद्यपि बौद्धदर्शने संस्काराणां तादृशी मान्यता नास्ति यथा वैदिकधर्मदर्शनेऽस्ति । तथापि बौद्धधर्मानुयायिनां समाजे अवश्यंकर्मत्वेन संस्काराः प्रचलिताः सन्ति इति अनुभूयते । तथा ते संस्काराः नवसंख्यकाः सन्ति तद्यथा-

१. गब्भमङ्गल	२. नामकरण	३. अन्नप्राशन
४. केशकप्पन	५. बिज्जारम्भः	६. विवाह
७. प्रवज्या	८. उपसम्पदा	९. दाहकम्भ

१. **गब्भमङ्गल** - बीजधानानन्तरं त्रयाणां मासानामनन्तरं योऽभिधीयते सः एव संस्कारः गब्भमङ्गल नामकः संस्कारः । वैदिकसंस्कार एतत्सदृशस्य नाम पुंसवनमित्यभिधीयते । यद्यपि वैदिकसंस्कारे त्रिमासानन्तरम् एव क्रियते परन्तु बौद्धे न तथा समयनिर्धारितोऽस्ति । अस्मिन् दिवसे बुद्धार्चनानन्तरं परित्राणपाठं क्रियते । भिक्षून् भोजनादिद्वारा अर्च्यते ।

२. **नामकरण** - अयं संस्कारः बालकस्य जन्मतः पञ्चसप्ताहानन्तरं क्रियते । वैदिके नामाकरणसंस्कारस्तु एकादशदिवसे एव क्रियते । अस्मिन् दिवसे मात्रा स्नानानन्तरं त्रिशरणं, पञ्चशीलं च श्रुत्वा बालकमुत्सङ्गे गृह्णाति तदनन्तरं परित्राणपाठं श्रावयन् नामाकरणं क्रियते ।

३. **अन्नप्राशन** - अयं संस्कारः आजन्मनः षष्ठमे मासि क्रियते कुत्रचित्तु नामाकरणावसरे एव क्रियते । वैदिकसंस्कारे पुत्रस्य षष्ठमे पुत्र्याश्च पञ्चमे मासि क्रियते । अस्मिन् दिवसे बालकं नवपरिधानं धारयित्वा परित्राणपाठं श्रावयते । बौद्धभिक्षुणा आचार्येण वा क्षीरं भोजयित्वा बुद्धप्रतिमानंमपि बालकद्वारा पूजयते ।

४. **केशकप्पन** - अयं संस्कारः आजन्मनः तृतीये वर्षे वा स्वानुकूलेन बौद्धविहारे क्रियते । वैदिकसंस्कारे तु अष्टवर्षावधौ स्वानुकूलेन वा शास्त्रानुसारेण क्रियते । बौद्धानामस्मिनवसरे बौद्धाचार्यद्वारा बालकं पीतवस्त्रं परिधाय केश कर्त्तनं कृत्वा नद्यां वा भूमौ वा विसृज्यते तदनन्तरं परित्राणपाठं श्रावयते ।

५. **बिज्जारम्भः** - अयं संस्कारः आजन्मनः पञ्चमे वर्षे बौद्धविहारे बौद्धाचार्यद्वारा बालकहस्तं गृहित्वा पुस्तिकायां लेखन्या बुद्धं शरणं गच्छामि धम्मं शरणम् गच्छामि, सङ्घं शरणम् गच्छामि वा नमो बुद्धाय इति वा विलेखयन् क्रियते । अयं संस्कारः वैदिकदर्शने विद्यारम्भनाम्ना परिचितोऽस्ति ।

६. **विवाह** - अस्मिन् संस्कारे बौद्धाचार्यः वरवधूभ्यां त्रिशरणं पञ्चशीलपाठं च कारयति । तदनन्तरं परित्राणपाठं कारयति । एवं च उभयोः परस्परं यद्कर्त्तव्यं भवति तस्य शिक्षणं करोति बौद्धाचार्यः-

बुद्धोपदिष्टानि गृहस्थानां कर्त्तव्यानि-

क. पत्याः सम्मानं कर्त्तव्यम्
ख. पत्याः अपमानं न करणीयम्
ग. पत्न्या सह व्यभिचारो न कर्त्तव्यः
घ. यथाशक्तिः वस्त्राभूषणादिप्रदानं कर्त्तव्यम् ।

तथा पत्न्या पतिं प्रति यदव्यवहर्लव्यम् तदपि बुद्धेन उपदिष्टमस्ति तद्यथा-

क. पतेः गृहं संरक्षणीयम्
ख. किंकरान् प्रसादनीयम्
ग. अव्यभिचरितव्यम्
घ. सम्पतिः रक्षणीया
ङ. आलस्यं न कर्त्तव्यम्

इत्थं शिक्षयन् अङ्गुलीचक्रं वरः वधू परिधापयति परस्परं वरमालाधारणानन्तरं महामङ्गलगाथया रक्षाकङ्कणं प्रदाय आशीर्वचनानन्तरं समाप्यते ।

७. **प्रवज्या** - जीवने एकस्मिन् दिवसे सर्वैरपि अवश्यमेव प्रवज्याग्रहणं कर्त्तव्यं भवति एतेषां मते । परन्तु श्रीलङ्कादेशिया एतन्नस्वीकुर्वन्ति । प्रव्रजितान् श्रमणेराः इति वदन्ति । श्रामणेरान् दशनियमाः शिक्षयन्ते बौद्धाचार्याः । प्रवज्या ग्रहणानन्तरं बौद्धविहारे एव कालक्षेपः क्रियते ध्यानेन बौद्धाध्ययनेन वा प्रव्रजितैः ।

८. **उपसम्पदा (भिक्षुदिक्षा)** - एषा श्रामणेरान् एव दीयते । उपसम्पदां विना न कोऽपि भिक्षुः कथ्यते । एतदर्थं विंशतिवयः अत्यावश्यकोस्ति । कुत्रचित् पञ्चाचार्याः दीक्षां दास्यन्ति कुत्रचित् च दशाचार्याः ।

९. **दाहकम्भ** - अयं संस्कारः मरणावसरे क्रियते । परित्राणपाठं क्रियते । पाठावसरे एव कस्यचित् मृत्युर्भवति तदा शुभमस्तीति कथ्यते । यथा वैदिकानां मरणावसरे गीता-पाठादिः । मरणानन्तरं भिक्षुसंघं श्वेतवस्त्रं प्रदाय भिक्षुभिः अनित्यतां प्रकाशयन् चितायां नित्वा अग्निदाहः क्रियते । तदनन्तरं सप्तमे दशमे वा द्वादशदिवसे भिक्षून् असहायान् वा हस्तजीविन? भोजयित्वा मृतकस्य मृत्युस्मृतौ धर्मसम्बन्धिताः अनेकाः ग्रन्थाः प्रकाशयन्तः धर्मदाननामकं पुण्यकर्म क्रियते ।

इत्येताः एव बौद्धाभिमतसंस्काराः यथामतिः अत्र वर्णिताः ।

सन्दर्भ-सूची

१. बौद्ध दर्शन, राहुल सांकृत्यायन, किताबमहल इलाहावाद, १९८९ इ.
२. बुद्धकालीन गृहस्थीहरू (भाग ३), भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, २०२८
३. मज्जिम निकाय
४. संयुक्त निकाय

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

माधवप्रसाद शर्मा
भुमेठाकुर कन्स्ट्रक्सन प्रा.लि.
अनामनगर-३२, काठमाडौं

हार्दिक शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वीरबहादुर मयैया (कर्मचारी)
तिनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिव
रामहरि लम्साल
एवम् स्व.वि.यु परिवार

सहसचिव
धर्मराज पाण्डे
वाल्मीकि विद्यापीठ

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

सहायक प्राध्यापक
बुद्धिबहादुर कुमाल
बी.पी. कोइराला संस्कृत विद्यापीठ
सल्यान-३, सोलुखुम्बु

भगवान् बुद्धको समयसम्बन्धी परम्परामा थप कुरा

■ प्रा. दिनेशराज पन्त
वाल्मीकि विद्यापीठ

नेपालमा सर्वप्रथम वि.सं. १९४१मा पात्रो छापिएको हो । त्यस वर्षको पात्रोमा कार्तिककृष्ण दशमीमा बुद्धावतारः लेखिएको छ । त्यसभन्दा केही वर्षअगाडिदेखिका लेखोट र पात्रोमा पनि बीचबीचका वर्षमा कार्तिककृष्ण दशमीमा बुद्धावतार लेखिएका भेटिएका छन् । ती पञ्चाङ्गमा वैशाखशुक्ल पूर्णिमामा बुद्धविषयक उल्लेख छैन, बरु कुनै पञ्चाङ्गमा वैशाखशुक्ल दशमीमा बुद्धावतार लेखिएको भेटिएको छ । नेपालमा पात्रो छापिन थालेको केही वर्षपछिका नेपाली पात्रोहरूमा आश्विनशुक्ल दशमीमा र कार्तिककृष्ण दशमीमा बौद्धावतार, बुद्धजयन्ती, बौद्धजयन्ती लेखिएका निकै उदाहरण भेटिए । ती पात्रोहरूमा वैशाखशुक्ल पूर्णिमामा बुद्धविषयक केही कुरा देखिएन ।

नेपालको तराई क्षेत्रमा जन्म लिएर आफ्नो ज्ञानको प्रकाशद्वारा संसारमा आलोक फैलाई संसारकै बन्न पुगेका भगवान् बुद्धको विषयमा धेरै कुरा लेखिसकिएका छन् र त्यसबाट बुद्धसम्बन्धी निकै कुरा स्पष्ट भइसकेका छन् । तैपनि भगवान् बुद्धका विषयमा अनेक प्रकारका मतमतान्तर चली तिनमा भिन्नता आएको कुरा पनि प्रत्यक्ष नै छ ।

यसैगरी बुद्धको समयका विषयमा पनि विभिन्न मत चलिरहेका छन् । साथै, यस विषयमा विद्वान्हरूले आआफ्नो धारणानुसार कलम चलाइरहेका छन् ।

हाम्रो देश नेपालमा आजभोलि प्रतिवर्ष वैशाख पूर्णिमामा बुद्धजयन्ती मनाइन्छ । यसैगरी यस वर्ष वि.सं. २०६९ वैशाख पूर्णिमाको दिन बुद्धजयन्ती मनाइनुका साथै बुद्धको निर्वाण भएको २५५६ वर्ष भयो भन्ने कुरा पनि प्रकाशमा आयो । यो कुरा नगिचैको हुनाले सबैलाई विदितै छ । यताबाट २५५६–२०६९=४८७ वि.पू.मा बुद्धको निर्वाण भएको हो भन्ने परम्परा आजकाल हामीले सकारेका रहेछौं भन्ने कुरा स्पष्ट हुन्छ ।

यस सानो निबन्धमा अरुले खास विचार नगरेको बुद्धको समयसम्बन्धी केही कुरामा प्रकाश पार्ने इच्छाले म कलम चलाउँदै छु ।

कालचक्र नामक एक प्रसिद्ध पुस्तक छ । यो वज्रयानीहरूको महत्त्वपूर्ण ग्रन्थ हो । कालचक्रका टीकाहरूमध्ये विमलप्रभा टीका अत्यन्त प्रसिद्ध छ [1]। त्यस ग्रन्थबाट बुद्धको समय विषयमा नयाँ प्रकाश पर्ने हुनाले अब यस विषयमा केही लेखिन्छ ।

कालचक्रको प्रथम पटलमा एक ठाउँमा यस्तो लेखिएको छ–

आद्याब्दात् षट्शता ६००ब्दैः प्रकटयशनृपः शम्भलाख्ये भविष्यत् ।
तस्मान्नागैः शता८००ब्दैः खलु मखविषये म्लेच्छधर्मप्रवृत्तिः ॥२६॥

यस विषयमा विमलप्रभा टीकामा यस्तो लेखिएको छ–

आद्याब्दात् षट्शताब्दैः प्रकटयशनृपः शम्भलाख्ये भविष्यदितिं । आद्येति। धर्मदेशन वर्ष तथागतस्य तस्माद् वर्षात् षट्शताब्दैः शीतानद्युत्तरे शम्भलनाम्नि विषये यश इत्यागमपाठः । महायशा मञ्जुश्रीः प्रकटो भविष्यति । निर्माणकायग्रहणं करिष्यतीत्यर्थः । तस्मान्नगैः शताब्दैरिति। तस्मद् यशसो निवृतात्। नागैरित्यष्टवर्षशतैः। खल्विति निश्चितम् । मखविषये म्लेच्छधर्मप्रवृत्तिर्भविष्यति । शीतादक्षिण मखविषये कोटिग्रमविभूषिते म्लेच्छानां तायिनामसुरधमप्रवृत्तिर्भविष्यति।

(बुद्धले धर्मप्रचार गर्न थालेको ६०० वर्षपछि शम्भलदेशमा ठूलो कीर्ति भएका मञ्जुश्री प्रकट हुनुहुनेछ। त्यसको ८००वर्षपछि मखदेशमा म्लेच्छधर्म चल्नेछ । शीतानदीको दक्षिणपट्टि रहेको करौडौंको गाउँ भएको मखदेशमा म्लेच्छहरूका आचार्यको आसुर धर्म चल्नेछ ।

(मर्यादा १४ अङ्कको ३२ पृ.)

कालचक्रको यस वर्णनबाट बुद्धले धर्मप्रचार गर्न थालेको ६०० वर्षपछि शम्भलदेशमा मंञ्जुश्रीको प्रदुर्भाव भयो तथा मञ्जुश्रीको

---

[1] बौद्धदर्शन ४५४-४५५ पृ., मर्यादा १३ अङ्कमा ६९-७१ पृ.

प्रदुर्भाव भएको ८०० वर्षपछि मखदेशमा म्लेच्छधर्मको उत्पत्ति भयो भन्ने बुझिन्छ । यताबाट म्लेच्छधर्मको उत्पत्ति हुनुभन्दा १४०० वर्ष पहिले बुद्धले धर्मप्रचार गर्न थालेको देखिन्छ । यस कारण अब म्लेच्छधर्मको उत्पत्ति कहिले भयो भन्ने विषयमा हामीले खोजी गर्नुपरेको छ । यस विषयमा कालचक्रबाट नै हामीलाई मद्दत मिलेको छ । कालचक्रको त्यस विषयसँग सम्बद्ध अंश तल उद्धृत गरिन्छ–

...ऊनं म्लेच्छेन्द्रवर्षं
करफणिशशिना १८२ शेषमर्का १२ हतं च ।
मिश्रं चैत्रादिमासै–
रधरयुग४हतं खाग्निचन्द्रै ३० र्विभक्तं
लब्धं मूर्ध्नि प्रविष्टं
भवति नरपते मासपिण्डं विशुद्धम् ॥२७॥

यस विषयमा विमलप्रभा टीकामा यस्तो लेखिएको छ–

....इह तथागत कालात् षड्वर्षशतैर्मञ्जुश्रीकालः करणे ध्रुवः । तस्मादष्टशतवर्षैर्म्लेच्छकालः । तस्माद् म्लेच्छकालाद् द्व्यशीत्यधिकशतेनं हीनोऽजकल्कीकालः । येनाब्जेन लघुकरणं विशोधितम् । स एव कालः करणे ध्रुवकं भवति म्लेच्छावर्षादिति । ...ऊनं म्लेच्छेन्द्रवर्षं करफणिशशिना । द्व्यशीत्यधिकशतेनानं करफणिशशिनोनमिति । शम्भलविषयेऽजकल्ककालवर्षंतदैव लघुकरणेवर्षपिण्डमिति। शेषमर्काहतं च। तदेव वर्षपिण्डं द्व्यशीत्यधिकशतेनोनावशेषं मासपिण्डनिमित्तमर्काहतं द्वादशगुणितं मासपिण्डं भवति । मिश्रं चैत्रादिमासैरिति । तदेव मासपिण्डं चैत्रादिवर्तमानमासैमिश्रं भवति वर्तमानमासार्थमिति । अधरयुगहतमिति। तदेव मासपिण्डमध उपरिराशावधोराशौ मासपिण्डं कृत्वाऽधिकमासग्रहणार्थंयुगहतं चतुर्गुणितं भवति। खाग्निचन्द्रैर्विभक्तमिति अत्र सूर्यस्य द्वात्रिंशत्सार्द्धं मासैरधिकमासोऽमावास्यां संक्रमणाभावात् । तेन भागो न स्यात् । तस्माद् राशिचतुर्गुणिता भागराशिर्भवति । भागराशेश्चतुर्गुणिते सति निमित्ताभावे नैमित्तिकस्याभाव इति न्यायात् विभज्य राशिश्चतुर्गुणीभवति । तस्माद् विभज्य राशैर्भागराशिना लब्धं फलं भवति। लब्धं मूर्ध्नि प्रविष्टम्। तदैव लब्धमधिकमासपिण्डं मूर्ध्नि मासपिण्डराशौ प्रविष्टं भवति । नरपते मासपिण्डं विशुद्धम् । वर्तमानमासे त्रिंशत्तिथिगणितार्थमिति ।

(बुद्धले धर्मप्रचार गर्न थालेको ६०० वर्ष बितेपछि मञ्जुश्रीकाल हुन्छ । त्यो नै करणमा ध्रुव हुन्छ । मञ्जुश्रीकालदेखि ८०० वर्ष बितेपछि म्लेच्छकाल हुन्छ । म्लेच्छकालदेखि १८२ वर्ष बितेपछि अजकल्कीकाल हुन्छ । जुन अजले लघुकरण बनाए, त्यो काल नै करणमा आएको ध्रुव हुन्छ । म्लेच्छवर्षबाट १८२ वर्ष घटायो भने शम्भलदेशमा अजकल्कीकाल आउँछ, त्यो नै लघुकरणमा वर्षगण हुन्छ । वर्षगणलाई १२ ले गुणा गरी गुणनफलमा चैत्रादि गत महिना जोड्नू योगफल सौरमासगण हुन्छ । सौरमासगणलाई ४ ले गुणन गरी १३० ले भाग लिनू । लब्धि अधिमास हुन्छ । सौरमासगणमा अधिमास जोड्नू योग चान्द्रमासगण हुन्छ । ३२१२ सौरमासमा १ अधिकमास पर्छ । २ अमावास्याको बीचमा (१ चान्द्रमासभित्र) सङ्क्रान्ति नपरेकाले यसो भएको हो । ३२१२ ले भाग लिन अप्ठ्यारो पर्छ । त्यसकारण ३२१२ लाई ४ ले गुणन गऱ्यो भने भाग लिन सजिलो पर्छ । भाजकलाई ४ ले गुन्यो भने भाज्यलाई पनि ४ ले गुन्नुपर्छ । चतुर्गुणित भाजक र भाज्यबाट उही लब्धि आउँछ । लब्धि अधिमास हुन्छ । अधिमास सौरमासगणमा जोड्यो भने चान्द्रमासगण हुन्छ । ३० तिथिको १ महिना मानेकाले यसो गर्नुपरेको हो ।

(मर्यादा १४ अङ्कको ३४–३५ पृ.)

म्लेच्छवर्षबाट १८२ घटाउनु, शेष वर्षगण हुन्छ, वर्षगणलाई १२ ले गुनी गुणनफलमा चैत्रादि गत महिना जोड्नू, सौरमासगण हुन्छ, सौरमासगणलाई २ ठाउँमा राख्नू, पछिल्लो सौरमासगणलाई ४ले गुनी गुणनफललाई १३०ले भाग लिई लब्धि ल्याउनू, लब्धि अधिकमास हुन्छ, सौरमासगणमा अधिकमास जोडनू, योगफल चान्द्रमासगण हुन्छ भनी यहाँ लेखिएको छ ।

ताडपत्रमा प्राचीन नेवारी लिपिले लेखिएको एक पुस्तक नेपाल राष्ट्रिय पुस्तकालय १५२ सङ्ख्यामा छ । त्यस पुस्तकमा कालचक्रविषयक गणितको केही व्याख्या हुनाले त्यसको नाम कालचक्रानुसारी गणित रहेको छ । त्यस पुस्तकको १ ख पत्रमा यस्तो लेखिएको छ–

शकाब्द १०९१. शुद्धवर्ष ३६४ अशुद्धमासगण ४३६८.....

(मर्यादा १४ अङ्कको ३५ पृ)

कालचक्रानुसारी गणितमा ३६४लाई १२ ले गुनी ४३६८ सङ्ख्या ल्याइएको छ । यस कारण माथि उद्धृत कालचक्रको २७ वटा कअनुसार म्लेच्छवर्गमा १८२ घटाउँदा ३६४ आएको देखिन्छ । ३६४मा १८२ जोड्दा ३६४+१८२=५४६ म्लेच्छवर्षको संख्या आउँछ ।

कालचक्रानुसारी गणितमा शकाब्द १०९१ लेखिएको कुरा भर्खर माथि उद्धृत गरियो । १०९१-५४६=५४५ । यसकारण ५४ शाकेदेखि म्लेच्छवर्ष चलेको देखिन्छ । शाकेमा १३५ जोड्दा बिक्रमसम्बत् हुन्छ [२]। ५४५+१३५=६८० । यतबाट म्लेच्छवर्ष र विक्रमसंवत्को अन्तर ६८० देखिन्छ ।

वि.सं. ६७९ श्रावणदेखि हिजरीसंवत् चलेको हो [३]। यही हिजरीसंवत्लाई नै कालचक्रले म्लेच्छवर्ष भनेको देखिन्छ । हिजरीसंवत्कोप्रारम्भवर्ष र कालचक्रले मानेको म्लेच्छवर्षको प्ररम्भवर्षमा २ वर्षको अन्तर पर्न गएको छ [४]। मखविषये लेखेरव कालचक्रकारले मक्कालाई बुझाएको देखिन्छ । कालचक्रको प्रथम पटलको ८९ श्लोकको विमलप्रभा टीकामा–

तस्मिन् काले देवानां दानवानां म्लेच्छानां क्षितितलनिलये बागदायां नगर्यां रौद्रयुद्धं भविष्यति ।

(त्यसबेला देवताहरूको र दानव अर्थात् म्लेच्छहरूको पृथ्वीको आगदानगरमा ठूलो लडाइँ हुनेछ ।)

भनी लेखिएको छ । जहाँ उल्लिखित वागदानगर वगदाद हो भन्ने देखिन्छ । यसकारण कालचक्रकार मुसलमानसहरूसँग राम्रैसित परिचित थिए भन्ने देखिन्छ । यी त केही उदाहरण मात्र हुन् । कालचक्रमा यस्ता उल्लेख अन्यत्र पनि पाइन्छन् । यस कारण हिजरीसंवत् र म्लेच्छवर्ष भनेको एउटै चीज हो भन्ने देखिन्छ । यसमा २ वर्षको फरकचाहिँ किन देखिन आयो, यो अन्वेषण गर्नुपर्ने विषय बनेको छ ।

---

[२] पूर्णिमा ५ अङ्कको १० पृ.

[३] भारतीय ज्योतिः शास्त्रको ३७५ पृ.

[४] कालचक्रको तिब्बती भाषामा अनुवाद, वि.सं १०८४मा भएको हो । (टिवेदः अ पोलिटइकल् हिस्टरिको १७ पृ. अतीश याण्ड टिबेट्को १८८ पृ.)

माथि उद्धृत कालचक्रको २६ श्लोकअनुसार बुद्धले धर्मप्रचार गर्न लागेकी १४०० वर्षपछि म्लेच्छवर्ष चलेको देखिन्छ । यताबाट १४००–६८०=७२० वि.पू.मा बुद्धले धर्मप्रचार गर्न थालेको अहिले २०३६+७२०=२७५६ वर्ष पुगेको देखिन्छ । यसरी कालचक्रको मतअनुसार बुद्धको समय अहिले सामान्यतया मानिएको समयभन्दा २०० वर्षजति माथि पुगेको छ ।

ताडपत्रमा मैथिली लिपिले लेखिएको कालचक्रको मूल भागको तस्वीर लोकेशनचन्द्रद्वारा छापिएको छ । त्यसको पाठचाहिँ उनले पढेका छैनन् । तैपनि मैथिली लिपि पढ्न जान्ने व्यक्तिहरूले त्यसबाट लाभ उठाउन सक्छन् । त्यस पुस्तकको १२० क पत्रमा तलको वाक्य लेखिएको छ–

भगवति परिनिर्वृते ऽस्तु । द्व्यधिकास्तादशशते द्वयोविंशतिदिवसान्वितषण्मासान्विते परमोपाशकश्रीषक्तिदासेन लिखितं ॥ शकाब्द ११८५ मार्गदिने ९ ॥

(स्यान्स्क्रिट् म्यानुयुस्क्रिप्ट्स् फ्रम् टिवेट्मा छापिएको चित्रबाट)

(भगवान्को परिनिर्वाण भएको १८०२ वर्ष ६ महीना २३ दिन जाँदा शाके ११८५ मार्गशुक्ल नवमीमा ठूला उपासक श्रीशक्तिदासले सारिसिद्ध्याए ।)

यस वाक्यबाट ११८५+१३५=१३२० वि.सं.को मार्गशुक्ल नवमीमा बुद्धको निर्वाण भएको १८०२ वर्ष ६ महिना २३ दिन बितेको देखिन्छ ।

१८०२–१३२०=४८२ । यताबाट वि.पू.४८२मा बुद्धको निर्वाण भएको देखिन्छ

महिना	दिन
८।	८
–६।	२३
१।	१५

यताबाट वैशाखशुक्ल पूर्णिमामा निर्वाण भएको देखिन्छ ।

यसकारण वि.पू. ४८७ मा बुद्धको निर्वाण भयो भन्ने अहिलेको परम्पराभन्दा ५ वर्षपछि बुद्धको निर्वाण भयो भन्ने कुरा मैथिली लिपिमा लेखिएको कालचक्रको पुष्पिकावाक्यले सकारेको देखिन्छ । महीना तथा तिथि भने अहिलेको परम्पराअनुसार नै छ । ताडपत्रमा भुजिमोल लिपिले लेखिएको हेवज्रप्रकाशको पुष्पिकावाक्य हेमराज शाक्य तथा तुलसीराम वैद्यद्वारा छापिएको वाक्यमा यस्तो लेखिएको छ–

(भ) गवति शाक्यसिंहपरिनिर्वृतिशत १८०० वर्ष ११ मास ४ दिवस ५ शकाब्दा ११९४ भाद्र (दि)ने १४ लिखितमिदं धर्म्मधातुविहारीयधिवासिन्श्रामणेरश्रीजितारिश्रियेनेति ॥

(मेडिईभल् नेपाल, कल्अफनूज् यान्ड इन्स्क्रिपृशनूज्को २२पृ.)

(भगवान् शाक्यसिंहको परिनिर्वाण भएको १८११ वर्ष ४ महीना ५ दिन जाँदा शाके ११९४ भाद्रशुक्ल चतुर्दशीमा धर्मधातुविहारमा बस्ने श्रामणेर श्रीजितारिश्रीले सारिसाद्ध्याए ।)

यस वाक्यबाट ११९४+१३५=१३२९ वि.सं.को भाद्रशुक्ल चतुर्दशीमा बुद्धको निर्वाण भएको १८११ वर्ष ४ महीना ५ दिन बितेको देखिन्छ (हेमराज र तुलसीरामले बौद्धवर्ष १८०० को एघारौं महीनाको चारौं दिन भन्ने यसको अर्थ गरी अशुद्ध गरेको कुरा यहाँनिर स्मरणीय छ ।)

१८११–१३२९=४८२ । यताबाट वि.पू. ४८२मा बुद्धको निर्वाण भएको देखिन्छ [५]

महीना	दिन
५।	१३
–४।	५
१।	८

यताबाट वैशाखशुक्ल अष्टमीमा बुद्धको निर्वाण भएको देखिन्छ ।

यसरी मैथिली लिपिमा लेखिएको कालचक्रको पुष्पिकावाक्य र हेवज्रप्रकाशको पुष्पिकावाक्यअनुसार बुद्धको निर्वाण वर्ष एउटै देखिन गयो, निर्वाण दिनमा भने ७ दिनको फरक पाऱ्यो ।

यसरी हेवज्रप्रकाशको पुष्पिकावाक्यले अहिलेको परम्पराभन्दा ५ वर्षपछि बुद्धको निर्वाण भयो भन्ने कुरा स्वीकारी दिनमा चाहिँ ७ दिनअघि निर्वाण भएको कुरा स्वीकारेको देखिन्छ ।

बुद्धले ३५ वर्षको उमेरमा धर्मप्रचार गर्नु शुरु गरी ४५ वर्षसम्म धर्मप्रचार गरी ८० वर्षको उमेरमा निर्वाण प्राप्त गरेका हुन् भन्ने कुरा प्रसिद्धै छ [६]।

माथि उद्धृत कालचक्रको मूल वाक्य, मैथिली लिपिमा लेखिएको कालचक्रको पुष्पिकावाक्य तथा हेवज्रप्रकाशको पुष्पिकावाक्यबाट आएका समयको तुलना अहिले चलेको चलनसँग गरी देखाउनु राम्रै होला भन्ने सम्झी अब त्यसै गरिन्छ ।

बुद्धले वि.पू. ७२० मा धर्मप्रचार गर्न लागेका हुन् भन्ने कुरा कालचक्रमा छ भनी माथि नै लेखिसकिएको छ । यसकारण ७२०+३५=७५५ वि.पू.मा बुद्धको जन्म भएको तथा ७२०–४५=६७५ वि.पू.मा बुद्धको निर्वाण भएको कुरा कालचक्रअनुसार देखिन आउँछ ।

मैथिली लिपिमा लेखिएको कालचक्रको पुष्पिकावाक्य र हेवज्रप्रकाशको पुष्पिकावाक्यअनुसार बुद्धको निर्वाण वि.पू. ४८२ मा भएको हो भन्ने कुरा माथि नै परिसकेको छ । यसकारण ४२८+८०=५६२ वि.पू.मा बुद्धको जन्म भएको कुरा यी दुवै ग्रन्थका पुष्पिकावाक्यले स्वीकारेको देखिन्छ ।

आजभोलि हाम्रो यहाँ वि.पू. ४८७ मा बुद्धको निर्वाण भएको कुरा स्वीकारिएको छ भनी माथि नै लेखिसकिएको छ । यसकारण ४८७+८०=५६७ वि.पू.मा बुद्धको जन्म भयो भन्ने कुरा आजभोलि स्वीकारिएको देखिन्छ ।

तुलनात्मक विचार गर्न सजिलो होस् भनी माथिका यी कुराका आधारमा तल सारिणी दिइन्छ ।

बुद्धजन्म	**बुद्धनिर्वाण**
कालचक्रानुसार	
वि.पू. ७५५	वि.पू. ६७५

वि.सं१३२०मा सारिएको कालचक्र र वि.सं.

१३२१मा सारिएको हेवज्रप्रकाशको पुष्पिकावाक्यानुसार वि.पू ५६२ वि.पू.४८७

---

[५] प्राचीन नेपाल १६ अङ्कमा २९-३० पृ. । त्यहाँ बुद्धनिर्वाण वर्षको विषयमा यही मत प्रकट गरिएको छ, तर बुद्धनिर्वाणदिनको विषयमा भने विचार गरिएको छैन ।

[६] बुद्धकालीन श्रावक-चरित (भाग १) को ८ पृ., दीघनिकायो (द्वितीयो परिच्छेद) को १२० पृ.

[७] इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातको ११ पृ.

आजभोलिको हाम्रो यहाँको चलनअनुसारव वि.पू. ५६७ वि.पू.४८२

यसै प्रसङ्गमा पुराना पात्रा पल्टाउँदै जाँदा मनमा फुरेको एउटा कुरापट्टि पनि पाठकहरूको ध्यानाकर्षणमा गरिहालूँ।

नेपालमा सर्वप्रथम वि.सं. १९४१मा पात्रो छापिएको हो ७। त्यस वर्षको पात्रोमा कार्तिककृष्ण दशमीमा बुद्धावतारः लेखिएको छ। त्यसभन्दा केही वर्ष अगाडिदेखिका लेखोटमा पात्रोमा पनि बीचबीचका वर्षमा कार्तिककृष्ण दशमीमा बुद्धावतार लेखिएका भेटिएका छन्। ती पञ्चाङ्गमा वैशाखशुक्ल पूर्णिमामा बुद्धविषयक उल्लेख छैन, बरु कुनै पञ्चाङ्गमा वैशाखशुक्ल पूर्णिमामा बुद्धविषयक उल्लेख छैन, बरु कुनै पञ्चाङ्गमा आश्विनशुक्ल दशमीमा बुद्धावतार लेखिएको भेटिएको छ। नेपालमा पात्रो छापिन थालेको केही वर्षपछिका नेपाली पात्राहरूमा आश्विनशुक्ल दशमीमा र कार्तिककृष्ण दशमीमा बौद्धावतार, बुद्धजयन्ती, बौद्धजयन्ती लेखिएका निकै उदाहरण भेटिए। ती पात्राहरूमा वैशाखशुक्ल पूर्णिमामा बुद्धविषयक केही कुरा देखिएन। पछि वैशाखशुक्ल पूर्णिमामा बुद्धजयन्ती मनाउने चलन आएपछि भने वैशाखशुक्ल पूर्णिमामा गौतमबुद्धजयन्ती र आश्विनशुक्ल दशमीमा बौद्धजयन्ती, बुद्धजयन्ती लेखिन थालेको उदाहरण पनि भेटिए।

वि.सं. १६६८ मा कमलाकर भट्टले बनाएको धर्मशास्त्रविषयक प्रसिद्ध ग्रन्थ निर्णयसिन्धुमा[८] दशावतारजयन्तीको क्रममा विभिन्न बुद्धको अवतारहरूका उत्पत्तिदिनका विभिन्न मिति दिइएका छन्। त्यहाँ बुद्धको अवतारविषयक पनि विभिन्न मिति छन्[९]। सोही प्रसङ्गमा पुराणसमुच्चयको वाक्य उद्धृत गरी आश्विशुक्ल दशमीमा साँझमा बौद्धावतार भयो भन्ने कुरा पनि त्यहाँ दिइएको छ। सो यसप्रकारको छ –

....कृष्णोष्टभ्यां नभसि सितपरे चाश्विने यद् दशभ्यां
बुद्धःकल्की नभसि समभूच्छुक्लषष्ठ्यां क्रमेण।
....कूर्मः सिंहो बौद्धकल्की च सायं.....
(निर्णयसिन्धुको ५६ पृ)

(कृष्णवतार श्रावणकृष्ण (पूर्णान्तिमानले भाद्रकृष्ण)अष्टमीमा, बौद्धावतार आश्विनशुक्ल दशमीमा, कल्क्यवतार श्रावणशुक्ल षष्ठीमा भयो। कूर्मावतार, नृसिंहावतार, बौद्धावतार, कल्क्यवतार, साँझमा भयो।)

यसकारण बुद्धको समयविषयक केही कुरा यताबाट प्रकाशमा आएको जस्तो मलाई लागेको छ। यी मतहरू नै हाम्रा लागि स्वीकार्य छन् भन्ने भनाइ यस लेखको होइन। यस्ता मतहरू निकै छन् र खोज्दै जाँदा अरू पनि भेटिन सक्छन्। तिनको खोजीतिर पनि हामी संलग्न हुनुपरेको छ। कालचक्र तथा नेपाली परम्परा अनुसार बुद्धको समयविषयमा देखिएका केही कुराहरू प्रकाश पार्नु नै यसको उद्देश्य हो। आशा छ, यस विषयमा विद्वान्हरूबाट गम्भीरतापूर्वक अवश्य नै विचार हुनेछ।

सन्दर्भग्रन्थसूचि :–

१. अमृतानन्द बुद्धकालीन श्रावक–चरित,१भाग, आनन्दकुटी विहारगूठी काठमाडौं
२. अलका चट्टोपाध्याय अतीश याण्ड् रिवेट (अतीश र भोट) अलका चट्टोपाध्याय कलकत्ता, वि.सं. २०२३
३. एन्. के. भागवत सम्पा. दिघनिकायो, परिच्छेद, वम्बइ विश्वविद्यालय बम्बई, वि.सं. १९९३
४. जर्ज. एन्. रोरिख द ब्ल्यू यानल्ज् (नीलवंशावली, दोस्रो सं., मोतीलाल बनारसीदास दिल्ली, पटना, काशी, वि.सं. २०२३
५. धनव्रज वज्राचार्य, इतिहास–संसोधनका प्रमाणप्रमेय, रामजी तेवारी इत्यादि, जगनम्बा प्रकाशन ललितपुर, वि.सं. २०१९
६. नयराज पन्त उपोद्घात, इतिहास–संसोधनको प्रमाणप्रमेय
७. नयराज पन्त (सहायक दिनेशराज पन्त) सुमित्रतन्त्र तथा कालचक्रको ज्यौतिषभागको साधर्म्य तथा वैधर्म्य, मर्यादा १३ अङ्कका ६६- ८५पृ. त्रिभुवनविश्वविद्यालय संस्कृतअध्ययनसंस्थान वाल्मीकि विद्यापीठ काठमाडौं, वि.सं.२०३४
८. नयराज पन्त (सहायक दिनेशराज पन्त) कालचक्र अनुसार बुद्धले धर्मप्रचार गर्न थालेको काल, मर्यादा १४ अङ्कका ३३-३६पृ. वि.सं. २०३६
९. नयराज पन्त, दिनेशराज पन्त कालचक्रको ज्यौतिषभाग र त्यसको विवेचना, १ भाग, महेन्द्रसंस्कृतविश्वविद्यालय दाङ, वि.सं.२०४४
१०. बलदेव उपाध्याय बौद्ध-दर्शन, शारदामन्दिर काशी, वि.सं २००३
११. महेशराज पन्त अन् द डेट् अफ् द टिसरट्यकल् बुड्ड अक्र्टिङ्‌ टु नेपुलिज् ट्रेडिशनुज् (नेपाली परम्पराअनुसार ऐतिहासिक बुद्धको विषयमा), द डेटिङ् अफ् द डिस्टर्इकल बुड्ड (ऐतिहासि बुद्धको समयस्थापना) १ भागका ३५८-३६२ पृ. फान्डेनडोइक डन्ट रूप्रेख्ट गोट्टिङ्गन, वि.सं. २०४७
१२. लेकेशचन्द्र स्यान्स्क्रिट् म्यानुयुस्क्रिप्स फ्रम रिबेट् (भोटबाट ल्याइएका संस्कृतका लेखोट ग्रन्थ), इन्टरनेशनल एकेडेमी अफ् इण्डियन कल्चर न्यू डेल्ली इन्डिया, वि.सं. २०२८
१३. शङ्कर बालकृष्ण दीक्षित भारतीय ज्योतिःशास्त्र अथवा भारतीय ज्योतिषचा प्राचीन आणि अर्वाचीन इतिहास (भारतीय ज्योतिःशास्त्र अथवा भारतीय ज्यौतिषको प्राचीन र अर्वाचीन इतिहास), दास्रो संस्करण, आर्य भूषणछापाखाना पूना, वि.सं. १९८८
१४. हेमराज शाक्य, तुलसीराम वैद्य मोडिईभल् नेपाल्, कल्अफ नूज् याण्ड् इन् स्क्रिपुशनुज् (माध्यमकालको नेपालका पुष्पिकावाक्य तथा अभिलेख), तुलसीराम वैद्य काठमाडौं वि.सं. २०२७

[८] निर्णयसिन्धुको ४९६ पृ.
[९] ऐजन ५६-५७ पृ.

भगवान् बुद्ध र पाणिनिको पौर्वापर्य विचार

■ प्रा.डा. विष्णुप्रसादशर्मा देवकोटा
वाल्मीकि विद्यापीठ

> बुद्धले मनुष्यहरूको इच्छापूर्तिका लागि आफ्नो धर्मको प्रचार गरेनन्, स्वर्गको द्वार खोलेनन्, न त मोक्षप्राप्तिको प्रलोभन नै देखाए जनतालाई । परन्तु देखाए- मानव मात्रको दुःख दूर गर्ने परमौषधि-परोपकार, अहिंसा र सच्चरित्रता, त्याग र तपस्या, दमन र शमन, शान्ति र पारम्पारिक धर्ममा क्रान्तिका साथै रूढिवादिताको उपेक्षा र बुद्धिवादको अपेक्षा यिनको व्यक्तित्वका उज्याला र असाधारण पक्ष हुन् । आत्मसंयम र अजातशत्रुता पनि बुद्धका विशेषता हुन् । २०६९सालको बुद्धजयन्ती २५५६औं मानिन्छ । यसकारण पनि बुद्धको अवतार ई.स.पूर्व ५५५० तिर भएको मान्न सकिन्छ ।

भगवान् बुद्ध पनि अवतारी पुरुष हुन् । कुनै पनि महापरुषको अवतार समाजव्यवस्था, धर्मसंस्थापना र साधु सन्तको संरक्षणका लागि हुने गर्दछ । यसै यथार्थता अनुसार भगवान् बुद्धको पनि अवतार हिंसा, भेदभाव, मद्यपान, चोरी, रोग, परपीडन आदि अतिवादबाट समाज ग्रस्त भएको बेला भएको हो । आजभन्दा लगभग २५५५ वर्षपूर्व यस धराधाममा यिनी अवतीर्ण भएका हुन् । वर्तमान नेपालको कपिलवस्तु जिल्लाको तिरौराकोटले इनको मातृभूमि बन्ने सौभाग्य पाएको हो । त्यतिखेर सूर्यवंशी राजा शुद्धोदन त्यहाँका राजा थिए । यिनले नै गौतम बुद्धको पिता बन्ने सौभाग्य पाएका हुन् । बुद्धकी आमाको नाम थियो महामाया या मायावती । यिनको अवतारको दिन थियो वैशाख शुक्ल पूर्णिमा । यिनकी विमाताको नाम थियो प्रजावती । यिनले नवजात बुद्धलाई आफ्नो स्नेहसिक्त स्तन्यधारा पिलाएर हुर्काएकी हुन, किनकि बुद्ध जन्मेको सातौं दिनमा नै मायावतीले कालकवलित हुनुपरेको थियो । बुद्धता प्राप्त गर्नेवाला आफ्नो नवजात शिशुको स्नेह र लालनपालनले मन नअघाउँदै कराल कालको गालामा उनी हराएकी थिइन् । भविष्यवेत्ताहरू र आसित नामक वह्मज्ञानी आदिको निर्देशनअनुसारं नै शुद्धोदनले यिनको नाम बुद्ध राखेका थिए । जसको शाब्दिक अर्थ हो- यथार्थता बुझेका, धर्म र संसारको यथार्थता बुझेका । जो पछि गएर सार्थक साबित भयो र एशियाका ज्योति एवं विश्वधर्मका प्रवर्त्तकसम्म पनि अर्थ दिन सक्यो ।

गौतम बुद्ध स्वभावतः अन्तर्मुखी, वैराग्यप्रिय र कारुणिक थिए । यिनको अन्तर्मुखता, वैराग्यप्रियता र परोपकारितालाई देखेर शुद्धोदनले इनको विवाह छिटै गरिदिए । यिनकी नवोढाको नाम थियो- यशोधरा । केही वर्षपछि बुद्धदम्पतीको प्रणयप्रसूनको रूपमा एक छोराको जन्म भयो, जसको नाम राहुल राखियो । तर, स्वभावतः विरक्तिको बाटोलाई नै राम्रो र यथार्थ मान्ने गौतम बुद्धले राहुललाई राहु अर्थात् विघ्न मान्न थाले । यसैको परिणति थियो उनको महाभिनिष्क्रमण ।

भगवान् विष्णुका सहस्रनामले उनका हजारौं विशेषताहरूको वर्णन गरेझैं यिनका पनि अनेक नामहरूले यिनका विविध विशेषताहरूलाई स्पष्ट पारेका छन् । कोशहरूमा इनका अनेकौं नामहरू पाइन्छन् । यीमध्ये सामान्य र प्रचलित नामहरू यी हुन्- सर्वज्ञ, सुगत, बुद्ध, धर्मराज, तथागत, समन्तभद्र, भगवान्, मारजित्, लोकजित्, जिन, षडभिज्ञ, दशबल, अद्वयवादी, विनायक, मुनीन्द्र, श्रीघन, शास्ता र मुनि । उनका विशेष नामहरू हुन्- शाक्यमुनि, शाक्यसिंह, सर्वार्थसिद्ध, शौद्धोदनि, गौतम, अर्कबन्धु र महादेवीसुत ।

सबै तथ्य जान्ने र जनाउने भएकाले सर्वज्ञ, राम्रो र यथार्थ ज्ञान भएकाले सुगत, प्रशस्त बुद्धि र ज्ञान भएकाले बुद्ध, धर्मानुकूल बोल्ने र व्यवहार गर्ने भएकाले धर्मराज, यथार्थज्ञान भएकाले तथागत, चारैतिर कल्याणै कल्याण देख्ने र चाहने भएकाले समन्तभद्र, षडैश्वर्य र माहात्म्य भएकाले भगवन्, कामदेवलाई जितेकाले मारजित्, लोक, परिवार र समाजलाई समेत जितेर परमार्थको खोज गरेकाले लोकजित्, अर्काको मनमा भएका कुरा जान्ने, पूर्वजन्मको स्मृति भएका, आकाशगमन, कायव्यूहसिद्धि र आत्माको ज्ञान आदि जानेका हुँदा षडभिज्ञ, दान, शील, क्षमा, वीर्य, प्रज्ञा र प्रणिधान-बलवाला भएकाले दशबल, अद्वैतवादी भएकाले अद्वयवादी, शिष्य प्रशिष्य र जनतामा अनुशासन

कायम गर्ने भएकाले विनायक, मुनिहरूमा श्रेष्ठ भएकाले मुनीन्द्र, लौकिक र पारलौकिक श्रीले पूर्ण भएकाले श्रीघन, पञ्चशीलताका शासक र प्रवर्तक भएकाले शास्ता र मनन एवम् चिन्तनमा व्यस्त रहने भएकाले मुनि यिनलाई भनिएको छ।

हालका गौतम बुद्ध सातौं बुद्ध हुन र यिनका विशेष नामको अर्थ हो- शकनामक देश अभिजन भएको र इक्ष्वाकुवंशीय भएकाले शाक्यमुनि भनिएको हो। सिंहजस्ता प्रभावशाली शाक्य भएकाले शाक्यसिंह, संसार र धर्मसम्बन्धी पूर्ण सिद्धता हासिल गर्नुभएकाले सर्वार्थसिद्ध, शुद्ध र पवित्र भोजन गर्नेवाला शुद्धोदनका पुत्र भएकाले शौद्धोदनि, गौतम ऋषिका शिष्य भएकाले गौतम, अर्क सूर्यका बन्धु-बान्धव वा वंशज भएकाले अर्कबन्धु र मायादेवीका छोरा भएकाले मायादेवीसुत भनेर यिनलाई भनिएको हो। यसरी गौतम बुद्धको चारित्रिक र कार्यसम्बन्धी जानकारी पूर्णरूपमा होस् भन्ने उद्देश्यले इनका नामहरूको शाब्दिक अर्थ प्रस्तुत भएको हो।

अपूर्व त्याग बुद्धको जीवनको महान् गुण थियो। बुद्धले मनुष्यहरूको इच्छापूर्तिका लागि आफ्नो धर्मको प्रचार गरेनन्, स्वर्गको द्वार खोलेनन्, न त मोक्षप्राप्तिको प्रलोभन नै देखाए जनतालाई। परन्तु देखाए- मानव मात्रको दुःख दूर गर्ने परमौषधि– परोपकार, अहिंसा र सच्चरित्रता, त्याग र तपस्या, दमन र शमन, शान्ति र पारम्पारिक धर्ममा क्रान्तिका साथै रूढिवादिताको उपेक्षा र बुद्धिवादको अपेक्षा यिनको व्यक्तित्वका उज्याला र असाधारण पक्ष हुन्। आत्मसंयम र अजानशत्रुता पनि बुद्धका विशेषता हुन्। २०६९सालको बुद्धजयन्ती २५५६औं मानिन्छ। यसकारण पनि बुद्धको अवतार ई.सं.पूर्व ५५५० तिर भएको मानिन्छ।

महावैयाकरण पाणिनि संस्कृत-वाङ्मयको व्याकरण विधाका एक महान् आश्चर्य हुन्। यिनी चतुर्दशविद्यामा पारङ्गत थिए। संस्कृत वाङ्मयका विभिन्न काल र रूपमा लेखिएका व्याकरणहरूमध्ये पाणिनीय व्याकरण नै साङ्गोपाङ्ग उपलब्ध छ। पाणिनीयाष्टध्यायी संस्कृतवाङ्मयको अनुपम निधि हो। यो पाणिनिको सूक्ष्मचिन्तन र अद्‌भुत प्रतिभाको निदर्शन हो। संस्कृतवाङ्मयमा पाणिनिका अनेक नामहरू पाइन्छन्, ती हुन्- पाणिन, पाणिनि, दाक्षिपुत्र, शालङ्की, शालातुरीय र आहिक। पाणिन र पाणिनि अपत्यार्थक र गोत्रार्थक नाम हुन्। दाक्षिपुत्र मातृव्यदेशज र शालङ्की पितृव्यपदेशज नाम हो। शालातुरीय देशव्यपदेशज र आहिक यो नाम राशिको नाम हुनुपर्दछ। यसरी यिनका पिता शलङ्क हुन् भने माता दाक्षी हुन्। व्याडिनामक यिनका मामा पनि वैयाकरण नै थिए। यिनले एक लाख श्लोक भएको सङ्ग्रह नामको व्याकरण विषयको दार्शनिक ग्रन्थ लेखेका थिए। यिनका भाई छन्दःशास्त्रका प्रवर्तक पिङ्गल मानिन्छन्। पाणिनिका गुरुको नाम वर्ष हो। यिनले पाणिनिलाई सपरिश्रम पढाएको भएता पनि पाणिनि त्यति चलाख न निक्लेकाले इनि तीक्ष्ण र सूक्ष्मदृष्टि प्राप्तिका लागि भूधरवर हाम्रो हिमालयमा गएर तपस्या गर्न लागे। यसै तपस्याबाट आशुतोष भगवान् शङ्कर सन्तुष्ट भएर वर्णसमाम्नायको उपदेश पाणिनिलाई गरे। त्यसैको आधारमा प्रत्याहार र तन्मयसूत्रहरूको रचना गरेर अष्टाध्यायी नामक व्याकरणको मूल ग्रन्थ लेखे। कौत्सनामक यिनका प्रधान शिष्य थिए। कात्ययनलाई पनि पाणिनिशिष्य भन्ने गरेको पनि पाइन्छ। यति खेरको लाहौर शहरमा जो पाकिस्तानमा पर्दछ, यसको एक शालातुर गाउँ पाणिनि र उनका पूर्वजहरूको वासस्थान हो-ः अभिजन हो। अध्ययनस्थल तक्षशिला (विहार) र कर्मस्थल नेपालको अर्घाखाँचीको पणेना (पाणिन्यालय) हो।

युधिष्ठिर मीमांसकका मतानुसार पाणिनि २९०० विक्रम पूर्वका हुन्। अर्थात् पाणिनि आजभन्दा पूर्व ४९६९वर्ष पूर्वका हुन्। बुद्धचाहिँ आजभन्दा ७५६२ वर्षपूर्वका हुन्। यसैकारण पाणिनि बुद्धभन्दा पछिका भएकाले उनले आफ्नो अष्टाध्यायीमा **कुमारश्रवणादिभिः** २।१।७० सूत्रमा श्रमणादिगणमा श्रमणशब्दको पाठ पढे। नारी या स्त्रीहरूको संन्यासग्रहण बुद्धले चलाएका हुन्। नन्दराज्यमा पाणिनिको अष्टाध्यायीको परीक्षाको प्रसङ्ग बौद्धग्रन्थहरूमा पाणिनिको नन्दराजासँग मित्रताको वर्णन आदिले पनि पाणिनिभन्दा बुद्ध पूर्वका हुन् भन्ने कुरा प्रमाणित हुन्छ। यी युक्तिहरू पाणिनिलाई बुद्धभन्दा अर्वाचीन मान्ने विद्वान्हरूका हुन्। पाणिनि नै बुद्धभन्दा पूर्वका हुन् भन्नेहरूको भनाइ छ-

श्रमण या श्रमणाशब्द बुद्धद्वारा उपज्ञात होइन। किनकि आधुनिक बुद्धभन्दा प्राचीन शतपथब्राह्मण र ब्राह्मणग्रन्थका काण्डिकाहरूमा पनि यस शब्दको उल्लेख छ। त्यहाँ पिता अपिता भवति, माता अमाता भवति, श्रमणः अश्रमर्णा भवति भनेर उल्लेख भाएको छ। यहाँ श्रमणशब्दपरिव्राजक अर्थमा प्रयुक्त छ। अर्को कुरा वर्तमानमा उपलब्ध सबै बौद्ध मत शाक्य सिंह या शुद्धोदनका छोरा गौतम बुद्धले प्रचारित र प्रवर्तित गरेका होइनन्। बुद्धमत र त्यसका मूल कुरा धेरै प्राचीन हुन्। उपनिषद्‌हरूमा **कथमसतःसज्जायेत** इत्यादिरूपमा बौद्धमतको अनुवाद र निराकरण देखिन्छ। वाल्मीकीय रामायण आदिमा बौद्धमतको उल्लेख छ। यसकारण पनि बुद्धधर्म आधुनिक होइन- पाणिनिभन्दा पूर्वको हो, भन्ने ठहर हुन्छ। बुद्ध ग्रन्थहरूमा शाक्यसिंह र शौद्धोदिनी बुद्ध अन्तिम बुद्ध मानिएका हुनाले पनि यीभन्दा पाणिनि पूर्वका हुन् र बुद्ध धर्मको प्रारम्भभन्दा पछिका हुन् भन्ने निष्कर्ष हुन्छ। यसकारण, बुद्धमतको प्रचार या श्रमणाशब्दको उल्लेख आफ्नो सूत्र र त्यसको गणमा हुँदैमा आधुनिक बुद्धभन्दा पछिका पाणिनि हुन् भन्न मिल्दैन। बुद्धको समय ई.पूर्व ५५५०भन्दा पछि आउँछ र पाणिनिको वि.सं. पूर्व २९०० भन्दा माथि पनि जान सक्दछ। व्याकरणमहाभाष्यको पाणिनि परिचय भन्ने भूमिकामा गिरिधरशर्मा चतुर्वेदीको यस विषयमा राम्रो विश्लेषण छ।

अष्टाध्यायी पाणिनिको प्रमुख कृति हो। सूत्रपाठ, धातुपाठ, उणादिसूत्र, गणपाठ र लिङ्गानुशासन यसको समन्वित रूप हो पञ्चाङ्ग व्याकरण। पाणिनीय-शिक्षा, जाम्बवतीविजय र द्विरूपकोश यिनका अन्य कृतिहरू मानिन्छन्। पाणिनीयशिक्षाले वाणीको उच्चारणविधिलाई व्याख्या गर्दछ - **अथ शिक्षां प्रवक्ष्यामि वाचउच्चारणविधिम्।** भगवान् कृष्णले पातालमा गएर जाम्बवतीलाई जितेर विवाह गरेको कथावस्तु जाम्बवती विवाहमा छ। द्विरूपकोश नामबाट नै कोशग्रन्थ भएको प्रमाणित हुन्छ। यसरी पाणिनिको पौर्वापर्य यथामति प्रस्तुत गरिएको छ।

सन्दर्भग्रन्थसूची

१. वैयाकरण महाभाष्यम् र त्यसको भूमिका
२. व्याकरणशास्त्रका इतिहास - युधिष्ठिर मीमांसक
३. पाणिनीयाष्टाध्यायी - पाणिनिविरचिता
४. रामाश्रमीसहित अमरकोशः - अमरसिंह
५. बौद्धदर्शनमीमांसा - आचार्य बलदेव

बुद्धको मौलिक सिद्धान्त : मध्यमप्रतिपत्

■ लेशमणि दाहाल
उपप्राध्यापक
वाल्मीकि विद्यापीठ

मध्यमप्रतिपत् भनेको बीचको मार्ग हो । यदि गन्तव्य स्थान निश्चित छ भने त्यसमा पुग्ने मार्ग पनि अवश्य हुन्छ नै । अतः बौद्धदर्शनमा प्रत्येक् प्राणीको गन्तव्य स्थान निर्वाण हो भने आर्य अष्टाङ्गिकमार्ग मार्ग हो । यो मार्ग बोधिपक्षिय धर्महरूको एउटा प्रमुख अङ्ग हो । निर्मलज्ञान प्राप्तिका लागि यो नै एउटा मध्यममार्ग हो अन्य कुनै मार्ग छैन । यो मार्गमा चल्ने हरेक मनुष्यले हठात् दुःखको नाश गरी निर्वाण पदको साक्षात्कार गर्दछ । भगवान्कै शब्दमा-

एसो व मग्गो नत्थञ्ञो दस्सनस्स विसुद्धिया ।
एतं हि तुम्हे पटिपज्जथ मारस्सेतं पमोहनं ।
एतं हि तुम्हे पटिपन्ना नुक्खस्सन्तं करिस्सथ ।
अक्खातो व मया मग्गो अञ्ञाय सल्लसन्थनं ॥[१]

भगवान् बुद्धद्वारा प्रवर्तित धम्मचक्र वा उपदेशित धर्मलाई मध्यम प्रतिपत् वा मार्ग भनिन्छ । परस्पर विरोधी दुई अन्त वा अतिचारलाई निषेध गर्दै भगवान्ले मौलिक रूपमा मध्यममार्ग उद्घाटन गनुभएको हो । सरलतापूर्वक कुनै एक अन्तमा पतीत हुनु तथा एउटा अन्तलाई आफ्नो पक्ष र अन्यलाई विपक्ष बनाई आग्रहशीलता प्रदर्शन गर्नु मानवीय स्वभाव हो । यही आग्रहशीलता नै सम्पूर्ण मानवीय विभेद, संघर्ष तथा दुःखको मूल कारण हो । तर मध्यममार्ग अनाग्रहशील र संसारको समस्या वा दुःखबाट मुक्तिको सर्वोत्तम राजपथको रूपमा रहेको छ । मध्यममार्गको नाम हो आर्य अष्टाङ्गिकमार्ग । जसमा सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाचा, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति तथा सम्यक् समाधि गरी आठ अङ्ग रहेका छन् ।

कुनै पनि वस्तुमा अत्यधिक तल्लिनता वा वैराग्य दुवै अनुचित हुन्छ । जस्तो अधिक भोजन गर्नु दुःखदायी हुन्छ भने विलकुल भोजन नगर्नु पनि दुःख उत्पन्न गर्ने कारण हुन्छ । अतः सत्य दुवै अन्तको बीचमा रहेको छ र यस शोभन मध्यलाई अत्यधिक महत्त्व दिएकाले पनि यसलाई मध्यमा प्रतिपदा वा प्रतिपत् भनिएको हो । भगवान्कै शब्दमा- द्वे भिक्खवे अन्ता पब्बज्जितेन न सेवितब्बा । कतमे द्वे ? यो चायं कामेसु कामसुखाल्लिकानुयोगो हिनो गम्मो पोथुज्जनिको अनरियो अनत्थसंहितो । यो चायं अत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थसंहितो । एते खो भिक्खवे उभे अन्ते अनुपगम्य मज्झिमा पटिपदा तथागतेन अभिसंबुद्धा चक्खुकरणी जाणकरणी उपसमाय अभिञ्जाय सम्बोधाय निब्बाणं संवत्तति ।[२] अर्थात् हे भिक्षुहरू ! संसारलाई परित्याग गर्दै निवृत्तिमार्गमा हिड्ने प्रव्रजितले दुई अन्तको सेवन नगरुन् । कुन दुई अन्त ?

पहिलो अन्त- काम्य वस्तुहरूलाई भोग गर्ने इच्छाले निरन्तर त्यसमा लागि रहनु । यो विषयानुयोग हीन, ग्राम्य, आध्यात्मिकताबाट पृथक् लैजाने, अनार्य, तथा अनर्थ उत्पन्न गर्ने स्वभावको हुन्छ । परिव्राजकले विषयहरूको एकाङ्गी कामनामा आसक्त नभई शील, समाधि तथा प्रज्ञा सम्पादनमा चित्त लागाएर अनुपम शान्तिको उपलब्धी हासिल गर्ने प्रयत्न गर्नुपर्छ । शीलको दृष्टिमा अत्यन्त ऐस-आरामको बीचमा लापरबाहीपूर्ण जीवन व्यतीत गर्नु कामसुखाल्लिकानुयोग हो । यसमा चार्वाकादि दार्शनिक सम्प्रदायका अनुयायीहरूको चरम भौतिकवादको उत्कर्षलाई दर्शाइएको छ ।

> शरीर पीडा तथा भोगवाद यी दुई अतिहरुबाट बचेर जसरी भगवान्ले आर्य अष्टाङ्गिक मार्गको रूपमा समन्वित जीवन-विधिको विकास गरे, त्यसरी नै विचारको क्षेत्रमा पनि उनले समन्वयको विधान तयार पारेका छन् । यसरी भगवान्द्वारा साक्षात्कृत मध्यमाप्रतिपदाले पूर्ण अर्थमा अत्यन्त व्यापक र विस्तृत दृष्टि आफूमा समाहित गरेको छ । भगवान्को सम्पूर्ण उपदेशलाई मध्यम मार्गको रूपमा व्याख्या गर्न सकिन्छ । मध्यममार्गद्वारा नै तथागतले धर्मको उपदेश गरेका हुन् ।

जीवन प्रत्यक्ष रूपमा जे छ त्यही मात्र हो, पुनर्जन्म, स्वर्ग, नरक तथा पाप-पुण्ययुक्त कर्मको कुनै अस्तित्व छैन, केवल जे मन लाग्छ त्यही गर्नु नै देहको चरम लक्ष्य हो । मृत्युपश्चात् केही पनि बाँकी नरहने हुनाले वर्तमान जन्म नै सम्पूर्ण उपलब्धी हो, अरू केही पनि छैन भनी शारीरिक सुखमा लाग्नु यसको तात्पर्य हो ।

अर्को अन्त- शरीरलाई कष्ट दिनु । यो पनि दुःख, अनार्य तथा हानीकारक छ । मूर्खतापूर्वक निर्वाण प्राप्तिका लागि अत्यन्त

---

[१] धम्मपद- २७४,२७५
[२] महाहत्थिपदोपमसुत्त- ३२३

कष्टदायक तथा शरीरोपपातक तपश्चरणको अनुष्ठान गर्ने गरिन्छ, जसको नाम आत्मक्लमथानुयोग हो । यसमा आत्मावादी दार्शनिक सम्प्रदायको व्रत, तपस्या, यज्ञ-यागादि कठिन कार्यको सम्पादनबाट शारीरिक या मानसिक कष्ट प्राप्त गर्ने विषय समावेश गरिएको छ । जस्तो जाडो समयमा हिमालयमा तथा गर्मीको समयमा पञ्चाग्नि तापी तपस्या गरी अनावश्यक रूपमा शरीरलाई पीडा दिने गरिन्छ । यसमा मूलरूपमा नित्य आत्माको अस्तित्वलाई स्वीकार गरिएको पाइन्छ । यो मार्गबाट पनि निर्वाण प्राप्ति असम्भव रहेको छ ।

यी दुई अन्तको सेवनद्वारा भवचक्रबाट कदापि मुक्त हुन सकिँदैन । भवचक्रबाट मुक्तिका लागि यी दुई अन्तको बीचको मार्गको अनुशरण तथा अनुशीलन गर्नु आवश्यक छ । यो मार्गले ज्ञान, नेत्र-उन्मीलन, चित्त-शान्ति, प्रज्ञा तथा निर्वाण उत्पन्न गराउँदछ । अतः यस मार्गमा चल्नु सम्पूर्ण प्रव्रजितका लागि अनिवार्य छ । मध्यममार्गको अभ्यासले निर्वाण रूपी अमृत प्राप्त नहुने देखेर भगवान्‌ले मध्यममार्गको उपदेश गरेका हुन् । यो शील मध्यमप्रतिपत् हो । यदि वीणा बजाएर मधुर ध्वनि निकाल्नु छ भने त्यसको तारलाई अधिक खुकुलो वा अधिक कसेर नबाँधी आवश्यक मात्रामा कस्दा मधुर ध्वनि निक्लन्छ । त्यस्तै समाधिमा लागेको योगिको चित्त पनि शिथिल तथा अधिक उत्साहित हुनुहुँदैन । समाधिमा चित्तको समप्रवाह कायम हुनुपर्छ । यो समाधि प्रतिपदा हो । त्यस्तै प्रज्ञाको दृष्टिमा शाश्वततावाद एउटा अन्त हो भने उच्छेदवाद अर्को अन्त हो । यी दुई अन्तको निरास नै मध्यमप्रतिपदा हो । यसलाई नै सम्यक् दृष्टि भनिन्छ ।[3]

शरीर पीडा तथा भोगवाद यी दुई अतिहरूबाट बचेर जसरी भगवान्‌ले आर्य अष्टाङ्गिक मार्गको रूपमा समन्वित जीवन-विधिको विकास गरे, त्यसरी नै विचारको क्षेत्रमा पनि उनले समन्वयको विधान तयार पारेका छन् । यसरी भगवान्‌द्वारा साक्षात्कृत मध्यमाप्रतिपदाले पूर्ण अर्थमा अत्यन्त व्यापक र विस्तृत दृष्टि आफूमा समाहित गरेको छ । भगवान्‌को सम्पूर्ण उपदेशलाई मध्यम मार्गको रूपमा व्याख्या गर्न सकिन्छ । मध्यममार्गद्वारा नै तथागतले धर्मको उपदेश गरेका हुन् ।[4]

यो विषय आर्य अष्टाङ्गिक मार्गमा मात्र होइन, तथागतको सम्पूर्ण तात्त्विक व्याख्यामा देख्न सकिन्छ । त्यसले मात्रै बुद्धको नैतिक र तात्त्विक परिस्थितिहरूको पारस्परिक सँगतिको निर्धारण गर्न सक्दछ । जीवन-विधिलाई लिएर जसरी भगवान्‌द्वारा संश्लेषणात्मक आर्य अष्टाङ्गिकमार्ग दिइयो, त्यसरी नै जुन तात्त्विक आधारलाई उनले स्वीकार गरे त्यो पनि उनको समयमा प्रचलित विभिन्न दार्शनिक मतहरूको अतिवादबाट बच्न मौनावलम्बन धारण गरे, जसद्वारा सत्य प्राप्तिको मार्ग प्रशस्त हुन्थ्यो ।

तत्कालीन समयमा वर्तमान रहेका अतिवादी विचारहरूको प्रतिरोध तथा प्रतिवाद गर्न उनले प्रतीत्यसमुत्पादको सिद्धान्तलाई अग्रसारित गरे । यसबाट पनि बुद्धको दर्शन सम्पूर्ण रू पमा मध्यममार्ग नै हो भन्ने विषयमा विमति नभएको कुरा बुझ्न सकिन्छ ।

दुःखको कारणभूत तृष्णालाई ठीकसँग जानेर दुःखको नाश गर्ने उचित मार्ग मध्यममार्ग हो । समग्र दुःखको जननी तृष्णाको उदय अविद्याको कारणले हुन्छ । प्रज्ञाद्वारा अविद्याको प्रहाणपश्चात् मात्र चरम उपशम प्राप्ति हुन्छ । प्रज्ञा प्राप्तिका लागि मध्यमप्रतिपदा आर्य अष्टाङ्गिकमार्गको अनुशरण तथा अनुशीलन अनिवार्य छ ।

सन्दर्भग्रन्थ सूची :

१. त्रिपाठी रामशङ्कर (प्र.सं. प्रो. समदोङ् रिनपोछे), बौद्ध दर्शन प्रस्थान, प्रथम संस्करण, के. उ. ति. शिक्षा संस्थान, ई. १९९७ ।

२ मज्झिम निकायो (अहाहत्थिपदोपमसुत्तं), पठमो भागो, विपश्यना
विशोधन विन्यास, इगतपुरी, ई. १९९५ ।

३. गुप्त कन्छेदीलाल (सं. एवं टि. सत्कारिशर्मा वंगीय), धम्मपदं , चौखम्बा विद्याभवन, वाराणसी ।

४. उपाध्याय भरतसिंह, बौद्धदर्शन तथा अन्य भारतीय दर्शन, प्रथम भाग, मोतीलाल बनारसीदास पब्लिशर्स, दिल्ली, ई. १९५४ ।

❀ ❀ ❀



---

[3] बौद्धदर्शन प्रस्थान- पृ. १२

[4] मज्झेन तथागतो धम्मं देसेति (बौद्धदर्शन तथा अन्य भारतीय दर्शन, प्रथम भाग, पृ. ३७३)

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

डिल्लीराम उपाध्याय
सुपरीवेक्षक
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गिरिराज सुवेदी (कार्यक्रम संयोजक)
एक वर्षे बी.एड कार्यक्रम
रानीपोखरी, काठमाडौं

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

पूर्व स्व.वि.यु. सभापति
सुदर्शन ढुंगाना
वाल्मीकि विद्यापीठ
(केन्द्रीय सचिवालय सदस्य) अनेरास्ववियु

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

सहायक प्रशासक
हंशराज कोइराला
तीनधारा संस्कृत छात्रावास

पौराणिक आधारमा बुद्धको स्थान

■ जनार्दन उपाध्याय
उप-प्राध्यापक
वाल्मीकि विद्यापीठ

मानव इतिहासको आदिकालसम्म पुग्नका लागि यदि कुनै आधार खोज्ने हो भने त्यसको निम्ति पौराणिक ग्रन्थहरू सर्वाधिक उपयोगी छन् भन्नुपर्ने हुन्छ । हुन त वैदिककाल सबैभन्दा प्राचीन हो तापनि मानव सभ्यताको विकास र विकसित संस्कृतिको रूप पौराणिककालमा आएरमात्र स्थापित भएको देखिन्छ । वैदिककालमा जाति र वर्ग विभाजनले त्यति उत्कर्षता पाएको थिएन । तर, समयको गतिसँगै मानवको प्रवृत्तिले पनि मौलाउने अवसर पायो, जसको परिणामस्वरूप मानव समाजमा विभिन्न वर्ग विभाजन हुँदै गयो । जाति, भाषा, धर्म, संस्कृतिजस्ता कुरामा मान्छे एकअर्कासँग टाढिँदै गयो, जसको परिणामस्वरूप आजको मान्छे वर्गविभेदलाई अँगालेर एकआपसमा लड्नसमेत तम्सिएको छ । यसलाई मानव समाजको विकास भन्ने कि अधोगति भन्ने ? वैदिककालमा मानवमात्रको एउटै धर्म थियो । त्यसैले 'सहनाववतु सहनौ भुनक्तु'को मूल मन्त्रलाई अवलम्बन गरेर मानिसहरू बाचेका थिए । तर, आज यति धेरै वर्ग विभाजन भइसक्यो जसलाई अब एकै ठाउमा राख्न सम्भव देखिँदैन ।

हाल हाम्रो देशमा पैदा भएको वर्ग संघर्षलाई हेर्दा लाग्छ, कतै हामी नेपालीहरूमा बौद्धिकताको पूरै अभाव भएको त होइन ? प्रसङ्ग धार्मिक पक्षसँग गासिएको हुँदा यहाँ यसै विषयलाई कोट्याउने जमर्को गरिएको छ । नेपालमा बसोबास गर्ने नेपालीहरू हुन त विभिन्न धर्मसँग सम्बद्ध छन् तापनि अधिक संख्या हिन्दू र बौद्ध धर्म मान्नेहरूकै देखिन्छ । हाल बौद्धधर्मलाई हिन्दू धर्मभन्दा धेरै फरक मान्ने समुदाय देखापरेको छ । आजभन्दा २५५६ वर्षअघि जन्मिएका सिद्धार्थ गौतम बुद्धले प्रचार गरेको धर्म नै बुद्ध धर्म हो भन्नेचाहिँ सायद सबैलाई थाहा हुन सक्छ । हिन्दू धर्मबाट आफूलाई अलग राख्ने बुद्धिष्टहरूका पुर्खा के २५५६ वर्ष यताका मात्र हुन् त ? यो प्रश्नको उत्तर दिने कसले ? यदि त्यसो होइन भने बुद्धको अभ्युदय हुनुभन्दा पहिले यहाँका पुर्खाहरूको धर्म के थियो त ? कि त्यतिबेला कुनै धर्म नै थिएन ? यो त सम्भव हुन सक्दैन । त्यसैले यहाँ बुद्धसम्बन्धी केही प्रसङ्ग उठाउन खोजिएको हो । इतिहासलाई राम्ररी केलाउने हो भने बुद्धधर्म हिन्दूहरूको धर्मबाट विकसित एउटा शाखा हो भन्ने कुरा हाम्रो पौराणिक ग्रन्थहरूमा स्पष्ट देख्न पाइन्छ । हुन त यो कुरा कसैलाई तीतो लाग्न पनि सक्ला । तर, आफ्नो पुर्ख्यौलीको जरोसम्म पुग्ने हो भने अध्ययन गर्नैपर्छ र सत्यतथ्यलाई स्वीकार्नै पर्छ । बुद्धलाई ईश्वरको अवतारको रूपामा स्वीकार गर्ने काम सर्वप्रथम हिन्दूधर्म ग्रन्थ, पुराणहरूले नै गरेको हो ।

अठार महापुराणहरूमध्ये विशेषगरी अग्निपुराण, भविष्यपुराण, गरुडपुराण र श्रीमद्भागवत् पुराणमा बुद्धको विशेष चर्चा गरिएको पाइन्छ । यी पुराणहरूले जसरी हिन्दूधर्म ग्रन्थको रूपमा प्रतिनिधित्व गरेका छन् त्यसैगरी बुद्धलाई ईश्वरीय अवतारको रूपमा स्थापित पनि गरेका छन् । त्यसैले, प्रत्येक हिन्दूधर्मावलम्बी बुद्धको मन्दिरअगाडि पुग्दा नतमस्तक हुन्छन् । पौराणिक वर्णनअनुसार स्थापित चार युगमध्ये अहिले कलियुग चलिरहेको छ । सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग गरी चार युगको व्यवस्था स्वीकार गर्ने पनि हिन्दूधर्म नै हो भन्नुपर्छ । अब प्रसङ्ग बुद्धको । बुद्धधर्ममान्नेले आफूलाई पूरै अहिन्दू भन्नु केवल समयको गति र अतीतलाई बुझ्न नसक्नु हो जस्तो लाग्छ । हिन्दूधर्म ग्रन्थहरूले बुद्ध जन्मिनुभन्दा पनि पहिले बुद्धको अस्तित्व स्वीकार गरिसकेको प्रसङ्ग गरुडपुराणमा यसरी उल्लेख भएको देखिन्छ -

वासुदेवः पुनर्बुद्धः सम्मोहाय सुरद्विषाम् ।[1]

यो प्रसङ्गले भगवान् वासुदेव नै दुष्टहरूलाई विनाहतियार मोहित गराउनको निम्ति बुद्धको रूपमा प्रकट हुनु हुनेछ भन्ने कुरा जनाएको छ । बुद्धको जीवनगाथा पढ्दा उनी अत्यन्त शान्त थिए र कहिल्यै रिसाउँदैनथे भन्ने कुरा बुझिन्छ । अङ्गुलीमालजस्तो हिंस्रक डाकुलाई पनि बुद्धले एकै वचनमा मोहित पारेर शान्त गराएको घटना यस कुराको उदाहरण हो ।

पुराणमा भगवान्का दश अवतारको उल्लेख छ । युग अनुरूप कतिबेला कस्तो अवतार आवश्यक हुन्छ तदनुरूप अवतरित हुने ईश्वरलाई हरेकरूपमा स्वीकार गर्ने हिन्दूधर्मको मान्यता देखिन्छ । धर्तीमा धर्मको नाश भई अधर्म बढ्न थालेपछि अधर्म हटाई धर्मस्थापना गर्नको निम्ति ईश्वरले जन्म लिने कुरा श्रीमद्भगवद् गीतामा यसरी उल्लेख गरिएको छ -

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥[2]

यो भनाइबाट कतिबेला कस्तो समस्या आइपर्छ तदनुरूप ईश्वरले अवतार लिने गरेको तथ्य स्पष्ट हुन्छ । त्रेतामा रामावतार हुँदा आदर्श पुरुषको रूपमा लोकलाई शिक्षा दिएको देखिन्छ । समय परिवर्तनसँगै द्वापरयुगमा आइपुग्दा आदर्शले मात्र व्यवहार नचल्ने स्थिति देखिन्छ अनि श्रीकृष्णवतार हुन्छ । त्यतिबेला सत्यवादी मानिएका युधिष्ठिरलाई समेत युद्धमा झुटो बोल्न बाध्य गराइएको घटना यसको उदाहरण हो । कृष्णको समयपछि बुद्धको

[1] गरुडपुराण, पूर्वखण्ड, अध्याय १४५, श्लोक -३९
[2] श्रीमद्भगवद् गीता, अध्याय -४, श्लोक- ७

आविर्भाव किन भयो त ? यसमा बुझ्नुपर्ने हुन्छ । वेदले बताएको बाटोमा चलेको समाजले जब पशुवलिलाई अत्यधिक मात्रामा प्रश्रय दिन, थाल्यो तब विधिभन्दा हिंसाको मात्रा बढ्न थाल्यो । यसलाई समाप्त गर्नका लागि बुद्धले जन्म लिए र अहिंसाको पाठ सिकाए । त्यसैकारणले पनि बुद्धलाई शान्तिका अग्रदूत पनि मानिन्छ । तर, आज बुद्धलाई पूजा गर्ने तर उनको अहिंसावादी सिद्धान्तलाई बेवास्ता गरेको देख्दा कसलाई के भन्ने ? अर्को प्रसङ्ग (गौतम बुद्ध) नामले बुद्धभगवान् प्रसिद्ध हुनुमा गौतमको क्वंशमा उत्पन्न हुनु नै कारण सिद्ध हुन्छ । यस विषयमा भविष्यपुराणले यस्तो उल्लेख गरेको छ :-

एतस्मिन्नेव काले तु कलिना संस्मृतो हरिः ।
काश्यपादुद्भवोदेवो गौतमो नाम विश्रुतः ॥
बौद्ध धर्मं च संस्कृत्य पट्टणे प्राप्तान् हरिः ।[३]

बुद्धावतारको उद्देश्य अहिंसा नै हो र वेदमार्गको विनाश भएका कारण बुद्धले अनुचित पशुबली समाप्त गर्ने कार्य गरेको हो भन्ने कुरामा पनि भविष्यपुराणले बुद्धावतार भएको कुरा यसरी उल्लेख भएको छ :-

शताद्रौ द्विसहस्रेब्दे व्यतीतेसोऽभवन्नृपः ।
कले प्रथमचरणे वेदमार्गो विनाशितः ॥ [४]

यसरी वेद शासित यज्ञ र पशुबली प्रथालाई बुद्धले नै हटाएका हुन् भन्ने कुरा प्रामाणिकरूपमा देखिन आउँछ । यसरी समयानुकूल धार्मिक परिवर्तन र विश्वमानव समाजलाई नयाँ बाटोमा लैजान ईश्वरले पटक-पटक पृथ्वीमा जन्म लिएको घटनाअन्तर्गत बुद्ध पनि पौराणिक दृष्टिमा नवौं अवतार मानिन्छ र जसलाई हिन्दू मात्रले श्रद्धाका साथ मानेका थिए र हाल पनि मान्दै आएका छन् । पछि बुद्धका केही शिष्य प्रशिष्यहरूले बौद्धदर्शनको व्याख्या र विस्तार गरेपछि बौद्धमार्गीहरूले बुद्धलाई आफ्नै मात्र पेवा ठाने र हिन्दूधर्मबाट बुद्धलाई अलग्याउन खोज्नु कदापि उचित हुँदैन ।

उल्लिखित काश्यप वंशको गौतमको कुलमा देखिएको वंश परम्परा र बुद्धको उत्पत्ति विषयमा पनि भविष्यपुराणले गौतमको दशवर्षको कार्यकालपछि कसरी राज्यसत्तामा उत्तराधिकारीहरूले राज्य गरे भन्ने विषयमा यसरी प्रकाश पारेको देखिन्छ -

दशवर्ष कृतं राज्यं तस्माच्छाक्यमुनिः स्मृतः ॥
विंशत्वर्ष कृतं राज्यं तस्माच्छुद्धोदनोऽभवत् ।
त्रिंशत्वर्ष कृतं राज्यं शाक्यसिंहस्ततोऽभवत् ॥[५]

यसमा बुद्धको जन्म कलिगत २७औं शताब्दी बताइएको छ । अहिले गतकलि ५११३ हो र बुद्धको २५५६औं जन्मजयन्ती मनाइएको छ । ५११३ मा २५५६ घटाउँदा-२५५७ हुन आउँछ । यसमा गौतमको १० वर्ष, शाक्यमुनिको २० वर्ष र शुद्धोदनको ३० वर्ष जोड्दा = २६१७ वर्ष हुन आउँछ । जसअनुसार माथि नं.४ मा उल्लेख भएअनुसारको गतकलि २७औं शताब्दीमा बुद्धधर्म प्रारम्भ भएको कुरा सिद्ध हुन्छ । यसरी बुद्धको बारेमा समयसमेत किटेर भविष्यपुराणले उल्लेख गरेको प्रसङ्गले पनि

वेद शासित यज्ञ र पशुबली प्रथालाई बुद्धले नै हटाएका हुन् भन्ने कुरा प्रामाणिकरूपमा देखिन आउँछ । यसरी समयानुकूल धार्मिक परिवर्तन र विश्वमानव समाजलाई नयाँ बाटोमा लैजान ईश्वरले पटक-पटक पृथ्वीमा जन्म लिएको घटनाअन्तर्गत बुद्ध पनि पौराणिक दृष्टिमा नवौं अवतार मानिन्छ र जसलाई हिन्दू मात्रले श्रद्धाका साथ मानेका थिए र हाल पनि मान्दै आएका छन् ।

बुद्धको स्थानपुराणमा ईश्वरकै रूपमा स्थापित भएको छ र हिन्दू मात्रले बुद्धलाई स्वीकार गर्दै आएका छन् । त्यसैले आज बुद्धलाई हिन्दूहरूबाट अलग्याएर अन्यत्र लैजानु सर्वथा अनुचित र अन्यायपूर्ण हुन्छ भन्ने सबैले बुझ्नु आवश्यक छ ।

बुद्धसम्बन्धी अर्को एउटा प्रसङ्ग अग्निपुराणले पनि प्रकाश पार्न खोजेको छ । हुन त देवताको अर्थ असल र असुरको अर्थ खराब पक्ष हो भन्ने बुझ्नुपर्छ, तापनि कतिपय मानिसहरूको बुझाइमा यो अन्यथा पनि हुन सक्छ । देवता र दैत्य, सुर र असुर भनेका राम्रा र नराम्रा पक्ष भन्ने बुझ्नु जरुरी हुन्छ । यिनै राम्रा र नराम्रा पक्षहरूको बीचमा संघर्ष हुँदा नराम्रा पक्षले राम्रा पक्षमाथि विजय हासिल गरेका बेला देवताहरूको प्रार्थनाअनुसार भगवान् नारायण विष्णुले बुद्धको रूपमा प्रकट भएर दैत्यहरूलाई मोहित गर्नुभयो भन्ने कुरा अग्निपुराणमा यसरी उल्लेख भएको देखिन्छ -

वक्ष्ये बुद्धावतारञ्च पठतः श्रृण्वतोऽर्थदम् ।
पुरादेवासुरे युद्धे दैत्यैर्देवाः पराजिताः ॥
रक्ष रक्षेति शरणं वदन्तो जग्मुरीश्वरम् ।
मायामोहस्वरूपोसौ शुद्धोदनसुतोऽभवत् ॥[६]

यसरी अग्निपुराणले पनि आफ्नै खालको एउटा प्रसङ्ग देखाउँदै दुष्टलाई मोहमा पार्नका लागि स्वयम् भगवान्ले बुद्धका रूपमा अवतार लिएको कुरा उल्लेख गरेको छ । त्यसैले पौराणिक आधारमा बुद्धलाई परमेश्वरको नवौं अवतारका रूपमा

---

[३] भविष्यपुराण,(नागप्रकाशन११ ए.यु.ए. जवाहरनगर दिल्ली ७) तृतीयं प्रतिसर्गपर्व,पृष्ठ-२५७,अध्याय-६,श्लोक-३६-३७
[४] भविष्यपुराण,(नागप्रकाशन११ ए.यु.ए. जवाहरनगर दिल्ली ७) तृतीयं प्रतिसर्गपर्व,पृष्ठ-२५७,अध्याय-६,श्लोक-३९
[५] भविष्यपुराण,(नागप्रकाशन११ ए.यु.ए. जवाहरनगर दिल्ली ७) तृतीयं प्रतिसर्गपर्व,पृष्ठ-२५७,अध्याय-६,श्लोक-३७-३८
[६] अग्निपुराण, अध्याय-१६,श्लोक-१-२,वलदेव उपाध्याय, चौखम्बासंस्कुत......,वाराणसी१९६६,पृष्ठ-१९

स्थापित गरिएको छ। यसबाट पनि बुद्ध हामी हिन्दूहरूका लागि एक आराध्यदेवका रूपमा स्थापित छन् भन्ने कुरामा दुई मत हुनै सक्दैन।

पुराणहरूमध्ये श्रीमद्भागवतमहापुराणले पनि बुद्धको सम्बन्धमा केही संकेत गरेको देखिन्छ। अवतार वर्णन प्रसङ्गलाई हेर्दा श्रीमद्भागवतमा अन्य पुराणहरू भन्दा केही फरक मत प्रस्तुत भएको छ। अन्य पुराणहरूमा दशावतारको उल्लेख भएको छ भने श्रीमद्भागवतमा चाहिँ बाईस अवतारको वयान भएको छ। अवतारक्रमका दृष्टिमा अन्य पुराणहरू भगवान् बुद्धलाई नवौं अवतार मानिएको छ भने श्रीमद्भागवत्ले बुद्धलाई एक्काईसौं अवतारका रूपमा प्रस्तुत गरेको छ। यस विषयमा बुद्धसम्बन्धी प्रसङ्ग श्रीमद्भागवत्ले संक्षेपमा यसरी उल्लेख गरेको छ -

> ततः कलौ संप्रवृते सम्मोहाय सुरद्विषाम्।
> बुद्धोनाम्नाजनसुतः कीकटेषु भविष्यति ॥[७]

यसरी बुद्धको विषयमा हिन्दूधर्म ग्रन्थहरूले स्पष्ट उल्लेख गरेको विषयवस्तुबाट बुद्ध हिन्दूबाट भिन्न हुन सक्दैनन्। हाल बुद्धधर्मावलम्बीहरूले बुद्धलाई हिन्दूहरूबाट अलग राख्न खोज्नु अत्यन्त दुःखको कुरा हो। सामाजिक संरचना र धार्मिक आस्थाका आधारमा हेर्ने हो भने पनि हाम्रो नेवार समाजलाई हेर्दा बढी उपयुक्त नेवार समाजमा दुईथरी वर्ग देखिन्छन्। एउटा बुद्धमार्गी र अर्को बुद्धेतरमार्गी। यहाँ बुद्धमार्गीहरूलाई नेवार सम्प्रदायबाट अलग गर्ने कसैको साहस छ त ? अवश्य छैन। नेवारहरू हिन्दू हुन् र उनीहरूका आराध्यदेव पनि हिन्दू देवीदेवता नै हुन्। अब के कुरा बुझ्नु जरुरी छ भने जसरी समयको गतिसँगै हिन्दूहरूमा पनि कोही शैव कोही शाक्त र कोही वैष्णव मतमा विभाजित भए, त्यसैगरी बौद्धिष्टहरू पनि समयअनुसार परिवर्तित हुँदै आएका मात्र हुन्। त्यसो भए बुद्ध जन्मिनुभन्दा पहिले अहिलेका बौद्धिष्टहरूका पुर्खा थिएनन् त ? अवश्य थिए। त्यसैले, बुद्धलाई हिन्दूधर्मबाट अलग राख्न खोज्नु भनेको मानिसको वंशावली छोट्याउन खोज्नुबाहेक केही पनि हुन सक्दैन।

अन्त्यमा भन्नुपर्दा पौराणिक आधारमा विभिन्न समय र अवस्थामा ईश्वरले विभिन्नरूपमा अवतार लिन्छन् र सोहीअनुसार समाजलाई धर्मको नयाँ परिभाषा बुझाउँछन्। अनि हाम्रो हिन्दू समाज पनि त्यसअनुसार अगाडि बढेको हुन्छ। त्यसैले पौराणिक आधारमा बुद्ध ईश्वरीय रूप हुन्।

[७] श्रीमद्भागवत, प्रथमस्कन्ध, अध्याय -३, श्लोक-२४

सन्दर्भग्रन्थ सूची

१. गरुडपुराण ,महर्षिवेदव्यास।
२. श्रीमद्भगवत्गीता, महर्षिवेदव्यास।
३. भविष्यपुराण, महर्षिवेदव्यास।
४. अग्निपुराण, महर्षिवेदव्यास।
५. श्रीमद्भागवत्महापुराण, महर्षिवेदव्यास।

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

संयोजक
डा. विष्णु दहाल
नेपाल राष्ट्रिय प्राध्यापक संगठन
नेपाल संस्कृत विश्वविद्यालय विभाग

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्ष
घनश्याम सिग्देल
नेपाल राष्ट्रिय कर्मचारी संगठन
वाल्मीकि इकाई

वज्रयान र नामसङ्गीतिको महत्त्व

■ शेखर दाहाल,
सहायक प्राध्यापक
वाल्मीकि विद्यापीठ

> गुरुको उपदेश विना पुस्कालयीय अध्ययनबाट साधनामार्गको ज्ञान र महासुखको प्राप्ति हुँदैन । सद्गुरुविना मार्ग खुल्न सक्दैन भन्ने वज्रयानीहरु मान्दछन् । गुरु मात्र सद् भएर पुग्दैन शिष्य पनि योग्य र आचरणले युक्त सत् शिष्य हुनुपर्दछ । यस्तो योग्य शिष्यलाई गुरुले साधना मार्गको उपदेश दिन्छन् । साधनाबाट शिष्यले वज्रतत्त्वको बोध गर्दछ र वज्रतत्त्वको बोधबाट महासुख वा सहजानन्दको प्राप्ति हुन्छ । सहजानन्दको प्राप्ति नै वज्रयानको अन्तिम लक्ष्य हो ।

१. विषयप्रवेश

बौद्धदर्शनको महायानबाट विकसित सम्प्रदाय हो वज्रयान । बुद्धनिर्वाणको १००० वर्षपछिसम्मको समय महायानको विकासको उत्कर्ष काल मानिन्छ । त्यस समयमा भारतवर्षमा हिन्दू धर्मावलम्बीहरूको पनि उत्तिकै बाहुल्यता थियो । महायानले पनि हिन्दू परम्पराका अनेकौं गुणहरू आफूभित्र समाहित गर्न पुग्यो । जसको प्रभाव वज्रयानमा प्रष्ट देख्न सकिन्छ । वज्रयानमा पनि हिन्दूहरूको जस्तै तन्त्र, मन्त्र र योगसाधनाको विशेष चर्चा पाइन्छ । नेपाल प्राचीनकालदेखि वज्रयानानुयायीहरूको बसोबास भएको ठाउँ हो । वज्रयानका महत्त्वपूर्ण ग्रन्थ रत्नहरूमध्ये 'नामसङ्गीति' एक अद्वितीय ग्रन्थ हो । यसमा भगवान बुद्धका विशेषणपरक नामहरूको संकलन छ । प्रस्तुत ग्रन्थ नामहरूको संकलन मात्र नभएर यस ग्रन्थमा वज्रयानका आधारभूत मान्यताका साथै योगसाधनाको माध्यमबाट सत्त्व (प्राणी)मा अभिसम्बोधि ज्ञानको बोध र त्यसबाट सहजनान्द (अन्तिम सुख) को प्राप्तिका सन्दर्भमा चर्चा पनि पाइन्छ । त्यसैले प्रस्तुत लेखमा वज्रयान र त्यसमा नामसङ्गीतिको महत्त्वको चर्चालाई विषय बनाइएको छ ।

२. वज्र शब्दको अर्थ

साधारण अर्थमा वज्रयान भन्नाले कठोर मार्ग भन्ने अर्थ भए पनि बौद्धदर्शनमा यसलाई एक सहजयानका रूपमा वर्णन गरिएको छ । वज्रयानका विभिन्न ग्रन्थहरूमा बज्रशब्दलाई विभिन्न विशिष्ट अर्थमा प्रयोग गरिएको छ । ती विशिष्ट अर्थहरूको चर्चा गर्नु यहाँ सान्दर्भिक हुनआउँछ । त्यसैले प्रस्तुत गरिँदैछ-

(क) वज्र-शून्य

अद्वयवज्रादि ग्रन्थहरूमा बज्रलाई शून्यका रूपमा प्रस्तुत गरिएको छ । पारमितानयमा जुन तत्त्वलाई निःस्वभावात्मक रूपमा चित्रण गरिएको छ त्यसै तत्त्वलाई वज्रयानमा शून्य भनिएको छ । वज्र तत्त्व अच्छेद्य र अभेद्य लक्षणले युक्त अदाही र अविनाशी हुन्छ ।[१] कालतन्त्रको विमलप्रभा टीकामा पनि 'वज्र अच्छेद्य र अभेद्य लक्षणले युक्त महत्तत्त्व हो । जुन तत्त्व मान्ने यानलाई वज्रयान भनिन्छ[२] भन्ने उल्लेख पाइन्छ । यसरी हेर्दा जुन परमतत्त्व हो त्यो शून्य हो र शून्य तत्त्व नै वज्रतत्त्व हो भन्ने बुझिन्छ ।

(ख) वज्र-ज्ञान

वज्रयानमा आदर्शादि पञ्चतथागत ज्ञानलाई बुझाउन पनि बज्र शब्दको प्रयोग गरिएको छ । आदर्शादि पञ्चज्ञानबाट अक्षोभ्यादि पञ्चतथागत बुद्धको उत्पत्ति हुन्छ र सम्पूर्ण जगत् पञ्च बुद्धात्मक हुन्छ ।[३] आदर्शादि पञ्चज्ञान नै वज्रतत्त्व हो ।[४] अभ्योभ्यादि पञ्चतथागतसँग सम्बन्धित बुद्धडाकिनी, बज्रडाकिनी, रत्नडाकिनी, पद्मडाकिनी र विश्वडाकिनी रहेका हुन्छन् । यी डाकिनीहरूको उत्पत्ति अप्रपञ्चात्मक आदर्शादि पच्तथागत ज्ञानबाट हुन्छ । जुन

---

[१] दृढ सारमसौशीर्यमच्छेद्यभेद्यलक्षणम् । अदाही अविनाशी च शून्यता बज्रमुच्यते । ज्ञानसिद्धि, १५.२ ।

[२] बज्रमभेद्यमच्छेद्यं महदिदि । तदेव यानं वज्रयानम् । कालतन्त्रराजचक्रम्, विमलप्रभाटीका, जगन्नाथ उपाध्याय, सम्पादन, भाग १, पृष्ठ १६३।

[३] पञ्चबुद्धात्मकं सर्वजगोऽयम्, आर्यमञ्जुश्रीनामसँगीति, वनारसी लाल, सम्पा, भूमिका पृ. XXXVIII.

[४] गुह्यसमाज तन्त्रम्, हेराकाजी बज्रचार्य, सम्पा, पृ. ५१ ।

अप्रपञ्चात्मक आदर्शादि पञ्चज्ञान हो, त्यो नै वज्र हो ।[५] यसरी हेर्दा अभ्रान्त, अप्रपञ्चात्मक पञ्चतथागत ज्ञान नै वज्रतत्त्वका रूपमा देखापर्दछ ।

(ग) वज्र-शस्त्र

विशेष शस्त्रका रूपमा पनि वज्रयानमा बज्र शब्दको प्रयोग पाइन्छ । सत्त्व (प्राणी) मा रहेका क्लेश, ईर्ष्या, माद आदिको छेदन गर्ने विशेष शस्त्र नै वज्र हो ।[६] बज्र धारण गर्ने बुद्धलाई बज्रपाणी भनिन्छ । नामसँगीति ग्रन्थमा सङ्कलित बुद्धका ८१२ वटा नाममध्ये बज्रपाणी पनि एउटा नाम हो ।

(घ) वज्र-बोधिसत्त्व

बोधिसत्त्वका लागि पनि बज्र शब्दको प्रयोग भएको पाइन्छ । बोधि प्राप्तिका लागि वज्रतत्त्वको ज्ञानको आवश्यकता पर्दछ । जसले वज्रतत्त्वलाई साक्षात्कार गर्दछ । त्यस सत्त्वलाई बज्रसत्त्व भनिन्छ । ऊ बज्रसमान हुन्छ ।[७]

(ङ) वज्र-पुंसेन्द्रिय

वज्रयानमा पुंसेन्द्रियलाई बुझाउन पनि बज्र शब्दको प्रयोग पाइन्छ । यस यानमा पञ्चध्यानिबुद्ध र पञ्चरतीहरूको विशेष उल्लेख छ । त्यसमा पञ्चबुद्ध शिवस्वरूप र रतीहरू शक्तिस्वरूपा रहेका हुन्छन् । वज्रयानको साधनामा पञ्चबुद्ध र पञ्चरतीको मण्डल निर्माण गरेर विशेष उपासना गरिन्छ । त्यस उपासनामा बुद्धेन्द्रियलाई बज्र र र रतीन्द्रियलाई पद्म भनिन्छ ।[८] त्यसमा कामदेवको पनि उपासना पाइन्छ । वज्रयानमा कामदेवको नाम बज्रनाङ्ग हो ।[९] वज्रयानीहरूमा बज्रनाङ्गलाई आर्यमञ्जुश्रीको अवतार मान्दछन् ।

(च) वज्र-अकार र वंकार

वज्रयानका सबै ग्रन्थहरू 'अथ' अथवा 'एव' बाट प्रारम्भ भएका छन् । अकार वर्णहरूमा अग्र एवं नैरात्म्य शून्यको प्रतिपादन गर्ने भएकाले अकारलाई बज्र भनिन्छ ।[१०] त्यस्तै एवं मा एकारलाई शक्ति, वकारलाई शिव र विन्दुलाई दुवैको योगको प्रतीक मानिन्छ । त्यसैले शिवरूपी वकारमा (ँ) विन्दुले शक्तिको योग भन्ने अर्थमा वंकारलाई वज्रतत्त्व भनिएको हो ।[११] वज्रयानमा एवं र अथको विशेष महत्त्व रहेको हुन्छ ।

यसरी हेर्दा बज्र शब्दलाई विभिन्न विशिष्ट अर्थमा प्रयोग गरिएको भए पनि शून्यता र ज्ञानको समन्वयात्मक रूप नै बज्र हो । जुन बज्र अच्छेद्य, अभेद्य, अदाही र अविनाशी

हुन्छ । त्यही तत्त्वलाई परमतत्त्व मान्ने यान नै वज्रयान हो । वज्रयान र मन्त्रयानको सम्बन्ध निकट छ । मन्त्रयानमा मन्त्रहरूको उपासनाबाट निर्वाण प्राप्ति हुन्छ । ती मन्त्रहरू गुह्यशक्तिले युक्त हुन्छन् । वज्रयानमा भने मन्त्र र बज्र दुबैको ज्ञानबाट निर्वाण लाभ हुन्छ । वज्रयानले अद्वैत दर्शनको शिक्षा दिन्छ । सबै तत्त्व (प्राणी) हरू बज्रसत्त्व हुन्छन् र एउटै बज्रसत्त्व सम्पूर्ण प्राणीहरूमा रहेको हुन्छ भन्ने वज्रयानीहरू विश्वास गर्दछन् ।

३. वज्रयानका अवधारणा

वज्रयान बौद्धदर्शनको तन्त्रशास्त्रसँग सम्बन्धित छ । त्यसैले वज्रयानका केही विशिष्ट अवधारणाहरू रहेका छन् । जसको चर्चा यहाँ गरिँदैछ ।

क) हठयोग

वज्रयानमा हठयोगको परिकल्पना पाइन्छ । तन्त्रको भाषामा हकार 'चन्द्र' र ठकार 'सूर्य' वाचक हुन् । चन्द्र र सूर्यको एकीकरण नै हठयोग हो । हठयोगलाई नै इडा र पिङ्गला नाडी अथवा प्राणवायु र अपानवायुको समीकरण भन्ने गरेको पाइन्छ ।[१२] यिनै नाडीको वैषम्यावस्थामा जगत्को उत्पत्ति हुन्छ । समता प्रलयको सूचक हो भने वर्तमान जगत् साम्यावस्थामा अडेको छ । जगत्मा दुई विरुद्ध शक्तिहरू रहेका हुन्छन्, जो एकअर्कालाई दबाएर प्रभुतालाभ गर्नका लागि प्रत्येक क्षण संघर्षशील हुन्छन् । इडा वायाँ र पिङ्गला दायाँ नाडी हुन् । यी दुवै नाडीको समानतामा मध्यमा स्थित सुसुम्ना नाडीको द्वार खुल्दछ । हठयोगका साधकहरूको त्यही सुसुम्ना नाडीको द्वारका माध्यमबाट प्राणवायुलाई उर्ध्व गतितिर लानु प्रमुख ध्येय हुन्छ । सुसुम्नाको मार्गलाई मध्यम पथ वा शून्यपद भनिन्छ । यो शाश्वत निर्वाणको अवस्था हो ।

वज्रयानमा हठयोग र अवधुतीको परिकल्पना एकै किसिमको देखिन्छ । सहजयानमा बायाँ शक्तिलाई ललना र दायाँ शक्तिलाई रसना भनिन्छ । तान्त्रिक भाषामा ललना नाडी चन्द्र तथा प्रज्ञा (ज्ञान) को समानार्थी र रसना नाडी सूर्य तथा उपायको पर्यायवाची हो ।[१३] यी दुबैका बीचमा एक प्रकारको शक्ति हुन्छ हुन्छ, जसलाई 'अवधुती' भनिन्छ । ललना र रसनाको एकाकार रूप नै अवधुती हो । अवधुतीको विशुद्ध स्वरूपलाई डोम्नी भनिन्छ । ललना र रसना नाडीको मिलनबाट अवधुती रूपी तेज निस्कन्छ जसको प्रथम अभिव्यक्ति नामिचक्रममा हुन्छ ।[१४] यस अवस्थामा त्यो शक्ति विशुद्ध भइसकेको हुँदैन । त्यो नै 'चाण्डाली' को अवस्था हो । चाण्डालीको विशुद्ध रूपलाई डोम्नी भनिन्छ । अवधुती परमानन्द स्वरूप, चाण्डाली विरमानन्द स्वरूप र डोम्नी सहजानन्द स्वरूप हुन्छन् । डोम्नी अवस्था नै शून्यावस्था हो र यसै तत्त्वको साक्षात्कार सत्त्वको परमलक्ष्य रहेको हुन्छ ।

ख) पञ्च-ध्यानीबुद्ध र पञ्चरति

वज्रयानमा अक्षोभ्य, वैरोचन, अमिताभ, रत्नसंभव र अमोघसिद्धि गरी पाँच किसिमका बुद्ध र द्वेषरति, ईर्ष्यारति, बज्ररति, रागरति, मोहरति[१५] गरी पाँच प्रकारका देवीको उपासनाको विशेष चर्चा पाइन्छ । यहाँ बुद्धहरू शिव र देवीहरू शक्तिका रूपमा रहेका हुन्छन् । पञ्च बुद्धहरू पञ्चस्कन्ध स्वभावले युक्त हुन्छन् । अक्षोभ्य विज्ञान स्कन्ध स्वभाव, वैरोधन रूपस्कन्ध स्वभाव, अमिताभ संज्ञास्कन्ध स्वभाव, रत्नसंभव वेदनास्कन्ध र अमोघसिद्धि संस्कारस्कन्ध स्वभावले युक्त हुन्छन् ।[१६] पाँच

---

[५] महामायातन्त्रम्, एस. रिन्पोछे र अन्य, सम्पा., पृ. ३ ।
[६] वज्रच्छेदिका प्रज्ञापारमिता, कमलशीलकृतटीका सहिता...., पृ. १ ।
[७] बोधिचित्तं भवेद्वज्रम्, ज्ञानसिद्धि, १५.२४ ।
[८] स्त्रीन्द्रियं चं यथा पद्मं वज्रं पुंसेन्द्रिय तथा, ऐजन २.२ गाथा ।
[९] आचर्य नरेन्द्र, बौद्धधर्म दर्शन, पृ. ४२० ।
[१०] आर्यमञ्जुश्रीनाम सँगीति, अमृतकर्णिकाटीका, पूर्ववत्, पृ. २ ।
[११] वंकारं बज्रमित्याहु । ऐजन, भूमिका पृ. XXXV ।
[१२] गुयादि अष्टसिद्धिसङ्ग्रह, ऐजन, भूमिका, पृ. XXXVI बाट उधृत ।
[१३] डा.ठाकुरसेना नेमी, वज्रयानी अनुत्तरयोग, पृ. ३२ ।
[१४] बलदेव उपाध्याय, बौद्धदर्शनमीमांसा, पृ. ३३२ ।
[१५] चाण्डाली ज्वलिता नाभौ .... हेवज्रतन्त्र १.१.३१ गाथा ।
[१६] गुह्यसमाजतन्त्रम्, पूर्ववत् पृ. ५१ ।

रतिहरू त्यसमा चितिशक्तिका रूपमा रहेका हुन्छन् । त्यसैले सम्पूर्ण जगत पञ्चबुद्धात्मक छ ।[१७] यी पाँच बुद्धहरू आदर्शादि पाँच ज्ञानसँग सम्बन्धित हुन्छन् ।

ग) पञ्चतथातात्मक ज्ञान

वज्रयानमा सुविशुद्धधर्मधातुज्ञान, आदर्शज्ञान, प्रत्यवेक्षणज्ञान, समताज्ञान र कृत्यानुष्ठानज्ञान गरी पाँच प्रकारका पञ्चतथातात्मक ज्ञान रहेका हुन्छन् । क्लेशावरण र ज्ञेयावरणबाट सदाका लागि मुक्त भएपछि वज्रसत्त्वमा उत्पन्न हुने ज्ञान सुविशुद्धधर्मधातुज्ञान हो । यो वैरोचन बुद्धसँग सम्बन्धित हुन्छ । लक्षणरहित बुद्धको धर्मकाय (बुद्धको परमार्थभूत शरीर) लाई आदर्शज्ञान भनिन्छ । साधकमा आदर्शज्ञानको प्राप्तिपछि बुद्धको धर्मकायको साक्षात्कार गर्दछ । यो अक्षोभ्यबुद्धसँग सम्बन्धित हुन्छ । संज्ञात्मक वर्णहरूबाट उत्पन्न सबै भूमण्डल, देवमण्डल आदि प्रभावस्वर (उज्वल) स्वभावले युक्त छन् । यी सबै मण्डलहरूको एकाकार रूपमा ज्ञान गराउनु प्रत्यवेक्षण ज्ञानको कार्य हो । यो अमिताभ बुद्धसँग सम्बन्धित हुन्छ । साधकमा समस्त पदार्थ एवं प्राणीप्रति अहंकार, ममाकाररहित शून्यता वा सर्वधर्मनैरात्म्यको भावना उत्पन्न हुनु समताज्ञान हो । साधकले समताज्ञानको प्राप्तिपछि तथागतचित्त र प्राणीचित्तमा कुनै फरक देख्दैन । यो रत्नसंभव बुद्धसँग सम्बन्धित हुन्छ । त्यस्तै सबै लोकमा सदा बुद्धकृत्य कार्य र विविध चर्चाहरूद्वारा लोकहित सम्पादन गर्ने ज्ञान नै कृत्यानुष्ठान ज्ञान हो । यो ज्ञान अमोघसिद्धि बुद्धसँग सम्बन्धित हुन्छ महाखुख र महजानन्दको प्राप्तिका लागि पञ्चतथातात्मक ज्ञानको ज्ञान हुनु अनिवार्य मानिन्छ ।

घ) चार आनन्द

वज्रयानमा वज्रतत्त्व वा सहजानन्दको प्राप्ति नै साधकको अन्तिम लक्ष्यका रूपमा रहेको हुन्छ । तन्त्र साधनाबाट आनन्दको प्राप्तिको हुन्छ । आनन्द, परमनन्द, विरमान्द र सहजानन्द गरी आनन्दहरू चार प्रकारका हुन्छन् । योग एवं तन्त्र साधनाका लागि मुद्रा ज्ञान हुनुपर्दछ । कर्ममुद्रा, धर्ममुद्रा, महामुद्रा र समयमुद्रा यी चार प्रकारका मुद्राहरू रहेका हुन्छन् । कर्ममुद्रादि चार मुद्राबाट विचित्र, विपाक, विमर्द र विलक्षण चार क्षणहरूको ज्ञान हुन्छ । क्षणज्ञानबाट आनन्द प्राप्ति हुन्छ । चार आनन्दहरू क्रमशः उत्तरोत्तर श्रेष्ठतर मानिन्छन् ।[१८] जब बोधिसत्त्व निर्वाणकाय (धर्मोपदेशका लागि बुद्धले ग्रहण गरेको शरीर) मा प्रवेश गर्दा परमानन्द, संभोगकाय (अति सूक्ष्म तथा सर्वव्यापक बुद्ध शरीर) मा प्रवेश गर्दा विरमानन्द र महासुखकाय (बुद्धको वज्रस्वरूप शरीर) मा प्रवेश गर्दा सहजानन्दको प्राप्ति हुन्छ । आनन्द सामान्य स्वभावले युक्त हुन्छ । परमानन्दलाई जन्ममरणको आवागमनको मूल भएकाले भव[१९] पनि भनिन्छ । विरमानन्द विराग (क्लेशरहित) स्वरूप हुने भएकाले निर्वाण हो भने सहजानन्द भव र निर्वाणभन्दा उच्चकोटीको हुन्छ । वज्रयानअनुसार सहजानन्दको प्राप्ति नै अन्तिम सुख प्राप्ति हो ।

ङ) षडङ्गयोग

वज्रयानमा षडङ्गयोग साधनालाई विशेष महत्त्वका साथ चर्चा गरिएको छ । षडङ्गयोग साधनाबाट साधकलाई कायबज्र, बाग्बज्र र चित्तबज्रको प्राप्ति हुन्छ । प्रत्याहार, धारणा, अनुस्मृति, प्राणायाम, ध्यान र समाधि गरी योगका ६ वटा अङ्ग हुन्छन् ।[२०] प्रत्याहार र धारणाको साधनाबाट कायबज्र (शारीरिक शुद्धता) को प्राप्ति हुन्छ । प्राणायाम र धारणाको साधनाबाट बाग्बज्र (बोलीको शुद्धता) को लाभ हुन्छ । अनुस्मृति र समाधिद्वारा चित्तबज्र (मानसिक शुद्धता) को प्राप्ति हुन्छ । अनुस्मृतिको अवस्थामा बोधिचित्तद्वारा 'चाण्डाली' शक्तिलाई आफूभित्र निहित गरेर उष्णीषचक्रदेखि ललाटचक्र, कण्ठचक्र, हृदयचक्र, नाभिचक्र हुँदै मणिचक्रसम्म पुर्‍याउँदा आनन्द, परमानन्द, विरमानन्द र सहजानन्दको उत्पत्ति हुन्छ ।[२१] यो सहजानन्द नै समाधि अवस्था हो । संहजानन्दको अवस्थामा नाभिचक्रमा 'चाण्डाली' शक्ति प्रज्वलित हुने भएकाले सत्त्व वा प्राणीले देव बिम्वको साक्षात्कार गर्दछ । त्यसबाट अनुरागपूर्ण सुखको प्राप्ति हुन्छ । जसलाई अनुस्मृति भनिन्छ । अनुस्मृतिको उत्पत्तिका लागि अवधुती शक्तिमा प्राणवायुलाई स्थिर गरेर चाण्डाली शक्तिलाई प्रज्वलित गर्नुपर्दछ । यसरी प्राणवायुलाई चाण्डाली शक्तिमा स्थिर गर्नु नै धारणा हो । धारणाको प्राप्तिका लागि प्राणायामद्वारा ललना र रसना नाडीमा बग्ने प्राणवायुलाई चाण्डालीमा प्रवेश गराउनु पर्दछ । यो अवस्था नै प्राणायामको अवस्था हो । प्रत्याहारद्वारा त्यस वायुलाई स्थिर राख्ने काम गर्दछ । यसबाट सत्त्व वा प्राणीलाई चित्तबज्र वा महासुखको लाभ हुन्छ ।

च) धारणीको प्रयोग

महाग्रान दर्शनमा धारणीको उच्च स्थान रहेको छ । धारणीले रक्षाको काम गर्दछ । वैद्धिक धर्ममा मन्त्रहरूको जुन कार्य हुन्छ, वज्रयानमा त्यो काम धारणीले गर्दछ । धारणीमा विशेषतः बुद्ध, बोधिसत्त्व र ताराहरूको प्रार्थना गरिएको हुन्छ । धारणीको अन्त्यमा केही अक्षरहरू रहेका हुन्छन्, जसको कुनै लौकिक अर्थ हुँदैन । विशेष अनुष्ठानहरूको सम्पादन एवं रोगको निवारणका लागि धारणीको प्रयोग गरिन्छ ।[२२] पाँच धारणीहरूको सङ्ग्रह 'पञ्चरक्षा' नेपालमा पनि लोकप्रिय छ । जसमा महाप्रतिसार, महासहस्रप्रमर्दिनी, महामयूरी, महाशोतकर्ता र रक्षामन्त्रानुसारिणी रहेका हुन्छन् । सर्पदंश तथा विभिन्न रोगहरूको निवारणका लागि पञ्चरक्षाको प्रयोग ग़रिन्छ ।

यसरी हेर्दा वज्रयानमा हठयोगको उपासना, पञ्चध्यानिबुद्ध र पञ्चरतिको उपासना, पञ्चतथात्मक ज्ञान, चारआनन्दको प्राप्ति, योगसाधना र धारणीको प्रयोग वज्रयानका विशेषता रहेको पाइन्छ ।

४. वज्रयानमा नामसङ्गीतिको महत्त्व

नाम र सङ्गीति दुई शब्दको योगबाट नामसङ्गीति शब्द बनेको हो । यहाँ नाम भन्नाले स्थावरजङ्गम जगत्‌का सम्पूर्ण नामहरू हुन् र सङ्गीति शब्दको अर्थ तिनै नामहरूको सङ्गायन भन्ने हुन्छ । यस

---

[१७] आर्यमञ्जुश्रीनाम सँगीति, अर्मतर्कणिकाटीका, पृ. १५ ।[१८] पदाटिप्पणी नं. ३ ।

[१९] आनन्देन सुखं किञ्चित् परमानन्दं ततोऽधिकम् ।
विरमेण विरागः स्यात् सहजानन्दं तु शेषतः ॥ हेवज्रतन्त्र १.८.३२ ।

[२०] बलदेव उपाध्याय, पूर्ववत् पृ. ३३२ ।

[२१] आर्यमञ्जुश्री नाम सँगीति, पूर्ववत् भूमिका पृ. ह्ह्ह्ह्ह ।

[२२] ठाकुरसेन नेगी, पूर्ववत्, पृ. ३७३ ।

ग्रन्थमा नामहरूको सङ्गायनसँगै वज्रयान एवं तन्त्रयानलाई व्यक्त एवं अव्यक्त रूपमा व्याख्या गर्दै सत्त्वका चित्तमा महाकरुणा उत्पत्तिका लागि बोधिचितोत्पाद अभ्यासको मार्गसमेत बताइएको छ । मालाजालाभिसम्बोधिको यस प्रसङ्गबाट समेत उक्त कुराको पुष्टि हुन्छ ।

अ आ इ ई उ ऊ ए ऐ ओ औ अं अः स्थितो हृदि
ज्ञानमूतिरहं बुद्धो बुद्धानां त्र्यध्ववर्तिनाम् ।।[२१]

(अ आ इ ई उ ऊ ए ऐ ओ औ अं अः वर्णहरू हृदयमा विराजमान ज्ञानमूर्ति बोधिचित्तहरूको तीन मार्गमा अवस्थित बुद्धको पनि बुद्ध हुँ) अ, आ आदि १२ वर्णले ६ पीठ, ६ उपपीठ, द्वादशभूमि र षडचक्र तथा चक्र स्थानको सङ्केत गरेका छन् । त्यस्तै अ, इ, उ तीन वर्णले कायवाक्चित्तलाई सङ्केत गर्दछन् र यी वर्णहरू आनन्द स्वरूप हुन् । आ, ई, ऊ परमानन्द स्वरूप हुन् । ए, ओ, अं ले विरमानन्दलाई सङ्केत गर्दछन् भने ऐ, औ, अः तीन वर्ण सहजानन्दका द्योतक हुन् । यिनै अकारादि द्वादशाक्षरको निःस्वभावात्मक ज्ञानले सत्त्वलाई महाकरुणाको प्राप्ति हुन्छ । यसरी एउटै श्लोक तन्त्रशास्त्रका अथाह रहस्यहरू व्याख्या गरिएको यस ग्रन्थका प्रत्येक श्लोकहरू उत्तिकै महत्त्वपूर्ण छन् । त्यसैले यस ग्रन्थको महत्ता विशिष्ट रहेको छ । त्यसैगरी प्रस्तुत ग्रन्थमा आदर्शादि पञ्चज्ञान, पञ्चतथागत, चारआनन्द, धारणी प्रयोग र अभिसम्बोधि प्राप्तिका रहस्यहरू प्रतिपादन गरिएकाले वज्रयानमा नामसङ्गीतिको विशिष्ट महत्त्व रहेको पुष्टि हुन्छ ।

५. उपसंहार

आर्यमञ्जुश्रीनामसङ्गीति ग्रन्थमा वज्रयानको साधनामार्गको उपदेश र सहजानन्दको प्राप्तिको मार्ग बताइएकाले वज्रयानमा यसको विशेष महत्त्व छ । तर यसको साधना मार्गको ज्ञानका लागि विशिष्ट साधकको आवश्यकता पर्दछ । त्यसैले वज्रयानको साधना एवं सिद्धान्तको ज्ञानका लागि गुरुको उपदेश अनिवार्य मानिन्छ । गुरुको उपदेश विना पुस्कालयीय अध्ययनबाट साधनामार्गको ज्ञान र महासुखको प्राप्ति हुँदैन । सद्गुरुविना मार्ग खुल्न सक्दैन भन्ने वज्रयानीहरू मान्दछन् । गुरु मात्र सद् भएर पुग्दैन शिष्य पनि योग्य र आचरणले युक्त सत् शिष्य हुनुपर्दछ । यस्तो योग्य शिष्यलाई गुरुले साधना मार्गको उपदेश दिन्छन् । साधनाबाट शिष्यले वज्रतत्त्वको बोध गर्दछ र वज्रतत्त्वको बोधबाट महासुख वा सहजानन्दको प्राप्ति हुन्छ । सहजानन्दको प्राप्ति नै वज्रयानको अन्तिम लक्ष्य हो ।

[२१] आर्यमञ्जुश्रीनामसङ्गीति, पूर्ववत्, पृ. १८ ।

सन्दर्भ-ग्रन्थसूची

१. उपाध्याय, बलदेव, बौद्धदर्शनमीमांसा, वाराणसीः चौखम्वा विद्याभवन, सन् १९७८ ।

२. नरेन्द्रदेव, आचार्य, बौद्धदर्शन, दिल्लीः मोतिलाल वनारसीदास, पुनमुद्रण सन् २००१ ।

३. नेगी, ठाकुरसेन, वज्रयानी अनुत्तरयोग, वाराणसीः केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान, ख्रीस्ताब्द, १९९९ ।

४. आर्यमञ्जुश्रीमसँगीति, अमृतकर्णिकाटीका संहिता, वनारसी लाल सम्पा. वाराणसीः केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान, सन् १९९४ ।

५. आर्यश्रीगुह्यसमाजतन्त्रम्, प्रदीपोद्योतनटीका संहिता, हेराकाजी बज्रचार्य, सम्पा., ललितपुरः लोटस रिसर्च सेन्टर, सन् २००१ ।

६. कालतन्त्रराजचक्रम्, विमलप्रभाटीका संहिता, जगन्नाथ उपाध्याय, सम्पा. वाराणसीः केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, सन् १९८६ ।

७. ज्ञानासिद्धि, विनयतोष भट्टाचार्य, सम्पा. बडौदाः गायकवाद ओरेन्टियल रिसर्च इन्स्टिच्यूट,सन् १९२९ ।

८. बज्रच्छेदिका प्रज्ञापारमिता, आचार्य पेमातेननिज वाराणसीः केन्द्रीय उच्च तिब्बती संस्थान, सन् १९९४ ।

९. महामायातन्त्रम्, एस् रिन्पोछे र अन्य सम्पा. केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, सन् १९९२ ।

१०. हेबज्रतन्त्रम् डी.स्नेलग्रोव, अक्स्फोर्ड युनिभर्सिटी प्रेस, सन् १९८० ।

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक
भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध
अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक
पत्रिकाले बुद्धका
सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस्
भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

धर्मेन्द्र प्रसाद शर्मा
एवम्
शर्मा परिवार, गुलरिया-८, बर्दिया

बौद्धधर्म-दर्शनको विस्तारमा पालि साहित्यको योगदान

■ प्रेमराज न्यौपाने
सहायक प्राध्यापक
वाल्मीकि विद्यापीठ

> प्रारम्भिक अवस्थामा बुद्धका समग्र वचनहरु पालि भाषामा सङ्ग्रहीत थिए र त्यसबाट विस्तारै विकसित हुँदै विभिन्न भाषा र क्षेत्रमा विस्तारित हुन पुगे । पालि भाषामा भन्दा अन्य भाषामा बौद्धसाहित्यको प्राचुर्य हुँदा हुँदै पनि पालि भाषा एवं साहित्यको ज्ञान विना बौद्धसाहित्यको ज्ञान अपूर्ण नै रहन्छ किनकि यसमा भएको विशिष्ट प्रकारको प्रस्तुति एवं भाषागत वैशिष्ट्य अन्य भाषामा प्रप्त गर्न सकिन्न । अतः बौद्धधर्म-दर्शनको विकास तथा विस्तारमा पालिभाषा तथा साहित्यको अतुलनीय योगदान रहेको छ ।

विषय प्रवेश

भगवान् बुद्धले तत्कालीन मगध एवम् आसपासमा बोलिने स्थानीय भाषामा आफ्ना उपदेशहरू दिने गर्नुहुन्थ्यो । मगधमा बोलिने भएकाले नै त्यसलाई मागधी भाषा पनि भनिन्छ। त्यही मागधी भाषा नै पालि भाषा हो । त्यस भाषालाई केही विद्वानूहरूले अर्धमागधी पनि भन्ने गरेको पाइन्छ । मूलतः बुद्धद्वारा दिइएका उपदेशहरू बौद्ध साहित्यमा त्यही पालि भाषामै रहेको पाइन्छ । पालिभाषाका माध्यमबाट नै बौद्धधर्म-दर्शनको विस्तार भएको तथ्य सर्वव्यापक नै छ। पालि साहित्यको इतिहास तथा त्यसमा भएका प्रमुख ग्रन्थहरूको संक्षिप्त परिचय विना समग्र बौद्धधर्म तथा दर्शनलाई साङ्गोपाङ्गो बुझ्न नसकिने भएकाले यहाँ पालि साहित्यको संक्षिप्त परिचय दिनु उचित देखिन्छ । त्यसमा पनि सर्वप्रथम त्रिपिटकको परिचय दिनु अझ महत्त्वपूर्ण हुने हुँदा त्रिपिटक तथा अन्य पालि ग्रन्थहरूको संक्षिप्त परिचय उपस्थापन गर्दै बौद्ध धर्म दर्शनमा पालिसाहित्यको योगदानको चर्चा यस लेखको विषयवस्तु रहेको छ ।

भगवान् बुद्धका वचनहरूलाई यथार्थरूपमा प्रतिपादन गर्ने ग्रन्थलाई नै पिटक भनिन्छ। पिटकको शाब्दिक अर्थ भनेको बाकस हो । यहाँ पिटकको अर्थ सङ्ग्रह भन्ने बुझ्नु पर्दछ। तीनवटा सङ्ग्रहलाई नै यहाँ त्रिपिटक भनिएको हो । ती तीनवटा पिटकमा १. विनय पिटक, २. सुत्त पिटक र ३. अभिधम्म पिटक पर्दछन् । उक्त तीनवटा सङ्ग्रहभित्र धेरै ग्रन्थहरू समाविष्ट हुन्छन् । प्रत्येक पिटकमा भएका आशयलाई संक्षिप्त रूपमा निम्नवत् स्पष्ट पार्न सकिन्छ –

क. विनयपिटक

विनयको अर्थ नियम हो र यस पिटकमा मूलतः नियमहरूको नै सङ्कलन गरिएको छ। भिक्षुहरूले पालना गर्नुपर्ने त्यसैगरी भिक्षुणीहरूले पालन गर्नुपर्ने समग्र नियमहरू भगवान बुद्धद्वारा उपदिष्ट थिए । ती नियमहरूलाई सङ्कलन गरी एकत्ररूपमा सूत्रबद्ध गरिएको ग्रन्थ नै विनयपिटक हो। विनयपिटकका तीनवटा भागहरू छन्। ती हुन् – १. सुत्तविभंग, २. खन्धक र ३. परिवार ।[1]

१. भिक्षु तथा भिक्षुणीले प्रत्येक महिना कृष्णपक्षको चतुर्दशी एवं पूर्णिमाका दिन पालना गर्नु पर्ने नियमहरूलाई सुत्तविभङ्गमा उल्लेख गरिएको पाइन्छ। ती दुईवटा दिनमा पालना गरिने नियमलाई अपोसथ भनिन्छ। त्यस अपोसथका दिन पाठ गरिने ग्रन्थलाई पातिमोख भनिन्छ। पातिमोख पनि भिक्षु तथा भिक्षुणी गरी दुई प्रकारको रहेको छ। अतः सुत्तविभङ्ग अन्तर्गत भिक्षु-पातिमोक्ष तथा भिक्षुणि-पातिमोक्ष पर्दछन् ।

२. महावग्ग तथा चुल्लवग्ग गरी खन्धकका पनि दुईवटा मुख्य भागहरू रहेका छन् ।

३. उपर्युक्त सुत्तविभङ्ग एवं खन्धकमा भएका नियमहरूको सारतत्वलाई समेटेर संक्षिप्तरूपमा लेखिएको नियमहरूको विवरणलाई नै परिवार वा परिवारपाठ भनिन्छ ।[2]

ख. सुत्त पिटक

भगवान् बुद्धले विभिन्न स्थान एवं अवसरहरूमा दिएका उपदेशहरूको सङ्कलन नै सुत्तपिटक हो। सुत्तको अर्थ सूत्र वा उपदेश हो । सुत्तपिटकद्वारा धर्मको प्रतिपादन गरिएको छ । सुत्तपिटकको अध्ययनबाट भगवान् बुद्धको जीवनि एवं उपदेशहरूको बोध गर्न सकिन्छ। सुत्तपिटक अन्तर्गत ५वटा विभागहरू रहेका छन् र ती पाँच विभागहरू पनि अत्यन्त महत्त्वपूर्ण तथा स्थूलरूपमा रहेका छन् ।[3] ती विभागहरूलाई निम्नानुसार बुझ्न सकिन्छ –

---

[1] बलदेव उपाध्याय, बौद्धदर्शन मीमांसा, वाराणसी : चौखम्बा विद्याभवन, पृ. ७ ।
[2] पूर्ववत् ।

१. दीघ निकाय

यो निकाय चौंतीसवटा सुत्तहरूको सङ्ग्रह हो । यी सुत्त अर्थात् सूत्रहरू आकारका दृष्टिले दीर्घ भएकाले नै यिनलाई दीघ भनिएको हो । दीघ वा दीर्घ भन्नाले ठूलो भन्ने बुझ्नु पर्दछ । केही सूत्रहरू त स्वतन्त्र ग्रन्थ समानका दीर्घ पनि छन् अतः दीर्घनिकाय यसको नाम रहनु उचित नै मान्नु पर्दछ । यिनमा पनि ब्रह्मजालसुत्त प्रथम हो जसमा ६२ वटा आत्मा सम्बन्धि भ्रामक धारणाहरूको उल्लेख पाइन्छ । त्यसैगरी समञ्ञ-फलसुत्तमा बुद्धकालीन तीर्थङ्करहरूको मतको उल्लेख गरिएको छ जसमा मुख्यतः पूर्णकश्यप, मक्खलि गोसाल, अजित केशकम्बल, प्रक्रुध कात्यायन एवं निगण्ठनाथपुत्त आदि प्रसिद्ध तीर्थङ्करहरू पर्दछन् । अम्बठ्ठसुत्तमा वर्ण व्यवस्था सम्बन्धि भगवान् बुद्धको धारणालाई स्पष्ट गरिएको छ । सोणदण्डसुत्तमा बौद्ध धर्ममा विश्वास राख्ने व्यक्ति भएर पनि कसरी सोणदण्डले कुलीनता प्रदर्शन गर्न जनसमुदायमा बुद्धलाई अभिवादन आदि गर्न हिच्किचाउँछ भन्ने देखाइएको छ । कूटदन्तसुत्तमा तत्कालीन यज्ञ आदिको वर्णन गरिएको छ र तेविज्जसुत्तमा ब्रह्मसाक्षात्कार सम्बन्धी सिद्धान्तहरूलाई हास्यास्पद सिद्धान्तका रूपमा व्याख्या एवं विश्लेषण गरिएको छ ।[४]

दीघ निकाय अन्तर्गत सीलखन्धवग्ग, महावग्ग र पाथिकवग्ग गरी तीनवटा वग्गहरू रहेका छन् । ती तीनवटा वग्गमा जम्मा चौंतीसवटा सूत्रहरू रहेका छन् ।[५]

२. मज्झिम निकाय

सुत्तपिटकको दोस्रो निकाय मज्झिम निकाय हो । अत्यन्त मनोरञ्जक शैलीमा रहेको यस निकायमा १५२ वटा सूत्रहरू रहेकाछन् । यसमा भएका सूत्रहरू मध्यम आकारका छन् । चार आर्यसत्य देखि निर्वाण सम्मका विषयहरूलाई यसमा व्यापक ढंगले उपस्थापित गरिएको छ । मुख्यगरी यस निकायलाई तीन भागमा विभाजित गरिएको छ । ती हुन् – मूलपण्णासक, मज्झिमपण्णासक र उपरिपण्णासक । प्रथम र द्वितीय पण्णासकमा ५०/५० वटा सुत्तहरू छन् र तृतीय पण्णासकमा ५२ वटा सूत्रहरू रहेका छन् ।

प्रमुखरूपमा मज्झिमनिकायका ४० वटा सूत्रहरू संक्षिप्त तर गंभीर रहेका छन् । विहारको कंकजोल भन्ने स्थानदेखि कुरुको कम्मासदम्म भन्ने नगर सम्ममा भगवान् बुद्धद्वारा उपदेश गरिएका सूत्रहरूलाई यस निकायमा समेटिएको छ । यी सूत्रहरूबाट भगवान् बुद्धका मूल उपदेशहरूको लक्ष्य के थियो भन्ने स्पष्टरूपमा बुझ्न सकिन्छ । त्यसैगरी दुईवटा सूत्रहरूमा बुद्धद्वारा स्वयं नै आफ्नो जीवनि बताइएको समेत पाइन्छ ।[६]

३. संयुक्त निकाय

यस निकायमा पाँचवटा वग्गहरू रहेका छन् । ती हुन् – सगाथवग्ग, निदानवग्ग, खन्धवग्ग, सलायतनवग्ग र महावग्ग । यी वग्गहरू मध्ये सगाथवग्गमा ११ वटा संयुत्तहरू रहेका छन् । निदानवग्गमा १० वटा संयुत्तहरू छन् । खन्धवग्गमा १३ वटा त्यसैगरी सलायतनवग्गमा १० वटा र महावग्गमा १२ वटा संयुत्तहरू रहेका छन् । अतः सम्पूर्ण वग्गहरूमा गरी जम्मा ५६ वटा संयुत्तहरू रहेका छन् । ती ५ वटै वग्गहरूमा भएका विषयहरूलाई पनि निम्नानुसार बुझ्नु महत्त्वपूर्ण हुन्छ ।[७]

पहिलो वग्ग सगाथवग्ग हो । यस वग्गको नामबाट नै बुझ्न सकिन्छ कि यस वग्गमा गाथाहरू रहेका छन् भन्ने । त्यसैले भन्न सकिन्छ कि यसमा भएका सुत्तहरू गाथा युक्त छन् । निदानवग्गमा प्रतीत्यसमुत्पादवादका नामबाट संसारचक्रको व्याख्या गरिएको छ । खन्धवग्गमा पञ्चस्कन्धको विवेचना गरिएको छ तर त्यसमा दार्शनिक व्याख्यालाई नराखी पटक पटक रूप अनित्य छ, अनात्म छ त्यसैगरी दुःख छ जस्ता कुराहरूलाई दोहोऱ्याइएको छ । सलायतनवग्गमा पञ्चस्कन्ध एवं षडायतन दुवैका सिद्धान्तहरू प्रतिपादन गरिएको छ । अन्तिम महावग्गमा बौद्धधर्म, दर्शन र साधनाको सम्बन्धमा महत्त्वपूर्ण सिद्धान्तहरूको व्याख्या गरिएको छ ।[८]

४. अंगुत्तर निकाय

यस निकायमा सुत्तहरूमा वर्णित विषयहरूलाई एक, दुई, तीन, चार आदिका क्रममा राखिएको छ । त्यसैले नै यस निकायको नाम अङ्गोत्तर (अङ्गुत्तर) राखिएको हो । यस निकायमा ११ वटा निपातहरू रहेका छन् । ती हुन् –

क. एककनिपात, ख. दुकनिपात, ग. तिकनिपात, घ. चतुक्कनिपात, ङ. पञ्चकनिपात, च. छक्कनिपात, छ. सत्तकनिपात, ज. अठ्ठकनिपात, झ. नवकनिपात, ञ. दसकनिपात र ट. एकादसकनिपात ।[९] यस निकायमा संख्यायुक्त प्रश्नोत्तर प्रणाली रहेको देखिन्छ । दीघनिकायका दसुत्तर तथा सङ्गीति सुत्तहरूमा भएका प्रश्नोत्तर प्रणालीको आश्रयबाट नै यस निकायको सङ्ग्रह भएको भन्दा अत्युक्ति हुँदैन । यस निकायले तथागतद्वारा अभिव्यक्त धर्मका आन्तरिका रहस्यहरूको स्वरूपलाई बुझाउने भएकाले अत्यन्त महत्त्वपूर्ण निकायका रूपमा यसको भूमिका रहेको छ । बुद्धकालीन १६ वटा जनपदहरूको समेत यसमा उल्लेख पाइन्छ ।[१०]

५. खुद्दक निकाय

माथि वर्णित चारवटा निकायहरूका अतिरिक्त बुद्धवचनहरू जेमा सङ्ग्रह गरिएका छन् तिनिहरू नै खुद्दक निकाय अन्तर्गत पर्दछन् । यस निकायमा खुद्दकपाठ आदि १५ वटा ग्रन्थहरू सन्निविष्ट छन् । कतिपय परम्पराहरूमा यस निकायलाई १६ एवं १८ भागमा पनि वर्णन गरिएको पाइन्छ ।[११] यस निकायमा गणना गरिएका ग्रन्थहरूमा केही प्राचीन र केही अर्वाचीन ग्रन्थहरू पनि पर्दछन् ।

ग. अभिधम्मपिटक

यो पिटक बौद्धसाहित्यको तृतीय पिटक हो । अभिधम्म

---

[३] कोमलचन्द्र जैन, पालि साहित्यका इतिहास, वांराणसी : विश्वविद्यालय पकाशन, पृ. २१ ।
[४] पूर्ववत् ।
[५] पूर्ववत् ।
[६] पूर्ववत् पृ. २४ ।
[७] पूर्ववत् पृ. २६-२७ ।
[८] पूर्ववत् ।
[९] राहुल सांकृत्यायन, पालि साहित्यका इतिहास, लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान, पृ. १०८ ।
[१०] भरतसिंह उपाध्याय, पालि साहित्यका इतिहास, पृ. ४५ ।
[११] पादटिप्पणी सं.३ वत् , पृ. ३३ ।
[१२] असँग, महायानसूत्रालंकार : , पृ. ५७ ।

शब्दको अर्थ आर्य-असंगकृत महायानसूत्रालंकारमा निम्नानुसार गरिएको पाइन्छ – अभिमुखतोऽथाभिक्ष्ण्यादभिभवगतितोऽभिधर्म श्च ।[12] यस कारिकामा उल्लेख भए अनुसार यस पिटकको नामाकरणका निम्न चारवटा कारणहरू रहेका छन् – सत्य, बोधि, विमोक्ष, सुख आदिको उपदेश दिने हुनाले र त्यसले निर्वाणमा अभिमुख हुने धर्मको प्रतिपादन गर्ने हुँदा यिनिहरूको नाम अभिधर्म हो (अभिमुखतः) । एउटै धर्मका अनेक भेद देखाउने हुनाले पनि यो नामाकरण भएको हो (आभीक्ष्ण्यात्) । अन्य मतहरूको खण्डन गरेका कारण यस पिटकको नाम अभिधर्म हो (अभिभवात् र अभिगतितः) । अतः के बुझ्न सकिन्छ भने - जुन सिद्धान्तहरूको प्रतिपादन स्थूलरूपवाट सुत्तपिटकमा गरिएको छ तिनकै विस्तृत विवेचन गर्नु यस अभिधम्मपिटकको मुख्य उद्देश्य रहेको छ । सुत्तपिटकमा भएका बुद्धका उपदेशहरूलाई शास्त्रीय ढंगबाट यस पिटकमा प्रस्तुत गरिएको छ । यसका सातवटा विभागहरू रहेका छन् । ती हुन् – धम्मसँगणि, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञति, कथावत्थु, यमक र पट्ठान । [13] त्यसैगरी सर्वास्तिवादीहरूले ज्ञानप्रस्थानशास्त्र आदि सातवटा ग्रन्थहरूलाई अभिधम्म अन्तर्गत गणना गर्दछन् ।[14]

अनुपिटक साहित्य

अनुपिटक भन्ना साथै पिटक पछिको भन्ने बुभिन्छ किनकि अनुको अर्थ पश्चात् हो । यसरी हेर्दा त्रिपिटकको रचना भईसके पछि रचना गरिएका पालि साहित्यका ग्रन्थहरूलाई यस अनुपिटक अन्तर्गत लिइन्छ । त्यसैले अनुपिटकको रचनाकाललाई विद्वानहरूले मोटामोटीरूपमा त्रिपिटकको रचना पछि र पाँचौं शताब्दीमा लेखिएका अट्ठकथाहरू भन्दा पहिले रचना गरिएका ग्रन्थहरू भनेर उल्लेख गरिएको पाइन्छ । यसमा तीनवटा ग्रन्थहरू उल्लेखनीय छन् । ती हुन् – १. नेत्तिप्पकरण, २. पेटकोपदेस, र ३. मिलिन्दपञ्ह ।

१. नेत्तिप्पकरण

यस ग्रन्थलाई नेत्ति तथा नेत्तिगन्ध पनि भनिन्छ । नेत्तिको अर्थ मार्ग प्रदर्शन गर्नु हो । यो ग्रन्थ सानो आकारको भएता पनि यसले बौद्ध दर्शनलाई बुझाउनका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेको छ त्यसैले यस ग्रन्थलाई नेत्तिप्पकरण भनिएको हो ।

यसका रचयिता महाकात्यायन हुन् र यस ग्रन्थको विषय भनेको १६ वटा हार, ५ वटा नय एवं १८ वटा मूल पदहरूको विवेचन गर्नु हो । हारको अर्थ विषयहरूको माला हो भने नयको तात्पर्य निर्णय गर्ने युक्ति हो । त्यस्तै मूलपद भन्नाले मुख्य नैतिक विषयहरू भन्ने बुझ्नु पर्दछ ।[15]

२. पेटकोपदेस

यस ग्रन्थमा पनि नेत्तिप्पकरणमा भएका विषयवस्तुहरू नै रहेका छन् तर शैली र आकारका दृष्टिले मात्र नेत्तिप्पकरण भन्दा यो भिन्न रहेको छ । यसलाई पनि महाकात्यायन कै रचना मान्ने गरिएको पाइन्छ । लंका तथा वर्मामा यसलाई पनि त्रिपिटकका ग्रन्थहरूकै रूपमा लिइन्छ । यस ग्रन्थमा बुद्धशासनको प्रमुख सिद्धान्त चार आर्यसत्यलाई दृष्टिगत गरी समग्र विषयवस्तुहरूको उपस्थापन गरिएको छ । अतः विषय-विन्यास नै यस ग्रन्थको मुख्य विशेषता रहेको छ ।

३. मिलिन्दपञ्ह

यस ग्रन्थलाई अनुपिटक-साहित्यको सर्वश्रेष्ठ ग्रन्थका रूपमा लिइन्छ । यसमा बाहिरकथा आदि सातवटा परिच्छेदहरू रहेका छन् । सामान्यतः यस ग्रन्थको नामबाट नै यसमा मिलिन्दका प्रश्नहरू होलान् भन्ने अनुमान सहजरूपमा नै गर्न सकिन्छ तर यस ग्रन्थमा नागसेनद्वारा उठाइएका प्रश्नहरूको समाधान विषयवस्तुका रूपमा रहेको छ । प्रश्नहरूको समाधान थेरवादीदृष्टीकोणबाट प्रस्तुत गरिएको छ । त्यसैले गर्दा नै यस ग्रन्थलाई पालि त्रिपिटकहरूलाई जत्तिकै सम्मान प्रदान गरिएको पाइन्छ । आचार्य बुद्धघोसले आफ्ना अट्ठकथाहरूमा प्रमाणका रूपमा यस ग्रन्थबाट उद्धरणहरू लिएका छन् । यसबाट हामी के बुझ्न सक्दछौं भने थेरवादी सिद्धान्तहरूका लागि आचार्य बुद्धघोसले मिलिन्दपञ्हलाई त्रिपिटकलाई जत्तिकै महत्त्व प्रदान गरेका छन् । [16]

अट्ठकथा साहित्य

तृतीय धम्मसंगीतिमा त्रिपिटकहरू पूर्णरूपमा आईसकेपछि बौद्धधर्मको प्रचारका लागि विभिन्न देशहरूमा भिक्षुहरूलाई पठाउने निश्चय गरियो । तदनुसार सम्राट अशोकका पुत्र महेन्द्र स्थविरलाई लंका पठाइयो । उनि सँगै अन्य चारजना भिक्षुहरू पनि लंका गएका थिए । त्यसको केही समय पश्चात् राजा अशोकको छोरी भिक्षुणी संघमित्रा पनि अन्य ११ जना भिक्षुणीहरू सहित त्यहाँ पुगिन् । यिनै भिक्षुहरू तथा भिक्षुणीहरूले लंकामा बौद्धधर्मको व्यापक प्रचार प्रसार गरे साथै आफूहरूले कण्ठस्थ गरेका बुद्धवचनहरूलाई पनि सुरक्षित नै राखिरहे । उनिहरूले कण्ठस्थ गरेका बुद्धवचन अरुलाई पनि कण्ठस्थ गराए जसले गर्दा त्यो परम्परा रहि नै रह्यो । ई. पू. प्रथम शताब्दी सम्म त्यो कण्ठस्थ गर्ने परम्परा रहेको थियो । त्यसरी कण्ठस्थ गरेर मात्र त्यति विशाल त्रिपिटकलाई सुरक्षित राखिराख्न न सकिने पो हो कि भन्ने अनुभव गरेर ई. पू. प्रथम शताब्दीमा त्यसलाई लिपिबद्ध गर्ने काम भयो ।

सिंहली अट्ठकथा

भारतमा त्रिपिटक एवं त्यसका व्याख्याहरूलाई पनि कण्ठस्थ गर्ने परम्परा थियो । त्यस्ता व्याख्याहरू मध्ये केहीलाई त्रिपिटक भित्र पनि स्थान दिइएको पाइन्छ । महेन्द्रले लंका जाँदा त्रिपिटकहरूका साथ साथै तिनका व्याख्याहरूलाई पनि आफूसँगै लगेका थिए । तिनिहरूलाई लिपिबद्ध गर्ने क्रममा त्रिपिटकलाई त मूल पालि भाषामा नै लिपिबद्ध गरियो तर अट्ठकथासाहित्यको भने सिंहली भाषामा अनुवाद गरी लिपिबद्ध गरियो । तिनमा पनि गाथा भाग भने पालि भाषामा नै सुरक्षित गरियो । तिनै सिंहली भाषामा अनुदित अट्ठकथाहरूलाई सर्वप्राचीन अट्ठकथाका रूपमा जान्ने गरिन्छ । ती

[13] पा. टि. १० वत्
[14] पूर्ववत् ।
[15] पूर्ववत् ।
[16] कोमलचन्द्र जैन, पालि साहित्यका इतिहास, वाराणसी : विश्वविद्यालय पकाशन, पृ. ६१-६३ ।

मध्ये पनि प्रमूख अट्ठकथाहरूमा महाअट्ठकथा, कुरुन्दीअट्ठकथा, पच्चरिअट्ठकथा, अन्धकअट्ठकथा र संखेपअट्ठकथा रहेका छन् ।

पालि अट्ठकथा

ईसवीय चतुर्थ शताब्दी देखि षष्ठ शताब्दी बीचको समय पालि ग्रन्थ लेखनका दृष्टिले अत्यन्त महत्त्वपूर्ण रहेको पाइन्छ । त्यसै कालमा दीपवंस र महावंस नामक दुईवटा महत्त्वपूर्ण एवं ऐतिहासिक ग्रन्थहरूको रचना भयो । त्यसै समयमा नै सिंहली भाषामा भएका त्रिपिटकका अट्ठकथाहरूको पालि भाषामा रूपान्तरण गरियो । त्यसैगरी अट्ठकथाहरूलाई आधार बनाएर टीकाहरू पनि लेखिए । पालिका अट्ठकथाकारहरूमा आचार्य बुद्धघोष, बुद्धदत्त, धम्मपाल, महानाम एवं उपसेन प्रमुख रहेका छन् । अन्य अट्ठकथाकारहरूमा आनन्द, चुल्लधम्मपाल, काश्यप, वजिरबुद्ध, खेम, अनुरुद्ध, धम्मसिरि र महासामि आदि उल्लेखनीय मानिन्छन् ।

उपसंहार

यदि पालि साहित्यको अध्ययन तथा त्यसमा निहित बौद्धशिक्षाको विशाल भण्डारलाई गहन ढंगबाट विश्लेषण नगरी सामान्य भाषा एवं साहित्यका रूपमा मात्र यसलाई लिएर अघि बढ्ने हो भने बौद्धधर्मदर्शनको वास्तविक इतिहास तथा मर्मलाई बुझ्न सम्भव छैन । यसै भाषाको आश्रयबाट नै बौद्धधर्मले विश्वधर्मको रूपमा विकसित हुने मौका प्राप्त गरेको हो । प्रारम्भिक अवस्थामा बुद्धका समग्र वचनहरू यसै भाषामा सङ्ग्रहीत थिए र त्यसबाट विस्तारै विकसित हुँदै विभिन्न भाषा र क्षेत्रमा विस्तारित हुन पुगे । पालि भाषामा भन्दा अन्य भाषामा बौद्धसाहित्यको प्राचुर्य हुँदा हुँदै पनि पालि भाषा एवं साहित्यको ज्ञान विना बौद्धसाहित्यको ज्ञान अपूर्ण नै रहन्छ किनकि यसमा भएको विशिष्ट प्रकारको प्रस्तुति एवं भाषागत वैशिष्ट्य अन्य भाषामा प्रप्त गर्न सकिन्न । अतः बौद्धधर्म-दर्शनको विकास तथा विस्तारमा पालिभाषा तथा साहित्यको अतुलनीय योगदान रहेको छ ।

सन्दर्भग्रन्थसूची

१. असँग, महायानसूत्रालंकारः, वाराणसी : चौखम्वा विद्याभवन, २००८ ।
२. उपाध्याय, बलदेव, बौद्धदर्शन मीमांसा, वाराणसी : चौखम्वा विद्याभवन, १९९९ (पंचम संस्करण) ।
३. उपाध्याय, भरतसिंह, पालि साहित्यका इतिहास,
४. जैन, कोमलचन्द्र, पालि साहित्यका इतिहास, वाराणसी : विश्वविद्यालय पकाशन, १९८७ ।
५. महास्वमिधर्मकीर्ति, बालावतार(पालिव्याकरण), वाराणसी : बौद्धभारती, १९७५ ।
६. मधुकर पिपलायन, तिपिटक परिचय, सम्यक प्रकाशन, २००५ ।
७. शास्त्री, इन्द्र चन्द्र, पालि भाषा और साहित्य, दिल्ली विश्वविद्यालय, १९८७ ।
८. सांकृत्यायन, राहुल, पालि साहित्यका इतिहास, लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान, १९९२ (तृतीय संस्करण) ।

हार्दिक
शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

उपसभापति
विष्णुप्रसाद चौधरी

सचिव
सुरेश पुन

स्व.वि.यु. परिवार जनता विद्यापीठ
बिजौरी दाङ

हार्दिक
शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक
इन्दु काफ्ले
एवम्
संस्कृत माध्यमिक विद्यालय परिवार
रानीपोखरी, काठमाडौं

बौद्धाचार्य कमलशील

■ शारदा पौडेल

आचार्य कमलशीलको भोट देशमा आगमन भयो । उनले चिनी भिक्षु ह्वशङ्गलाई शास्त्रार्थमा पराजित गरे तथा भारतीय बौद्ध परम्परालाई पुन: प्रतिष्ठा गरे । त्यस वापत राजाले उनलाई राजकीय सम्मान स्वरुप आध्यात्मिक विद्या विभागको प्रधान बनाए, ह्वशङ्गलाई देश निकाला गरिदिए र उनका कृतिहरुलाई सदाका लागि गोदाममा बन्द गराए ।

तिब्वती बौद्ध साहित्यमा आचार्य कमलशीलको नाम जति प्रसिद्ध छ त्यति भारतीय बौद्ध साहित्यमा छैन । आचार्य कमलशीलको जन्म एव्म बाल्यकालको दुरुस्त विवरण उपलब्ध नभए तापनि धेरै विद्वान्हरूको मतानुसार उनी आचार्य शान्तरक्षितका शिष्यहरू मध्ये एक थिए । आचार्य कमलशीललाई आठौं शताब्दी (ई. ७४० - ई ७९५) अन्तर्गत मानिन्छ ।[१]

राजा थ्रि-सन्-गम-पोलाई तिब्वतमा बौद्ध धर्मका प्रवर्तक मानिन्छ । यी राजा पश्चात् तिब्वती धर्म (वोन) का समर्थकको अन्धविश्वासका कारण बौद्धधर्मले तिब्वतमा तीनसय वर्षसम्म निरन्तर कडा संघर्ष गर्नुपर्‍यो ।

राजा थ्रो-स्रोङ्-देत्सन्को पालासम्म आइपुग्दा पुरानो तिब्वती धर्म (वोन) ले तिब्वतमा जरा गाड्न शुरू गरिसकेको थियो । उक्त राजाले वोन धर्मका अनुयायीहरूको कडा विरोध हुँदाहुँदै पनि बौद्धधर्मको प्रचारका लागि भारतीय विद्वान् शान्तरक्षितलाई तिब्बत बोलाएका थिए [२], त्यस समय शान्तरक्षित नालन्दा महाविहार मगधमा उच्च धर्म गुरु थिए ।

शान्तरक्षितले तिब्वतमा भारतीय बौद्ध धर्मका सिद्धान्तहरू जस्तै दश कुशलधर्म र कारण परम्पराको चक्र विषयक उपेदश दिनुका साथै धर्म परिवर्तन गराउने कार्य समेत गरे तर संयोगवश त्यस समय तिब्वतमा महारोग फैलियो र विरोधीहरूले त्यसलाई विकृत शिक्षाको उपदेशको फलस्वरूप यस्तो भएको हो भन्ने प्रचार गरे । जसका कारण तत्कालीन राजाले उनलाई तिब्वत छाडेर जाने अनुरोध गरे ।[३] तत्पश्चात् शान्तरक्षितकै सुझावमा विद्यमान कुरीति, अन्धविश्वासादिलाई तन्त्रको माध्यमले विश्वास दिलाउन भारतबाट आचार्य पद्मसंभवलाई बोलाइयो । पद्मसंभव तन्त्रका प्रवल समर्थक थिए । उनले तत्कालीन मन्त्र तन्त्रमा विश्वास गर्ने जनतालाई उनीहरूकै भाषामा अनेकन चामत्कारिक जादू-टुना आदिद्वारा वशमा पारी बौद्धधर्मको प्रचारका लागि तिब्वतमा योग्य वातावरणको निर्माण गरे ।

राजा थ्रो-स्रोङ्-देत्सन्कै पालामा फेरी शान्तरक्षितलाई ७५ वर्षको शारीरिक अवस्थामा तिब्वतमा बौद्धधर्मको पुनर्स्थापनाको निम्ति दोस्रो पटक निमन्त्रण गरियो । राजाको निमन्त्रणामा उनी तिब्वत गए र त्यहाँ अनेकन जनतालाई भिक्षु बनाए । 'साम्ये' नामक स्थानमा पहिलो ठूलो विहारको स्थापना गर्नुका साथै तिब्वती भाषामा बौद्धधर्मका कृतिहरूको अनुवाद कार्यलाई पनि पुनर्व्यवस्थित गरे ।

तिब्बतमा छँदा नै शान्तरक्षितको मृत्यु भयो । आचार्यको मृत्यु पश्चात् महत्त्वाकांक्षी चिनी भिक्षु ह्वशङ्ग एवं उसका अनुयायीहरूले विवाद उत्पन्न गरे । उनले उपदेश दिन थाले कि सारा कर्महरूलाई छोडेर परम निष्कर्मण्यताको आश्रय लिनु नै बुद्ध पदको प्राप्तिको एकमात्र साधन हो ।[४]

ह्वशङ्ग महायानीको मतानुसार- 'काय र वाक्द्वारा गरिएका कुशल कर्मद्वारा बुद्धत्व प्राप्त हुँदैन । कुनै पनि धर्मको मनस्कार गर्नु हुँदैन तथा मनमा कुनै पनि प्रकारको कल्पना उत्पन्न हुनबाट रोक्नु पर्दछ । राम्रो या नराम्रो कुनै पनि कल्पना भएमा त्यसले बुद्धत्व प्राप्तिमा बाधा गर्दछ किनकि ती आवरण हुन् ।[५]

ह्वशङ्ग उपर्युक्त मतलाई अझ स्पष्ट पार्न यसरी उदाहरण प्रस्तुत गर्दछन् : सूर्यलाई छेक्न सेतो वा कालो दुवै खालका बादलहरूमा केही भेद छैन तथा कुनै पनि बाँधिएको व्यक्ति चाहे त्यो सुन अथवा फलामको साङ्लोले बाँधिएको होस् त्यसले केही फरक पर्दैन । किनकि जबसम्म उक्त व्यक्ति बन्धनमा छ उसलाई बन्दी नै भनिन्छ । अतः कुशल या अकुशल कुनै पनि कार्य गर्नु हुँदैन ।[६]

यसप्रकार तत्क्षण निर्वाण प्राप्तिको अत्यन्त सरल उपायहरूद्वारा ह्वशङ्गको धर्मोपदेशबाट समस्त तिब्वती जनता बिस्तारै-बिस्तारै प्रभावित हुन थाले । फलस्वरूप बौद्धधर्मको भारतीय परम्परा एवं चिनी परम्पराहरू बीच विवाद बढ्न थाल्यो । चिनी बौद्ध भिक्षु ह्वशङ्ग भारतीय परम्परावादीहरू माथि हावी हुन थाले । पलयङ्ग, व-रत्न तथा केही अन्य श्रद्धालु भने आचार्य शान्तरक्षितको क्रमिक बुद्धत्व

[१] Martin T. Adam, Two concepts of Meditation and Three Kinds of Wisdom in Kamalasila's Bhavanakramas: A Prablem of Translation, Equinox Publishing Ltd. 2006, Unit 6, The village, 101, Amles street, London SW112JW

[२] डा. धर्मकीर्ति, महान् दार्शनिक आचार्य शान्तरक्षित, सम्यक् प्रकाशन, दिल्ली, प्रथम संस्करण, २००४

[३] राहुल सांस्कृत्यायन, तिब्वतमें बौद्धधर्म, किताव महल एजेन्सी, इलाहावाद, २००५

[४] पूर्ववत्

[५] Joseph F. Roccasolvo, The Debate at bsam yas: A Study in Religious Contrast and Correspondence, Philosophy East and West, Vol. 30, No. 4, University of Hawal Press.

[६] Penpa Dorjee, Preface of Madhayamakaloka of Acharya Kamalasila, Central Institute of Higher Tibelan Studies, Samath, Varanashi, 2001

(निर्वाण) प्राप्तिको परम्परामा कायम रहे । फलस्वरूप दुवै पक्षमा भिषण विवाद उत्पन्न भयो ।

जुन समय ह्वशङ्गको तिब्वतमा आगमन भयो, त्यस समय आचार्य शान्तरक्षितको मृत्यु भइसकेको तथा आचार्य पद्मसम्भव पश्चिमको यक्ष प्रदेशतर्फ प्रस्थान गरिसकेका थिए । महाराज स्रो-स्रोङ्-देत्सनूले भारतीय बौद्ध परम्पराको पक्ष लिएर आफ्ना जनतालाई ह्वशङ्गको कुदर्शन नअपनाउन भने । यसबाट तत्क्षण परम्परावादी ह्वशङ्गका अनुयायी रुष्ट भए तथा उनीहरूले क्रमिक परम्परावादीहरूलाई डर देखाउने, धम्काउने गर्न आफूसँग धारीलो साना हथियार राख्न समेत आरम्भ गरे ।[७]

महाराज स्रो-स्रोङ्-देत्सनूले यस विकट परिस्थितिमा कुनै पनि मार्ग देखेनन् । उनले आचार्य शान्तरक्षितका शिष्य भन्ने ज्ञानेन्द्र (ये-गेस द्वङ्ग-पो) लाई आमन्त्रण गरे । उनले महाराजलाई आचार्य शान्तरक्षितको भविष्यवाणी सम्झाए । शान्तरक्षितले भनेका थिए कि- 'जहाँ जहाँ बौद्धधर्मको प्रचार प्रसार हुन्छ, त्यहाँ त्यहाँ विरोध पनि उत्पन्न हुन्छ । तर तिब्वतमा यस्तो समस्या नभएतापनि अनुयायीहरूमा मतभेद र विवाद उत्पन्न हुन सक्छ । यस्तो परिस्थिति उत्पन्न भएमा नेपालमा रहेका मेरा शिष्य कमलशीललाई तिब्वतमा आमन्त्रित गर्नू र शास्त्रार्थ गराउनू । यस शास्त्रार्थको मध्यस्थता स्वयं महाराजले गर्नू । शास्त्रार्थको निष्कर्ष धर्मानुसार नै हुनेछ' ।[८]

यस प्रकार आचार्य कमलशीलको भोट देशमा आगमन भयो । उनले चिनी भिक्षु ह्वशङ्गलाई शास्त्रार्थमा पराजित गरे तथा भारतीय बौद्ध परम्परालाई पुनः प्रतिष्ठा गरे । त्यस वापत राजाले उनलाई राजकीय सम्मान स्वरूप आध्यात्मिक विद्या विभागको प्रधान बनाए, ह्वशङ्गलाई देश निकाला गरिदिए र उनका कृतिहरूलाई सदाका लागि गोदाममा बन्द गराए ।[९] कमलशीलले तिब्वतमा नागार्जुनको सिद्धान्त एवं विनयहरूको रक्षा गर्दै भावनाक्रम नामक प्रसिद्ध कृतिको रचना गरे । उनका धेरै कृतिहरू विद्यमान छन् । जुन भोटदेशीय तनग्यूर सङ्ग्रहमा देख्न पाइन्छ । यी उपर्युक्त क्रियाकलापबाट ह्वशङ्गका अनुयायीहरू कमलशीलसँग यति रुष्ट थिए कि उनीहरूले कमलशीललाई तिब्वत बसाँइको चार वर्षमा नै छुरा प्रहार गरी मारिदिए । कमलशीलको मृत शरीरलाई विशेष प्रकारले बाँधेर ल्हासाको उत्तरको एक विहारमा अहिले पनि सुरक्षित राखिएको छ ।[१०]

आचार्य कमलशीलका कृतिहरू

आचार्य कमलशीललाई सुपरिचित गराउने उनका प्रख्यात कृतिहरू[११] यसपकार छन् –

प्रज्ञापारमिताको विषयमा
आर्यसप्तशतिकाप्रज्ञापारमिताटीका
आर्यप्रज्ञापारमितावज्रच्छेदिकाटीका
मधयमकको विषयमा
मधयमकालंकारपञ्जिका
मध्यमकालोकनाम
तत्वालोकनामप्रकरण
सर्वधर्मनिःस्वभावसिद्धिः
बोधिचित्तभावना
भावनाक्रम (तीन भाग)
भावनायोगावतार
विनयको विषयमा
श्रमणपञ्चाशत्कारिकापदाभिस्मरण
सूत्रवृत्ति
आर्यविकल्पप्रवेशधारणीटीका
आर्यशालिस्तम्बटीका
लेख
ब्राह्माणीदक्षिणाम्बायै अष्टदुःख विशेष निर्देशो नाम
श्रद्धोत्पादप्रदीप
प्रमाणको विषयमा
न्यायविन्दुपूर्वपक्षसंक्षेपः
तत्त्वसङ्ग्रहपञ्जिका
अन्य वर्ग
प्रणिधानद्वयविधा

सन्दर्भग्रन्थसूची

१ Adam, T. Martin, Two concepts of Meditation and Three Kinds of Wisdom in Kamalasila's Bhavanakramas: A Prablem of Translation, Equinox Publishing Ltd. 2006, Unit 6, The village, 101, Amies street, London SW112JW

२ डा. धर्मकीर्ति, महान् दार्शनिक आचार्य शान्तरक्षित, सम्यक् प्रकाशन, दिल्ली, प्रथम संस्करण, २००४

३ राहुल सांस्कृत्यायन, तिब्वतमें बौद्धधर्म, किताव महल एजेन्सी, इलाहावाद, २००५

४ Roccasolvo, F. Joseph, The Debate at bsam yas: A Study in Religious Contrast and Correspondence, Philosophy East and West, Vol. 30, No. 4, University of Hawai Press.

५ Dorjee , Penpa, Preface of Madhayamakaloka of Acharya Kamalasila, Central Institute of Higher Tibetan Studies, Samath, Varanashi, 2001

६ Bu-Ston, History of Buddhism (Chos-Hbyung) II, Trans. E obermiller (Hidelberh: O. Harrassowitz, 1932), P. 192

७ ब-शेद-पृ. ६४

८ Bapat, P. V., 2500 years of Buddhism, Publications Division, Ministry of Information and Broadcasting, Govenment of India, P. 67

९ Gyaltsen, Namdol, Acharya, Bhavanakramah of Acarya Kamalasila, Central Institute of Higher Tibetan Studies, Sarnath, Varanasi, 1997

---

[७] Bu-Ston, History of Buddhism (Chos-Hbyung) II, Trans. E obermiller (Hidelberh: O. Harrassowitz, 1932), P. 192

[८] ब-शेद-पृ. ६४

[९] Joseph F. Roccasolvo, The Debate at bsam yas: A Study in Religious Contrast and Correspondence, Philosophy East and West, Vol. 30, No. 4, University of Hawai Press.

[१०] P. V. Bapat, 2500 years of Buddhism, Publications Division, Ministry of Information and Broadcasting, Govenment of India, P. 67

[११] Acharya, Namdol Gyaltsen, Bhavanakramah of Acarya Kamalasila, Central Institute of Higher Tibetan Studies, Samath, Varanasi, 1997

बौद्धदर्शनमा प्रज्ञापारमिताको महत्त्व

■ सोमनाथ शर्मा
आचार्य द्वितीय वर्ष
वाल्मीकि विद्यापीठ

> षट्पारमिता यसप्रकार रहेका छन्- दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा । षट् पारमिताहरूमा प्रज्ञापारमिताको प्रधानता छ । "यथार्थज्ञान" लाई प्रज्ञापारमिता भनिन्छ । यसको अर्को नाम "भूत-तथता" पनि हो । प्रज्ञाविना पुनर्भवको अन्त्य हुँदैन । प्रज्ञा प्राप्तिका लागि नै अन्य पारमिताहरूको शिक्षा बताइएको हो । प्रज्ञाद्वारा परिशोधित भएमा नै दान आदिले पूर्णता प्राप्त गर्दछन् र "पारमिता" को व्यपदेश प्राप्त हुन्छ।

बौद्धधर्ममा विशेषगरी दुई सम्प्रदाय रहेको पाइन्छ । महायानी र हीनयानी । आफ्नो भन्दा पहिले अरुको निर्वाण होस् र अरुलाई पहिला निर्वाण प्राप्त गराऊँ र आफू निर्वाण प्राप्त गरूँ भन्ने आधार माहायानीको हुन्छ भने हीनयानीहरू अरु प्राणीभन्दा सर्वप्रथम आफू निर्वाण प्राप्त गरूँ र अरुलाई निर्वाण प्राप्त गराऊँ भन्ने धारणा रहेको पाइन्छ । महायानीहरू आफूलाई संसारबाट मुक्त हुन षट्पारमिताहरूको अनुशीलन गर्नुपर्दछ भन्छन् भने हीनयानीहरू दशपारमिताहरूको अनुशीलन आवश्यक मान्दछन् । बौद्धधर्ममा लक्ष्यको अन्तिम विन्दु निर्वाण प्राप्त गर्नु हो र निर्वाण प्राप्तिका लागि महायानीहरू षट्पारमितालाई विशेष मार्ग मान्दछन् । षट्पारमिताहरूमा रहेको अन्तिम पारमिता प्रज्ञा पारमिता हो र यसलाई षट्पारमिताहरूमध्येकै प्रधान पारमिता मानिन्छ । महायानी साधकका लागि बोधिचित्त ग्रहण गर्नुका साथै प्रज्ञापारमिताको अनुशीलन आवश्यक चर्चा हो । प्रज्ञापारमिताको अर्थ सबै धर्महरूको निस्सारताको ज्ञान हो । अथवा सर्वधर्मशून्यता । यसलाई अर्को तरिकालेभन्दा सबै ज्ञानको पूर्णता पनि भन्न सकिन्छ । शून्यतामा प्रतिष्ठित हुने व्यक्ति नै प्रज्ञापारमितालाई प्राप्त गर्दछ । जातकको निदान कथामा वर्णित छ कि – बुद्धत्वको आकांक्षा राख्ने व्यक्ति सुमेध नामक ब्राह्मणणले अम्रान्त परिश्रम गरेपछि दशपारमिताहरू प्रकट भए । जसको नाम यसप्रकार रहेको छ– दान, शील, नैष्कर्म्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री तथा उपेक्षा । यिनै पारमिताद्वारा शाक्यमुनिले ५५० विविध जन्म लिएर सम्यक् सम्बोधिको लोकोत्तरसम्पत्ति प्राप्त गर्नुभयो । यो आवश्यकता छैन कि मनुष्य जन्ममा नै पारमिताको अनुष्ठान सम्भव होस् । जातकहरूको प्रमाण स्पष्ट छ कि शाक्यमुनिले तिर्यक् योनीमा पनि जन्म लिएर पारमिताको अनुशीलन गर्नुभयो । पारमिताको अभ्यासविना कोही पनि बोधिसत्त्व बुद्धको मान्य पदवीलाई कथमपि प्राप्त गर्न सक्दैन, त्यसैले पारमिताको अनुशीलन अत्यावश्यक रहेको छ । प्रज्ञापारमिता सूत्रले प्रज्ञाको मनोरम वर्णन यसप्रकार गरेको पाइन्छ –

सर्वेषामपि वीराणां परार्थनियतात्मनाम् ।
साधिका जनयित्री च माता त्वमसि वत्सला ॥
बुद्धैः प्रत्येकबुद्धैश्च श्रावकैश्च निषेविता ।
मार्गस्त्वमेका मोक्षस्य नास्त्यन्य इति निश्चयः ॥ [१]

यस पारमिताहरूको शिक्षाबाट बोधिसत्त्वको साधना सफल हुन्छ । त्यसले बुद्धत्व प्राप्त गरेर सबै सत्त्वहरूलाई उद्धारको महनीयकार्यमा संलग्न गराउँछ ।

महायान ग्रन्थअनुसार जो बुद्धत्व प्राप्तिका लागि यत्नवान् छ अर्थात् जो बाधिसत्त्व छ, त्यसले षट्पारमिताको ग्रहण गर्नुपर्दछ । दान, शीलादि गुणहरूमा जसले पूर्णता प्राप्त गरेको छ, त्यसलाई दान, शीलादि पारमिता हस्तगत गरिसकेको मानिन्छ । यो नै बोधिसत्त्वशिक्षा हो र यसलाई बोधिचर्या भनिन्छ ।

षट्पारमिता यसप्रकार रहेका छन्- दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा । षट् पारमिताहरूमा प्रज्ञापारमिताको प्रधानता छ । 'यथार्थज्ञान' लाई प्रज्ञापारमिता भनिन्छ । यसको अर्को नाम 'भूत-तथता' पनि हो । प्रज्ञाको विना पुनर्भवको अन्त्य हुँदैन । प्रज्ञा प्राप्तिका लागि नै अन्य पारमिताहरूको शिक्षा बताइएको हो । प्रज्ञाद्वारा परिशोधित भएमा नै दान आदिले पूर्णता प्राप्त गर्दछन् र 'पारमिता' को व्यपदेश प्राप्त हुन्छ । बुद्धत्वको प्राप्तिमा यस पुण्यसंभारको परिणामना हुनुको कारणले नै पारमिता सार्थक हुन्छ । दान आदि पाँच पारमिताहरू प्रज्ञारहित भएमा लौकिक कहलिन्छन् । उदाहरणका लागि जबसम्म दाता, भिक्षु, दान र आफ्नो अस्तित्वमा विश्वास राख्दछ, तबसम्म उसको

[१] बौद्धदर्शनमीमांसा, पृ. ११५

दानपारमिता लौकिक हुन्छ। तर, जब उसले यी तीनओटाकै शून्य भावलाई मान्दछ, तब उसको पारमिता लोकोत्तर कहलाउँछ। जब पाँच पारमिताहरू प्रज्ञापारमितासँग मिल्दछन्, तब त्यो सचक्षुष्क हुन्छ र त्यसलाई लोकोत्तर संज्ञा प्राप्त हुन्छ। प्रज्ञाको प्रधानता भए तापनि अन्य पारमिताहरूको ग्रहण नितान्त आवश्यक हुन्छ। सम्बोधिको प्राप्तिमा दान प्रथम कारण हो। दान, शीलको अनुपालना क्षान्तिद्वारा हुन्छ। दानादित्रितय पुण्यसम्भार वीर्य अर्थात् कुशलोत्साहविना हुन सक्दैन र ध्यान चित्तैकाग्रताविना प्रज्ञाको प्रादुर्भाव हुँदैन। किनकि समाहितचित्त भएपछि मात्र उसलाई यथाभूत परिज्ञान हुन्छ। जसबाट सबै आवरणहरूको विनाश हुन्छ।

चित्तको एकाग्रताबाट प्रज्ञाको प्रादुर्भावमा सहायता मिल्छ। जसको चित्त समाहित छ, उसलाई नै यथाभूत परिज्ञान हुन्छ। प्रज्ञाबाट सबै प्रकारका आवरणहरूको अन्त्य हुन्छ। प्रज्ञाका अनुकुलवर्ती भए भने दानादि पाँच पारमिताहरू सम्यक् सम्बोधिको प्राप्तिमा समर्थ र कारण हुन्छन्। दानादि गुण प्रज्ञाद्वारा परिशोधित भएर अभ्यासवश प्रकर्षको पराकाष्ठामा पुग्छन्। अरु अविद्या प्रवर्तित सकलविकललाई ध्वंस गरेर तथा क्लेशादि आवरणहरूलाई निर्मूल पारेर परमार्थ तत्वप्राप्तिको कारण हुन्छ। यसप्रकार षट् पारमितामा प्रज्ञापारमिताको प्रमुखता देखिन्छ।

आर्यशतसाहस्री प्रज्ञापारमितामा भगवान् गौतम भन्नुहुन्छ- 'हे सुभूति ! जसरी सूर्यमण्डल र चन्द्रमण्डलले चारै द्वीपमा प्रकाशमान गर्छन्, त्यसरी नै प्रज्ञापारमिताको कार्य पञ्चपारमितामा दृष्टिगोचर हुन्छ। जसरी सप्तरत्नबाट समन्वागत नभएको राजाले चक्रवर्तीको पद पाउदैन त्यसरी नै प्रज्ञापारमिताबाट रहित भएमा पञ्चपारमितालाई पारमिताको नामबाट सम्बोधन गर्न सकिँदैन।'[२]

प्रज्ञापारमिताले अन्य पाँच पारमिताहरूलाई अभिभूत गर्दछ। जो जन्मदेखि अन्धो छ, त्यस्ता व्यक्तिहरूको जतिधेरै संख्या भए पनि मार्ग प्रदर्शक विना मार्गावतरणमा असमर्थ हुन्छन्। त्यसै प्रकारले दानादि पाँच पारमिताहरू नेत्र-विकल छन्। प्रज्ञा चक्षुविना सहायताबाट बोधिमार्गमा अवतरित गर्न सक्दैनन्। जब पञ्चपारमिताहरू प्रज्ञापारमिताबाट परिगृहित हुन्छन् तब सचक्षुष्क हुन्छन्। जसरी क्षुद्र नदीहरू गङ्गा नामको महा नदीलाई अनुगमन गरेर त्यसैका साथमा महासमुद्रमा प्रवेश गर्छन् त्यसरी नै पाँच पारमिताहरू प्रज्ञापारमिताबाट परिगृहित भएर अनुगमन गरी सर्वाकारज्ञतालाई प्राप्त गर्दछन्। अतः यो पारमिता पञ्चात्मक पुण्यसम्भारको समुत्थापक हो। जब चित्त समाहित हुन्छ तब यसलाई सुख शान्ति मिल्छ र चित्त शान्त हुनाले नै प्रज्ञाको प्रादुर्भाव हुन्छ।

शिक्षासमुच्चयमा भनिएको छ - 'यो 'शमथ' को के माहात्म्य हो ? यथाभूत ज्ञानोत्पत्तिमा सामर्थ्य नै यसको माहात्म्य हो' किनकि भगवान्ले भन्नुभएको छ - 'जुन समाहित चित्त छ त्यसले यथाभूतको ज्ञान राख्नुपर्छ।[३] जो भूतदर्शी छ उसको हृदयमा सत्त्वहरूप्रति महाकरुणा उत्पन्न हुन्छ। यस महाकरुणाबाट शील, प्रज्ञा र समाधि प्रेरित छन्। यी तीन शिक्षालाई पूरा गरेर बोधिसत्त्वले सम्यक् सम्बोधि प्राप्त गर्दछ। सर्वधर्मको अनुपलम्भलाई नै प्रज्ञापारमिता भन्दछन्। 'अष्टसाहस्त्रिकाप्रज्ञापारमिता अनुसार शून्यतामा जो प्रतिष्ठित छ त्यसैले प्रज्ञापारमिता प्राप्त गरेको छ।[४] भावको उत्पत्ति स्वतः हुदैन, परतः पनि हुदैन, न उभयत हुन्छ, न अहेतुतः हुन्छ भन्ने ज्ञान उत्पन्न हुन्छ तब प्रज्ञापारमिताको प्राप्ति हुन्छ। त्यस समय कुनै प्रकारको व्यवहार रहँदैन त्यस समय यस परमार्थसत्यको प्रतीत हुन्छ कि दृश्यमान वस्तु समूह मायाको सदृश छ, स्वप्न र प्रतिविम्बको जस्तै झुटो र मिथ्या छ। केवल व्यवहार दशामा उसको सत्यत्व छ, जुन स्वरूप दृष्टिगोचर हुन्छ, त्यो सांवृत्तिकस्वरूप हो। यथाभूत दर्शनबाट यो अनादि संसार प्रवाहको यथावस्थिति सांवृत्तिकस्वरूप उत्पन्न हुन्छ। व्यवहारदशामा नै प्रतीत्यसमुत्पादको सत्ता छ तर परमार्थ दृष्टिबाट प्रतीत्यसमुत्पाद धर्म शून्य छ किनकि परमार्थमा भावको स्वकृतत्व, परकृतत्व र उभयकृतत्व निषिद्ध छ।[५] वास्तवमा सबै शून्य नै शून्य छ। सबै धर्महरू स्वभावबाट अनुत्पन्न छन्। यो ज्ञान आर्यज्ञान कहलिएको छ। जब यो आर्य ज्ञानको उदय हुन्छ तब अविद्याको निवृत्ति हुन्छ। अविद्याको निरोधबाट संस्कारहरूको निरोध हुन्छ। यस प्रकार पूर्व - पूर्व कारणभूतको निरोधबाट उत्तरोत्तर कार्यभूतको निरोध हुन्छ। अन्तमा दुःखको निरोध हुन्छ। यस प्रकार अविद्या, तृष्णा र उपादानरूपी क्लेशमार्गको संस्कार र भवरूपीकर्ममार्गको एवं दुःख मार्गको व्यवच्छेद हुन्छ परन्तु जुन मनुष्यले असत्को समारोप गर्दछ उसको बुद्धि विपर्यस्त हुन्छ र उसमा रागादि क्लेश उत्पन्न हुन्छन्। यसैबाट कर्मको उत्पत्ति हुन्छ। कर्मबाट नै जन्म हुन्छ र जन्मको कारण नै जरा, मरण, व्याधि, शोक, परिदेवनादि दुःख उत्पन्न हुन्छन्। यस प्रकार केवल महान् दुःखस्कन्धको उत्पत्ति हुन्छ।

श्रीमद्भगवद्गीतामा पनि यस्तै उल्लेख भएको पाइन्छ- 'जो व्यक्ति देह र जीवनको निर्वाहका लागि चाहिने वस्तुमा पनि स्नेहरहित भएर रहन्छ र व्यवहारकालमा शुभकुरा प्राप्त हुँदा त्यसको प्रशंसा गर्दैन र अशुभ कुरा प्राप्त हुँदा त्यसको निन्दा पनि गर्दैन। उसको समतायुक्त बुद्धि आत्मस्वरूपमा प्रतिष्ठित रहन्छ। इन्द्रियमा उक्तप्रकारका रागद्वेष आदि दोष हुने भएकोले हे महाबाहु अर्जुन ! जसका इन्द्रियहरू सर्वप्रकारले उनका शब्दादि विषयबाट निरुद्ध भएका छन् भने त्यस साधकको बुद्धि स्थिर तथा प्रज्ञ भएर रहन्छ।'[६] प्रज्ञाद्वारा सबै धर्महरूको निःस्वभावता सिद्ध हुन्छ र प्रत्यवेक्षण जगत् स्वप्नमायादिवत् हुन्छ। तब यो ज्ञानको स्फुरण हुन्छ कि जुन प्रत्ययको अधीन छ, त्यो शून्य छ। सबै धर्महरू मायोपम छन्। बुद्ध पनि मायोपम छन्। यथार्थमा बुद्धधर्म निःस्वभाव छ। सम्यक्सम्बुद्धत्व पनि मायोपम छ। निर्वाण पनि मायोपम छ। यदि निर्वाण भन्दा पनि कुनै विशिष्टतर धर्म छ भने त्यो पनि मायोपम तथा स्वप्नवत् नै छ। जब परमार्थ ज्ञानको प्राप्त हुन्छ तब वासनादि

---

[२] बोधिचर्यावतार, भूमिका, पृ.४२।

[३] किं पुनरस्य शमथस्य माहात्म्यं ? यथाभूतज्ञानजननशक्तिः।
यस्मात् समाहितो यथाभूतं जानातीत्युक्तवान् मुनिः। (शि.स.,पृ.११९)

[४] योऽनुपलम्भः सर्वधर्माणां सा प्रज्ञापारमितेत्युच्यते।

[५] 'स चायमङ्कुरो न स्वयं कृतो न परकृतो नोभयकृतो नेश्वर निर्मितो न प्रकृतिसंभूतो नैव कारणाधीनो नाप्यह तुसमुत्पन्नः' (शा. सु.१०२)

[६] यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम्।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता॥
तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता॥ श्रीमद्भगवद्गीता, अ., २, श्लो. ५७/६८

निःशेष दोषराशिको विनिवृत्ति हुन्छ । यही प्रज्ञा सबै प्रकारको दुःखको उपशमको हेतु हो ।

सर्वधर्मशून्यतालाई स्वीकार गर्नाले लोकव्यवहार असम्भव हुन्छ । जब सबै कुरा शून्य नै शून्य छ, यहाँसम्म कि बुद्धत्व र निर्वाण पनि शून्य छ तब लोकव्यवहार कहाँबाट कहाँ हिड्न सक्छ ! शून्यको स्वरूप अनिर्वचनीय छ यो अनक्षर छ । त्यसैले यसको ज्ञान र उपदेश कसरी हुन सक्छ ? शून्यताको सम्बन्धमा 'यो अनक्षर छ अर्थात् वाग्विषयातीत छ भन्नु पनि मिथ्या हो । यस्तो केबल समारोपबाट नै हुन्छ जब कसैको सम्बन्धमा केही पनि भन्न सकिँदैन र जब शून्यता शब्दको प्रयोग पनि केवल लोकव्यवहार सिद्ध छ परन्तु परमार्थमा अलिक र मिथ्या छ तब एक प्रकारबाट हाम्रो भन्ने ठाउँ बन्द हुन्छ र लोकव्यवहारको अत्यन्त व्यवच्छेद हुन्छ यस कठिनाइलाई दूर गर्नका लागि सत्यद्वयको व्यवस्था गरिएको छ - संवृत्तिसत्य र परमार्थसत्य । संवृत्तिसत्य व्यावहारिक सत्य हो । संवृत्ति त्यसलाई भनिन्छ, जसबाट यथाभूत परिज्ञानको आवरण हुन्छ । अविद्याबाट नै स्वभावको आवरण हुन्छ र यथावस्थित सांवृत स्वरूपको उद्‌भव हुन्छ । अविद्याबाट नै असत्‌को सत्‌मा आरोप हुन्छ र त्यो असत् सत्यवत् प्रतिभास हुन्छ ।[७] लोकमा यो संवृत्ति दुई प्रकारको रहेको छ - तथ्यसंवृत्ति र मिथ्यासंवृत्ति । जुन वस्तु समूहको ग्रहणमा इन्द्रियहरूको उपघात हुँदैन अर्थात् जसको उपलब्धि इन्द्रियद्वारा कुनै दोषविना हुन्छ त्यो लोकमा सत्य प्रतीयमान हुन्छ र त्यसको संज्ञा तथ्यसंवृत्ति हुन्छ तर मृगतृष्णाको समान जुनवस्तुको इन्द्रियोपलब्धि दोषवती हुन्छ । त्यो विकल्पित छ र लोकमा त्यसको संज्ञा मिथ्यासंवृत्ति हुन्छ । तर, दुई प्रकारको संवृत्तिसत्य सम्यक्‌दर्शीका लागि मृषा छ ।[८] किनकि परमार्थदशामा संवृत्तिसत्य पनि अलिक र मिथ्या छ । परमार्थ सत्य त्यो हो जसद्वारा वस्तुको अकृत्रिमरूप अवभाषित हुन्छ । वस्तुस्वभावको अधिगमबाट आवृत्ति, वासना र क्लेशको हानि हुन्छ ।

सबै धर्म निःस्वभाव र शून्य छन् । तथता, भूतकोटि, धर्मधातु इत्यादि 'शून्य'का पर्याय हुन् । जुनरूप दृश्यमान् छ त्यो सत्स्वभाव छैन । किनकि उत्तरकालमा त्यसको स्थिति थिएन । जसको जे स्वभाव हुन्छ, त्यो कदापि किञ्चिन्मात्र पनि परिवर्तित हुँदैन । त्यसको स्वभाव अविचलित छ, अन्यथा त्यसको स्वभावताको नष्ट हुनुको प्रसँग उपस्थित हुन्छ । उत्पद्यमान वस्तुको न त कहीँबाट सत्स्वरूपमा आगमन हुन्छ, न निरोध भएमा उसको कतै लय हुन्छ । हेतुप्रत्ययसामग्रीको आश्रय लिएर नै वस्तु मायाको समान उत्पन्न हुन्छ र हेतुप्रत्ययसामग्रीको विकलताबाट नै सबै वस्तुको निरोध हुन्छ । जुन वस्तु हेतुप्रत्ययसामग्रीको आश्रय लिएर उत्पन्न हुन्छ, अर्थात् जसको उत्पत्ति पराधिन छ त्यस वस्तुको सत्स्वभावता के ? यदि परमार्थ दृष्टिबाट हेर्ने हो भने हेतुप्रत्ययसामग्रीबाट पनि कुनै पदार्थको समुत्पत्ति हुँदैन किनकि त्यो सामग्री पनि अपार सामग्रीबाट जनित छ र त्यसको आत्मलाप पनि पराधिन हुनुको कारण स्वभावरहित छ । यसप्रकार पूर्व-पूर्व समाग्रीको निःस्वभावता जान्नुपर्दछ । जब कार्यकारणको अनुरूप हुन्छ, तब कस्तो प्रकारले निःस्वभावबाट स्वभावको उत्पत्ति सम्भव छ । जुन हेतुहरूबाट निर्मित छ र जुनमायाबाट निर्मित छ, तिनीहरूको सम्बन्धमा निरूपण गर्नबाट ज्ञात हुन्छ कि त्यो प्रतिबिम्बको समान कृत्रिम छ । जस्तो प्रकारले मुखादिबिम्ब आदर्शमण्डलको सन्निधानबाट त्यसमा प्रतिभास हुँदैन, त्यसैप्रकार जुन वस्तुरूपको उपलब्धि दोस्रो हेतुप्रत्ययको सन्निधानबाट हुन्छ, अन्यथा हुँदैन, त्यो वस्तु प्रतिबिम्बको समान कृत्रिम छ। त्यसैले, जे पनि हेतु प्रत्ययोपजनित छ, त्यो परमार्थमा असत् छ । यसप्रकार शून्य धर्महरूबाट शून्य धर्म नै उत्पन्न हुन्छ । भावहरूको उत्पत्ति स्वतः स्वभावबाट छैन उत्पादकोपूर्व त्यो स्वभाव विद्यमान छैन, त्यसैले कहाँबाट त्यसको उत्पत्ति हुन्छ ? उत्पन्न भएमा त्यसको स्वरूप निष्पन्न हुन्छ, फेरि के उत्पादित गर्ने ? यदि यो भनौं कि जातको पुनर्जन्य हुन्छ, त्यसो भए यो पनि ठीक छैन किनकि बीउ र अङ्कुर एक होइनन् । रूप, रस, वीर्य र विपाकमा दुईटै भिन्न छन् । आफ्नो स्वभावबाट यदि जन्म हुन्थ्यो भने कसैको उत्पत्ति नै हुँदैनथ्यो । स्वभाव र उत्पत्ति इतरेतराश्रित छ । जबसम्म स्वभाव हुँदैन, तबसम्म उत्पत्ति हुँदैन र जबसम्म उत्पत्ति हुदैन तबसम्म स्वभाव हुँदैन । यसबाट यो स्पष्ट हुन्छ कि स्वतः कुनै वस्तुको उत्पत्ति हुँदैन । परतः पनि कुनै वस्तुको उत्पत्ति हुँदैन ।[९] किनकि यस्तो मान्नुमा शालिबीजबाट कोद्रवांकुरको उत्पत्तिको प्रसङ्ग उपस्थित हुन्छ, अथवा यस्तो अवस्थामा सबैको जन्म सबैबाट मान्नुपर्दछ जुन दूषित छ ।

यो मान्नु पनि ठीक हुँदैन कि कार्यकारणको अन्योन्य जन्यजनकभाव नियामक हुनुबाट सबैको उत्पत्ति हुन्छ । जबसम्म कार्यको उत्पत्ति हुँदैन, तबसम्म यस्तो भन्न सकिँदैन कि यसको शक्ति केमा छ र जब कार्यको उत्पत्ति हुन्छ, त्यस अवस्थामा कारणको अभाव हुनाले यस्तो भन्न सकिँदैन कि यो कसको शक्ति हो । कार्यकारणको जन्यजनकभाव छैन, किनकि दुबै समान कालमा रहँदैनन् । कार्यकारणको एक सन्तति मान्नु पनि युक्त हुँदैन किनकि कार्यकारणको विना सन्ततिको अभाव छ र कार्यकारणको एक क्षण पनि अवस्था छैन । पूर्वापर क्षणप्रवाहमा सन्ततिको कल्पना गरिएको छ । वास्तवमा सन्तति नियामक होइन । यसप्रकार सादृश्य पनि कुनै नियामक होइन । अतः परतः पनि कसैको उत्पत्ति हुँदैन र उभयतः पनि उत्पत्ति हुँदैन दुबैबाट जब प्रत्येक पृथक्-पृथक् सम्भवमा असमर्थ छ, तब फेरि दुवै मिलेर कसरी समर्थ हुन सक्छन् यदि सिकताको एक कणमा तैलदानको सामर्थ्य छैन भने अनेक कण मिलेर पनि यो योग्यता प्राप्त गर्न सक्दैनन् । अतः उभयतः पनि कसैको उत्पति हुनु सम्भव छैन । यो पनि युक्त छैन कि अहेतुतः उत्पत्ति हुन्छ । किनकि यस्तो मान्नाले भावहरूको देशकालादि नियम अभावको प्रसङ्ग हुन्छ र जो परमार्थ सत्यको उपलब्धि चाहन्छन् । उनीहरूका लागि कुनै प्रतिनियत उपायको अनुष्ठान हुन सक्दैन त्यसले अहेतुतः भाव स्वभावको प्रतिभास गर्दैन ।[१०]

जब परिदृश्यमान रूपको सद्‌भाव विचार गर्नाले ज्ञान हुँदैन तब

---

[७] संवृत्तिः परमार्थश्च सत्यद्वयमिद मतम् ।
बुद्धेरगोचरस्तत्त्वं बुद्धिः संवृत्तिरुच्यते ॥ (बो.च.,श्लो.२,पृ.२०६)

[८] सम्यग्मृषादर्शनलब्धभाव रूपद्वयं विभ्रति सर्वभावाः ।
सम्यग्दृशां यो विषयः स तत्त्वं मृषादृशां संवृतिसत्यमुक्तम् (म.अ.६,२३)

[९] नसन्न चासन्न तथा नचान्यथा नजायते व्येति न नावहीयते ।
नवर्धते सोऽपि विशुद्ध्यते पुनर्विशुद्ध्यते तत्परमार्थलक्षणम् ॥ (महायानसूत्रम् ,६/१,पृ.२६)

[१०] न स्वतो नापि परतो न द्वाभ्यां नाप्यहेतुतः ।
उत्पन्ना जातु विद्यन्ते भावाः क्वचन केचन ॥ (म. शा.१/१)

[११] न हि स्वभावो भावानां प्रत्ययादिषु विद्यते ।
अविद्यमाने स्वभावे परभावो न विद्यते ॥
भावानां निःस्वभावानां न सत्ता विद्यते यतः ।
सतीदमस्मिन् भवतीत्येतन्नैवोपपद्यते ॥ (म. शा.,प्रत्ययपरीक्षा,श्लोक ५/१२)

बोधिसत्वको उत्कृष्टतम साधना प्रज्ञापारमिता हो । प्रज्ञापारमिता र धर्मधातु पर्यायबाची शब्द हुन्, यिनको आदरका लागि बौद्ध ग्रन्थमा प्रज्ञापारमिता तथा धर्मधातुभन्दा भगवती तथा भगवान् विशेषण लगाइन्छ । किनकि तत्वको यो अविधान पनि संवृत्ति सत्यको उपादानबाट नै हुन्छ ।

अनागत आदि सम्भावनाको के कथा ? अतः यो सिद्ध हुन्छ कि भाव तत्त्वतः निःस्वभाव छ । निःस्वभाव नै सबै भावहरूको पारमार्थिक रूप ठहर्दछ । यो परमार्थ परम प्रयोजनीय छ । तर, यसमा पनि अभिनिवेश हुनुहुँदैन, किनकि भावाभिनिवेश र शून्यताभिनिवेशमा कुनै विशेषता छैन । दुवै नै सांवृत हुनुको कारण कल्पनात्मक छन् । अभावको पनि कुनै स्वरूप छैन, भावविकल्प नै सकल विकल्पको प्रधानकारण हो । जब त्यसको निराकरण हुन्छ तब सबै विकल्प नै एक प्रहारमा निरस्त हुन्छन् ।[११]

वस्तुतः न कसैको समुत्पाद छ न समुच्छेद । यदि प्रतीत्यसमुत्पादको सम्बन्धमा यो व्यवस्थित छ कि त्यो अनुत्पादाविशिष्ट छ भने फेरि भगवान्ले यो किन भन्नुभयो कि संस्कार अनित्य छ उदय-व्यय त्यसको धर्म हो, त्यो उत्पन्न भएर निरुद्ध हुन्छ र त्यसको उपशम सुखकर छ । यदि सबै शून्य छ भने सुगति र दुर्गति पनि स्वभावशून्य छ । यदि दुर्गति निःस्वभाव छ भने निर्वाणका लागि पुरुषार्थ व्यर्थ हुन्छ । तर यस्तो शङ्का गर्नु ठीक हुँदैन । यदि हामीले परमार्थ दृष्टिबाट विवेचन गर्‍यौं भने दुर्गति स्वभावशून्य छ । तर, लोकदशामा दुर्गति सत्य छ । जो यस्तो ज्ञान राख्दछ कि समस्त वस्तु समूह शून्य तथा प्रपञ्चरहित छ भने संसारमा उपलिप्त हुँदैन । उसका लागि न सुगति छ न त दुर्गति नै । ऊ सुख र दुःख, पाप र पुण्य दुवैबाट टाढा छ । किनभने, जसको यथाभूत दर्शन हुँदैन ऊ संसारचक्रमा भ्रमण गर्दछ । यदि तत्त्वतः सबै भाव उत्पाद एवं निरोधबाट रहित छन् भने केवल कल्पनामा जाति, जरा, मरण आदिको योग हुन्छ भने यहाँ महान् विरोध उपस्थित हुन्छ कि सबै आवरणहरूको प्रहाण गरी निर्वाणमा प्रतिष्ठित बुद्धहरूले पनि जन्मादि ग्रहण गर्दछन् । यदि यस्तो हो भने बोधिचर्याको पनि कुनै प्रयोजन छैन । बोधिचर्याको आश्रय यसका लागि लिइएको हो कि यसबाट सबै सांसारिक धर्महरूको निवृत्ति हुन्छ तथा सर्वगुणालङ्कृत बुद्धत्व प्राप्त हुन्छ । यदि बोधिचर्या ग्रहणबाट पनि सांसारिक धर्मको निवृत्ति नभए त्यसबाट के लाभ ? तर यो पनि शङ्का अयुक्त छ । जबसम्म प्रत्यय सामग्री छ तबसम्म माया हुन्छ अर्थात् जबसम्म कारणको विनाश हुँदैन, तबसम्म मायाको निवर्तन हुँदैन. तर प्रत्ययहेतु नष्ट हुन्छ, तब काल्पनिक व्यवहारमा सांसारिक धर्म रहँदैन । प्रत्ययहरूको समुच्छेद तत्त्वाभ्यासद्वारा अविद्या आदिको निरोध गर्नाले हुन्छ ।[१२] अनेक प्रकारका प्रतीत्यताको कारण संवृत्ति हो । संवृत्तिको अर्थ आवरण अर्थात् अविद्याको आवरण भन्ने हुन्छ । यो आवरणद्वारा यथाभूत दर्शन हुँदैन तर मृषाज्ञान हुन्छ । यो आवरणले त्यसैप्रकार हामीहरूलाई आच्छन्न गर्दछ जसरी जन्मको समयमा नै आकाशले प्रत्येक प्राणीलाई आच्छादित गर्दछ । संवृत्ति स्वतःसिद्ध हुन्छ । कुनै प्रकारबाट यसको उत्पाद भन्न सकिँदैन । स्वप्नमा हामी जुन कुरा देख्छौं, त्यसको मिथ्यात्व जागृत अवस्थामा मात्र अनुभव हुन्छ । स्वप्नावस्थामा कुनै प्रमाणद्वारा उसको मिथ्यात्व सिद्ध हुन सक्दैन । यस्तै गरी संवृत्तिलाई मृषादर्शन प्रमाणित गर्नका लागि ती युक्तिहरूको प्रयोग हुन सक्दैन, जुन सांवृत्तिक अवस्थाका छन् । केवल परमार्थ सत्यको अधिगमबाट सांवृत्ति सत्य मृषा सिद्ध हुन सक्दछ । जबसम्म परमार्थसत्य उपलब्ध हुँदैन तबसम्म सबै युक्तिहरू संवृत्तिको अप्रमाणिक सोच्नु अपर्याप्त हुन्छ । व्यवहारका लागि सांवृत्तिसत्यको कल्पना गरिएको छ । जबसम्म लोक छ तबसम्म सांवृत्तिसत्य लोकको अवितथ रूप हो । यस्तै प्रकारले सबै पदार्थहरूको स्वभाव दुई प्रकारको हुन्छ सांवृत्तिक तथा पारमार्थिक । मृषादर्शीको जुन विषय हो त्यो सांवृत्तिसत्य कहलाउँछ । सम्यक्दर्शीको जुन विषय हो त्यो तत्व अथवा परमार्थ सत्य कहलाउँछ ।

सांवृत्तिसत्यको प्रतीत हुन्छ । किनकि हाम्रो बुद्धि अविद्याको अन्धकारबाट आवृत्त छ । अविद्याद्वारा उपलुप्त हुनाले चित्तको स्वभाव अविद्यायुक्त हुन्छ । त्यसैले सांवृत्तिसत्यको प्रतीति हुन्छ । तर, यो ज्ञान हुँदैन कि परमार्थ सत्यको स्वरूप तथा लक्षण के हो ? परमार्थ सत्य ज्ञानको विषय होइन, त्यसैले सर्वज्ञानको अतिक्रमण गर्दछ । त्यो कुनै प्रकारको विषय हुन सक्दैन, तथापि भनिन्छ कि परमार्थतत्त्व सर्वप्रपञ्च विनिर्मुक्त हो । यसकारण सर्वोपाधीबाट शून्य छ । जुन सर्वोपाधी शून्य हो त्यही कल्पनाद्वारा कसरी जान्न सकिन्छ । त्यसको स्वरूप कल्पनादेखि अतीत हुन्छ तथा शब्दको विषय हुँदैन । त्यहाँ शब्दहरूको प्रवृत्ति पनि हुँदैन । यद्यपि सम्पूर्ण विकल्पहरूको हानि हुनाले परमार्थ तत्त्वको प्रतिपादन हुन सक्दैन तथापि संवृत्तिको आश्रय लिएर शास्त्रमा केही निदर्शनोपदर्शन गरिएको छ । वास्तवमा तत्व अवाच्य छ, तर दृष्टान्तद्वारा शास्त्रमा केही वर्णन पाउन सकिन्छ । व्यवहारको आश्रयविना परमार्थको उपदेश हुन सक्दैन तथा परमार्थमा अधिगत नभई निर्वाण प्राप्ति सम्भव छैन ।[१३] आर्यहरूले नै परमार्थ सत्यको उपलब्धि गर्दछन् । यसमा उनको संवित प्रमाण छ । सत्यद्वयको व्यवस्था हुनाले तदधीकृत लोक पनि दुई श्रेणीको हुन्छ.-१ योगी २ प्राकृतिक । १ समाधिलाई योग पनि भनिन्छ सबै धर्महरूको अनुपलम्भ अर्थात्

[११] यथैव आर्द्रं कदलीयस्कन्धं सारार्थिकः पुरुषु विपाटयेत् ।
वहिर्वा अध्यात्मन सारमस्ति तथोपमान् जानथ सर्वधर्मान् ॥
(वज्रच्छेदिकाटीका, पृ.१२६)

[१३] व्यवहारमनाश्रित्य परमार्थो न देश्यते ।
परमार्थमनागम्य निर्वाणं नाधिगम्यते ॥ (म.शा., २४/१०)

सर्वधर्मशून्यता नै समाधिको लक्षण हो । योगी तत्त्व यथारूपबाट देखिन्छ । २ प्राकृतिक त्यो प्राकृतिक हो जुन प्रकृति अर्थात् अविद्याबाट आवृत्त हुन्छ । त्यो वस्तुले तत्वलाई विपरीत भावले देख्दछ। प्राकृतिकज्ञान भ्रान्त छ। जुन रूपादिहरूको स्वरूप सर्वजन प्रतिपन्न छ, तथापि दानादिं पारमिताको आदरपूर्वक अभ्यास गर्नु पर्दछ । यद्यपि दानादि पारमिता वस्तुतः स्वभावरहित भए पनि परमार्थ तत्वको अधिगमका लागि सबै प्राणीहरूमाथि करुणा गरी बोधिसत्त्वको उपादान नितान्त प्रयोजनीय हुन्छ । मार्गाभ्यास गर्नाले समलावस्थामा निर्मलावस्था अथवा सविकल्पावस्थाबाट निर्विकल्पावस्थाको उत्पत्ति हुन्छ । व्यवहार सत्य उपाय अथवा हेतुरूप छ तथा परमार्थसत्य उपेय अथवा फलस्वरूप छ । दानादि पारमितारूपी उपायद्वारा परमार्थतत्वको लाभ हुन्छ ।[१४]

बोधिसत्त्वको उत्कृष्टतम साधना प्रज्ञापारमिता हो । प्रज्ञापारमिता र धर्मधातु पर्यायवाची शब्द हुन्, यिनको आदरका लागि बौद्ध ग्रन्थमा प्रज्ञापारमिता तथा धर्मधातुभन्दा भगवती तथा भगवान् विशेषण लगाइन्छ । किनकि तत्त्वको यो अविधान पनि संवृत्ति सत्यको उपादानबाट नै हुन्छ ।[१५]

बोधिचित्तोत्पादशास्त्र[१६] मा प्रज्ञापारमितालाई सर्वधर्म मुद्राक्षद्वारा मुद्रा भनिएको छ । उनका अनुसार प्रज्ञापारमिता मुद्रा लक्षण होइन, यो त सत्यभूत प्रज्ञोपाय हे । बोधिसत्त्वको चित्तमा यसरी प्रज्ञाको भावना गर्नाले र धर्मता परिशुद्ध हुनाले शान्ति हुनेछ र उसको प्रज्ञापारमितापूर्ण हुन्छ । यस प्रकार षट्पारमिताहरूको अधिगत हुनाले बोधिसत्त्वको साधना बोधिचर्या फलवती हुन्छ ।

---

[१४] 'उपायभूतं व्यवहारसत्यमुपेयभूतं परमार्थसत्यम्' । (म. अ., ६/८)

[१५] 'संवृत्ति-सत्यमुपादायाभिधीयते' । (बो. पं., पृ. ४२१)

[१६] अपि नाम कश्चन धर्मो यो स्यलक्षणो नामेत्युच्यते सर्वधर्ममुद्राक्षया मुद्रा । आसुमुद्रासु न मुद्रालक्षणमित्युच्यते । सत्यं भूतं प्रज्ञोपायः प्रज्ञापारमिता । ....बोधिसत्त्वस्य महासत्त्वस्य प्रज्ञां भाव्यतो नचित्तं चरति, धर्मतायाः परिशुद्धत्वात् । एवं पूरयति प्रज्ञापारमिताम्' । (बो.चि.सू.शा.,पृ.२७)

सन्दर्भग्रन्थसूची :

१. नागार्जुनः, मध्यमकशास्त्रम्, (सम्पा.) स्वामी द्वरिकादास शास्त्री, बौद्धभारती, वाराणसी- १९८३ (ई.)

२. मैत्रेयनाथः, मध्यान्तविभागशास्त्रम्, (सम्पा.) रामचन्द्र पाण्डेय, मोतीलाल वनारसी दास, दिल्ली- १९९९ (ई.)

३. शान्तिदेवः, बोधिचर्यावतारः, (सम्पा.) स्वामी द्वरिकादास शास्त्री, बौद्धभारती, वाराणसी- २००१ (ई.)

४. शान्तरक्षितः, तत्त्वसङ्ग्रहः, (सम्पा.) स्वामी द्वरिकादास शास्त्री, बौद्धभारती, वाराणसी- १९८२ (ई.)

५. श्रीमद्भगवद्गीता(यथारूप), अनु. नारायणप्रसाद अधिकारी, बादरायण, भक्तिवेदँन्त बुक ट्रष्ट, सन्.२०१०

६. बौद्धदर्शनमीमांसा, सम्पा. पण्डित बलदेव उपाध्याय, चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९९

७. समकालीन मातृभूमि, सम्पा. वेदराज ज्ञवाली, अङ्क. १ ? २, वर्ष २०५९ र २०६०, WAFI-NEPAL, कीर्तिपुर काठमाडौं ।

८. महायानसूत्रालङ्कार, सम्पा. स्वामी द्वारिकादास शास्त्री, बौद्धभारती प्रकाशन वाराणसी, सन्. १९८५

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

उप-प्रशासक
सिन्धु शर्मा
वाल्मीकि विद्यापीठ

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिव
सञ्जय पौड्याल

अध्यक्ष
शिव पौडेल

ने.वि.सं. वाल्मीकि क्याम्पस इकाई

योगाचार, प्लेटो र सस्युरका पदार्थबिम्बवादी अवधारणा

■ खगेन्द्र भुसाल
वाल्मीकि विद्यापीठ

क) विषय प्रवेश

संसारका धेरै चिन्तकहरूले जीवन र जगत्लाई हेर्ने र विश्लेषण गर्ने आआफ्नै दृष्टिको स्थापित गेरेका छन् । मानव सभ्यताको आदिकालदेखि अहिलेसम्म आइपुग्दा धेरैका धेरै विचारहरू वा मान्यता स्थापित भइसकेका छन् । कार्यकारण शृङ्खलामा आबद्ध भएर आउने जुनसुकै मान्यताहरू एकपछि अर्को स्थापित हँदै गएका पनि छन् । ती आफैमा कति तार्किक होलान् त्यो विचारणीय पक्ष हो, यद्यपि संसार विश्लेषणका आधार भने पक्कै हुन् । मानव सभ्यताको विकास विश्वभरका धेरै कुनाहरूबाट भएको देखिन्छ । सभ्यताको विकास सँगसँगै पूर्व र पश्चिम दुवैतर्फ सर्वप्रथम चिन्तन वा तर्कशक्तिको नै विकास भएको देखिन्छ । पश्चिम सभ्यताको तार्किक चिन्तनशक्तिको औपचारिक विकास होमरदेखि आधिकारिक रूपमा सुरु भई प्लेटो, अरस्तु हँदै अघि बढेको देखिन्छ भने पूर्वीय चिन्तनको विकास भने वैदिककालदेखि, बौद्ध, न्याय आदि हुँदै अगाडि बढेको देखिन्छ । ईसापूर्व पाँच सय वर्षको सेरोफेरोमा भारतवर्षमा बौद्धदार्शनिक चिन्तनको बीजारोपण भएको देखिन्छ । तत्कालीन वैदिक ब्राह्मणग्रन्थहरूमा उल्लिखित यज्ञयाज्ञादिको प्रभाव अतिहिंसात्मक स्वरूपको विरोधमा वा तान्त्रिक पद्धतिको विरोधमा सिद्धार्थ गौतमद्वारा कान्तिकारी कदमस्वरूप मध्यममार्गी व्यावहारिक जीवनपद्धतिको प्रारम्भ भएको देखिन्छ । समाज तान्त्रिकताको र अन्धविश्वासको खाडलमा डुबुल्की मार्दै गरेको अवस्थामा ती सबै अतिवादी चिन्तनहरूको विरोध गर्दै र आत्मवादी बहुलठ्ठीपनको समेत विरोध गर्दै सिद्धार्थ गौतमले मध्यममार्गको विकास गेरेका हुन् । कतिपय शिष्यहरूको आत्मसम्बन्धी प्रश्नमा बुद्ध मौन रहन्थे भन्ने प्रसङ्गबाट पनि रहस्यमय र भ्रामक विषयमा उनी समय व्यतीत गर्न चाहँदैनथे र जीवनलाई कसरी व्यावहारिक तवरले सुखमय बनाउन सकिन्छ भन्ने कुरामा चिन्तननशील थिए भन्न सकिन्छ । सिद्धार्थ गौतमपछि बौद्धदार्शनिकहरूमा पनि अनेकौं सँगीतिहरूलाई लिन सकिन्छ । कालान्तरका बौद्धदर्शनभित्र पनि वैभाषिक, सौत्रान्तिक, योगाचार र माध्यमिक गरी चार सम्प्रदायको विकास भएको पाइन्छ । बाह्यार्थपत्यक्षवादी दृष्टिकोण वागतिशील पदार्थवादी दृष्टिकोणलाई स्वीकार गर्ने सम्प्रदाय वैभाषिक हो भने पदार्थलाई दर्पणबिम्ब समान अनुमाद्वारा ज्ञान गर्न सकिन्छ भन्ने सम्प्रदाय सौत्रान्तिक हो । यस दृष्टिले हेर्दा वैभाषिक सम्प्रदाय पदार्थसत्तावादी भौतिक अवधारणलाई आत्मसात् गर्दै अगाडि बढेको देखिन्छ भने सौत्रान्तिक सम्प्रदाय मस्तिष्कमा उत्पन्न हुने ज्ञानात्मक बिम्बको सहारा लिएर अनुमान शक्तिद्वारा पदार्थसत्ता बोध गर्न सकिन्छ भन्ने समन्वयात्मक दृष्टिकोण राख्दछ । त्यसैगरी योगाचार वा विज्ञानवादी सम्प्रदाय त्यही मानस बिम्बलाई सत्य मानी बाह्य पदार्थसत्तालाई निरन्तर परिवर्तनशील ठहऱ्याउँदै त्यसको सत्ता स्वीकार गर्दैन । अर्थात् योगाचार वा विज्ञानवादीहरूका दृष्टिमा चित्तसत्ता वा बिम्बसत्ता नै वास्तविक सत्य हो भन्ने कुरा प्रमाणित हुन्छ । यहाँ पनि त्यही विज्ञानवादी सम्प्रदायले स्वीकार गेरेको मानसबिम्बसत्तासँग प्लेटोको प्रथम बिम्बसत्य र आधुनिक भाषाविज्ञानका पिता.सोसुरको सङ्केत सिद्धान्तको तुलनात्मक अध्यायलाई अगाडि बढाइएको छ ।

ख) योगाचार र प्लेटो

ग्रीक दार्शनिक प्लेटोले दर्शनका विषयमा वा जीवन र जगत्को निर्माता ईश्वरलाई स्वीकार गर्दै त्यसको अनुकरण प्रकृतिलाई तथा प्रकृतिको पनि अनुकरण कलालाई मान्ने मत राख्दछन् । यसर्थ प्लेटोले भनेको पहिलो सत्य बिम्बसत्य हो जो नित्य यस ब्रह्माण्डमा रहिरहन्छ । त्यो पूर्वीय अध्यात्मवादी दर्शनको आत्माजस्तै अजरामर छ । लौकिक वा पदार्थगत रूपमा निर्मित हुने वस्तुहरू त्यही बिम्बसत्यरूपी प्रथम सत्यको अनुकरण हुने भन्ने मान्यता प्लेटोको हो । 'ब्रह्मसत्यं जगन्मिथ्या' भन्ने अवधारणालाई झन्डै प्लेटोले अनुशरण गरे जस्तो देखिन्छ तापनि यी दुवै फरक प्रदेशका स्वतन्त्र चिन्तनहरू हुन् । 'एकोऽहम् बहुस्याम' को अवधारणालाई आत्मसात् गर्दै ब्रह्मण्डरूप एक शक्तिपुञ्जका विवर्त अनेक पदार्थरूप हुन् भन्ने पदार्थ छन् ती सबैका फरक फरक बिम्बहरू ईश्वरीय अनुकम्पाबाट स्वतः हुने गर्दछन् । प्रथम सत्यस्वरूप बिम्बविना कुनै पनि पदार्थको निर्माण सम्भव छैन । त्यसैले प्रथम सत्य नै बिम्बसत्य हो भन्ने मत प्लेटो राख्दछन् । विचारजगत् यथार्थ हो र ईश्वर यसका स्रष्टा हुन् भन्ने मान्यता राख्ने प्लेटोले बिम्बस्वरूप चेतनाको सत्तालाई प्रथम सत्य मानेका छन् । बौद्धदर्शनको योगाचार वा विज्ञानवादी सम्प्रदायले पनि चित्तसत्तालाई नै प्रमुख स्थान दिएको बुझिन्छ ।

चित्तं वर्तते चित्तं चित्तमेव विमुच्यते ।
चित्तं हि जायते नान्यच्चित्तमेव निरुध्यते ।

अर्थात् चित्त नै एक मात्र सत्ता हो, जसको प्रवृत्ति र विमुक्ति दुवै हुने गर्दछ । तित्तभन्दा बाहेक अर्को वस्तु न उत्पन्न हुन्छ न नाश नै । त्यसैले संसारमा चित्त नै एकमात्र सत्ता हो ।

दृश्यते न विद्यते बाह्यं चित्तं चित्तं हि दृश्यते ।
देहभोग प्रतिष्ठानं चित्तमात्रं वदाम्यहम् ॥

अर्थात् बाहिरी दृश्य जगत्को सत्ता विद्यमान नै छैन । चित्त नै विभिन्न रूपमा परिवर्तित भई बाहिरी आकार निर्धारण भएको मात्र हो । बाहिरी वस्तुगत आकार देखिए जस्तो भए पनि बाहिरी रूप सत्य नभई चित्त नै सत्य हो वा मनोबिम्ब नै सत्य हो । सामान्यतया वस्तुसत्तालाई बुझाउने क्रममा ग्राह्य ग्राहक ग्रहणका त्रिआयामिक सम्बन्ध जुनसुकै स्थानमा रहने गर्दछ । ग्राह्य अर्थात् ग्रहण गरिने

वाला कुनै पनि पदार्थ र ग्राहक अर्थात् ग्रहण गर्ने वाला बोद्धा व्यक्ति तथा ग्रहण प्रक्रियाको त्रिआयामिक सम्बन्धबाट नै कुनै पनि वस्तुको वास्तविक सत्ता बुझिए पनि यी तीन प्रक्रियाको स्वतन्त्र सत्ता नभई चित्तसत्ताको नै विवर्तरूप हो, (जुन वास्तविक नभई काल्पनिक हो) भन्ने मान्यता योगाचार सम्प्रदायले राख्ने गर्दछ । यसले मनोबिम्बलाई प्राथमिकता दिँदै त्यसलाई नै सत्य वा नित्य मान्ने पक्षमा देखिन्छ । यस दृष्टिले हेर्दा पनि प्लेटोको प्रथम बिम्बस्वरूप सत्य र योगाचारको त्यही चित्तस्वरूप बिम्बसत्य एकै कोटिका देखिन्छन् । सूक्ष्म दृष्टिले हेर्ने हो भने यिनमा पनि तात्विक अन्तर भने देखापर्दछ नै । प्लेटोको प्रथम सत्यस्वरूप बिम्बका निर्माता ईश्वर हुन् भने योगाचारको बिम्बनिर्माता स्वयं मानव हो । प्लेटोको पदार्थीबिम्ब ब्रह्माण्डमा व्याप्त छ भने योगाचारको पदार्थीबिम्ब मानवको चित्तमा सन्निहित छ । यसरी यी दुवै बिम्बात्मक अवधारणालाई मूल्याङ्कन गरेर हेर्दा प्लेटोले ईश्वरीय सत्ता स्वीकार गरेको देखिन्छ भने योगाचार सम्प्रदायले मानवीय सत्तालाई स्वीकार गरेको बुझिन्छ ।

ग) योगाचार र सस्युर

फर्डिनान्ड डि सस्युर संरचनात्मक भाषाविज्ञानका पिता मानिन्छन् । संस्कृत भाषामा सम्बन्ध कारकको प्रयोगका विषयमा यिनले विद्यावारिधिको शोधप्रबन्ध लेखेका थिए । सोसर भाषाविज्ञानका प्राध्यापक तथा चिन्तक थिए । उनले जेनेभामा अध्ययन गर्दा आफ्ना भाषासम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । भाषाको विश्लेषण गर्ने क्रममा उनले भाषा र वाक्, समकालीनकता र कालक्रमिकता, वस्तु र रूप एवं विन्यासक्रमिक तथा सहचारक्रमिक सम्बन्धजस्ता सिद्धान्तलाई अगाडि सारेको देखिन्छ । भाषकै विश्लेषण गर्ने क्रममा उनले भाषा र संकेत व्यवस्थासम्बन्धी अवधारणालाई मनोबिम्बको सहायता लिएर बुझाउने प्रयास गरेका छन् । सर्वप्रथम भाषिक संरचनाको बिम्ब अमूर्त रूपमा मानवीय मस्तिष्कमा निर्माण हन्छ, त्यो मनोबिम्ब प्रकट हुँदा ध्वनिअवयवहरूको सहायताबाट ध्वनिका प्रतीकहरूलाई आधार लिई बाहिर प्रकट हुने गर्दछन् । त्यही ध्वनि वा लिपि संकेतका सहायताबाट बोद्धामा पनि एक प्रकारको भाषिक बिम्ब निर्माण भई भाषिक सूचनाहरू सम्प्रसारण हुने गर्दछन् । सोसुरका विचारमा भाषिक प्रतीक वा चिन्हहरूको मानवीय मस्तिष्कमा जुन बिम्ब निर्धारण गर्दछन् अनि मात्र ती भाषिक बिम्बको अर्थ खुल्ने गर्दछ । बिम्बनिर्माणका लागि तीन प्रकारका सूचनाहरू मानवीय मस्तिष्कले ग्रहण गर्दछ । पहिलो प्रतिमापरक संकेत हो, जसमा संकेतित र संकेतककाबीचको सम्बन्धको आधार सादृश्य हुन्छ । व्यक्तिको चित्र, स्थानको नक्सा आदिको संकेत प्रतिमापरक संकेतको उदाहरण हो । दोस्रो सुचनापरक संकेत हो जसमा संकेतक र संकेतितका बीचको सम्बन्ध स्वाभाविक एवं कार्यकारणमा आधारित हुन्छ । धूँवाबाट आगाको र बादलबाट वर्षाको ज्ञान हुनु सूचनापरक संकेतितको उदाहरण हो त्यस्तै तेस्रो सामान्य संकेत हो जसमा संकेतक र संकेतितका बीच यादृच्छिक र रुढिपरक सम्बन्ध रहेको हुन्छ । यसरी विविध संकेतका आधारमा निर्माण हुने मनोबिम्बबाट नै भाषिक व्यवहार हुने भएकाले सोसुरले पनि विषयलाई केन्द्रमा राखेर भाषाको चर्चा गरेका हुन् । सोसुरेली भाषिक बिम्बवादी अवधारणालाई पनि बौद्धयोगाचार सम्प्रदायको बिम्बसँग तुलना गर्न सकिन्छ । सोसुर योगाचार दुवै बिम्बवादी अवधारणाबाट पूर्णप्रभावित देखिन्छन् । योगाचार सम्प्रदायले संसारको सत्ता नै चित्त वा बिम्बलाई निर्विकल्प स्वीकार गरेको छ भने सोसुरले भाषिक अर्थबोधमा मनोबिम्बवादी अवधारणा स्वीकारेका छन् । दुवै दृष्टिकोण मानवेतर बिम्बसँग सहमत छैनन् । अर्थात् दुवैले मानवीय सत्तालाई स्वीकार गर्दछन् । योगाचार सम्प्रदायले बिम्बलाई आफ्नो दर्शनको साध्य नै बनाएको देखिन्छ भने सोसुरले भाषिक अर्थबोधको साधन मनोबिम्बलाई बनाएका छन् । जेहोस् भाषाविज्ञानमा बिम्बवादी मान्यता स्थापित गर्न सफल सोसुरेलेबिम्बसम्बन्धी चिन्तन गहिरो रूपमा गरेको बुझिन्छ । पछि यही सोसुरेली अवधारणालाई भाषावैज्ञानिक चम्स्कीले पनि रूपान्तरण व्याकरणको व्याख्याका क्रममा प्रयोग गरेकै देखिन्छ ।

यसरी योगाचार सम्प्रदाय, प्लेटो र सोसुरका अवधारणाहरूको साझा सम्मिलन विन्दु बिम्ब भएको देखिन्छ तापनि यी तीन ओटै बिम्बसम्बन्धी अवधारणा भने तात्त्विक रूपमा फरक फरक नै देखा पर्दछन् । बिम्बलाई नै सर्वोपरि स्थान दिने सन्दर्भबाट हेर्दा योगाचार सम्प्रदाय र प्लेटो नजिक देखिन्छन् भने बिम्बनिर्माणमा मानवीय सत्ताको उपस्थितिका सन्दर्भमा योगाचार सम्प्रदाय र सोसर अगाडि देखिन्छन् । प्लेटोको प्रथम बिम्बसत्य ईश्वरीय सत्तालाई आफ्नो जनक मान्दछन् भने योगाचार र सस्युरले मानवीय सत्तालाई अगाडि सारेका छन् । त्यसमा पनि योगाचारले चित्तसत्ता वा बिम्वसत्तालाई निर्विकल्प साध्य मानेको देखिन्छ भने सोसरले बिम्बलाई भाषिक प्रतीकहरूको सम्मिलन विन्दु मानी अर्थबोधको साधन ठहऱ्याएका छन् ।

घ) निष्कर्ष

संसारमा जन्मेका विभिन्नदार्शनिक र दार्शनिक सम्प्रदायहरूका अवधारणाहरू एक आपसमा मिल्दाजुल्दा देखिन्छन् । मानव सभ्यताको विकास जसरी एउटा साझा प्रक्रियाबाट सबैतिर एकै किसिमले चरणबद्ध रूपमा भएको देखिन्छ त्यसरी नै मानवीय चिन्तनहरू पनि अनपेक्षित रूपमै भएपनि एकै तवरले संसारका हरेक कुनामा विकसित भएका देखिन्छन् । कुनै सम्पर्क र कुनै प्रभाव ग्रहणविना पनि मानवीय चिन्तनहरू मिल्दाजुल्दा देखिनु मानव सभ्यताको विशिष्ट रूप मान्न सकिन्छ । (सोसुरलाई यो कुरा लागू नहुन सक्छ) यस दृष्टिले हेर्दा चर्चा गरिएको बौद्धदार्शनिक योगाचार सम्प्रदाय, प्लेटो र भाषावैज्ञानिक सोसरका बिम्बसम्बन्धी अवधारणाहरू ऋाफैमा फरक फरक पृष्ठभूमिमा देखिएका भए पनि आंशिक मेल खान आफैमा उल्लेखनीय बन्न पुगेको छ ।

सन्दर्भग्रन्थ सूची

१. उपाध्याय, बलदेव ,(सन्१९९९) ,बौद्धदर्शन,मीमांसा, वाराणसी,चौखम्बा सुरभारती प्रकाशन ।
२. ज्ञावाली, रामप्रसाद , (वि.सं. २०६३) पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या , काठमाडौं , हजुरको प्रकाशन ।
३. न्यौपाने ,टङ्कप्रसाद,(वि.सं.२०६१दो.सं.), भाषाविज्ञानको रूपरखा धरान, एन.बी.डी. प्रकाशन ।
४. बन्धु,चुडामणि, (वि.सं.२०६६) भाषाविज्ञानका सम्प्रदाय, काठमाडौं , एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।
५. शर्मा मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, (वि.सं.२०६१), पूवीर्य र पाश्चात्य साहित्य सिद्धान्त , काठमाडौं , विद्यार्थी पुस्तक भण्डार ।

कविता

सोमनाथ गौतम
आचार्य दोस्रो वर्ष
वाल्मीकि विद्यापीठ

चाहियो संविधान

अंगालोमा परेकी प्रियतम भनने शान्ति त्याग्न नखोज
मार्ने, काट्ने र फाट्ने कटुतमहृदया क्रान्ति फेरि नरोज ।
सानैमा रोग क्यान्सर विमुख नगरे हुन्न रोग निधान
छाती खोलेर भन्छौं अब सब जनता चाहियो संविधान ।।

कर्णाली रुन्छ सुस्ता धुरुधुरुसँग लौ आत्मपीडा नखोली
फागुमा छैन हाम्रो मुलुकभर सबै रंगको आज होली ।
बास्ने भाले नबासी तममय निशा हुन्न सोध बिहान
जोड्ने, टाँस्ने र गाँस्ने सहज सुलभको चाहियो संविधान ।।

पत्नी छोरा र छोरी गृहपरिजनको हाल भाको नदेखी
कुर्सीमा बस्न पायौं भनिकन सुख छौं लेख्न गाको नलेखी ।
बिर्स्यौं होला हजारौं निमुखजन पस्या प्राण छोड्दै चिहान
दुःखीका आँसु पुछ्ने र अभय गरने चाहियो संविधान ।।

मेहेमा गोरु कुट्ने वरपर घुमदा नाकि तान्ने कुचाल
छोड्देऊ साथ तिन्को स्वभवन लुट्ने रात्मा हिँड्ने चुडाल ।
भोका, नांगा र लाटा दिनदिन मरने छैन कार्ही बिपान
कुट्ने, लुट्ने र धुत्ने कुजनदमनमा चाहियो संविधान ।।

साझा उद्यान हाम्रो थरिथरी फुलले भित्र हाम्रो बनाऊँ
शिक्षा राम्रो छरेरै भ्रमर र पुतली डाकीडाकी भुलाऊँ ।
बल्दा, लप्का र ज्वाला श्रमिक सुजनका पेट्को अग्निमा नै
साझा शिक्षा र खाजा दिन सब जनमा चाहियो संविधान ।।

धनी ज्ञानका बुद्धको ध्येय रम्य
प्रतिज्ञा ती नारा सबैभित्र सम्म ।
नझुक्ने कतै वीरको गाथा जान
सबैमाझ लौ चाहियो संविधान ।।

हार्दिक
शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक
भगवान् गौतम बुद्धका महान् विचार, दर्शन
र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक
अनुसन्धानात्मक पत्रिकाले बुद्धका
सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो
लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछु ।

राजु कार्की
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक
शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन
विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित
गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक
पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको
अन्त्य गरी भ्रातृत्व, करुणा र मैत्रीभाव
विकसित गर्न महत्वपूर्ण भूमिका निर्वाह
गरोस् भन्ने हार्दिक शुभकामना
व्यक्त गर्दछु ।

गोकर्ण प्याकुरेल
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

श्रीमद्भगवद्गीतामा षट्पारमितीय अध्ययन

■ तीर्थराज निरौला
आचार्य द्वितीय वर्ष
वाल्मीकि विद्यापीठ

१ विषय प्रवेश

पारमिता शब्दको अर्थ हुन्छ पूर्णत्व अर्थात् सांसारिक ज्ञानमा पूर्णत्व प्राप्त गरी उत्तम मार्गको खोजी साथै सांसारिक विषयमा ज्ञानबाट मुक्ति लिई निर्वाणमार्गको सुरुवात गर्दा भन्ने गरेको समेत पाइन्छ । बौद्धधर्ममा विशेषगरी दुई सम्प्रदाय पाइन्छन्– महायान सम्प्रदाय र हीनयान सम्प्रदाय । आफ्नोभन्दा पहिले अरुको मुक्ति हुनु अथवा दिलाउनु महायान सम्प्रदायको मुख्य आधार हो भने हीनयानमा चाँही अन्य प्राणीको भन्दा पहिले आफ्नो नै निर्वाण प्राप्ति मार्गको अवलम्बन गर्नु मुख्य आधार मानिन्छ महायानिहरू आफूलाई संसार पार गर्न षट्पारमिता (मार्ग)हरूको अनुयायी बताउँछन् भने हीनयानीहरू चाँही दशपारमिताको अनुयायी बताउँदछन् । बौद्धधर्ममा गन्तव्य स्थानको अन्तिम विन्दु निर्वाण प्राप्त गनु लाई लिइन्छ । निर्वाण प्राप्त गर्नलाई महायानीहरू षट्पारमिता विश्वास गर्दछन् । षट्पारमिता भन्नाले दान, शील, क्षान्ति, वीर्य, ध्यान तथा प्रज्ञा भन्ने बुझिन्छ । यी षट्पारमिता मध्ये पनि प्रज्ञा अर्थात् अन्तिम पारमिताको प्राधान्य रहेको देखिन्छ ।

२ परिचय :

हिन्दू धर्ममा श्रीमद्भगवद्गीतालाई एक पवित्र ग्रन्थको रूपमा लिइन्छ । बौद्धधर्ममा निर्वाण प्राप्त गर्नुलाई अन्तिम गन्तव्य मानिए जस्तै गीतामा पनि मोक्ष प्राप्त गर्नु नै प्राणिहरूको सर्वोत्तम प्राप्ति अथवा गन्तव्यका रूपमा लिइन्छ । मोक्ष प्राप्त गरिसकेपछि जन्म, मृत्यु, जरा, व्याधि, सुख–दुःख भन्नु आदि सांसारिक भवचक्रबाट मुक्ति मिल्छ साथै भगवान्को परमपद प्राप्त हुन्छ, भन्ने धार्मिक विश्वास पाइन्छ । निर्वाण प्राप्त गर्नु पनि विविध प्रकारका दुःख क्लेशबाट मुक्ति, सदा सर्वदा सत्य, सदा सर्वदा दुःखाभाव प्राप्त गर्नु हो । निर्वाण र मोक्ष प्राप्त गर्नुलाई कतिपय शब्दकोशहरूमा समानार्थी शब्दको रूपमा समेत प्रयोग गरेको पाइन्छ । निर्वाण लोकोत्तर दशा अथवा सवैभन्दा उच्चतमपद हो, जुन प्राणिमात्रले प्राप्त गर्न वा अनुभव गर्न सक्दछ ।

महायान धर्ममा मानिएका प्रमुख ६ पारमिताहरूलाई गीतामा पनि प्राप्त गर्न सकिन्छ । गीतामा दान,शील, क्षान्ति, वीर्य, ध्यान(योग) र प्रज्ञाको महत्त्व विशेष तरिकाले श्रीकृष्णद्वारा अर्जुनलाई उपदेश दिने क्रममा बताइएको छ ।

३ केन्द्रविन्दु

बौद्धदर्शनमा महायानी साधकहरूका लागि बोधिचित्तग्रहण पश्चात् पारमिता पालन गर्नु आवश्यक नीति हो ।

(बौद्धदर्शनमीमांसा पृ. नं. ११०)

विभिन्न योनिहरूमा भगवान् बुद्धले यी पारमिताहरूको अनुशीलन गरेको पाइन्छ । पारमिता पालन विना अथवा यसको अभ्यास विना बोधिसत्त्व (विभिन्न सन्दर्भमा बुद्धत्व, शान्ति, निर्वाण समेत) प्राप्त गर्न अत्यन्त कठीन अथवा असम्भवको रूपमा लिइन्छ । माया धर्ममा विशेष अनुशीलन गरिने षट्पारमिता(दान,शील आदि)हरूको वर्णन साथै चर्चा परिचर्चा हिन्दू धर्मका विविध ग्रन्थहरूमा समेत प्राप्त गर्न सकिन्छ । यस सन्दर्भमा श्रीमद्भगवद्गीतामा पाइएको षट्पारमिताको संक्षिप्त वर्णन गर्ने जमर्को यहाँ गरिएको छ ।

क. दानपारमिता

फलको आशा नराखी, निस्वार्थ रूपमा कुनै पनि वस्तुको दान गर्नु र त्यसबाट हुने कुनै पनि प्रत्यक्ष वा परोक्ष दानफलको त्याग गर्नु दान हो । दान गरिसकेपछि कुनै पनि फलको इच्छा, आकांक्षा र प्रतिफलको चाहनाको अभाव हुनु पर्दछ । अतः दानपारमिताको पूर्णता प्राप्त गर्न दान फल त्याग्ने आधार मानिएको पाइन्छ ।(बौद्धदर्शनमीमांसा पृ. १११) । आफूले गरिएका सम्पूर्ण दानरूपी कर्महरूको कर्मफल त्यागी सदा सन्तुष्ट र स्वतन्त्र रहने व्यक्तिले सबै प्रकारका कर्ममा संलग्न रही कामनाको त्याग गर्नु पर्दछ ।(श्रीमद्भगवद्गीता ४।२०) यसै गरी 'म पूर्ण परमेश्वरको अंश हुँ, अतः मैले गरेका सम्पूर्ण कर्महरू पनि भगवानले मेरा माध्यमबाट गराएको मात्र हो । यसबाट मैले कुनै पनि फल प्राप्तिको आशाको त्याग गर्नुपर्छ, किनकि सम्पूर्ण सत्कर्महरू नै भगवान्‌ले गराएको हो भने यसमा मेरो कुनै पनि फलाधिकार रहँदैन, (श्रीमद्भगवद्गीता ४।२१) भन्ने भावको विकास हुनु आवश्यक मानिन्छ । यसबाट पनि यो स्पष्ट हुन्छ कि दान गराउने नै भगवान् भएपछि त्यसको फलाधिकारी पनि स्वयं भगवान् नै हुने देखिन्छ, त्यसै गरी कर्ममा मात्र कर्ताको अधिकार रहने तर त्यसको परिणाममा कर्ताको कुनै अधिकार नरहने बताइएको पाइन्छ ।

(श्रीमद्भगवद्गीता २।४७)

त्यसै गरी दान दिँदा दान लिने व्यक्ति पनि सत्पात्र हुनुपर्दछ । साथै सत्पात्र प्रति श्रद्धा भावले दिइएको दानमात्रलेदानको वास्तविक स्वरूपलाई प्रस्तुत गर्दछ । श्रद्धा रहित भावनाले दिइएको दानले अथवा कर्मले कुनै पूर्णता प्राप्त गर्न नसक्ने बताइएको पाइन्छ । (श्रीमद्भगवद्गीता १७।२८) मोक्ष, निर्वाण, शान्त्यादि प्राप्त गर्न निष्फल आशा राखी कर्म गर्नु पर्दछ । (श्रीमद्भगवद्गीता १७।२५) यसबाट के स्पष्ट हुन्छ भने बौद्धधर्मको महायान सम्प्रदायमा गरिने दानको चर्चा र गीतामा गरिएका दान सम्बन्धी चर्चामा सामञ्जस्यता प्राप्त गर्न सकिन्छ । दान, दानफलत्याग, सत्पात्रलाई दान गर्नुपर्ने

जस्ता कुराहरूमा समानता प्राप्त गर्न सकिन्छ ।

ख. शीलपारमिता

चित्तको विरति नै शील हो । (बौद्धदर्शनमीमांसा पृ. १११) तर चित्त निवारण गर्न अत्यन्त कठीन मानिएको पाइन्छ । संसारमा चित्तनिवारण सबै प्राणिहरूमा भएको पाइँदैन,अतः अन्य प्राणिहरूले. चित्त निवारण गर्ने क्रममा चित्त निवारण गर्न चाहने पुरुषलाई बाधा पुऱ्यउन सक्दछन् । यसैले ती चित्त निवारण नभएका प्राणिहरूबाट दूर रहन स्वचित्त निवारण गर्नु पर्दछ । जसरी पृथ्वीभरमा अथवा काँडा ढुङ्ग आदिले भरिएको ठाउँमा छाला विच्छ्याउन अत्यन्त कठीन हुन्छ । तर यसको निवारणका लागि आफ्नो पाउमा नै जुत्ता धारण गर्न त्यति कठीन हुँदैन । त्यसै गरी सर्वत्र चित्तनिवारण गरिएको हुँदैन तर बुद्धिमानी व्यक्तिले आफैं चित्तनिवारण गर्दछ.। उसले निवार्णपथमा सफलतापूर्वक यात्रा गर्न सक्दछ ।(बोधिचर्यावतार ५–१३) यसका लागि शास्त्रोक्त विधिले काम क्रिया सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

श्रीमद्‌भगवद्‌गीताका विभिन्न अध्यायहरूमा शीलपारमिताको चर्चा गरिएको पाउन सकिन्छ । निर्भयता, आत्मा शुद्धि, आध्यात्मिक ज्ञान, आत्मसंयम, यज्ञपरायणता, तपस्या, अध्ययन, सरलता, अहिंसा, सत्यता, क्रोधाभाव, त्याग, शान्तपन धारण, लोभ,मोह, ईर्ष्या आदि त्याग, भद्रता, दृढसंकल्प, तेज, क्षमा, धैर्य, पवित्रता धारण गर्नु जस्ता गुणहरू केवल दैवी प्रकृतिले सम्पन्न व्यक्तिहरूमा मात्र प्राप्त गर्न सकिन्छ । तसर्थ यिनीहरूको पालना गर्नु शीलपारमिता हो । (श्रीमद्‌भगवद्‌गीता १६।१–२–३) माथि उल्लेख गरिएका गुणहरू मोक्ष(निर्वाण) प्राप्तिका लागि आवश्यक मानिन्छन् । तसर्थ निर्वाणकामी प्राणिहरूले यिनीहरूको पालना गर्नु पर्ने उल्लेख गरिएको पाइन्छ । आसुरी गुणहरू धारण गर्नु, धनाभिमान गर्नु, इन्द्रिय भोगाशक्ति,अहंकार, बल, घमण्ड गर्नु जस्ता कार्यहरू आसुरी प्रवृत्तिका गुणहरू हुन् । निर्वाण प्राप्तिका लागि दिव्य गुणहरूको पालना गर्नुका साथै आसुरी गुणहरूको त्याग गर्नु शीलपारमिता धारण गर्नु हो । यसरी बौद्धदर्शनमा वर्णन गरिएको शीलपारमिता र गीतामा चर्चा भएको दिव्य आचार परिपालनका साथै आसुरी भावको निवारण गर्नुका वीचमा समेत समानता पुष्टी भएको पाउन सकिन्छ ।

ग. क्षान्तिपारमिता

द्वेष निवारण गर्नका लागि गरिने उपाय नै क्षान्ति हो । (बौद्धदर्शनमीमांसा पृ. ११२) यहाँ द्वेष भन्नाले रिस, राग, आवेग तथा विद्वेषका साथै मानिषलाई हानी पुऱ्याउने नकारात्मक तत्व भन्ने बुझ्न सकिन्छ । महावान धर्मानुशरण गर्ने अनुयायीहरूले क्षान्तिपारमितालाई सनियम व्यवहारमा लागु गर्नुपर्ने नियम रहेको पाइन्छ । क्षान्तिपारमितालाई केही विद्वान्‌हरूले नया दान पनि भन्ने गरेका पाइन्छ । शिक्षा प्राप्त गर्न जुन खेद (दुःख) उत्पन्न हुन्छ, क्षमाहीन व्यक्तिहरूले त्यसलाई सहन गर्न सक्दैनन् । अथवा सहन क्षमता नष्ट भएर जान्छ, यसका लागि दृढ इच्छा शक्ति, वन प्रस्थान र समाधिको आवश्यक पर्दछ ।(बोधिचर्यावतार क्षान्तिपारमिता) त्यस्तै गरी द्वेष समान पाप छैन , साथै क्षान्ति समान तपस्या छैन अतः सबै प्रयासहरूबाट क्षान्तिभावको विकास गर्नु पर्ने आवश्यक देखिएको पाइन्छ ।

(बोधिचर्यावतार क्षान्तिपारमिता)

यसै गरी गीतामा पनि क्षमा (क्षान्ति परिमिता)को वारेमा समेत चर्चा गरिएको पाउन सकिन्छ । तर जसरी अन्य पारामिताहरूको चर्चा सतही रूपमा प्राप्त गर्न सकिन्छ । क्षान्तिपारमिताको बारेमा चाँही अप्रत्यक्षरूपमा मात्र चर्चा गरिएको देखिन्छ । यसको मूल कारण गीता कर्म प्राधान्य ग्रन्थ हो भन्ने गरेको देखिन्छ । तर भक्तियोग तथा आत्मसंयम योगका साथै ज्ञान विज्ञान योगमा भने यसको चर्चा गरिएको देखिन्छ । जस्तै–

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥ गीता–६–९ ॥

ज्ञानी जनले साथी, वैरी, उदासीन, मध्यस्थ र बन्धुगण, धर्मात्मा तथा पापीहरूलाई समेत समान भाव राख्ने व्यक्ति बन्नु पर्दछ । समान भाव राख्ने व्यक्ति नै श्रेष्ठ हुन्छ । यहाँ वैरीका साथै पापीहरूमा समेत भाव राख्नु भनेको तिनीहरूलाई क्षमा दिनु नै हो । यसै गरी गीतामा बताईएको पण्डिताः समदर्शिनः यो सूक्तिलाई समेत क्षमाको रूपमा लिन सकिन्छ । यसको अर्थ चाँही ज्ञानिहरूले सम्पूर्ण प्राणिहरूलाई समान दृष्टिले हेर्न सक्नुपर्दछ । साथै विविध योगहरूमा अर्जुनलाई ज्ञान दिने क्रममा दुष्ट, ज्ञानी, उच्च, नीच, पापी, धर्मात्मा आदि समाजका सवै प्रकारका विशेषताधारी सबैलाई समान व्यवहार गर्नुपर्दछ भनिएको छ । यसबाट पनि यो भन्न सकिन्छ कि गीतामा समेत क्षान्तिपारमिताको वर्णन पाउन सकिन्छ ।

घ. वीर्यपारमिता

वीर्यको अर्थ उत्साह हो । कुनै पनि कार्य सम्पन्न गर्न निरन्तर प्रेरणा प्राप्ति गर्नु उत्साह हो । जसले दान, वीर्य, क्षान्तिपारमिताहरूको कुशलता परिपालन गर्दछ । उसले कुनै पनि कार्य उत्साहपूर्वक सम्पादन गर्न सक्ने बताईएको पाइन्छ । निर्वाण प्राप्त गर्न चाहने व्यक्तिले निर्वाण पथमा आइपरेका सबै समस्याहरूलाई उत्साहपूर्वक निवारण गरी निरन्तर कार्यसम्पादन गर्दै जानुपर्ने नियम रहेको पाइन्छ । जसरी वायुविना गति हुन सक्दैन त्यसरी नै वीर्य(उत्साह)विना पुण्य हुन सक्दैन ।(बोधिचर्यावतार वीर्यपारमिता) आलस्य, कुत्सितमार्गमा प्रेम, विषाद र आत्म अवज्ञाले उत्साह प्रांप्त गर्न वाधा पुऱ्याउँदछन् । यसै गरी निद्रा, तृष्णाले पनि वीर्य प्राप्त गर्न सहयोग गर्दैनन् ।

(बोधिचर्यावतार पृ. १३७)

यसै गरी श्रीमद्‌भगवद्‌गीतामा भने श्रीकृष्ण प्रति गरिएको अर्जुनविषादयोग(प्रथम अध्यय)मा अर्जुनले प्रस्तुत गरेको हतोत्साह पनलाई निवारण गर्न सांख्यायोगको दृष्टान्त दिई श्रीकृष्णद्वारा अर्जुनको उत्साह बढाइएको पाइन्छ । शोक,लोभ, मोह आदिले वीर्यको मात्रामा ह्रास ल्याउन सक्ने बताइन्छ । तसर्थ शोकादि त्याग गरी सुकर्मका लागि उत्साहका साथै सत्कर्म गर्ने क्रममा दुष्कर्म आई परे पनि धैर्य धारण गर्न सक्नु वीर्यपारमिताको पालन गर्नु हो । अथवा सुख–दुःख दुवै अवस्थामा विचलित नभई समान अवस्थामा रहनु धैर्य हो र धैर्य धारण गर्ने व्यक्तिले निश्चय नै मुक्ति अथवा निर्वाण प्राप्त गर्न सक्ने बताइन्छ ।(श्रीमद्‌भगवतद्‌गीता २।१५) त्यसै गरी यो शरीर शैशवावस्था हुँदै वाल्यावस्था, कुमारावस्था, यौवन तथा वृद्धावस्थातिर लाग्दछ,, त्यसरी नै मृत्यु पनि अवश्य हुन्छ । यसकारण यसमा धैर्यशाली व्यक्तिहरूले चिन्ता गर्नु नपर्ने बताइएको देखिन्छ ।(श्रीमद्‌गीता) तसर्थ धीर व्यक्तिहरूलाई मात्र सांसारिक विषयहरूले प्रभाव पार्न सक्दैनन् र धीर पुरुष नै सफल बन्न सक्दछ । सांसारिक विषयहरू त कालक्रममा आउने वर्षा, ग्रृष्म, शरद जस्ता अस्थाई इन्द्रियजन्य मात्र भएको देखिन्छ । अतः त्यस्ता विषयहरूलाई सहन गर्ने कोसिस गर्नु पर्ने बताइएको पाइन्छ ।(श्रीमद्‌भगवद्‌गीता २।१४) धैर्य धारणा गर्ने स्थिर चित्त वाला अनेक विषयहरू आफैं विलाएर जाने विश्वास गरिन्छ । साथै तीनै पुरुषहरूले निर्वाण(

शान्ति) प्राप्त गर्ने उल्लेख गरिएको देखिन्छ।

ङ. ध्यानपारमिता

उत्साह(वीर्य) वृद्धि गरी समाधिमा चित्त स्थापित गर्नु तथा चित्त एकतृत गरी ज्ञान, मोक्ष, निर्वाण प्राप्त गर्नु ध्यानपारमिता हो ।(बौद्धदर्शनमीमांसा) शमथ र विपश्यना गरी ध्यानका दुई मार्ग छन् । शमथको अर्थ चित्त एकाग्रता र विपंश्यना भनेको ज्ञान हो । शमथ पछि मात्र विपश्यना प्राप्त गर्न सकिन्छ । समाधिद्वारा प्रज्ञा भावनामा संलग्न पुरुष नै क्लेश निवारण गर्न सक्दछ, तसर्थ यसले (निर्वाण प्राप्त गर्न चाहने व्यक्ति) पहिले समथसमाधि त्यसपछि विपश्यना(प्रज्ञा)को अभ्यास गर्नुपर्ने र यी दुवै अनाशक्तिबाट नै प्राप्त गर्न सकिने वताइएको पाइन्छ । (बोधिचर्यावतार ध्यानपारमिता)

ध्यानका लागि योग आवश्यक पर्ने वताइएको मानिन्छ । श्रीमद्भगवद्गीतामा ध्यानको निकै चर्चा गरिएको देखिन्छ। श्रीकृष्णले अर्जुनलाई ध्यानको बारेमा विविध तरिकाले ज्ञान दिइएको पाइन्छ। यस अनुसार कुनै पनि कार्यको

फलमा समत्व हुनु नै योग हो(श्रीमद्भगद्गीता २।४८) र अर्को शब्दमा भन्नु पर्दा कुनै पनि कार्यको सफलता वा असफलता दुवैमा अथवा जे भएपनि त्यसको फललाई समान रूपमा ग्रहण गर्नुलाई समत्वको रूपमा लिइएको पाइन्छ । योग अभ्यासका माध्यमबाट प्राप्त गर्न सकिन्छ । नित्य निरन्तर अभ्यासका लागि वैराग्य आवश्यक पर्छ वा अभ्यासबाट वा वैराग्यबाट योग प्राप्त गर्न सकिन्छ।(श्रीमद्भगवद्गीता ६।३५) जसरी बायु रहित स्थानको दीप चलाएमान त्यस्तै परमात्मा, मोक्ष निर्वाणका लागि ध्यानले चित्तलाई चलायमान हुन दिँदैन । स्थिर चित्तले नै निर्वाण प्राप्त गर्न सक्ने वताइएको देखिन्छ। चित्तनियन्त्रण गर्न सक्ने पुरुष नै धैर्य प्राप्त गरी परमानन्द, शान्ति, निर्वाण प्राप्त गर्न सक्दछ ।(श्रीमद्भगवद्गीता) योगाभ्यास गर्ने योगीहरूले मात्र धैर्य धारण गर्न सक्ने बताइएको पाइन्छ। त्यसै गरी कर्म तथा ज्ञान भन्दा पनि गीतामा योगलाई उत्तम मानिएको पाइन्छ। यी विशेषता बौद्धदर्शनमा पाइने ध्यानपारमितामा समेत मेल खान पुगेको देखिन्छ।

च. प्रज्ञापारमिता

प्रज्ञाको अर्थ बुद्धि भन्ने हुन्छ। पाणिनीय व्याकरण अनुसार ज्ञा अवबोधने धातुमा प्र उपसर्गको योग भई प्रज्ञा शब्दको निर्माण भएको पाइन्छ। जसको अर्थ बोध हुनु वा सम्यक् अबबोधन हुनु भन्ने उल्लेख गरेको पाइन्छ । चित्तको एकाग्रता(ध्यान,योग पारमिता)बाट प्रज्ञाको उत्पत्ति हुन्छ, किनकी चित्त एकाग्रताबाट नै सत्यको ज्ञान हुन्छ, यसका लैंगि अविद्याको निदान(उपचार)गर्नु आवश्यक मानिन्छ। अविद्याको निराकरण गर्नका लागि एकमात्र उपाय प्रज्ञापारमितालाई लिइएको देखिन्छ। प्रज्ञापारमिताको बुद्ध प्रत्येक बुद्ध, श्रावक, महायान आदि धर्मसम्प्रदाय मा समेत विशेष महत्व पाउन सकिन्छ।(बोधिचर्यावतार) त्यस अर्थमा अन्य पाँच पारमिताहरू सँगै प्रज्ञापारमिताको समेत अनुशरण गर्ने पुरुषले मोक्ष(निर्वाण) प्राप्त गर्न सक्ने बताएको पाउन सकिन्छ। बौद्ध साहित्यका बोधिचर्यावतार तथा प्रज्ञापारमितासूत्रमा प्रज्ञाको विशेष चर्चा पाउन सकिन्छ।

श्रीमद्भद्गीतामा ज्ञान तथा प्रज्ञालाई समानार्थी शब्दको रूपमा लिइएको देखिन्छ । यस बारेको चर्चा दिव्यज्ञान तथा परमज्ञान योगहरूमा पाउन सकिन्छ । सबैभन्दा पापी मानिस पनि ज्ञानद्वारा मोक्ष(शान्ति) प्रँप्त गर्न सकिने कुरा बताइएको छ । जसरी सानो नौकाले(नाउले) समुद्रपार गर्न सजिलै सकिन्छ त्यसै गरी ज्ञानरूपी डुङ्गा (नौका)द्वारा समुद्ररूपी पापहरूबाट समेत मुक्ति पाउन सकिने कुराको उल्लेख गरिएको पाइन्छ ।(श्रीमद्भगवद्गीता ४।३६) त्यस्तै अन्य दृष्टान्तहरू समेत दिइएको पाइन्छ । बलेको आगोले जसरी सम्पूर्ण दाउरालाई खरानी पार्न सक्दछ त्यस्तै यसले(प्रज्ञा) समेत सम्पूर्ण पापहरूलाई भस्म(खरानी) पार्ने उल्लेख छ।(श्रीमद्भगवद्गीता ४।३७) त्यसैले यस संसारमा ज्ञानसमान पवित्र तत्त्व अन्य कुनै नभएको र ज्ञानार्जन गर्नुपर्ने आवश्यकता बताइएको छ । आफ्ना इन्द्रियहरूलाई जित्न सक्ने, ध्यान आदि साधन परायण श्रद्धावान् पुरुषले ज्ञानप्राप्त गर्न सक्ने र त्यसपछि पनि दीर्घकालसम्म शान्तिको अनुभव गर्न सक्ने बताइएको पाइन्छ। त्यस्तै विवेकहीन श्रद्धारहित संयमयुक्त व्यक्तिले ज्ञान प्राप्त गर्न कठीन पर्ने देखिन्छ । अतः यो भन्न सकिन्छ, कि गीतामा चर्चा गरिएको प्रज्ञा र प्रज्ञापारमिता(बौद्ध) वीचमा निकै समानता पाउन सकिन्छ।

४.निष्कर्ष

बौद्धदर्शनमा हीनयानीहरूले दशपारमिता ग्रहण गर्दछन् भने महायानीहरूले चाँही षट्पारमिताहरू ग्रहण गरिएको प्राप्त छ । षट्पारमिताहरूको चर्चा–परिचर्चा गीताका विभिन्न योगहरूमा समेत पाउन सकिन्छ । गीताको भक्तिप्रंधानता र कर्मप्रधानता महायान मानिने समेत स्पष्ट रूपमा समानता पाउन सकिन्छ । यसरी हेर्दा महायानमा मानिने विविध विषयहहरू गीतामा पाउन सकिन्छ । षट्पारमिता ग्रहण पनि यसकै उदाहरणको रूपमा लिन सकिन्छ। मूलभूत रूपमा छुट्टाछुट्टै धर्मलाई ग्रहण गरे पनि गीता र बोधिचर्यावतार ग्रन्थ एक अर्काबाट प्रभावित देखिन्छन् । खासगरी दान, धर्म, त्याग, शान्ति, निर्वाण(मोक्ष), उपकार, ज्ञान, वीर्य, शील, क्षान्ति, ध्यान, योग आदि विषयहरूमा एक अर्कामा धेरै समानता पाइन्छ।

सन्दर्भग्रन्थसूची :

१. शब्द शब्दानुक्रम कोष, (नेपाली टीका) टी. भगीरथ उपाध्याय काफ्ले, शाण्डिल्य प्रकाशन, तेह्रथुम, वि.सं २०५३
२. श्रीमद्भगवद्गीता(यथारूप), अनु. नारायणप्रसाद अधिकारी, बादरायण, भक्तिवेदँन्त बुक ट्रष्ट, सन्.२०१०
३. समकालीन मातृभुमि, सम्पा. वेदराज ज्ञवाली, अङ्क. १ र २, वर्ष २०५९ र २०६०, WAFI-NEPAL, कीर्तिपुर काठमाडौं ।
४. महायानसूत्रालङ्कार, सम्पा. स्वामी द्वारिकादास शास्त्री, बौद्धभारती प्रकाशन वाराणसी, सन्. १९८५
५. बोधिचर्यावतार, सम्पा. स्वामी द्वारिकादास शास्त्री, ब्रौद्धभारती प्रकाशन वाराणसी, सन्. १९८८
६. बौद्धदर्शनमीमांसा, सम्पा. पण्डित बलदेव उपाध्याय, चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९९
७. श्रीमद्भगवद्गीता(सटीक मोटा टाइप) गीताप्रेस, गोरखपुर, वि.स. २०६०
८. New Oxford Advanced Learner's Dictionary, 7th ed. Ed sally Wehmeier and others, Oxford University Press 2005
९. 2500 years of Buddhism, P.V.Bapat, MOIB, GOI, Reprint 1987

आर्याष्टाङ्गिक मार्ग

■ नारायणबहादुर कुमाल
आचार्य द्वितीय वर्ष
वाल्मीकि विद्यापीठ

> हिंसा, चोरी, व्यभिचार आदि निन्दनीय कर्मलाई सधैं परित्याग गरी भगवान् गौतम बुद्धको पञ्चशील -अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र सुरा-मध्यपान परित्याग गरी यिनीहरूलाई अनुशीलनका साथ सत्मार्गमा प्रवेश गर्नु पर्दछ । सत्कर्मद्वारा दुष्कर्मको मूल जडलाई उखेल्नु, दुर्वलतालाई नाश गर्नु आत्माको स्वामी बनी निर्वाण प्राप्त गर्नु हो ।

संसारमा अनेक किसिमका दर्शनहरू छन् । अनेक दार्शनिकहरू छन् । हरेक दार्शनिकको चिन्तन पृथक-पृथक रहेको पाइन्छ । जसमध्ये गौतम बुद्ध पनि एक हुन् । यिनै गौतम बुद्धलाई शान्तिका अग्रणी, अहिंसाका उपासक, एसियाका दीपशिखा' भनेर चिन्ने गरिन्छ । ईसा पूर्व ५६३ लुम्बिनीमा जन्मेर २९ वर्षको उमेरमा गृहत्याग गरी भारतको बोधगयामा गई ६ वर्षको निरन्तर समाधि पश्चात् ज्ञान प्राप्त गर्नुभयो । जुन ज्ञान विश्वमै फैलिरहेको छ । संसारको सर्वोत्कृष्ट व्यावहारिक ज्ञान प्राप्त गरी हरेक प्राणीको 'निर्वाण' प्राप्तिको निम्ति आर्याष्टाङ्गिक मार्ग पत्ता लगाई विश्वसामु इतिहास खडा गर्नुभएको थियो । आर्याष्टाङ्गिक मार्गलाई धम्मपदमा यस्तो भनिएको छ ।

मग्गानट्ठङ्गिको सेट्ठो सच्चानं चतुरो पदा ।
विरागो सेट्ठो धम्मानं द्विपदानाञ्च चक्खुमा ॥

निर्वाणगामी मार्ग आष्टाङ्गिक मार्गको सर्वश्रेष्ठ मार्ग हो । लोकमा जति सत्य छन्, त्यो नै आर्यसत्य हो सबै धर्ममा वैराग्य नै सत्य हुन्छन् । त्यसकारण प्राणीको चक्षुमान ज्ञान नै बुद्धको श्रेष्ठ ज्ञान हो । भगवान् गौतम बुद्धले आफ्ना भिक्षुहरूलाई आर्याष्टाङ्गिक मार्गको ज्ञानको बारेमा दिनुभएको उपदेशलाई यसरी वर्णन गर्न सकिन्छ ।

(१) सम्यक दृष्टि :

दृष्टि भनेको ज्ञान हो । ज्ञान प्राप्त गर्नका लागि सत्कार्यको अति आवश्यक पर्दछ । ज्ञान आर्जनका लागि व्यवहार र विचारको घनिष्ट सम्बन्ध रहेको हुन्छ । त्यसैले विचार लाई परिवर्तन गर्नु अति आवश्यक पर्दछ । हरेक प्रणीले अकुशल कर्मलाई त्याग्दै कुशल कर्मलाई अनुशरण गर्नुपर्दछ । बौद्धदर्शनमा कुशलकर्म र अकुशलकर्मको विभाजन यसरी गरिएको छ ।

यसरी कायिक, वाचिक र मानसिक कर्मद्धारा दश अकुशल कर्मलाई क्षय गर्दै दश कुशल कर्ममा लाग्नु सम्यक् दृष्टि हो । हरेक प्राणीले काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यलाई त्याग्दै बुद्धका पञ्चशीललाई अनुशरण गरी कुशल कर्ममा लाग्नु निर्वाण मार्गको पहिलो मार्ग हो ।

अकुशल कर्म	कुशलकर्म
कायकर्म	**कायकर्म**
१.प्रणातिपात -(हिंसा)	१.अहिंसा
२.अदत्तादान -(चोरी)	२.अचौर्य
३.मिथ्याचार (व्यभिचार)	३.अव्यभिचार
वाचिककर्म	**बाचिककर्म**
४.मृषवचन (झुट)	४.अमृषावचन
५.पिशुवचन (चुगली)	५.अपिशुन वचन
६.परुषवचन (कटुवचन)	६.अकटुवचन
७.संप्रलाप (बकवाद)	७.असंप्रलाप
मानसकर्म	**मानसकर्म**
८.अभिध्या (लोभ)	८. अलोभ
९.व्यापाद (प्रतिहिंसा)	९. अप्रतिहिंसा
१०.मिथ्यादृष्टि (झुठो धारणा)	१०.अमिथ्यादृष्टि

(२) सम्यक् संकल्प

संकल्प भनेको निश्चय हो । सम्यक् ज्ञान प्राप्त गर्नका लागि सम्यक् निश्चय हुनु पर्दछ । हरेक प्राणी दृढ अठोट लिई निर्वाण प्राप्तिका लागि संकल्प गर्नु पर्दछ । निश्चयमा निष्कामना अद्रोह, अहिंसा, कामना समग्र तृष्णाको उत्पादित वस्तु हुनु । अतः पुरुषले आफ्नो पुरुषार्थ धर्म, अर्थ, काम र निर्वाणका लागि संकल्प गर्नु पर्दछ । यस विषयमा प्राणीको कामना, द्रोह र कुनै पनि विषयको हिंसा गर्दिन भन्नु र व्यवहारमा परिवर्तन गर्नु नै सम्यक् संकल्प हो ।

(३) सम्यक् वचन

सम्यक् वचनलाई हामी मिठो बोली भन्दछौं । असत्य, पिशुन वचन, कटुवचन, अनावश्यक वचनलाई क्षय गरी सत्य बोल्ने प्रयास

गर्नु पर्दछ। सत्य विना कुनै पनि धर्म छैन। जुन वचनले एक अर्काको हृदयमा चोट पुऱ्याउँछ ,त्यो नै कटुवचन हो। त्यसैले शत्रुको शान्ति कटु वचनले गर्दैन। त्यस्ता कटुवचन ,निन्दा ,कलह, व्यर्थादिलाई क्षय गरी सम्यग् वचन सत्य बोल्न सिक्यौं भने निर्वाण प्राप्तिका लागि सहज हुन्छ। सम्यक वचनलाई 'धम्मपद'मा यस्तो भनिएको छ -

न हि वैरेन वेरानि सम्मन्तीध कुदाचनं।

अरेवेन च समन्ति एस धम्मो सनन्ततो॥

व्यर्थले युक्त भएको काम सधैं विफल हुन्छ। सार्थक पद सबैभन्दा सर्वश्रेष्ठ पद हो। सत्य वचन श्रवण गरेमा मनमा शान्ति उत्पन्न हुन्छ। त्यसको फलले लक्ष्य प्राप्त गर्न सकिन्छ, जुन पदको उद्देश्य सिद्ध हुन्छ, त्यसैले सम्यक् वचन नै निर्वाण प्राप्तिका लागि प्रधान मार्ग हो।

(४)सम्यक् कर्मान्त

हिन्दूधर्मको समान बौद्धधर्ममा पनि कर्म सिद्धान्तको अधिक महत्त्व रहेको हुन्छ। प्राणीको सत्गति वा दुर्गतिको कारण नै उसको कर्म हो। प्राणी दुर्गतिलाई त्याग्दै सत्गतिको पथमा लाग्छ भने त्यसलाई सत्कर्म भनिन्छ। कर्मको कारणले गर्दा प्राणी जीवनमा दुःख र सुख भोग्दै परलोकमा गएर स्वर्ग वा नरकको भोग गर्दछ। हिंसा, चोरी, व्यभिचार आदि निन्दनीय कर्मलाई सधैं परित्याग गरी भगवान् गौतम बुद्धको पञ्चशील -अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र सुरा-मध्यपान परित्याग र यिनीहरूलाई अनुशीलन गरी सत्मार्गमा प्रवेश गर्नु पर्दछ। सत्कर्मद्वारा दुष्कर्मको मूल जडलाई उखेल्नु, दुर्वलतालाई नाश गर्नु आत्माको स्वामी बनी निर्वाण प्राप्त गर्नु हो।

सर्वसाधरण व्यक्तिले बुद्धको पञ्चशील ग्रहण गरिन्छ भने बुद्धका अनुयायी तथा बोधिसत्त्वहरूले थप पञ्चशील :- अपरान्ह भोजन, मालाधारणा, सँगीत, सुवर्ण र अमूल्य शैयृया त्याग गरी दशशीललाई अनुशीलन गरी कुशल कर्ममा लाग्ने गर्दछन्। यस दशशीललाई कुशल कर्मको आदर्श जीवन मानी सत्कर्मको मार्गमा लागेर निर्वाण प्राप्त गर्न सकिन्छ।

(५) सम्यक् आजीवन

बिना जीविका जीवन धारणा गर्नु असम्भव छ। सजिलो तरिकाले जीवन निर्वाह गर्नका लागि असत्य जीवनलाई त्याग्दै सच्चा जीवनको मार्गमा आफ्नो भौतिक शरीरलाई लैजानु नै सम्यक् आजीवन हो। मानवको मात्र शरीरको रक्षण होइन, हरेक प्राणीको सम्यक तरिकाले शरीर रक्षा गर्न सच्चा जीवन निर्वाह गर्नु पर्दछ। काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य यी रागलाई आफूबाट टाढा राखी क्लेश र हिंसालाई त्यागी व्यक्ति समाज र प्राणीको कल्याणको निम्ति जीवन निर्वाहका लागि सत्मार्गमा लाग्नु वास्तविक जीवन हो। बौद्धदर्शनमा पाँच हिंसा परक तथ्यलाई अयोग्य ठानिएको छ। हरेक प्राणी यस्तो कार्यमा लाग्नु दुर्भाग्य हुने छ।

१.असत्यवणिज्जा (हातहतियारको व्यापार)
२.सत्तवणिज्जा (प्राणीको व्यापार)
३.मंसवणिज्जा (माशुको व्यापार)
४.मज्जवणिज्जा (मद्यपान व्यापार)
५.विषवणिज्जा (विषको व्यापार)

(६) सम्यक् व्यायम

सत्कर्मको मार्गमा लागि यसको भावना बुझ्नलाई सदा प्रयत्न गरिरहनु पर्दछ । पञ्चइन्द्रीय (चक्षु, श्रोत्र, घ्राण, जिह्वा, काय) लाई आफ्नो बसमा लिई दुर्गुणलाई नाश गरी सत्गुणको भावनाको उत्पत्तिका लागि सदा प्रयत्नशील रहनुपर्दछ। सम्यक् भावनालाई कायम गर्न प्रयत्न गर्नु, सम्यक् व्यायम हो। चित्तलाई चञ्चल बनायौं भने प्रयत्न गर्न सकिदैन र चित्त चञ्चल भनेको सत्गुणको दूर हुनु हो। चित्त चञ्चल भयो भने खराव आचरणको विकास भई कुमार्गतिर मन जान सक्छ। सत्गुणलाई आफ्नो बसमा ल्याउन सदा प्रयत्न गरिरहनु पर्दछ।

(७) सम्यक् स्मृति

स्मृति भनेको सम्झना हो। अर्थात् सत्कार्यको पुनः स्मरण एवं अनुशीलन गर्नु नै सम्यक् स्मृति हो। स्मृतिलाई 'दीर्घनिकाय' को महाशक्ति पट्ठान सूत्रमा उल्लेख गरिएको छ। बौद्धदर्शनमा स्मृति प्रधान चार प्रकारका छन् ती यसप्रकार छन्।

१.कायानुपथ्याना
२.वेदनानुपथ्याना
३. चित्तानुपथ्याना
४.धर्मानुपथ्याना

यी काय, वेदना, चित्त र धर्म स्मृतिको वास्तकिक स्वरूप हुन्। काय मलमूत्र, केश आदि पदार्थको समुच्चय हुन्छ। प्राणीको भौतिक शरीर हुन्छ र पञ्चइन्द्रीय चक्षु, श्रोत्र, घ्राण, जिह्वा, काय हुन्छ। यी पञ्च इन्द्रीयको प्रभावले वेदना उत्पन्न हुन्छ। वेदना भनेको अनुभव हो। वेदना ज्ञान प्राप्त गर्ने व्यक्ति वेदनानुपथ्यी हुन्छ। चित्तका धेरै अवस्था हुन्छन्। चित्तको ज्ञान प्राप्त गर्ने व्यक्ति चित्तानुपथ्यी हुन्छ। धर्मलाई पनि धेरै प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। धर्मको चार स्वरूपलाई ज्ञान गर्न सक्ने प्राणी धर्मानुपथ्यी हो। त्यसैले सम्यक् समाधि प्राप्त गर्नका लागि चार स्मृतिको आवश्यकता पर्दछ। स्मृतिले समाधिमा जानका लागि चित्तलाई एकाग्र गर्छ।

(८)सम्यक् समाधि

आर्याष्टाङ्गिक मार्गको अन्तिम मार्ग सम्यक् समाधि हो। सात मार्गको समीक्षा, बुद्धको मार्ग र बुद्धको उपनिषद् प्रतिपादित मार्गसमान खालका हुन्छन्। उपनिषद्को सिद्धान्तविना हरेक प्राणीको ज्ञान सम्भव छैन। प्राणीले निर्वाण प्राप्त गर्नका लागि निरन्तर रूपमा उपनिषद्को सिद्धान्तलाई अनुशीलन गर्नु पर्दछ। जब प्राणीमा चित्त एकाग्रता गर्ने योग्यता हुन्छ तब शुद्ध ज्ञान उत्पत्ति हुँदै जान्छ। शरीर स्वच्छ र शुद्ध हुँदै जान्छ अनि प्रज्ञाको उत्पत्ति हुन्छ। त्यसैले भगवान् गौतम बुद्धले शील र समाधिद्धारा काय र चित्तको शुद्धताबाट प्रज्ञा प्राप्त गर्नुभएको हो। बुद्धधर्ममा तीन महान तत्व शील, समाधि र प्रज्ञालाई आर्याष्टाङ्गिक मार्गको प्रतीक मान्न सकिन्छ। शीलको तात्पर्य साविक कार्य हो। शील र समाधिको फल नै प्रज्ञाको उदय हो। भवचक्रको मूल मार्गमा अविद्या विद्यमान छ। प्राणीमा प्रज्ञाको उदय नभएसम्म अविद्याको नाश गर्न सकिदैन। साधकको मुख्यलक्ष्य प्रज्ञाको उत्पत्ति हो। प्रज्ञा तीन किसिमको हुन्छ।

१.श्रुतमयी प्रज्ञा २. चिन्तामयी प्रज्ञा ३. भावनामयी प्रज्ञा

श्रुत, चिन्ता र भावनाको सम्पन्न शीलवान प्राणीले प्रज्ञा प्राप्त गर्न सक्दछ। प्रज्ञावान प्राणी (पुरुष) ले दुःखको नाश गरी

निर्वाण प्राप्त गर्दछ । साथै प्राणीको पूर्वजन्मको ज्ञान, इन्द्रीयजन्य दिव्यज्ञान तथा दुःखको नाश गरी ज्ञान प्राप्त गर्न सक्दछ । प्रज्ञावान व्यक्तिले अज्ञानरूपी भवसागरबाट निर्माण प्राप्त गर्दछ भने त्यो नै महान अर्हत् पद हो । अतः यी आर्याष्टाङ्गिक मार्गको बारेमा ज्ञान प्राप्त गरी हरेक प्रणीको आचरणलाई परिवर्तन गर्नु नै 'निर्वाण' प्राप्त गर्नु हो ।

सन्दर्भग्रन्थ सूची

१. बौद्धदर्शन मीमांसा -बलदेव उपाध्याय, चौखम्बा विद्याभवन, वाराणसी , १९८७

२. बौद्धधर्मदर्शन-नरेन्द्रदेव आचार्य , मोतिलाल वनारसीदास , दिल्ली , १९९४

३. धम्मपद-पालीभाषासहित नेपालीअनुवाद, भिक्षु अमृतानन्द, २०२९

४. पालीसाहित्यका इतिहास-भरतसिंह उपाध्याय, हिन्दी साहित्य सम्मेलन, इलाहावाद, १९९४

५. बौद्धदर्शन प्रस्थान -रामशंकर त्रिपाठी , केन्द्रीय तिब्वती उच्चशिक्षा संस्थान , वारणसी, १९९७

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछुं ।

मनहरि बस्नेत
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

गोपाल श्रेष्ठ
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक
भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध
अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक
पत्रिकाले बुद्धका
सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस्
भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम

निर्वाण प्राप्त गर्न दशभूमि अपरिहार्य

■ भूमीश्वर पौडेल
वाल्मीकि विद्यापीठ

साधकले जगत्का समस्त पदार्थलाई शून्य मान्छ र प्राणीहरुमा दयाका लागि जगत्को शून्यपदार्थलाई सत्य ठान्छ । उसले अज्ञानरूपी अन्धकारमा फसेका प्राणीहरुका लागि दयाको भाव राख्छ । यहाँसम्म कि भूमिहरुबाट हीनयानका चार भूमिलाई तुलना गर्न सकिन्छ । समस्त भूमिबाट शून्यता उपलब्धिको प्रयत्न आरम्भ हुन्छ । प्रज्ञापारमिताको अभ्यास यस भूमिको विशेषता हो ।

महायानीको एक अन्य विशिष्टता दशभूमिको कल्पनामा रहेको पाइन्छ । यो निश्चित कुरा हो कि आध्यात्मिक उन्नति एक दिनको अध्यवसायको फल होइन । आध्यात्मिकताको मूल भागसम्म चढ्न अश्रान्त परिश्रम, असीम उत्साह तथा अदम्य प्रयास आवश्यक हुन्छ । साधकले गरेको उन्नतिको वास्तविकता त्यसको भित्र हुनेवाला परिवर्तनबाट थाहा पाइन्छ । हीनयानीका अनुसार अर्हत् पदको प्राप्तिसम्म चार भूमि रहेका छन् । ती हुन् -

१) श्रोतापन्न
२) सकृदागामी
३) अनागामी
४) अर्हत्

महायानीका अनुसार बुद्धत्व या निर्वाण प्राप्तिका लागि दशभूमिलाइ विशेष मानिन्छ । भूमिहरू सोपानसमान मानिन्छन् । एक भूमि पार गरेपछि बोधिसत्व अर्को भूमिमा पदार्पण गर्दछ । र, विस्तारविस्तार आध्यात्मिक विकासलाई प्राप्त गरेर बुद्धत्व पदमा आरूढ हुन्छ । असङ्गले दशभूमि शास्त्रमा यस विषयबारे साङ्गोपाङ्ग वर्णन गरेका छन् । साधनाको रहस्य जान्ने विद्वानूहरूका लागि यस ग्रन्थको अनुशीलन नितान्त आवश्यक छ । दशभूमिका नाम तथा संक्षिप्त वर्णन निम्नानुसार छ -

१) मुदिता

प्राचीन जन्ममा शोभनकमको सम्पादन गर्नाले बोधिसत्वको हृदयमा प्रथमपटक सम्बोधि प्राप्त गर्ने अभिलाषा उत्पन्न हुन्छ । यसको नाम हो बोधिचित्तको उत्पाद । यसप्रकार बोधिसत्व पृथक् जनको कोटीबाट निक्लिएर तथागतको कुटुम्बकमा प्रवेश गर्छ । बुद्ध र बोधिसत्वका गौरवपूर्ण कार्यहरूलाई स्मरण गरेर उसको हृदय आनन्दले फुल्दछ । उसको हृदयमा महाकारणाको उदय हुन्छ र त्यो दशमहाप्रणिधान (व्रत)बाट सम्पादनको सङ्कल्प गर्छ -

१) प्रत्येक देशमा र सबै प्रकारको पूजा गर्नु,
२) जतासुकै र जब कतै बुद्ध उत्पन्न हुन्छन्, तब उनको शिक्षाको पालना गर्नु,
३) तुषित स्वर्गलाई छाडेर यस भूतलमा आएर निर्वाण प्राप्त गर्ने समयसम्म सबै क्षेत्रहरूमा बुद्धको उदयको निरीक्षण गर्नु,
४) सबै भूमिहरू तथा सबै प्रकारका पारमिता प्राप्त गर्नका लागि ज्ञान प्राप्त गर्नु,
५) जगत्मा रहेका समस्त प्राणीहरूलाई सर्वज्ञ बनाउनु,
६) जगत्मा रहेका सम्पूर्ण भेदहरूलाई अवलोकन गर्नु,
७) समग्र प्राणीहरूलाई उनको अनुसार आनन्दित गराउनु,
८) बोधिसत्वको हृदयमा एकप्रकारको भावना उत्पन्न गर्नु,
९) बोधिसत्व चर्चाको सम्पदन गर्नु,
१०) सम्बोधि प्राप्त गर्नु,

यस भूमिलाई विशुद्ध गर्नको लागि श्रद्धा, दया, मैत्री, दान, शास्त्रज्ञान, लोकज्ञान, नम्रता दृढता तथा सहनशीलता आदि गुणहरूको धेरै आवश्यकता हुन्छ ।

२) विमला

यस भूमिमा साधकले काय, वचन, मन आदि १० प्रकारका पापलाई दूर गर्नुपर्छ । दश पारमिताहरूमा केवल शीललाई सर्वतोभावले अभ्यास गनुपर्छ ।

३) प्रभाकरी

यस तृतीय भूमिमा साधकले जगत्का समस्त संस्कृत

पदार्थहरूलाई अनित्य देख्छ र आठ प्रकारका समाधि, चार ब्रह्मविहार तथा सिद्धिहरूलाई प्राप्त गर्छ । कामवासना, देहतृष्णा क्षीण हुन्छ र उसको स्वभाव निर्मल हुन थाल्छ । त्यसले विशेषगरी धैर्य पारमिताको अभ्यास गर्छ ।

४) अर्चिष्मती

यस भूमिमा साधकले बोध्यङ्गो तथा अष्टाङ्गिक मार्गको अभ्यास गर्छ । उसको चित्त दया तथा मैत्रीभावबाट स्निग्ध हुन्छ । संशय छिन्न हुन्छ । जगत्‌बाट वैराग्य उत्पन्न हुन्छ र साधकले विशेष रूपले वीर्यपारमिताको अभ्यास गर्छ ।

५) सुदुर्जया

चित्तको समता र विचारको विशुद्धताबाट उत्पन्न गर्नाले साधक चतुर्थ भूमिबाट पञ्चमभूमिमा प्रवेश गर्छ । प्राणीहरूमाथि दया गर्ने विचारले त्यसले नाना प्रकारका लौकिक विधाहरूलाई अभ्यास गर्छ । यो भूमिमा साधक सबै प्रकारका माया प्रपञ्चप त्यागी उपदेशक बन्छ । ध्यानपारमिताको अभ्यास यस भूमिको विशेषता हो ।

६) अभिमुक्ति

दश प्रकारका समताबाट यो भूमि प्राप्त हुन्छ । साधकले जगत्‌का समस्त पदार्थलाई शून्य मान्छ र प्राणीहरूमा दयाका लागि जगत्‌को शून्यपदार्थलाई सत्य ठान्छ । उसले अज्ञानरूपी अन्धकारमा फसेका प्राणीहरूका लागि दयाको भाव राख्छ । यहाँसम्म कि भूमिहरूबाट हीनयानका चार भूमिलाई तुलना गर्न सकिन्छ । समस्त भूमिबाट शून्यता उपलब्धिको प्रयत्न आरम्भ हुन्छ । प्रज्ञापारमिताको अभ्यास यस भूमिको विशेषता हो ।

७) दूरङ्गमा

यस भूमिमा साधकको मार्ग विशेष रूपबाट उन्नतितिर उद्यत हुन्छ । उसले ती दश प्रकारका उपायको ज्ञान (उपाय-कौशल-ज्ञान) को सम्पादन यहाँबाट नै आरम्भ गर्छ । त्यसैप्रकार सप्तम भूमिमा बोधिसत्व सर्वज्ञताको समुद्रमा प्रवेश गर्छ । त्यो सर्वज्ञ हुन्छ, परन्तु निर्वाणको प्राप्ति दूर रहन्छ ।

८) अचला

यस भूमिमा साधकले वस्तुहरूलाई राम्रोसँग निःस्वभाव बुझ्छ । त्यो देह, वचन र मनको आनन्दबाट थोरै पनि प्रभाव हुँदैन । जसप्रकार स्वप्नबाट जागृत मनुष्य स्वप्नज्ञानलाई अनित्य सम्झिन्छ, त्यसैगरी अचला भूमिको साधक जगत्‌को समस्त प्रपञ्चलाई मायिक, भ्रान्त तथा असत्य मान्छ ।

९) साधमती

यस अवस्थामा साधकले मनुष्यहरूको उद्धारका लागि नयाँनयाँ उपायहरूको अवलम्बन गर्छ । धर्मको उपदेश दिन्छ र बोधिसत्वले चार प्रकारको विषय-पर्यालोचन, पटिसंभिदा या प्रतिसंवित्‌को अभ्यास गर्छ ।

१०) धर्ममेघ

यस भूमिको अर्को नाम अभिषेक हो । साधकले यस अवस्थामा बोधिसत्व सबै प्रकारको समाधिलाई प्राप्त गर्छ । जसरी राजाले आफ्नो पुत्रलाई युवराज पदमा अभिषेक गर्छ, त्यसैप्रकार साधकले बुद्धत्व प्राप्त गर्छ । बोधिसत्व भूमिहरूको चरम पर्यवसान हो ।

सन्दर्भग्रन्थसूची

आचार्य, उपाध्याय बलदेव, बौद्धदर्शन-मीमांसा, चौखम्बा, विद्याभवन, वाराणसी ।

❀❀❀

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक
भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या
नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका
सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछु ।

श्रीधर अधिकारी
परिक्षा नियन्त्रक
नेपाल संस्कृत विश्वविद्यालय, वेलझुण्डी, दाङ

बौद्धदर्शनमा त्रिलक्षण

■ दीपक ज्ञवाली
आचार्य द्वितीय वर्ष
वाल्मीकि विद्यापीठ

अहिंसा, शान्तिका अग्रदूत तथा सत्य सदाचार सहिष्णुताका प्रतीकका रूपमा विश्वसमुदायमा परिचित गौतम बुद्धको जन्म आजभन्दा करिब २६००वर्ष अगाडि ई.पू. ५६३(६२३) मा वर्तमान नेपालको लुम्बिनिमा भएको थियो। शान्ति, मैत्री, करुणा तथा मानव कल्याणका खातिर आफ्नो जीवन समर्पण गरेका सिद्धार्थले ३५ वर्षको उमेरमा बुद्धत्व प्राप्त गरेका थिए। बुद्धत्व प्राप्ति पछिको ४५ वर्षको अवधिमा उनले व्यक्त गरेको उनका उच्च विचार र सोच मात्रले होइन, उनले आफ्नो जीवन अवधिमा मानव कल्याणका लागि सुरु गरेको अभियानले मानव समाजलाई एउटा नयाँ रूप दिशा प्रदान गऱ्यो। जसको प्रभाव त्यतिन्जेलमात्र होइन अहिलेसम्म पनि मानव समाजमा निरन्तर रूपमा परेको छ। उनले तत्कालीन समय परिस्थितिलाई दृष्टिगत गरी जुन धर्म दर्शनको प्रचार गरे त्यो सजीव व्यावहारिक र मङ्गलमय थियो। जसले उनलाई मानव इतिहासमा एउटा महान् व्यक्तिको रूपमा स्थापित गराएको छ।

बुद्धले आफ्नो उपदेशलाई मनुष्यमात्रामा सीमित नराखी सम्पूर्ण प्राणीहरूप्रतिको करुणाभावमा जोड दिएका थिए। उनले **बहुजनहिताय, बहुजनसुखाय**का लागि जुन उपदेश दिए त्यो तर्कशास्त्र, बुद्धि, विवेक, न्यायशास्त्र र प्रज्ञामा आधारित ज्ञान/उपदेशहरू कालान्तरमा बौद्धधर्म दर्शनको रूपमा स्थापित भए। उनको यो धर्म दर्शनले मनुष्यहरूको स्वतन्त्रता समानता तथा स्वाभलम्बनलाई जोड दिएको छ। बुद्धले आफ्नो जीवनकालमा कुनै पनि चिजको उत्पत्ति, परिवर्तन, तिनीहरूबीचको सम्बन्ध र सञ्जालन, पुनर्जन्म, चारआर्यसत्य, आष्टाङ्गिक मार्ग, अनित्य, दुःख, अनात्मा, अतीश्वरवाद, पदार्थ, अनुभव, प्रतीत्यसमुत्पाद, पञ्चस्कन्ध, पारमिता, कुशलाकुशलकर्म, चारमार्गफलः, (स्रोतापन्न, सकृतदगामी, अनागामी, अर्हत), लोकतन्त्र व्यक्तित्व तथा चरित्र निर्माण, ध्यान, चेतनाका साथै वस्तुहरूको कार्यकारण अन्तर सम्बन्ध आदिका बारेमा उपदेश दिएका थिए जुन पछि गएर बुद्धधर्म दर्शनका मुलभूत सिद्धान्तका रूपमा विकसित भए।

बुद्धका यिनै उपदेशहरूमध्ये बौद्धधर्म दर्शनभित्र अलौकिक सिद्धान्तका रूपमा स्थापित त्रिलक्षण अनित्य दुःख अनात्माको बारेमा सामान्य चिनारी लिऔं -

गौतम बुद्धले आफुले अनुभव गरेको ज्ञानलाई सबैका निम्ति उपदेशका रूपमा प्रदान गर्दै ४५ वर्ष बिताए। यही क्रममा उनले सम्पूर्ण जगत्, सारा मानव प्राणीलाई दुःखको शाश्वत सत्यबाट माथि उठाउन र प्राणीहरूलाई अल्झाइरहने दुःखको जालोबाट सदाका लागि मुक्ति दिलाउनका लागि विशेष गरी तीन कुरामा जोड दिएर उपदेश दिने गर्दथे, यी उपदेशलाई बुद्धधर्म दर्शनमा महत्त्वपूर्ण रूपमा लिने गरिन्छ। यी तीन उपदेशलाई यहाँ त्रिलक्षण अनित्य, दुःख, अनातमा भन्ने गरिन्छ। यी तीन कुराहरूको पूर्ण ज्ञानविना न त बौद्धधर्म दर्शनलाई बुझ्न सकिन्छ न त बुद्धधर्म दर्शनलाई आफूले जीवनमा पालन गरेर नै सार्थक ठहरिन्छ।

१. अनित्य

विश्वका सम्पूर्ण पदार्थहरू अनित्य छन्। यस्ता कुनै पनि वस्तुहरू विद्यमान छैनन् जो स्थायी रूपले अस्तित्वमा रहनु, यहाँसम्म कि संसार पनि गतिशील छ, निरन्तर परिवर्तनशील छ, स्थिर र जड होइन अनित्य र चलायमान छ। यसको अर्थ सबै वस्तुहरू सदैव फेरिरहन्छन्। बुद्धकानुसार प्रत्येक वस्तु क्षणिक छन्, अस्थायी छन्। सजीव पनि अनित्य छ, निर्जीव पनि अनित्य छ, सुख-दुःख पनि स्थायी छैन। प्रज्ञाको दृष्टिले हेर्नुपर्छ सबै अनित्य छ, समुद्रको छालजस्तै।

धम्मपदमा पनि भनिएको छ - **जुन नित्य तथा स्थायीजस्तो देखिन्छ त्यो पनि नाशवान् छ, जो महान्जस्तो भान हुन्छ, उसको पनि निश्चित रूपमा पतन हुन्छ।**

अनित्यता शाश्वतवाद र उच्छेदवादको बीचको मार्ग हो। यी दुई मतलाई छोडेर बुद्धले मध्यमार्गको उपदेश दिए जीवन परिवर्तनशील छ भने जीवनलाई परिवर्तनशील भनेर बुद्धले सत् र असत्को बीचमा समन्वय गरेका छन्।

समग्रमा भन्दा संसारका समस्त भौतिक पदार्थ, चेतना, इच्छा, अनुभव, संवेदना आदि क्षणिक, अनित्य र अनन्तः परिवर्तनशीछ छन्। कहिल्यै जड रूपमा रहँदैनन्।

२. दुःख

गौतम बुद्धले पत्ता लगाएको (अनुभव गरेको) प्रथम सत्य नै दुःख थियो। संसारका प्रत्येक घटना तथा कार्यहरू दुःखको अधिनमा छन्। त्यसैले सम्पूर्ण संसार नै दुःखमय छ। वास्तवमा भन्ने हो भने जन्मनु, वृद्धावस्था हुनु, मृत्यु हुनु, शोक, परिवेदना, उदासीनता, हैरानी सबै नै दुःख हुन्। नचाहेको वस्तुसँगको समागम प्रिय वस्तुसँगको वियोग, चाहेको नमिल्नु सबै दुःख हो। संक्षेपमा भन्नुपर्दा रागबाट उत्पन्न पञ्चस्कन्ध नै दुःख हो। तसर्थ संसारमा दुःखको राज्य छ। यसको निरोध नै मानव जीवनको लक्ष्य हो। काम तथा तृष्णाको कारण जगत्को उत्पत्ति हुन्छ। तृष्णा आदि क्लेशहरूको जड वा मूल अविधा हो जबसम्म अविद्याको नाश गरिदैंन तबसम्म दुःखको नाश गर्न सकिँदैन। यसका लागि प्रज्ञाको आवश्यकता पर्दछ। प्रज्ञा नै दुःखको विनास गरि निर्वाणसम्म पुग्नका लागि आवश्क पर्ने साधन हो। यसप्रकारले बुद्धले संसारलाई दुःखमय बताउँदै संसारको

दुःखमय जीवनबाट छुट्कारा पाउन सकिन्छ त्यो केवल प्रज्ञाज्ञानबाट मात्र सम्भव छ भन्ने कुरासमेत बताएका छन् ।

३. अनात्मा

बुद्धको उपदेश अनुसार संसारका सम्पूर्ण वस्तुहरू क्षणिक छन् । कुनै पनि वस्तु दुईपलसम्म एउटै रहन सक्दैन आत्मा पनि अरु वस्तु जस्तै एक वस्तु हो र यो पनि परिवर्तनशील छ । यदि आत्माको अर्थ नित्य स्थायी तत्त्वमा विश्वास गर्नु हो भने बुद्धको मत वा उपदेशलाई अनात्मवाद भन्नुपर्दछ । किनकि उनका अनुसार स्थायी तत्त्वमा विश्वास गर्नु एउटा भ्रम मात्र हो । बुद्धले शाश्वत आत्माको निरोध गर्दै भनेका छन् कि विश्वमा न त कुनै आत्मा छ, न आत्मा जस्तो अन्य कुनै वस्तु । आत्मा छ भनी विश्वास गर्नु भनेको कुनै कल्पित युवतीप्रति प्रेम वा आशक्ति राख्नुजत्तिकै हास्यास्पद कुरा हो । त्यसैले आत्मा अनित्य छ, यो अस्थायी शरीर र मनको समिश्रण मात्र हो । बौद्ध धर्मोपदेशक नागसेनले आत्माको स्वरूपको व्याख्या गर्दै भनेका छन् कि धुरी चक्का, (पाङ्ग्रा) रसी, छड आदिको संघात (मिश्रणबाट) विशेषको नाम रथ हो । उसै गरी पाँचस्कन्धहरूको संघात नै आत्मा हो । अर्थात् आत्मा पाँच स्कन्धहरूको समष्टिको नाम हो । स्कन्धहरू परिवर्तनशील हुने कारणले गर्दा आत्मा पनि परिवर्तशील छ ।

संक्षेपमा भन्नुपर्दा अनात्माको अर्थ यो हुन्छ कि जगत्का सम्पूर्ण पदार्थहरूको स्वरूप शून्य हुन्छ । पञ्चस्कन्धादि सारा धर्मको स्वभाव अनात्मा छ । म र मेरो भन्ने केही छैन । सबै शून्य स्वभाव छ । जसको अस्तित्व क्षणिक मात्र हुन्छ । आत्मा सबै कामनाहरूको केन्द्रबिन्दु मात्र हो र यो बौद्धिक चिन्तनको स्वरूप हो ।

अतः त्रिलक्षणको सम्बन्धमा उपरोक्त अध्ययनबाट के स्पष्ट हुन्छ भने बौद्धधर्म दर्शनमा अनेकन् सिद्धान्त रहेता पनि त्रिलक्षणको आफ्नो महत्त्वपूर्ण स्थान रहेको छ । यसले बौद्ध दर्शनको मौलिकतालाई आमजनमानसमा प्रष्टाउनका लागि महत्त्वपूर्ण सहयोग गरेको छ ।

सन्दर्भसामग्री :-

१. सिन्हा, डा. हरेन्द्र प्रसाद, धर्म दर्शनकी रूपरेखा, मोतीलाल वनारसीदास, दिल्ली, २००९
२. आचार्य बलदेव, बौद्धदर्शन मीमांसा, चौखम्बा विद्याभवन, वाराणसी, १९९९
३. महापण्डित राहुल सांस्कृत्यायन, बौद्ध संस्कृति, सम्पक प्रकाशन, नई दिल्ली, २०११
४. पो. रामशङ्कर त्रिपाठी, बौद्ध दर्शन प्रथान, केन्द्रीय उच्च शिक्षा संस्थान, १९९७
५. मिलिण्ड प्रश्न, दि कारपोरेट वाँडी अफ दि बुद्ध एज्युकेशनल फउण्डेशन, ताइवान, २००१
६. R. puliqa, Buddhism: Foundation of Indian Philosophy.
७. E. Dalf saunders. Buddha and Buddhism Siyanda U salamander. The Three Chracteristics. Inward path Publisher, Malaysia, 2001

❀❀❀

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक तथा
शारदा उच्च माध्यमिक विद्यालय परिवार
तिलगङ्गा, काठमाडौं

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

दलबहादुर सिञ्जाली
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

बुद्धको कुण्डली एक समीक्षण

■ शालिग्राम ढकाल
वाल्मीकि विद्यापीठ

मानवबाट महामानव बनेका, जीवबाट शिव बनेका, नरबाट नारायण बनेका र बुद्धुबाट बुद्ध बनेका त्यस्ता महापुरुषहरू कुनै युगमा भगवान्‌को अंश लिएर प्रादुर्भाव हुन्छन् र औंलामा गन्न सकिने मात्र हुन्छन् । मानवले मानवलाई गर्ने मानवताको व्यवहार मात्र नभएर सम्पूर्ण प्राणीमा दयाको दृष्टिले, आत्मीयताको आलोकले, आनन्दको आस्वादले अनुभूत गर्दै जीवनको सार्थकता दिलाउने महामानव हुन् गौतम बुद्ध । हुन त पूर्वपूर्व जन्मजन्मान्तरको पुण्यपुञ्जको परिपाक स्वरूप असल मानव चोला मिल्दछ । तर मानव चोलाको वास्तविक असल सार्थकता वहन गर्छ कि गर्दैन भन्ने कुरा उसको गर्भाधानकालिक कुण्डली वा जन्मकुण्डलीबाट हस्तामलकवत् बुझ्न सकिन्छ ।

वास्तवमा जन्मकुण्डली त्यो हो जसले तीन जुनीको विवरण प्रस्तुत गर्दछ अर्थात् आगत,विगत र अनागतको नालीबेली पेश गर्दछ । साथै कायिक, वाचिक र मानसिक अवस्थाको समष्टिगत रूपलाई नियाल्दछ ।

भगवान्‌का अंशावतार बुद्ध धर्मका प्रवर्तक गौतम बुद्धको जन्म कुण्डली यसप्रकार छ –

गौतम बुद्धको कुण्डली



कुण्डली दर्पण, डा. नारायणदत्त श्रीमाली

गौतम बुद्धको कर्कट लग्न रहेको छ । कर्कट लग्न एक राजयोग कारक लग्न हो । लग्नेश चन्द्रमा केन्द्रवर्ती भएको हुनाले र मेष राशीको सूर्य उच्च भई राज्यभावमा अवस्थित हुनाले उनको जन्म राजकुलमा राजकुमारको रूपमा भएको हो । भनिएको छ -

कर्कट जायमानस्य चन्द्रो लग्ने स्थितो यदि ।
मेषस्थितो यदि रवी राजयोग उदीरितः ॥

-१३, कर्कलग्न, भावार्थ रत्नाकर

प्रस्तुत कुण्डलीमा ग्रहाधिप सूर्य उच्च भई मंगल बृहस्पतिजस्ता मित्रग्रहले युक्त भएर दशमभावमा बसेको छ । बुध आगमभावमा मित्रक्षेत्री बनी बसेको छ । उच्चस्थराहुकेतु बारौं र छैटौं भावमा अवस्थित छन् । समक्षेत्री शुक्र मित्र शनिका साथै समग्रह मंगल, बृहस्पति र शत्रु सूर्यसँग आस्पद वा गगन भावमा रहेको छ । त्रिकोणेश मंगल र बृहस्पति केन्द्रवर्ती भएका छन् जुन अत्यन्त शुभकारक मानिन्छ । लघुपाराशरीरको राजयोगाध्यायमा भनिएको छ-

त्रिकोणाधिपयोर्मध्ये सम्बन्धो येन केनचित् ।
केन्द्रनायस्य बलिनौ भवेद्यदि सुयोगकृत् ॥

भाग्येश र दशमेश एउटै भावमा बस्नाले विशिष्ट राजयोग बन्दछ । प्रस्तुत कुण्डलीमा भाग्येश बृहस्पति र दशमेश मंगल बली भई दशम भावमै भएकाले प्रबल राजयोग बनेको छ ।

निवसेतां व्यत्ययेन तावुभौ धर्मकर्मणोः ।
एकत्रान्यतरो वापि वसेच्चेद्योगकारकौ ॥

-लघुपाराशरी राजयोगाध्याय -१६

कुनै एकै भावमा चतुर्ग्रह बसेका छन् वा अझै बढी ग्रह बसेका छने भने प्रबल राजयोग हुन्छ तर चार वा चारभन्दा बढी ग्रहका साथ राज्येश केन्द्र वा त्रिकोण भावमा बलशाली भएर बस्दछ भने जातक सांसारिक गतिविधि देखि विरक्त हुन्छ । चाहे राजानै किन नहोस् बिरक्तिएर घरबार त्याग गर्दछ अनि काम्यकर्मलाई छोडेर संन्यास धर्म ग्रहण गर्दछ । किनकि संन्यास भनेको काम्यकर्मको विराम हो,सङ्कल्पविकल्पात्मक मनले काम्यभाव नलिनु हो भने त्याग गर्नु भनेको कर्मफल छोड्नु हो भनिएको छ -

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥

श्रीमद्‌भागवद्‌गीता १८,२

यसरी विरागी र त्यागी भई जसले संन्यास धर्मग्रहण गर्दछ त्यो मुक्त हुन्छ ।

ग्रहैश्चतुर्भिः सहिते तदीशे
केन्द्रत्रिकोणोपगतैस्तु मुक्तः ।
चर्तुग्रहैः कर्मगतैः प्रवज्यां
प्राप्नोति जातः कथितो मुनीन्द्रैः ॥

जातक पारिजात
१५।२५

गौतम बुद्धको कुण्डली सोही अनुरूप ग्रहसंयोग भएकाले उपयुक्त घटना घटित भएको स्पष्ट हुन्छ ।

पुत्रकारक ग्रह वा पञ्चमेश मङ्गल दशौं भावमा स्वगृही भई बसेको छ, त्यसैले उनलाई पुत्रप्राप्ति त भयो तर पञ्चम भावबाट छैटौं भावमा बसेकाले पुत्रसुखको स्थायित्व भएन अर्थात् पुत्रलाई त्याग गर्ने अवस्था आयो । अर्कोतर्फ सप्तमेश शनि पनि पञ्चमेश र दशमेशसँग दशमस्थानमै अरु सूर्य, बृहस्पति र शुक्रका साथ बसेको छ र शनिको पूर्ण दृष्टि पत्नीस्थान, सप्तम भावमा परेको छ जसको प्रभावस्वरूप पत्नीसुखलाई पनि उनले चिरस्थायी मानेनन् । परिणामतः सर्वम् दुःखम् सवर्म् क्षणिकम् भन्ने निष्कर्षका साथ मध्यरातमा सम्पूर्ण परिवारका साथ पूरै राजपाट त्याग गरेर निस्किएका हुन् ।

लग्नेश चन्द्रमा चौथो भावमा बस्नाले गृहसुख प्राप्त भए तापनि चतुर्थेश शुक्र पीडितावस्थामा दशम भावमा बसी पूर्ण दृष्टिले चौथो भाव हेर्नाले गृहसुखले स्थिरता पाएन । द्वितीयेश सूर्य उच्चस्थानमा मित्रयुति भई दोस्रो स्थानदेखि भाग्यस्थानमा बस्नाले भाग्यशूर योग बन्दछ जसको परिणामस्वरूप वाणीद्वारा भाग्यनिर्माण हुन्छ । भाग्यभाव साधनाको भाव हो, तपस्याको भाव हो , धार्मिक क्रियाकलापको भाव हो । बुद्धको सोही धर्मभाव वा भाग्यभावको प्रबल प्रभावले तपस्यामा तल्लीन हुने अन्तःप्रेरणाबाट अनुप्राणित भए ।

सौम्ये चराद्यभागस्थे भाग्येशे बलसंयुक्ते ।
गुरुशुक्रयुते दृष्टे जपध्यानसमाधिमान् ॥

जातक पारिजात १४। १०१

ज्ञानभावको स्वामी मंगलको बलवत्ताको कारणले सोही तपस्याबाट बुद्धत्व प्राप्त गरे । छैटौं भावाधिपति देवगुरु बृहस्पति, दैत्यगुरु शुक्रसंयोग भई बस्नाले केही शत्रुहरूले उनको विरोध गरे पनि, बकम्फुस्रे भने पनि अन्तमा तिनै शत्रुहरू वा विरोधीहरू आफ्ना परम भक्त बनेका छन् ।

बृहस्पतिको बलवत्ताको प्रभावले विशिष्ट धर्मगुरु बनेका बुद्ध कर्मभावकै शनि तथा शुक्रको प्रभावले विवादित बने तर सोही भावको सूर्य, मङ्गल र बृहस्पतिको युतिबलले विवादका बावजुद पनि सफल बने ।

समग्रमा प्रस्तुत कुण्डली विशिष्ट राजयोग भइकन पनि प्रभावशाली पूज्य धर्मगुरु बनेका हुन् भन्न सकिन्छ ।

❀ ❀ ❀

काठमाडौं

कविता

गौरव विडारी 'पालुङ्गे'
वाल्मीकि विद्यापीठ

हे हामी जनता विचार नगरी गाऊँ यसै छोड्दछौं ।
के खोजी गरदै मसान शहरी वातावरण् रोज्दछौं ।।
काँ खुट्टो अब राखने ल जमिनै खाली कहाँ पो रछन् ।
काठ्माण्डौं अव थाक्छ चाल नदिई भोकै कती मर्दछन् ।।१।।

पानीको अवसान कुर्न नसकी धारो नि फूटीरहे ।
आऊला विजुली भनेर घरमा ती चीम भुण्डीरहे ।।
छोईनै अव साध्य छैन चिजको मान्छेहरु भन्दछन् ।
काठ्माण्डौं अव थाक्छ चाल नदिई भोकै कती मर्दछन् ।।२।।

पैसाकै भरमा यहाँ दिंनहरू जागा भई बस्दछन् ।
वासीभात् पनि राज मानिकन याँ ताजा भई हाँस्दछन् ।।
बाठले जसरी कहन्छ उसरी लाटा उतै फस्दछन् ।
काठ्माण्डौं अव थाक्छ चाल नदिई भोकै कती मर्दछन् ।।३।।

आमाको गहना लुटेर धनको मालिक् यहाँ बन्दछन् ।
खुल्ला हृदय हो उदार मनको खाली यहाँ शून्यछन् ।
मान्छे नै सव बैरि हो भनिकनै पासो यहाँ थाप्दछन् ।
काठ्माण्डौं अव थाक्छ चाल नदिई भोकै कती मर्दछन् ।।४।।



प्रतीत्यसमुत्पाद

■ रमादेवी भेटुवाल
वाल्मीकि विद्यापीठ

विक्रम पूर्व ५०५ मा वैशाख पूर्णिमाको दिन नेपालको लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लामा राजा शुद्धोदन र रानी महामायाका सुपुत्र भई जन्मेका सिद्धार्थ गौतम आज संसारभरि भगवान् गौतम बुद्धका नामले प्रसिद्ध छन् । उनको जन्म भएको ६-७ दिनपछि उनकी माताको परलोक भएको थियो । उनको लालनपालन रानी प्रजावतीबाट भएको थियो । त्यस समयअनुसारको शिक्षा लिने क्रममा सम्पूर्ण विद्यामा पारङ्गत हुनका लागि उनलाई १९ वर्ष लाग्यो । यसैका बीच देवदहकी राजकुमारी यशोधरा (गोपा) देवीका साथ उनको विवाह भयो । उनी जन्मेको समयमा ज्योतिषीहरूले यो बालकमा वैराग्य उत्पन्न हुन्छ र विरक्ति स्वभाव रहन्छ भन्ने कुराको भविष्यवाणी गरेका थिए । राजसी भोगविलासबाट टाढा रही यसको चित्तवृत्तिमा सदा वैराग्य उत्पन्न हुन्छ भनी ज्योतिषिहरूले भनेको कुरा उनको जीवनमा सत्य भएको छ । यो संसारदेखि उनलाई स्वाभाविक अरूचि पैदा भएर उनी एकदिन सहर छाडेर भ्रमण गर्न हिंडे । त्यो भ्रमणमा उनले एक वृद्ध पुरूषलाई देखे । एक रोगी व्यक्तिलाई देखे, एउटा शव (मुर्दा) लाई देखे र एउटा संन्यासीलाई देखे । यो देख्दा उनको मनमा वैराग्य उत्पन्न भयो र यो सांसारिक प्रपञ्च क्षणभङ्गुर (क्षणिक भर) रहेछ भन्ने उनको मनमा पस्यो । अतः २९ वर्षको उमेरमा आफ्नी युवती पत्नी र नवजात शिशुको आनन्दमय अवलोकन तथा विशाल साम्राज्यको उपभोगलाई लात मारेर उनी जङ्गलतिर ध्यान गर्न गए । उनको यो गृह त्यागनै 'महाभिनिष्क्रमण'का नामले प्रसिद्ध छ ।

> अस्मिन् सति इदम् भवति'। अर्थात् जगत्का सबै वस्तुमा वा घटनामा कार्यकारणको नियम लागु हुन्छ । एउटा वस्तु हुनेबित्तिकै त्यसका लागि अर्को दोस्रो वस्तु उत्पन्न भएकै हुन्छ । विनाकारण वस्तुको उत्पति हुनै सक्दैन । यो कार्यकारणको नियम अटल र अमिट रूपमा रहेको छ । "देश, काल र विषय' यी तिनै विषयमा यो नियम लागु हुन्छ ।

'कोशल' र 'मगध' देशका जङ्गलमा उनी गुरूको खोजीमा हिंडिरहे । यसै क्रममा 'आराडकलाम' नामक गुरुसँग उनको सक्षात्कार भयो । यिनै गुरुले उनलाई आध्यात्मिक मार्गको शिक्षा दिए जुन 'सांख्य' सिद्धान्तसँग अनुकूल थियो । धेरै कठोर तपस्या गर्दा उनको शरीर सुकेर हाड र छाला मात्र बाँकी रह्यो । त्यसपछि उनी बुद्धगयाको 'उरूवेला' भन्ने स्थानमा गई ध्यान मग्न भए जहाँ उनलाई चार आर्यसत्यको ज्ञान भयो । अर्थात् उनले बुद्धत्व प्राप्त गरे । यो घटना विक्रम पूर्व ४७१ वैशाख पूर्णिमाको दिन घटित भएको थियो । त्यतिखेर उनी केवल ३५ वर्षको उमेरका नवयुवक थिए । गौतम बुद्धले बुद्धत्व प्राप्त गरेका कारण नै त्यस ठाँउलाई बोधगया भनिएको हो ।

भगवान् गौतम बुद्धले बुद्धत्व प्राप्त गरेलगत्तै आषाढ पूर्णिमाको दिन काशीकै समीपमा रहेको मृगदाव (इसिपतन सारनाथ) मा कौडिन्यादि पञ्चवर्गीय भिक्षुका सामु आफ्नो धर्मको प्रथम उपदेश दिए । यो उपदेश दिने कार्यक्रमलाई बौद्ध साहित्यमा 'धर्मचक्रपवर्तन' भनेर चिनिन्छ । यसै क्रममा भगवान् बुद्धले आफ्नो शेष आयु यंही बुद्ध धर्मको प्रचार प्रसारमा नै बिताए । आफ्ना भिक्षुहरूलाई संघको व्यवस्था गर्दै आफ्नो नगरमा उनले आदर्श गणराज्य स्थापित गरे । उनका सम्पूर्ण विनय (उपदेश) हरू विनयविटकमा सङ्ग्रहित छन् । पण्डितका संस्कृत भाषालाई परित्याग गरी उनले बुद्धधर्म प्रचार-प्रसारका लागि जनताको हृदयले छुन सक्ने गरी तत्कालीन समयको लोकभाषा (पालि)को आश्रय लिए । अन्ततः विक्रमपूर्व ४२६ को वैशाख पूर्णिमाको दिन ८० वर्षको उमेरमा मल्ल गणतन्त्रको राजधानी कुशीनगर (आधुनिक कसया, जिला गोरखपुर) मा भगवान् बुद्धले निर्वाण प्राप्त गरे । यसप्रकार बुद्ध धर्मको इतिहासमा वैशाख पूर्णिमाको तिथि बडो पवित्र मानिन्छ कि भगवान् बुद्धको जन्म, सम्बोधि र निर्वाण सम्पन्न यसै तिथिमा भएको थियो । त्यस्तै लुम्बिनी, बोधगया, सारनाथ र कुशीनगर अत्यन्त पवित्र स्थल मानिन्छन् । भगवान् बुद्ध आचार मार्गको उपदेश दिने कुरामा सदा व्यस्त देखिन्छन् । परन्तु उपदेशहरू दार्शनिक छन् । उनको दार्शनिक चिन्तनमा 'प्रतीत्यसमुत्पाद' बौद्ध सम्प्रदायको मुख्य चुराको रूपमा रहेको छ । 'प्रतित्यसमुत्पाद' एउटा मानविय सिद्धान्त हो । यसलाई बौद्धधर्मको आधारपीठ मानिन्छ । 'प्रतीत्यसमुत्पाद'को अर्थ सापेक्ष कारणावाद हो । प्रतीत्य (प्रति इ गतौ ल्यप्) भनेको कुनै वस्तु प्राप्ति हुनका लागि र समुत्पाद भनेको अन्य वस्तुको उत्पत्ति हुनु

हो । यस प्रसङ्गमा भगवान् बुद्धले भनेका छन्- 'अस्मिन् सति इदम् भवति'। अर्थात् जगत्का सबै वस्तुमा वा घटनामा कार्यकारणको नियम लागु हुन्छ । एउटा वस्तु हुने बित्तिकै त्यसका लागि अर्को दोस्रो वस्तु उत्पन्न भएकै हुन्छ । विनाकारण वस्तुको उत्पत्ति हुनै सक्दैन । यो कार्यकारणको नियम अटल र अमिट रूपमा रहेको छ । 'देश, काल र विषय' यी तिनै विषयमा यो नियम लागु हुन्छ । देवता, राक्षस, मनुष्य आदि जे जति यो संसारमा प्राणिहरू छन् ती सवैले यो नियम(कार्यकारण) उल्लङ्घन गर्न सक्दैनन् । स्वयं भगवान् तथागत पनि यो नियमबाट बाहिर जान सक्दैनन् ।

भूत-वर्तमान र भविष्य यी तिनै कालमा यो कार्य कारणको नियम लागू हुन्छ । बौद्ध दर्शनका अनुसार कारणको चक्र अनन्त तथा अनादि रहेको छ । यसबाट कि यो संसार चलाउने पनि कुनै कारण छ भन्ने कुरो होइन तर यो नियम सबै विषयमा परिचालन हुन्छ भन्ने बुझ्नुपर्छ । यसको अपवादमा केवल असंस्कृत धर्म रहेको छ जो नित्य तथा अनुत्पन्न मान्दछ । समस्त संस्कृत धर्म रूप,चित्त चैत्तसिक वा चित्तविप्रयुक्तधर्म हो जुन हेतु प्रत्ययकै कारणबाट उत्पन्न हुन्छ । यो तीन कालमा हुने महान् नियम न त भगवान् बुद्धले परिवर्तन गर्न सके न त भविष्यमा कसैले परिवर्तन गर्ने सामर्थ्य गर्ला । यही नै बुद्ध धर्मको ठूलो विषेशता रहेको छ। अन्य धर्ममा यो नियम आशिंक रूपमा मात्र लिएको पाइन्छ तर बौद्ध धर्ममा भगवान् बुद्ध स्वयं नै सर्वसाधरण व्यक्ति भएर यस नियममा बद्ध भएका छन् ।

यहाँ एउटा ध्यान दिनुपर्ने कुरा छ कि विनाकारण कार्यको उत्पत्ति हुनै सक्दैन भन्ने बौद्ध सम्प्रदायको ठहर छ । प्रत्येक धर्म दुईओटा कारणको परस्परमा मिलनको फल हो । सम्भवतः यस नियमको व्यवस्था ईश्वरवादको खण्डनको आरम्भमा भएको थियो परन्तु यस सिद्धान्तका सम्बन्धमा दृढ हुन गयो कि वाह्य उपकरणको सहायता कार्यको उत्पत्तिका निमित्त 'कारण' सर्वदा वाञ्छनीय हुनेछ । अतः यो कुरो भन्नचाहिँ ठीक हुँदैन कि प्रत्येक कारणबाट आवश्य नै कार्य उत्पन्न हुनेछ । तर, अनेक कारण अनुकुल उपकरणको अभावमा फल व्यवस्था प्रँप्त गर्न सकिँदैन । त्यसकारण हेतु तथा बाह्य अनुकूल उपकरणको परस्पर सहयोगले कार्यको उदय हुन्छ भन्ने कुरा बौद्ध मतको रहेको छ ।

पालि निकायमा कार्यकारणको विषेश अनुसन्धान उपलब्ध छैन । अस्मिन् सति इदम् भवति । यस प्रसङ्गमा हेतु र प्रत्यय शब्दको प्रयोग एकै साथ गरिएको छ। हेतु र प्रत्ययको शब्दको अर्थ विभिन्न वादहरूले विभिन्न ढंगले लगाएका छन् । सर्वास्तीवाद तथा योगाचारका अनुसार हेतुप्रत्यय शब्दको अर्थ - हेतु मुख्य कारण र प्रत्यय समवायी(गौण) कारण (हेतुमन्य प्रति अयते गच्छतीति इतर सहकारिभिर्मिलितो हेतुः प्रत्ययः) हो । जस्तै उदाहरणका लागि भूमि, वायु,जल, सूर्य आदिको सहयोगले बीज अङ्कुर भएपछि ठूलो वृक्ष बन्दछ । यहाँ बीज 'हेतु' हो । भूमि, बायु, जल, सूर्य आदि प्रत्यय हुन् । यसरी भूमि,जल, वायु,सूर्य आदिको सहयोग विना कुनै हालतमा पनि बीज अङ्कुर हुन सक्दैन । बीज अङ्कुर नभई वृक्षं हुने त कुरै भएन । त्यो वृक्षमानै फल लाग्ने हो । त्यस्तै सर्वास्तिवादिका अनुसार हेतु तथा प्रत्ययको सङ्ख्या ४ बताएका छन् भने फलको संख्या ५ बताएका छन् । प्रतीत्य समुत्पादको द्वादश अङ्ग रहेका छन् । जुन् एउटा कारणबाट उत्पन्न हुन्छ। यसलाई भवचक्र भनिन्छ । यस चक्रको कारणबाट संसार प्रमाणित भएको छ । 'प्रतीत्य समुत्पाद' का अङ्गहरू यस प्रकार छन् :-

१. अविद्या
२. संस्कार
३. विज्ञान
४. नामरूप
५. षडायतन
६. स्पर्शी
७. वेदना
८. तृष्णा
९. उपादन(राग)
१०. भव
११. जाति
१२ जरा(मरणम्)

उक्त द्वादश निदानको व्याख्या गर्ने क्रममा भिन्न-भिन्न सम्प्रदायमा पर्याप्त मतभेद पाइन्छ । द्वादश निदान तीन वटै जन्म भूत,वर्तमान र भविष्य (अतीत,अनागत, प्रत्युत्पन्नुः) मा रहनेछ भन्ने बौद्ध मत रहेको छ । सूरूका २ वटा निदान(जन्म,मरण) भविष्य जन्मसँग सम्बद्ध छन् । आचार्य वसुबन्धुले यसलाई 'त्रिकाण्डातमक' भनी श्लोकमा बताउँछन् :-

स पतीत्यसमुत्पादो द्वादशाङ्गस्त्रिकाण्डकः ।
पूर्वापरान्तयोर्द्वे द्वे मध्येष्टौ परिपूरणा ।।(अभि कोश ३र२०)

अतीत जन्म

१, **अविद्या** - पूर्व जन्मको दशाले अज्ञान, मोह तथा लोभको वशमा परी प्रँणी क्लेशबद्ध हुन्छ ।

२, **संस्कार** - पूर्व जन्मको दशाले अविद्याको कारण प्रँणी नराम्रा नीच कर्म गर्न पुग्छ ।

३, **विज्ञान** - जुन प्राणी माताको गर्भमा प्रवेश गर्छ र यस जीवनमा चैतन्य प्रँप्त गर्छ ।

४, **नामरूप** - यो गर्भमा रहेको भ्रुण (बुद्बुद) अवस्था हो । नामरूपको अभिप्राय भ्रुणको मानसिक र शारीरिक अवस्था हो जुन चार हप्तापछि सकिन्छ ।

५, **षडायतन** - आयतन . इन्द्रिय । जब भ्रुणबाट माताको उदरमा अन्य अवस्था आउछ तब शिशुका अङ्ग प्रत्याङ्गहरू तयार हुन्छन् ।

६, **स्पर्श** - यो शैशवको जुन दशा हो उ माताको शरीरबाट बाहिर आई बाहिरी जगतसँग आफ्ना इन्द्रियहरूको प्रयोग गर्दछ ।

७, **वेदना** - यो वेदनालाई सुख,दुःख न सुख न दुःख भनेर चिनिन्छ। वेदना तीन प्रकारको हुनछ । बालक जब वाह्य जगतमा स्पर्श गर्छ तब उसको उत्पन्न भएको वेदनामा अन्तर्जगतको ज्ञान जागृत हुन्छ । दश वर्षसम्म बालकको शरीर र मनको प्रवृति बद्ने भएकाले उसलाई कुनै विषयमा सुखको हुदैन ।

८, **तृष्णा** - वेदना हुनुभन्दा पछाडि प्राणिले सुख प्राप्त गर्न खोज्छ त्यहाँ तृष्णा उत्पन्न भइहाल्छ ।

९, **उपादान** - 'शालिस्तम्ब' सूत्रको अनुसार उपादानको अर्थ तृष्णाको बहुलता हो। जब युवक २०-३० वर्षको उमेरमा पुग्छ, उसको विषयमा कामनाहरू प्रवल रूपमा उठका हुन्छन् । उपादान अनेक प्रकारको हुन्छ। ती मध्ये मुख्य तीन वटा रहेका छन् - कामोपादन(स्त्री सँग आसक्ति),शीलोपादन(व्रतको आशक्ति),आत्मोपादन(आत्मालाई नित्य मान्ने आशक्ति) यी मध्ये आतमोवादन सबैभन्दा

प्रभावशाली रहेको छ ।

१०, भव - यस अवस्थामा मानिस आशक्तिका कारण नाना कर्म गर्न पुग्दछ । यही कर्मका कारण मनुष्य नयाँ जन्म लिने गर्दछ । यस वर्तमान जीवनमा मनुष्यले कस्ता कार्यकलाप सम्पन्न गरेको छ त्यसैको आधारमा अर्को जन्म लिने गर्दछ , पूर्व जन्मको 'संस्कार' र वर्तमान जीवनको 'भव' समान रूपमा देखिन्छ ।

भविष्य जन्म

११, जाति (जन्म) - भविष्यको जन्ममा जब मनुष्य माताको गर्भमा आउछ तब उसले आफ्नो दुष्कृत या सुकृतको फल पाउँछ ।

१२, जरा (मरणम्) - जब मानिस बृद्ध भएर मरण प्राप्त गर्दछ तब भविष्य जन्म प्राप्त गर्दछ । यसरी उत्पन्न स्कन्धको परिपाक नाम 'जरा' अर्थात् नाशको नाम 'मरणम' हो । यो अन्तिम निदान 'विज्ञान' र 'भव' निदानको निकट छ ।

यस श्रृङ्खलामा पूर्व कारणरूप र पर कार्य रूप रहेको छ । जरा मरणको उत्पत्ति जातिसँग हुन्छ । यदि जीवको जन्म नहुने हो भने जरामरणको पनि अवसर हुँदैन । जाति भवका कर्मको परिणाम हो । यसप्रकार मानव व्यक्तिको सत्तामा अविद्या मूल कारण जुन प्रथम निदान हो । हीनयानीका अनुसार उक्त निदानका कार्यकारण नियमको वर्गीकरण निम्नानुसार छन् ।

१, पूर्वको कारण र वर्तमानको कार्य

क, पूर्वको कारण - अविद्या तथा संस्कार

ख, वर्तमान कार्य -विज्ञान, नामरूप, षडायतन , स्पर्श एवम् वेदना

२, वर्तमानको कारण र भविष्यको कारण

क, वर्तमानको कारण - तृष्णा, उपादान एवं भव

ख, भविष्यको कार्य - जाति एवम् जरामरण

उक्त विवरणहरू स्थविरवादि र सर्वास्तिवादिहरूको पनि स्वीकार छ । किन्तु महायानीहरू यस भन्दा पृथक् छन् । ध्यान दिनुपर्ने कुरो यो छ कि माध्यामिकहरू परमार्थ सत्यको दृष्टिमा प्रतीत्यसमुत्पादको सिद्धान्त माने ठहऱ्याउँदैनन् तर व्यवाहारिक दृष्टि(साँस्कृतिक सत्य) मा मान्य स्वीकार्छन् । योगाचार मतवादि आचार्यहरू दुई किसिमले यस तथ्यको उल्लेख गरेका छन् । पहिलो मत अनुसार उनीहरूको दृष्टिमा द्वादश निदानको सम्बन्ध केवल दुई जन्ममा मात्र हुन्छ, तीन जन्मका साथ हुँदैन जसरी हीनयानीहरू मान्दछन् । सुरूदेखी क्रमशः १० निदानसम्म पूर्वजन्मको सम्बन्ध हुन्छ भने ११ र १२ औं निदान यस जीवनसँग सम्बन्धित हुन्छन् अथवा प्रथम १० निदान वर्तमान जीवनसँग र अन्तिम दुई निदान भविष्य जीवनसँग सम्बन्धित हुन्छन् । दाम्रो मत अनुसार यो जगत् 'आलय विज्ञान' मा विद्यमान बीजको विकास या विस्तृतीकरण हो भन्ने रहेको छ । एउटा वृक्षबाट वृक्षान्तर उत्पत्ति हुका लागि अनिवार्य रूपमा बीज चाहिन्छ । तर बीज सिधै वृक्ष हुदैन । बीज अङ्कुरित हुन सूर्य , पृथ्वी, वायु, जलको सहायता चाहिन्छ , यस दृष्टि अनुसार योगाचारीहरू निम्न ४ प्रकारका निदानहरू मान्दछन्:-

वर्तमान

१, बीज - उत्पादक शक्ति, अविद्या, संस्कार

२, बीज - विज्ञान, वेदना

३, बीजोत्पाद सामग्री - तृष्णा, उत्पादन तथा भविष्य

४, व्यर्थ काय- जाति, जरामरण

निदानको समीक्षा गर्दा योगाचारीमत पर्याप्त प्रमाणका साथ अवलम्बित छ , यो प्रतीत्यसमुत्पाद सिद्धान्त बौद्ध दर्शनको आधार - शिला हो । यो सिद्धान्त गहनतम रूपमा रहेकोले र यसमा सारगर्भित कुरा भएकाले विभिन्न दार्शनिकहरूले सबैको मन जित्ने गरी विवेचना गरेका छन् ।

सन्दर्भग्रन्थ सूची

१. उपाध्यायः बलदेवः, 'बौद्धदर्शन मिमांसा' वाराणसीः,चौखम्बा विद्याभवन, १९६८

२. उपाध्यायः, भरतसिंहः, 'बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन', प्रथम भाग, दिल्लिः

३. आचार्यः, नरेन्द्रदेवः, 'बौद्ध धर्म दर्शन', विहार राष्ट्रभाषा परिषद्, पटना-४,१९९१

४. अभिधर्मकोश (३/२०)

लोचन ज्योतिष एवम् वास्तु सेवा

के तपाईँलाई कुनै समस्या त छैन ?

यदि तपाईं निम्न मध्ये कुनै समस्याले पीडित हुनुभएको छ भने हामीलाई तुरन्त सम्झनुहोस्–

– वैदेशिक यात्रा, विवाह, विद्या, पेशा, पारिवारिक समस्या सम्बन्धि समाधान उचित परामर्श दिनेछौं ।

– पारिवारिक वेमेलको अन्त्यका लागि उचित परामर्श दिनेछौं ।

– तन्त्र–मन्त्र–यन्त्र, तथा जपका माध्यमबाट स्वस्ति शान्ति गरिदिनेछौं ।

– मानिस हराएको, झारफुक, छुट्टाउने–जुटाउने, तन्त्रात्मक वुटिको उपलब्ध गराउनेछौं ।

– ज्योतिष सम्बन्धि कुनै पनि कुराका लागि निसंकोच समस्याहरू लाई हामी समक्ष प्रस्तुत गरी सही र फलदायक समाधान पाउनुहोस् ।



ज्यो. पं. पोषणनाथ उपाध्याय
नयाँ वसपार्क अगाडि, दिपज्योति मार्ग गोङ्बु
समय ११–६ सम्म
फो. ९८४१४६४४५३

हेपिएका देवता

■ बालकृष्ण त्रिपाठी
आचार्य दोस्रो वर्ष
वाल्मीकि विद्यापीठ

धर्मकर्मका उग्र नियम र प्रचलनहरूले गर्दा अति नै श्रान्त तथा धर्मको गलत व्याख्याले भ्रान्त भएर अशान्तिमा रुमलिएको समाजलाई परमशान्ति र विश्रान्तिको अनुभूति दिलाउन भगवान् गौतम बुद्धले जन्म लिनुभएको हो । बुद्धलाई बौद्धहरूमध्ये कतिपयले बुद्धवंशका उत्कृष्ट सम्बुद्ध भन्दै अवतारका शृङ्खलालाई स्वीकारेर उनलाई अलौकिक देवता मान्छन् र कतिपयले केवल एक महामानवका रूपमा स्वीकार्छन् र उनका ज्ञानोपदेशहरूलाई महत्त्व दिन्छन् । बौद्धहरूमा अनेकन मतमतान्तरले गर्दा बुद्धका विषयमा पनि विविध विश्लेषण भएका देखिन्छन् । यसरी बुद्धका विषयमा बौद्धहरूमा नै पनि मतैक्य पाइँदैन ।

बुद्धलाई परापूर्वकालदेखि नै हिन्दूहरूले विष्णुका मुख्य दशावतारमध्ये नवौं अवतारका रूपमा पूर्ण रूपमा स्वीकारेका छन् । आज बुद्ध पूर्वमा मात्र होइन पश्चिममा पनि विभिन्न धर्मावलम्बीहरू र नास्तिक भनिएकाहरूबीचमा समेत आफ्नो प्रभावबाट प्रिय भइरहेका छन् । धर्मप्रतिको उनको स्पष्ट र उदार दृष्टिकोण, जातपातको अभाव र लकचदार व्यक्तित्वले गर्दा उनको कीर्तिको डिन्डिम दिग्दिगन्तमा घन्किरहेछ । उनको लोकप्रियतासँगै बौद्धधर्म पनि फैलिरहेछ, घुसिरहेछ, नयाँ नयाँ स्थानहरूमा । यसरी स्वयं नेपाल र भारतमा उत्ति धेरै नफैलिए पनि चीन, तिब्बत, कोरिया, जापानजस्ता थुप्रै देशहरूमा उनको तन्काइ या फैलाई बढिरहेछ ।

बुद्धले जीवनमा विविध आर्यसत्यहरूको अनुभूति गरे । विभिन्न शीलका सिद्धान्त ल्याएर विनय-विधान बनाए । दुःखमय जीवनलाई सन्तुलित बनाउन अष्टाङ्ग-मार्गको वकालत गरे । सङ्घे शक्तिः कलौ युगे यो भनाइ बुझेर नै उनले धार्मिक सङ्घको परिकल्पना गरेर बुद्धमय समाजका लागि सङ्गठित प्रयास सुरु गरे । बुद्ध कुनै जडयन्त्र थिएनन्, कुनै क्षुद्र शिष्य थिएनन् जसलाई साँघुरो परम्पराले नियन्त्रण गर्न सकोस, उनी, त सयौं क्षितिज पार गरेर सत्य तथ्यको मर्म खोतल्ने परमहंस थिए । उनी अपरिमेय प्रतिभामूर्ति थिए जसले आजसम्म पनि अरबौं मानिसहरूले हृदय र मस्तिष्कलाई हुँडलिरहेछन् परमज्ञानी नवनीतहरूका प्राप्तिका लागि ।

कुनै शङ्का छैन बुद्ध ईश्वर हुन्, महामानव हुन्, विश्वका ज्योति हुन् र शान्ति तथा अहिंसाका पर्याय हुन् । बुद्ध परम्परित अन्धविश्वासको अन्धकार हटाउने क्रान्तिकारी धर्मवीर हुन्, विद्रोही हुन्, त्यागी, विरागी महात्मा हुन् ।

यी सबै तथ्यहरू हाम्रा सामु घामजत्तिकै छर्लङ्ग छन्, तर बुद्धको दुःखमय यो संसारको दुःखद एउटा कुरा के हो भने यति हुँदाहुँदै पनि बुद्ध हेपिएका छन् । स्वयं हिन्दूहरू जसले बुद्धलाई विष्णुको अवतार मानेर पनि उनको सम्मान गरेका छैनन् । बौद्धहरू जसले आफ्नै आराध्यको उपासनामात्र होइन उपहाससमेत गरेका छन्, भने अरु उनका विपरीत भनेर चिनिएकाहरूको त कुरै के गर्नु ।

बुद्ध एक झिल्काबाट आगो बने अब उनबाट के हुन बाँकी छ र ? सहजता, शालीनता, शिष्टता, उदारता, नवीनता यस्ता अनेकौं विशेषता छन् उनमा । त्यस्ता बुद्धमाथि पनि किन विवाद, उपहास चलखेल भएको होला । यो बडो दुःखद कुरा छ ।

हिन्दूहरूले घोषणा गरेका छन्- बुद्ध भगवान्का राम र कृष्णपछिका कल्किअघिका नवौं अवतार हुन् विष्णुका । यो उनलाई जान्नु हो थोरै भए पनि । जब उनलाई भगवान्को अवतार मानिन्छ भने खोइ त उनका उपदेशहरूको पालना ? उनको आदेश विपरीत आज पनि किन कर्मकाण्ड, मूर्तिपूजा, जातपातजस्ता कुराहरूमा हिन्दूधर्म निरपेक्ष नभएको ? त्यसो होइन भगवान्को त पूजा गर्ने हो, उनको चरित्र र उपदेश त हामीजस्ता क्षुद्र मानिसले बुझ्नै सक्दैनौं नि । यस्तो कुरा गर्ने हो भने फेरि प्रश्न उठ्छ । किन अरु अवतारजस्तै बुद्ध अवतारको पूजा आजा हुँदैन ? किन हिन्दूहरूले उनका मन्दिर नबनाएका ? किन नलेखेका उनका नाममा पुराणहरू ? किन नजन्मेका बुद्धभक्त हिन्दूहरू ? यसरी विचार गर्दा प्रष्ट हुन्छ कि हिन्दूहरूले बुद्धको खास मान राख्न सकेका छैनन् । फेरि जब विश्वमा जनसंख्याको आधारमा धर्मका ठूलोपन तोक्ने व्यापारिक चलन चल्यो तब हिन्दूहरू लोभिए । हाम्रा अवतारी भगवान्को पूजा गर्ने बौद्धहरू कुनै नयाँ धर्मका होइनन् केवल हिन्दूका नै हुन् । पहिले त्यसै फाल्यो अहिले खोज्न थाल्यो भनेझैं अब बुद्ध पनि हिन्दूद्वारा साँच्चै आफ्ना देखिन थाले ।

उता बौद्धहरूको पारा उस्तै छ । बुद्धले सङ्घ र एकीकरणको नियम विधान गरे । आज उनीहरूमै खण्डीकरणको पराकाष्ठा छ । बुद्धले मूर्तिपूजाको विरोध गरे । तर, उनीहरूले संसारमा सबैभन्दा अग्ला, साना, ठूला, धेरै मूर्ति बनाएर सबै रेकर्ड तोडिसके । बुद्धको मित्रताको धज्जी उडाउँदै चीन तिब्बत वर्षौंदेखि भिँडिरहेका छन् । अहिंसाका हिमायती बुद्धका धर्म मान्ने तिब्बतीहरू राष्ट्रिय स्वतन्त्रताको भौतिक नारा दिएर आत्मदाहजस्तो सबैभन्दा कठोर हिंसा गर्छन् । शून्यवादी बुद्धका मागी खानुपर्ने भिक्षुहरू सबैभन्दा ठूलाठूला गुम्बामा सुखसुविधाको विलासी जीवन बाँच्छन् ।

यसरी बुद्धका आफ्नै र उनलाई आफ्नै भन्ने बौद्ध र हिन्दूहरूले समेत बुद्धको मान बढाउन सकेका छैनन् । तर यतिमै बुद्धको कीर्ति छेकिँदैन । बादलले ढाकेको सूर्य बादल वर्षेपछि झनै चम्किलो लाग्छ । आज पनि बुद्धलाई साँच्चै बुझ्ने र साँच्चै मान्ने मान्छेहरू बाँकी नै छन् । एकदिन संसारमा बुद्धका विचारहरूको फेरि पनि सही मूल्याङ्कन र समयसापेक्ष सुधार हुने नै छ । संसार फेरि बुद्ध बन्नेछ । हिंसा र अशान्ति हराउनेछ । मीठो मुस्कान, प्रेम, ममता, शान्ति र सौभाग्यले संसार फेरि अमृतले भरिएको प्रातःकालीन तलाउजस्तै मनमोहक बन्नेछ । अबको बुद्ध पूर्णिमाले हाम्रो यही सपना पूरा गरोस् ।

बौद्धधर्ममा सप्तविध अनुत्तर पूजाको महत्त्व

■ हरिओम दाहाल
उत्तरमध्यमा द्वितीय वर्ष
वाल्मीकि विद्यापीठ

महायान धर्ममा महाकरुणालाई सम्यक्सम्बोधिको साधन भनिन्छ। भगवान् बुद्धको चरित्रबाट नै महाकरुणाको उपयोगिता प्रकट भएको देखिन्छ। महावग्ग र ललितविस्तारमा वर्णन छ कि जब भगवान्‌लाई बोधिवृक्षको तल सम्बोधि प्राप्त भयो, तब धर्मदेशनामा उहाँको इच्छा थिएन। उहाँले सोच्नभयो कि प्राणीहरू अज्ञानान्धकारबाट आच्छन्न छन् र राग द्वेषबाट संयुक्त छन् अतः धर्मको प्रकाशलाई देख्न सक्दैनन्। यदि मैले धर्मोपद गरे भने पनि यिनीहरूलाई पनि सम्यक्ज्ञान प्राप्त हुँदैन। बुद्धको यो मानवलाई जानेर ब्रह्मा सहम्पतिलाई चिन्ता भयो कि यदि बुद्धले धर्मोपदेश गरेनन भने संसार नष्ट हुन्छ, फेरी कसले धर्मनदीको प्रवर्तन गरेर जीवताको तृष्णालाई उपशम गर्छ। यस्तो विचार गरेर ब्रह्मा बुद्धको सम्मुख प्रादुर्भाव भए र बुद्धलाई प्रार्थना गरेर तपाईं धर्मको उपदेश गर्नुहोस् नत्र जो मनुष्य दोषपूर्ण छन्, तिनीहरू धर्मको परित्याग गर्नेछन्। बुद्धले भन्नुभयो कि मैले गम्भीर र दुरुनबोध धर्म पाएको छु तर धर्मदेशनामा मेरो मन लाग्दैन।

अन्त्यमा ब्रह्माद्वारा विशेष प्रार्थना गरेपछि प्राणीलाई करुणा गरेर भगवान् बुद्धले बुद्धचक्षुद्वारा संसारलाई हेर्नुभयो र बुझ्नु भयो कि प्राणीहरू दुःखार्दित छन्। ब्रह्माजीको प्रार्थना स्वीकार गरेर सत्त्व कल्याणका लागि धर्मोपदेश गर्नुभयो। महायानका अनुगामि साधक निर्वाणका अधिकारी हुँदाहुँदै पनि भूत दयाबाट प्रेरित भएर संसारको उपकार गर्नका लागि आफ्नो यस अपूर्ण अधिकारलाई पनि परित्याग गर्न तत्पर रहन्छन्। जहाँ हीनयानका अनुगामी केवल आफ्नो दुःखको अत्यन्त निरोध चाहन्छन्, त्यहाँ महायान धर्मका साधक बुद्धका समान स्वकीय मात्र होइन कि सत्त्वसमूहको जन्म मरणादि दःखको पनि अपनयन चाहन्छन्। यसै कारणले महायान ग्रन्थमा सप्तविध अनुत्तरपूजाको महत्त्व विशेष मान्दछन्।

बोधचित्तको उत्पाद गर्नका लागि सप्तविध अनुत्तर पूजाको विधान रहेको छ। धर्मसङ्ग्रहअनुसार यस लोकोत्तर पूजाको सात अङ्ग यस प्रकार रहेका छन् बन्धना, पूजना, पापदेशना, पुण्यानुमोदन, अध्येषणा, बोधिचित्तोत्पाद र परिणामना। बोधिचर्यावतारका टिकाकार प्रज्ञाकरमतिको अनुसार यस पूजाको आठ अङ्गलाई यसरी देखाएका छन् बन्दना, पूजना , शरणमन, पापदेशना, पुण्यानुमोदन, बुद्धाध्येषण, याचना र बोधिपरिणामना।

बोधिचित्त ग्रहणका लागि पहिला बुद्ध, सद्धर्म तथा बोधिसत्त्व गणहरूको पूज ागर्न भनिन्छ। भगवान् मैले पुण्य गरेको छैन। म महादरिद्र छु, त्यसैले पूजाको कुनै सामग्री मसँग छैन। भगवान् ,तपाईं महाकारुणिक हुनुहुन्छ सर्वभूतहितमा रत हुनुहुन्छ। अतः यस पूजा प्रकरणलाई भगवन् ग्रहण गर्नुहोस्। अकिञ्चन हुनुको कारण आकाशधातुको जहाँसम्म विस्तार छ, त्यहाँसम्म निरवशेष पुष्प, फल, भैषज्य, रत्न, जल, रत्नमय पर्वत, वनप्रदेश, पुष्पलता, वृक्ष, कल्पवृक्ष, मनोहर आदि जति पनि अरु उपहार वस्तुहरू प्राप्त छन् ती सबै वस्तुहरूलाई बुद्ध तथा बोधिसत्त्वहरूप्रति दान गर्दछु। यही अनुत्तर दक्षिणाहरू यद्यपि त्यो अकिञ्चिन छ, तर आत्मभाव उसको निजी सम्पत्ति हो, त्यसमा यसको स्वामित्व छ।. त्यसैले बुद्धलाई आत्मभावको समर्पण गर्दछ। भक्तिभावबाट प्रेरित भएर त्यो दासलाई स्वीकार गर्दछ। भगवान्‌को आश्रयमा आउनाले त्यो निर्भय भएको छ। त्यसले प्रतिज्ञा गर्दछ कि अब म प्राणीमात्रहरूको हितसाधन गर्दछु। पूर्वकृत पापलाई अतिक्रमण गर्दछु फेरी पाप गर्ने छैन।

मनोमय पूजाअन्तर्गत साधक बुद्ध, बोधिसत्त्व। त्यसले प्रतिज्ञा गर्दछ कि अब म प्राणीमात्रहरूको हितसाधन गर्दछु। पूर्वकृत पापलाई अतिक्रमण गर्दछु फेरी पाप गर्ने छैन। मनोमय पूजाअन्तर्गत साधक बुद्ध, बोधिसत्त्व, सद्धर्म, चैत्य आदिको जलबाट गीतबाध्यको साथ बुद्ध तथा बोधिसत्त्वहरूलाई स्थान गराउदँछु। स्नानान्तर निर्मल वस्त्रबाट शरीर सम्मार्जन गरेर सुवासित परचीवरलाई बुद्धप्रति प्रदान गर्दछु। दिव्य अलङ्कारबाट उनलाई विभूषित गर्दछु, उत्तमोत्तम गन्धद्रव्यहरूबाट शरीरलाई विलेपन गर्दछु। त्यसपछि उनलाई माला नैवेद्य अर्पण गर्दछु।

त्यो बुद्धधर्म र सङ्घको शरणमा जान्छ त्यसपछि आफ्नो सबै पापलाई प्रक्षालन गर्दछ। यसैलाई पापर्दशाना भनिन्छ। जुन कायिक, वाचिक, मानसिक पाप उसले स्वयम् गरेको छ अथवा अरुबाट गराएको छ अथवा जसको अनुमोदन गरेको छ। यी सबै पापहरूलाई त्यसले प्रकट गर्दछ। आफ्नो सबै पाप बुद्धसमक्ष प्रकाशित र भगवान्‌सँग प्राथना गर्दछ कि भगवान् मेरो रक्षा गर्नुहोस्। जबसम्म मैले पाप नष्ट नगरुँ, तबसम्म मेरो यो अनित्य जीवन विशेष आग्रह हो। म यो जान्दिन कि मलाई नरकादि दुःख भोग्नुपर्दछ। म यौवन, रूप, धनादिको मदबाट उन्मत्त थिएँ, त्यसैले मैले अनेक पापहरूको आर्जन गरें। मैले चारै दिशाहरूमा घुमेर हेरेंकि को यस्तो साधु छ, जसले मेरो रक्षा गर्छ। दिशाहरूको त्राणशून्य देखेर मलाई सम्मोह भयो र अन्त्यमा मैले यो निश्चित गरें कि बुद्धको शरणमा जाऊँ। किनकि यिनी सामर्थ्यवान् संसार रक्षाको निम्ति उपयुक्त छन्। म बुद्धद्वारा साक्षात्कृत धर्मको तथा बोधिसत्त्वगणहरूको पनि शरणमा जान्छु। म हात जोडेर भगवान्‌को सम्मुख आफ्नो समस्थ उपार्जित पापहरूलाई प्रक्षालन गर्न चाहन्छु र प्रतिज्ञा गर्छु कि आजबाट कहिलै पनि खराब र निन्दनीय कर्महरू गर्दिनँ।

सन्दर्भग्रन्थसूची

१. शान्तिदेवः, बोधिचर्यावतारः, (सम्पा.) स्वामी द्वरिकादास शास्त्री, बौद्धभारती, वाराणसी- २००१ (ई.)

२. शान्तरक्षितः, तत्त्वसङ्ग्रहः, (सम्पा.) स्वामी द्वरिकादास शास्त्री, बौद्धभारती, वाराणसी- १९८२ (ई.)



बुद्धद्वारा प्रतिपादित चार आर्यसत्य

■ जयप्रसाद पोखेल (संगीत)
शास्त्री तेस्रो वर्ष
वाल्मीकि विद्यापीठ

> संकल्प अथवा दृढ इच्छा शक्ति तथा सम्यक् निर्णयको आधार सम्यक् चरित्र मानिन्छ । निर्वाण प्राप्त गर्नका लागि निष्कामना, अद्रोह साथै अहिंसाको दृढ संकल्प आवश्यक हुन्छ । कुनै पनि कुराको कामना हुनु नै समग्र दुःखको कारण बन्न पुग्दछ । बोधिसत्वद्वारा सम्पूर्ण कामनाहरुको निवारण गर्नका लागि सम्यक् संकल्प अत्यावश्यक हुन्छ ।

विक्रमसम्बत् ५०५ पूर्व वैशाखपूर्णिमा दिन लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लामा जन्मिएका सिद्धार्थ गौतम बुद्धले २९ वर्षको उमेरमा सांसारिक दुःखकष्ट देखेर राजसी सुख-सलयबाट संन्यास लिई बोधिगयामा गएर बोधिवृक्षको तल तपस्या गरेपछि बुद्धत्व प्राप्त पनि शुक्लपूर्णिमा कै दिन गरेका थिए । बुद्धत्व प्राप्त गर्ने क्रममा शाक्यमुनि बुद्धले जीवनको समग्र तपस्या तथा त्यसको अनुभूति र उपलब्धीको रूपमा चार आर्यसत्य सँग्रहित गरेका थिए । संसारमा रहेका सम्पूर्ण मनुष्यहरूलाई दुःखबाट मुक्तिको खोजी गर्ने क्रममा उनेले पहिलोपटक रोगदेखि ग्रस्त, बुद्यौली र मृत अवस्था प्राप्त गर्नुको कारणबारे चिन्तन गरे ।

गौतम बुद्ध आरम्भमा साधारण राजपरिवारका राजकुमार थिए तर उनले जीवनमा आफ्नो शरीर एवं मनद्वारा यस्तो साधना गरे जुन साधनाद्वारा प्रभावित भई मान्छेहरूले बुद्धलाई भगवान् को उपाधिद्वारा विभूषित गरी सिद्धार्थ नरबाट नारायण बने । उनले यो सिद्ध गरेर देखाएकी मान्छेले आफ्नो प्रयासद्वारा नै श्रेष्ठता र उच्चता प्राप्त गर्न सक्दछ । त्यसपछि बुद्धले चार आर्य सत्यको प्रतिपादन गरेका हुन् ।

बुद्धले प्रतिपादन गरेका सिद्धान्तमध्ये दुःखसम्बन्धी सिद्धान्त एक प्रमुख हो । मानव जीवन दुःख तथा सन्तापमय छ, जन्मदेखि मरणसम्म जीवनमा दुःखहरू आवत जावत गरिरहन्छन् । मनुष्य जीवनमा जन्म-जरा, व्यधि तथा मृत्युको चक्र निरन्तर चलिरहन्छ । त्यसकारण उनको प्रमुख ध्येय पनि दुःखमय जीवन चक्रको सदा सर्वदा नष्ट गर्नु नै हो । दुःख निदान गर्ने क्रममा उनले प्रतिपादित गरेका चार आर्यसत्यहरू यस प्रकार रहेका छन्-

१. दुःख- संसार दुःखमय छ ।
२. दुःख समुदय- दुःखको कारण छ ।
३. दुःख निरोधः- दुःखको निराकरण गर्न सकिन्छ ।
४. दुःखनिरोधोपायः- दुःखको निराकरण गर्ने उपाय छ ।

१.प्रथम आर्य सत्य - दुःख- संसार दुःखमय छ ।

यो प्रथम आर्यसत्य हो । दुःखको राज भएको कुरा सर्वत्र विदितै छ । जताततै दुःखै दुःखले छाएको छ । दुःखको बारेमा तथागत बुद्धले भिक्षुहरूलाई दिएको उपदेशमा यस्तो भनिएको छ-

'हे भिक्षुहरू ! दुःख प्रथम आर्यसत्य हो । जन्म पनि एक प्रकारको दुःख नै हो । वृद्धावस्था तथा मरणमा पनि दुःख नै हुन्छ । सोख, वेदाना, उदासिनता तथा अपायास(हैरानी) पनि दुःख हो । अप्रिय वस्तुको समागम र इप्सित(चाहिएको) वस्तुको वियोगबाट दुःख उत्पन्न हुन्छ । साथै राग-द्वैषद्वारा उत्पन्न पञ्चस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान) पनि दुःख नै हुन् । यसको आशय संसारका प्रत्येक घटनामा दुःख सत्ता अवस्थित हुन्छ ।' बुद्धको यही बचनलाई महर्षि पतञ्जलिले पनि स्वीकार गरेको पाइन्छ - दुःखमेव सर्व विवेकिनः (योगसूत्र २।१५) ।

विवेकी पुरुषका दृष्टिमा समग्र संसार दुःखमय छ ।

२. द्वितीय आर्य सत्य - दुःख समुदय- दुःखको कारण छ ।

यो आर्यसत्यको दास्रो स्थिति हो । विनाकारण कार्य उत्पन्न हुँदैन (सांख्यदर्शन), त्यसैले दुःख उत्पन्न हुनुमा पनि कुनै न कुनै कारण छ । दुःख कार्य हो भने त्यसको पनि कारण हुन्छ । दुःखको प्रमुख कारण तृष्णा हो । दुःखको कारणको बारेमा बुद्धले भिक्षुहरूलाई दिएको उपदेश यसप्रकार छ-

'हे भिक्षुगण ! दुःखसमुदय दोस्रो आर्य सत्य हो । दुःखको प्रमुख कारण तृष्णा हो, जुन बारम्बार प्राणिहरूमा उत्पन्न भइरहन्छ । प्राणिहरू आनन्द खोज्दै तृष्णामय जीवन व्यतीत गरिरहेका हुन्छन् ।'

बुद्धले कामतृष्णा, भवतृष्णा र विभवतृष्णा गरी तीन प्रकारका तृष्णाहरूलाई दुःखको प्रमुख कारण मानेका छन् । यी सबै तृष्णाको कारणले नै अनेक विषयमा स्वयं राग उत्पन्न गर्दछ,

अनि त्यही रागरूपी बन्धन नै आफूलाई बाँधेर त्यसैमा तड्पिन्छ। बौद्धदर्शनमा यस कारणलाई नै प्रतीत्यसमुत्पाद को सिद्धान्त मान्दछ।

उपर्युक्त त्रिविध तृष्णा नै समस्त दुःखको मूलकारण हो। संसारमा रहेका सबै वस्तुहरू अस्थायी, अनित्य, क्षणभङ्गुर एवं परिवर्तनशील छ। त्यही भएर संसार दुःखको प्रतिमूर्ति हो। तृष्णारहित प्राणिले सांसारिक भवचक्रको दुःख निवारण गर्नु सक्दछ।

बौद्धदर्शनमा दुःखको कारणलाई बाह भागमा विभाजन गरिएको छ। यसलाई द्वादश निदान पनि भनिन्छ-

१. जरा-जन्म-मरण	५. तृष्णा	९. नामरूप
२. जाति	६. वेदना	१०.विज्ञान
३. भव	७. स्पर्श	११.संस्कार
४. उपादान	८. षडायतन	१२.अविद्या

उपर्युक्त बाह निदानको खोजिमा भगवान् बुद्धले १२ वर्षसम्मको कठोर तपस्या गरेका थिए। यी द्वादशनिदानलाई बौद्धदर्शनको मूल आधारको रूपमा लिइन्छ। बुद्धले भिक्षुगणहरूलाई आफ्नो भाग्यको निर्मात ईश्वर नभई स्वयं नै हो भन्ने कुरा पनि बताएका थिए।

३. तृतीय आर्यसत्य- दुःख निरोधः- दुःखको निराकरण गर्न सकिन्छ।

बुद्धले प्रतिपादन गरेका आर्यसत्य मध्ये तेस्रो आर्यसत्य दुःख निरोध हो। दुःखको निरोध गर्न सकिन्छ। दुःखको सत्ताको बारेमा भगवान् बुद्धले भिक्षुहरूलाई दिएको उपदेश यस प्रकारको छ-

'दुःख निरोध तृष्णा रहित सम्पूर्ण वैराग्यको नाम हो। तृष्णाको त्याग, प्रतिसर्ग, मुक्ति तथा अनालय(स्थान नदिनु)ले दुःख जन्म, पुनर्जन्मले नै मनुष्यले दुःख पाउदछन्। निर्वाणप्राप्त गर्ने व्यक्तिले नै अमृतत्व प्राप्त गर्न सक्दछ।' तथागत बुद्ध भन्दछन्- 'तृष्णा नै दुःखको भगवसागर हो। आत्मा त्यस वस्तुलाई प्राप्त गर्ने चाहान्छ, जुन वस्तुलाई प्राप्त गरेपछि फेरी कुनै वस्तुको इच्छा नरहोस्। आत्मा आनन्द चाहान्छ, पूर्ण आनन्द त्यो आनन्द प्राप्त गरेपछि जति पनि रहेका तृष्णाहरू छन् ती सबैको विश्राम होस्। जहाँ इच्छा छ, त्यहाँ दुःख छ। संसार अभाव भएको कारण आत्माले त सबै अभावको अभाव चाहान्छ। अभावको पूर्ण अभावनै आनन्द हो। त्यही जीवनको परमलक्ष्य हो। मुक्ति, निर्वाण प्राप्ति हो। अभाव जहाँ हुदैन त्यहाँ परममुक्तिमा प्रवेश हुँदैन, त्यही नै मोक्ष हो।' यही क्रममा बुद्ध भन्दछन्- 'मैले त्यस अमृतलाई प्राप्त गरेका छु, जुन अमृतलाई प्राप्त गरेपछि कुनै पनि तृष्णाहरूको आवश्यकता नै हुँदैन। यो नै अशेष लाभ हो, परम शान्ति हो।'

(विनयपिटक, महावग्ग १।३।६।)

४. चौथो आर्यसत्य- दुःखनिरोधोपायः- दुःखको निराकरण गर्ने उपाय छ।

चौथो आर्यसत्यको रूपमा रहेको दुःख निरोधोपाय :

आर्यसत्यलाई आठ प्रकारले वर्णन गरिएको पाइन्छ। निर्मल ज्ञान प्राप्त गर्ने यही आठ प्रकारको मार्गलाई बोद्धदर्शनमा अष्टाङ्गिकमार्ग भन्दछन्। 'अष्टाङ्गिकमानर्ग अनुसरण गर्ने व्यक्तिले दुःखलाई दूर गर्न सक्दछ।' (धम्मपद)। 'जसरी गङ्गानदिहरू आफ्नो लक्ष्य समुद्र प्राप्त गर्नका लागि निरन्तर उद्यत हुन्छन्, त्यसैगरी अष्टाङ्गिकमार्ग अनुशरण गर्ने सत्त्वहरू (प्राणिहरू) पनि विस्तारै अभ्यास गर्दै निर्वाण प्राप्त गर्दछन्।' (सम्युक्त निकाय)। बौद्धार्शनिकहरूको दृष्टिमार्गको निर्वाण प्रत्येक प्राणिको गन्तव्य स्थान मानिएको छ। अष्टाङ्गिक यस प्रकार संक्षिप्त रूपमा व्याख्या गर्न सकिन्छ-

अष्टाङ्गिकमार्गहरू –

१. सम्यक् दृष्टि,	५. सम्यक् आजीविका,
२. सम्यक् संकल्प,	६. सम्यक् व्यायाम,
३. सम्यक् वाक्,	७. सम्यक् स्मृति,
४. सम्यक् कर्मान्त,	८. सम्यक् समाधि,

यी आठ प्रकारका मार्गलाई प्रज्ञा, शील र समाधि गरी तीन भागमा विभाजन गरेको पाइन्छ। प्रज्ञा अन्तर्गत सम्यक् दृष्टि र सम्यक् संकल्प, शील अन्तर्गत सम्यक् वाक्, सम्यक् कर्मान्तर र सम्यक् आजीविका तथा समाधि अन्तर्गत सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि पर्दछन्।

बौद्धधर्ममा आचारमीमांसको चरम साधन नै अष्टाङ्गिक मार्गको अनुसरण हो। यी आठ मार्गमा दृढता पूर्वक अनुसरण गर्ने जो कोही व्यक्ति सम्पूर्ण सांसारिक दुःखलाई नास गरी श्रेष्ठ बन्न सक्दछ। धम्मपदमा भनिएको छ- मार्गाणामष्टाङ्गिको श्रेष्ठः। (धम्मपद २०।१) निर्वाण प्राप्त गर्ने मार्गहरू मध्ये अष्टाङ्गिकमार्ग सर्वश्रेष्ठ मानिन्छ। जेतवनका पाँच हजार भिक्षुहरूलाई उपदेश दिने समयमा बुद्धले यी नै आठ मार्गको ज्ञान विशुद्धिका लागि तथा कामलाई प्रभावहीन बनाउनका लागि उपदेश गर्नु भएको थियो।

१. सम्यक् दृष्टि –

निर्वाण प्राप्त गर्न सम्यक् दृष्टि प्रथम सोपान मानिन्छ। सम्यक् दृष्टिले अन्यप्राणिप्रतिको मिथ्यादृष्टिको अन्त्य गरी यथार्थदृष्टिको जागरण गर्दछ। अविद्याका कारण हाम्रो दृष्टिमा भ्रम परिरहेको हुन्छ। यसैको परिणाम स्वरूप हामी अनित्यलाई नित्य, असत्यलाई सत्य, अनात्मलाई आत्मा, सुखलाई दुःख तथा दुःखलाई सुख मान्न पुग्दछौं। सम्यक् दृष्टिद्वारा यी सम्पूर्ण भ्रमको निवारण भई यथार्थ स्वरूपको ज्ञान गर्न सकिन्छ।

२. सम्यक् संकल्प –

संकल्प अथवा दृढ इच्छा शक्ति तथा सम्यक् निर्णयको आधार सम्यक् चरित्र मानिन्छ। निर्वाण प्राप्त गर्नका लागि निष्कामना, अद्रोह साथै अहिंसाको दृढ संकल्प आवश्यक हुन्छ। कुनै पनि कुराको कामना हुनु नै समग्र दुःखको कारण बन्न पुग्दछ। बोधिसत्त्वद्वारा सम्पूर्ण कामनाहरूको निवारण गर्नका लागि सम्यक् संकल्प अत्यावश्यक हुन्छ। यस प्रकार शुभकर्म गर्न र अशुभकर्मको परित्याग गर्न सम्यक् संकल्प लिनु पर्दछ।

३. सम्यक् वाक् –

अनुचित वचनको परिहार गर्न तथा उचित वचनको प्रयोग गर्नु नै सम्यक् वाक् हो। मिथ्या भाषण, परनिन्दा, कटुभाषण तथा वाचालता यी चार अनुचित वचनको निराकरण गर्न आवश्यक हुन्छ। सदा सर्वदा कल्याणकारी भाषाको प्रयाग गरी मितभाषी हुनुपर्दछ। यसो गर्नाले वाकु शुद्ध हुन्छ।

४. सम्यक् कर्मान्त -

निर्वाण प्राप्ति चाहने सत्त्वहरूले सम्यक् कर्म गर्नु पर्दछ । कुकर्मको त्याग र सुकर्मको आलम्बन गर्नु सम्यक् कर्म हो । प्राणीको हिंसा, व्यभिचार, कपट, चोरी आदि कुकर्महरूलाई त्या गर्नुपर्दछ । कुकर्म त्याग गरी सुकर्म परिपालना गरे व्यावहारिक जीवन पनि पवित्र बन्दछ ।

५. सम्यक् आजीविका -

जीविकोपार्जन गर्न छल, कपट, प्रपञ्च, धोका जस्ता निषिद्ध कर्म निरोध गर्नु पर्दछ । जीवन निर्वाहका लागि अनुचित आजीविकाको त्याग र उचित आजीविकाको अनुशरण गर्नुपर्दछ । शास्त्रव्याप्यार, प्राणीव्यापार, मांसमध्य विषव्यापार जस्ता निषिद्ध क्रियाकलापको परित्यागका साथै चोरी, ठगी, विश्वासघात प्रवृत्ति आदि प्रपञ्चको पनि परित्याग गरी आजीविका निर्वाह गर्नुपर्दछ ।

६. सम्यक् व्यायाम -

सत्कर्मका लागि सही प्रयत्न अथवा सुन्दर उद्योगको नाम नै सम्यक् व्यायाम हो । सत्कर्म सम्पादनका लागि उचित भावनाको निरन्तर प्रयत्न गरिरहनु पर्दछ । इद्रिय नियन्त्रण, खराब भावनाको निवारण, परहित आदि सम्यक् भावनाका लागि सधै प्रयत्न शीलचित्तको जरुरी हुन्छ । बुद्धले बताएका सम्यक् उद्योगका पाँच उपायहरू यस प्रकार रहेका छन्-

१. कुत्सित भावनाको समूल नष्ट गर्नु,
२. नयाँ कुविचारलाई चित्तमा स्थान नदिनु,
३. सद् विचारक तर्फ चित्तलाई प्रेरित गर्नु,
४. सधैं सद् विचरका लागि प्रयत्नशील हुनु,
५. मन र चित्तको नियन्त्रण गर्नु नै सम्यक् व्यायाम हो ।

७. सम्यक् स्मृति -

समुचित कुराको स्मरण साथै पञ्चस्कन्ध, पञ्चेन्द्रिय तथा चार आर्यसत्यको सदा सर्वदा अनुसरण गर्नु नै सम्यक् स्मृति हो । काय, वेदाना, चित्त र धर्मको वास्तविक स्वरूपलाई जान्न स्मृतिको आवश्यक पर्दछ । मनुष्य शरीर पाञ्चभौतिक तथा त्यस भित्र मलमूत्र आदि अपवित्र वस्तुको संयोगद्वारा निर्मित भएकाले नाशवान् छ भन्ने कुरा स्मृति रहनु पर्दछ ।

८. सम्यक् समाधि -

गौतम बुद्धले चित्तको शून्यता तथा पूर्ण जाग्रत अवस्थालाई समाधि भनेका छन् । विषयको दृष्टिले चित्त जब शून्य हुन्छ र विषयीका दृष्टिले चित्त जब पूर्ण जाग्रत हुन्छ तब समाधि मिल्दछ । समाधिद्वारा मनुष्य जीवन रूपान्तरित हुन्छ । यसैबाट अज्ञानीलाई ज्ञान, अन्धालाई आँखा, बहिरालाई कान प्राप्त हुन्छ । समाधिबाट अनिर्वचनीय आनन्दको अनुभव हुन्छ, समाधिबाट नै वास्तविक जीवनको सुरूवात पनि हुन्छ ।

बुद्धले प्रतिपादन गरेका यी चार आर्य सत्यहरू आफ्ना प्रिय शिष्यादिबाट सम्पूर्ण मनुष्यहरू जीवनभर दुःख र कष्ट सहेर जीवन व्यतीत गर्छन् अरुलाई आफ्नो सोच्दैनन र सधै भरि पापमात्र गरिरहन्छन्, सहयोगको भावनादेखि टाढिन्छन्, वास्तविक तत्त्वलाई नबुझि समय व्यतीत गर्छन्, सांसारिक भवचक्रमा अल्झिरहन्छन् भन्ने कुराको र यो मनुष्य शरीर प्राप्त गरे पछि यो संसारको अनित्य वस्तुलाई चिनि सतर्क रहन र सहयोग शान्ति समृद्धि र मोक्ष जस्ता कुराहरूको उपदेश यीनै चार आर्यसत्य अन्तर्गत भिक्षुहरूलाई उपदेश दिनुभएको थियो ।

❀❀❀

कविता

शब्द आराधना

भूमीश्वर पौडेल

अब त जन्मिदे हुकिंदे छिटै
कति रुवाउँछस् दुःख भो निकै ।
गरनु के अझै प्रार्थना अरु ?
दिन तयार छु प्राण नै बरु ।।

तँ सब चीज होस्, तैं त होस् घर
तँसित हार्दछन् सब चराचर
भनि त दे न हे के गरूँ गरूँ ?
दिन तयार छु प्राण नै बरु ।।

कनिकुथी गरी लेख्नु के कथा
यही विडम्बना हो जतातता ।
शिर नुगाई लौ पाउमा परूँ ?
दिन तयार छु प्राण नै बरु ।।

चढ्दछन् भने पुष्प अक्षता
सहमति भयो राख्नलाई ता ।
अघि हुँ होम्नलाई लिई चरु ?
दिन तयार छु प्राण नै बरु ।।

बुद्धका प्रवचनहरू

■ सन्तोष आचार्य
शास्त्री द्वितीय वर्ष
वाल्मीकि विद्यापीठ

जातक निदान कथामा वर्णन गरिए अनुसार बुद्धत्वको आकांक्षा राख्ने सुमेध नामक ब्राह्मणले कठोर तपस्या गर्नाले दशपारमिता प्रकट भए । यिनै पारमिताको अभ्यासद्वारा शाक्य मुनि गौतम बुद्धले ५५० विविध जन्म लिएर सम्यक् सम्बोधि प्राप्त गर्नुभयो । यसरी ५५० विविध जन्म पार गर्दै ५०५ वि.पू.को वैशाख पूर्णिमामा नेपालको लुम्बिनीमा गौतम बुद्धको जन्म भयो । जन्म भएको ६-७ दिनमा उहाँको आमा मायादेवीको मृत्यु भएको थियो । एकदिन भ्रमणमा निस्कदा उहाँले एक बृद्ध पुरुष, रोगी, शव र संन्यासी देख्नुभयो । त्यसपछि उहाँमा संसारको अरुचि बढ्न थाल्यो । अतः २९वर्षको युवावस्थामा युवती पत्नीको प्रेममय आलिङ्गन, नवजात शिशुको आनन्दमय साथ र विशाल साम्राज्यको उपभोगलाई छाडेर जङ्गलको बाटो लिनुभयो । उहाँको गृहत्याग महाभिनिष्क्रमण को नामले प्रसिद्ध छ। तत्पश्चात् उहाँले कठोर तपस्या गरी ज्ञान प्राप्त गर्नुभयो र आफूले प्राप्त गरेको ज्ञानलाई जीवनभर यात्रा गर्दै जीवन जीउने रहस्यको बारेमा प्रवचन दिनुभयो । उहाँले प्रवचन स्थानीय भाषामा दिनुहुन्थ्यो ताकि आमजनलाई बुझ्न सजिलो होस् । उहाँले दिनुभएको जीवन जिउने रहस्यसम्बन्धी केही प्रवचनहरूलाई यहाँ प्रस्तुत गरिन्छ -

प्रवचन नं. १

अप्पो दीप भव अर्थात् आफ्नो जीवनाको प्रकाशदाता स्वयं आफू बन । जीवनलाई प्रकाशवान् बनाउनका निमित्त सात पक्षहरूको आवश्यकता पर्दछ, ती हुन् - १. अध्यात्म, २. मानसिक शाठित, ३. प्रेम, ४. ऊर्जा, ५. ऐश्वर्य, ६. विपत्तिहरूबाट मुक्ति र ७. सर्वाङ्गीण उन्नति । यसलाई बुझ्नका लागि सङ्गीत र रङ्गलाई उदाहरणका लागि लिन सकिन्छ । जसरी सात रङहरू मिलेर एक पूर्ण सेतो रङ बन्दछ । एक रङको अनुपस्थितिमा पनि पूर्ण रङ बन्न सक्दैन । सङ्गीतमा पनि सात स्वरहरू हुन्छन् । ती स्वरहरूमध्ये एक स्वर पनि कमजोर भयो भने सङ्गीत बेसुर बन्दछ ।

प्रवचन नं. २

सहज जीवन जिउनु नै सच्चा प्रफुल्लता हो । राग-द्वेषबाट मुक्त भई वर्तमान समयमा जे घटिरहेको छ त्यसप्रति सचेत रहनु नै प्रफुल्लता हो । प्रफुल्ल व्यक्तिले नै वर्तमान क्षणको अद्भूतहरू जस्तै शीतल मंद पवन, प्रभाती आकाश, फूलिरहेको फूल, बालकहरूको मुस्कान (A million Doller smile) को आनन्द लिन सक्छ ।

> मैले बताएको मार्गमा हिंड्ने जस्तै दुराचारीले पनि मुक्ति पाउन सक्छ । भगवान् बुद्ध जेतवनका पञ्चसहस्र भिक्षुहरूलाई उपदेश दिँदै भन्नुभएको थियो । अर्थात् हे भिक्षुहरु ! उद्योग तिमीहरुले गर्नुपर्नेछ । मेरा वचन सुनेर मात्र दुःख निरोध हुन सक्दैन । मेरो कार्य त केवल उपदेश दिने मात्र हो । त्यस मार्गमा जाने कार्य त तपाईंहरूको हो । मैले बताएको मार्गको ध्यान दिने व्यक्ति नै भार अथवा दुःखको बन्धनबाट मुक्त हुन सक्छ, अरु कोही हुन सक्दैन ।

प्रवचन नं.. ३

जीवनलाई आनन्दमय बनाउनुपर्दछ । त्यसका लागि ध्यान र साधनाको आवश्यकता पर्दछ । ध्यान र साधनाले वर्तमान र भविष्यमा आनन्द प्राप्त गर्न सकिन्छ ।

प्रवचन नं. ४

साँचो सुख यसै जन्ममा प्राप्त गर्न सकिन्छ । यसका लागि निम्न कुराहरू पालना गर्नुपर्ने हुन्छ-

- असल मानिसको सङ्गत बढाऊ र गलतमार्ग छाडिदेऊ ।
- आत्म साधना र सच्चरित्र बढ्ने वातावरणमा बस ।
- सद्धर्म अपनाऊ र आफ्नो कार्य गहन तरिकाले गर्न सक्ने अवसर बढाऊ ।
- चार आर्यसत्यको आधारमा रहेर जीव जिऊ ।
- साधकहरूको नजिक आउने कोसिस गर ताकि सद्धर्मको अध्ययन गर्न सकियोस् ।
- ध्यान र साधना सिक, जसले दुःख र चिन्ताहरूको नाश गर्न सकोस् ।
- सद्गुणी बन र मद्यपान र जुवाबाट बच ।
- अन्य मानिसहरूलाई पनि साधना र प्रसन्नतामा रहने मार्गमा ल्याऊ ।

प्रवचन नं. ५

चार आर्यसत्यलाई बुझ । ती चार आर्यसत्यहरू यसप्रकार रहेका छन्-

- दुःखम् :- यस संसारमा दुःख छ ।
- समुदय :- यस दुःखको कारण विद्यमान छ ।
- निरोध :- यस दुःखबाट वास्तविक मुक्ति पाउन सकिन्छ।
- दुःख निरोधगामिनी :- दुःखबाट मुक्ति पाउने मार्ग छ । दुःखको अन्त्य छ भने त्यस सम्म पुग्ने मार्ग पनि छ ।

प्रवचन नं. ६

दुःखको अन्त्य नै निर्वाण हो । यथार्थत सांसारिक बन्धनबाट पार गर्नु निर्वाण हो । मर्नु निर्वाण होइन । मर्नु त केवल अर्को जन्मको प्रस्थान हो । जन्म मरणको भवचक्रबाट सदाका लागि छुट्कारा प्राप्त गर्नु निर्वाण प्राप्त गर्नु हो ।

प्रवचन नं. ७

निर्वाण प्राप्त गर्ने मार्ग छ । जसलाई आष्टाङ्गिक मार्ग भनिन्छ । यस मार्गबाट चल्ने प्रत्येक व्यक्तिले निर्वाण प्राप्त गर्दछ । त्यसैले यो मार्गलाई सर्वश्रेष्ठ मार्ग भनिन्छ ।

धम्मपद(२०।०१)मा भनिएको छ-

मग्गानट्ठङ्गिको सेठ्ठो सच्चानं चतुरो पदा ।
विरागो सेठ्ठो धम्मानं द्विपदानाञ्च चक्खुमा ॥

अर्थात् निर्वाणगामी मार्गहरूमा अष्टाङ्गिक मार्ग श्रेष्ठ छ । संसारका सबै सत्यहरूमध्ये आर्यसत्य श्रेष्ठ छन् । सबैधर्महरूमा वैराग्य श्रेष्ठ छ । मनुष्यमा चक्षुष्मान् ज्ञानी बुद्ध श्रेष्ठ छ ।

१. सम्यक् दृष्टि : दृष्टिको अर्थ ज्ञान हो । सत्कार्यका लागि ज्ञान आवश्यक पर्दछ । चार आर्यसत्य जान्नु सम्यक् दृष्टि हो ।

२. सम्यक् संकल्प : सम्यक् निश्चय । प्रत्येक मानवले के कुरामा दृढ संकल्पित हुनुपर्दछ भने उसले विषयको कामना गर्ने छैन, प्राणिप्रति द्रोह गर्ने छैन र जीव हिंसा गर्ने छैन ।

३. सम्यक् वचन : ठीक भाषण । असत्य, कटुवचन तथा वकवाद- यी सबैलाई छोडिदिनु पर्दछ ।

४. सम्यक् कर्मान्त : ठीक कर्म । निन्दनीय, अशोभनीय कार्य सर्वथा सर्वदा परित्याग गर्नुपर्दछ ।

५. सम्यक् आजीवन :ठीक जीविका । अरुलाई हानी नोक्सानी नगरिकन जीविकोपार्जन गर्नुपर्दछ ।

६. सम्यक् व्यायाम : ठीक प्रयत्न । शोभन उद्योग । इन्द्रियमाथि संयम, खराब भावना रोक्नु र राम्रो भावना उत्पन्न गर्नुपर्दछ ।

७. सम्यक् स्मृति : काय, वेदना, चित्त तथा धर्मको वास्तविक स्वरूप जान्नु तथा त्यसको स्मृति सदा बनाइराख्नु नितान्त आवश्यक छ ।

८. सम्यक् समाधिः बुद्धले समाधिको माध्यमबाट चित्त शुद्धि बनाउनु पर्दछ । ध्यानमार्फत् चित्तलाई एकाग्र पार्नुपर्दछ ।

प्रवचन नं. ८

पञ्चशीललाई आत्मसात गर । हिंसा नगर्नु, चोरि नगर्नु, परस्त्री र परपुरुष गमन नगर्नु, झुटो नबोल्नु र जाँड रक्सी आदि मादक पदार्थको सेवन नगर्नु ।

प्रवचन नं. ९

मध्यम प्रकारले जीवन अङ्गीकार गर । अत्यन्त आरामको बीचमा लापरबाहीपूर्ण तरिकाले जीवन बिताउनु यसको विपरीत निर्वाण प्राप्त गर्नका लागि अत्यन्त कष्टकर शरीरोपतायक तपश्चरणको अनुष्ठान गर्नु दुवै बेठीक छन् । अतः यी दुवैको बीचको बाटो अपनाउनु जीवन कल्याणको उत्तम उपाय हो । यो मध्यप्रतिपद हो । मध्यप्रतिपद बुझ्नका लागि वीणाको उदाहरण हेर्न सकिन्छ । यदि वीणाको तारलाई धेरै खुकुलो पार्ने हो भने त्यसबाट मधुर ध्वनि उत्पन्न हुँदैन र यदि तार धेरै कस्ने हो भने तारहरू चुढ्ने खतरा हुन्छ अतः तारहरू न त ज्यादा खुकुलो न त ज्यादा कसिलो हुनुपर्दछ, तब मात्र मधुरध्वनि उत्पन्न हुन्छ । ज्यादा बढी र अत्यन्त कमको बीचको मार्ग उपर्युक्त मार्ग हो ।

प्रवचन नं. १०

पुण्यो वै पुण्येन कर्मणा भवति, पापः पापनेति अर्थात् पुण्यकर्मको आचरणले मानिस पुण्यशाली बन्दछ र पाप कर्मको आचरणले मानिस पापी बन्दछ ।

प्रवचन नं. ११

मैले बताएको मार्गमा हिंड्ने जस्तै दुराचारीले पनि मुक्ति पाउन सक्छ । भगवान् बुद्ध जेतवनका पञ्चसहस्र भिक्षुहरूलाई उपदेश दिँदै भन्नुभएको थियो ।

तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।
पटिपन्ना पमोक्खन्ति क्षायिनो माखन्धना ॥

अर्थात् हे भिक्षुहरू ! उद्योग तिमीहरूले गर्नुपर्नेछ । मेरा वचन सुनेर मात्र दुःख निरोध हुन सक्दैन । मेरो कार्य त केवल उपदेश दिन मात्र हो । त्यस मार्गमा जाने कार्य त तपाईहरूको हो । मैले बताएको मार्गको ध्यान दिने व्यक्ति नै भार अथवा दुःखको बन्दनबाट मुक्त हुन सक्छ, अरु कोही हुन सक्दैन ।

❀❀❀

'मैले बुझेको बुद्ध'

■ इन्द्रप्रसाद आचार्य (आइ.पी.)
वाल्मीकि विद्यापीठ

आजभन्दा करिब २५५५औं वर्षपहिले वैशाख शुक्ल पूर्णिमाका दिन नेपालको लुम्बिनीमा शान्तिका अग्रदूत बुद्धको जन्म भएको थियो । त्यसै हुनाले यस दिनलाई बुद्ध पूर्णिमाको नामले पनि चिनिन्छ । यसै दिन बुद्धले ज्ञान प्राप्त गरेका थिए भने यही दिन बुद्धले कुशीनगर भन्ने ठाउँमा निर्वाण प्राप्त गरेका थिए । यिनको वास्तविक नाम सिद्धार्थ गौतम हो । पिता शुद्धोधन र माता मायादेवीको कोखबाट यिनी जन्मेका थिए । बाल्यवस्थादेखि नै यिनको स्वभाव अन्य मान्छेका छुनामा अलि पृथक् (शान्त सरल) खालको थियो । शील र सदाचारयुक्त जीवन बिताउनु यिनको विशेषता थियो । एउटा छोरो भएर राजकूलमा जन्मे पनि उनले कहिल्यै आफूलाई भौतिक ऐस आरामले ठूलो ठानेनन् सबै मानव एकै हुन्, सबैको आत्मा एकै हो, धनी गरीब साना ठूला सबै समान हुन् भन्ने उनको उच्चतम विचार थियो । मान्छेले दुःखकष्टबाट कसरी मुक्ति पाउँछन् ? मान्छेहरू किन रोगी हुन्छन् ? अनि किन दुःख पाउँदछन् भन्ने कुरालाई चिन्ताको विषय बनाउँथे । मानवलाई कसरी मोक्ष मिल्दछ भन्ने विषयमा बुद्ध भन्दछन्, 'राग, द्वेष, मोह र दुःखबाट मुक्ति हुने मार्ग छ किनभने म आफैं त्यस बाटोबाट सत्यको बलदमा हिँडेर मुक्त भएको छु । त्यसैले जो यस बाटोमा हिँड्दछन् ऊ स्वतः दुःखबाट मुक्त हुनेछ ।

बुद्धलाई धेरै पटक जालझेल गरेर भौतिक सुखसयलमा भुलाउन प्रयास नगरेको पनि होइन, तर उनी कहिल्यै त्यसमा बन्देज भएनन् र त्यसमा झुम्न पनि चाहेनन् ।

एक दिन उनी आफ्नो दरबार बाहिरी वातावरणमा हिँड्दा उनले रोगी, वृद्ध, जोगी र मरेको मान्छे देखे । यो देखेपछि उनलाई जिन्दगीदेखि झन् विरक्ति लाग्यो र किन मान्छे सांसारिक बन्धनमा बाँधिन्छन् अनि किन यसबाट मुक्ति पाउँदैनन् भनी मुक्तिको खोजीका लागि परिवार भौतिक सुखसयल र सम्पूर्ण पारिवारिक जिम्मेवारलाई पन्छाएर सत्यको खोजीमा गृहत्याग गरी निस्के ।

पत्नी यशोधरा र छोरा राहुललाई समेत त्यागेर २९ वर्षको उमेरमा नै जंगलतर्फ लागे । यो संसारमा हत्या, हिंसा, आतंक, दुःखकष्ट आदिलाई निराकरण गर्न उनी धेरै पटक ध्यानमा बसे, आफ्नो जीवनको पर्वाह नगरी मुक्तिका लागि निरन्तर लागिपरे । र वैशाख शुक्ल पूर्णिमाका दिन नै ३५ वर्षको उमेरमा बुद्धत्व प्राप्त गरे । यसरी बुद्धले देखाएको बाटो हिँडेर आज संसारभरका लाखौं मानिसहरू यसैलाई अनुसरण गरी बुद्ध-धर्म मान्ने गर्दछन् । र उनले मानव जीवनमा पालना गर्नुपर्ने तीन मूलमन्त्र यसरी व्यक्त गरेका छन्-

१) सत्य : जीवनमा कहिल्यै झूट बोल्नुहुँदैन, सत्यले नै मानवलाई उच्च स्थानमा पुऱ्याउँदछ ।

२) धर्म : मानव भएर कहिल्यै अधर्म हुने क्रियाकलाप गर्नुहुँदैन । धर्म नै मुक्तिको एकमात्र बाटो हो ।

३) अहिंसा : हिंसा कहिल्यै गर्नुहुँदैन । सबै प्राणी एकै हुन् सबैलाई उत्तिकै सद्भाव र करुणाको भावनाले हेर्नुपर्दछ भन्ने उनको सन्देश थियो । जसलाई बुद्धद्वारा प्रतिपादित मूल मन्त्रको रूपमा लिइन्छ ।

बुद्धले आफ्नो जीवनभर प्राणी हितका लागि निरन्तर खोज अभ्यासमा लागिपरे । राजकूलमा जन्म लिएर पनि मानवकल्याणका लागि यिनले अपार दुःखको बाटो अपनाए । सत्मार्गमा लाग्ने पथप्रदर्शक बने । उनी कहिल्यै भौतिक भोगविलासमा रमाएर सुखसयलमा मातेर बस्न चाहेनन् । उनी त शान्ति सहिष्णुता, अहिंसा र प्रेमका प्रतिमूर्ति थिए । बुद्ध सादा जीवन उच्च विचारलाई कदर गर्दै अगाडि बढ्न शालीन व्यक्ति थिए । वास्तवमा नै उनी कर्मयोगी थिए । यिनले सदैव हत्या, हिंसा, आतंक, राग, द्वेषमा युक्त मानवहरूलाई करुणाशील, सदाचार, कर्मनिष्ठा, शान्ति र सहिष्णुताका सरल पाठ पढाए । जीवनभर सत्मार्गमा लाग्ने अभिप्रेरणाको वीजारोपण गरे । यसरी प्राणी मात्रको हितमा लाग्दा उनले उल्टै दण्डसमेत भोग्नुपरेको तीतो यथार्थ थियो ।

मान्छे नचाहेरै जन्मन्छ फेरि नचाहेरै मर्दछ र जन्म मृत्युको

> हामी आज सद्भाव, शान्ति, प्रेम अँगाली सहअस्तित्वको जुन खोजी अपनाइरहेका छौं, त्यसको समाधानको बाटो हजारौं वर्ष अगाडि नै बुद्धले दिएका थिए । बुद्धले देखाएको बाटो र उनले सिकाएको पाठ अध्ययन गर्नु उनले देखाएको बाटो अपनाउनुको कुनै विकल्प छैन जसले एकता, सद्भाव, शान्ति र प्रगतिमा टेवा पुऱ्याउँदछ । यदि उनले देखाएको बाटो अपनाउने हो भने जीवनलाई कहिल्यै निरर्थक मान्नुपर्दैन ।

बीचमा किन दुःखकष्ट पाउँछ ? यही कुराले उनी झकझकिरहन्थे । पछि बुद्धत्व प्राप्त गरेपछि उनले चार आर्यसत्य प्रतिपादन गरे । जुन यस प्रकार छन्-

१. संसारमा दुःख छ ।

२. दुःखका कारणहरू छन् ।

३. दुःख निरोधका उपाय छन् दुःख निरोध छ ।

४. दुःखलाई निराकरण गर्ने उपायहरू छन् ।

यो भौतिक सांसारिक जीवन नै दुःख छ । तर, त्यसलाई जीवनमा कसरी परिचालन गर्ने भन्ने कुरा आआफ्नो कर्ममा भर पर्दछ भनी बुद्धले बताएका छन् । बुद्धको सबैभन्दा ठूलो विशेषता भनेको उनी कामना, चाहना उत्तेजनाबाट दूर थिए, साथै शान्तिका त प्रतिमूर्ति नै थिए भन्दा अत्युक्ति नहोला । उनले देखाएको बाटो आज सबैको आश्रय धर्मका रूपमा परिचित रहेको छ ।

बुद्धले आठ मार्ग पनि देखाएका छन् । जसलाई अष्टाङ्गिक मार्ग भनिन्छ । ती हुन्-

१. सम्यक् दृष्टि	२. सम्यक् समाधि
३. सम्यक् व्यायाम	४. सम्यक् वाचा
५. सम्यक् स्मृति	६. सम्यक् आजिविका
७. सम्यक् संकल्प	८. सम्यक् कर्मान्त

यति हुँदाहुँदै पनि अमाज विश्वमा हरेक मान्छेहरू एकअर्कामा आशक्त छन् । अरुमा रागद्वेषको भाव राख्दछन् । सबैमा आक्रामक व्यवहार फैलिँदैछ, एकले अर्काको अस्तित्व स्वीकार्दैनन् । माया, प्रेम, सद्भाव, करुणा र सत्मार्गलाई भुल्दै गइरहेका छन् । हामी वर्षको एक दिन बुद्धलाई सम्झिन बुद्ध जयन्ती मनाउँदछौं, तर हाम्रो व्यवहारमा किन बुद्धत्व छैन ? के बुद्धले देखाएको बाटो अनि उनले सिकाएको पाठ ठीक थिएन ? यो कुरालाई आत्मसात् गर्ने हो भने हामीले जीवनमा निरन्तरताबाहेक केही पाउँदैनौं । त्यसैले उनले देखाएको बाटो अपनाउनाले नै हामी सबैको कल्याण हुने देखिन्छ । हामी आज सद्भाव, शान्ति, प्रेम अँगाली सहअस्तित्वको जुन खोजी अपनाइरहेका छौं, त्यसको समाधानको बाटो हजारौं वर्ष अगाडि नै बुद्धले दिएका थिए । बुद्धले देखाएको बाटो र उनले सिकाएको पाठ अध्ययन गर्नु उनले देखाएको बाटो अपनाउनुको कुनै विकल्प छैन जसले एकता, सद्भाव, शान्ति र प्रगतिमा टेवा पुऱ्याउँदछ । यदि उनले देखाएको बाटो अपनाउने हो भने जीवनलाई कहिल्यै निरर्थक मान्नुपर्दैन ।

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हिमाल शर्मा
अध्यक्ष,अखिल (क्रान्तिकारी) केन्द्रीय समिति

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

किरण महर्जन
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नेत्रप्रसाद निरौला
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

बौद्धदर्शन र प्रायोगिक भाषाविज्ञानको दृष्टिमा श्रीमद्भगवद्गीताका कर्म तथा भक्तियोग

■ विनोद पोखरेल
वाल्मीकि विद्यापीठ

१. विषय प्रवेश (The Preamble)

बौद्धधर्म मूलरूपमा वैदिक सनातन धर्मभन्दा भिन्न मान्यता राख्ने भए पनि समयको अन्तरालमा यसका शाखाप्रशाखा देखिए। श्रीमद्भगवद्गीतामा तेस्रो र बाह्रौं अध्याय क्रमशः कर्म र भक्तियोगका बारेमा रहेका छन् र तिनको मूल बौद्धधर्मसँग समानता तथा त्यसकै एक शाखा महायानसँग हुबहु समानता रहेको जानकारहरूको भनाइ रहेको छ। तसर्थ उक्त योगहरूमा बौद्धदर्शनसँग समानता राख्ने केकस्ता मान्यताहरू छन्, सोको अध्ययन गरी उल्लेख गर्ने जमर्को यहाँ गरिएको छ।

त्यस्तै उक्त दुई योगहरूमा प्रयुक्त भाषाको छुट्टै अध्ययनको क्षेत्र हुन सक्ने भएकाले भाषावैज्ञानिक दृष्टिकोणले हेर्न उपयुक्त ठानिन्छ। त्यसका पनि अनेक पक्षहरूमध्ये प्रायोगिक पक्षका केही विशेषतालाई मात्र यहाँ विचार गरिएको छ। यसरी उक्त दुई विषयवस्तुहरू अ) श्रीमद्भगवद्गीताका कर्म र भक्तियोगसँग बौद्धदर्शनको तुलना र आ) ती योगहरूमा प्रयुक्त भाषिक प्रायोगिक पक्ष यहाँ उठान गरिएका छन्। तिनैको सेरोफेरोमा रहेर अध्ययन गर्दै प्राप्त नतिजाहरूलाई उल्लेख गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ।

२. वैदिक मान्यता (The Vedic Conscience)

बौद्धदर्शनको दृष्टिमा हिन्दू धर्म निस्तान्त पृथक भन्ने धेरैलाई लाग्न सक्नु स्वभाविक नै देखिन्छ। दुवैमा भएको पृथक विषयवस्तु के हो भने बौद्धदर्शनले आत्मा वा ईश्वरको सत्तालाई स्वीकार गर्दैन। श्रीमद्भगवद्गीता, वेद तथा उपनिषद्मा भने आत्मालाई स्वीकार गरिएको छ। यसलाई वैदिक सनातनवाद, ब्रह्मवाद आदि नामले चिनिन्छ।[१] यसको अर्थ के हो भने सम्पूर्ण चराचर जगत्मा आत्माको सत्ता रहेको छ। सबै प्राणी वा वनस्पतिको शरीर पाँच भौतिक तत्वहरूले बनिएको छ :- पृथ्वी, जल, तेज, वायु, र आकाश। यी तत्व केवल जड भएकाले आत्माको सत्ता नभएमा प्राणी वा वनस्पतिमा चेतना हुन सक्दैन। तसर्थ यसको कारणले :

१) सम्पूर्ण जगतमा चेतना हुन्छ
२) यो सम्पूर्ण वस्तुको संचालनको कारण हो
३) ज्ञानको अनुभव हुन्छ
४) यो प्रेम, मैत्री, करुणा, सद्भाव आदिको स्रोत हो
५) यो आनन्दको कारण हो
६) यो पुनर्जन्मको कारण हो
७) यो मोक्षको कारण हो, आदि

उक्त कार्यहरू हुनका लागि जुन दर्शनले आत्मा वा ब्रह्मको मान्यता राख्दछ, त्यो नै आत्मवादी वैदिक धर्म वा दर्शन भन्ने बुझिन्छ। किनकि जड पदार्थहरू आफैं कार्यरूपमा आउन सक्दैनन्, त्यसैले यसका लागि कुनै चैतन्य शक्तिको आवश्यकता पर्दछ भन्ने यसको मान्यता रहेको देखिन्छ। यसैलाई वेदहरूमा ईश्वर भनेर मानिएको देखिन्छ।[२] यो विचारलाई नै ब्रह्मवाद, वेदान्तवाद, आत्मावाद तथा कतै सूफीवाद[३] भनिएको पाइन्छ भने यसलाई नै वैदिक धर्म पनि भन्ने गरिन्छ। अझ संक्षेपमा भन्नुपर्दा यसले देह र आत्मालाई पृथक् देख्दछ। यस्तो ज्ञान प्राप्त गरेकाले राजा जनकको अर्को नाम विदेह रहेको बुझिन्छ।

३. बौद्ध मान्यता (The Buddhism)

मूल वा आधारभूत बौद्ध मान्यता अनुसार यहाँ आत्माको सत्ता स्वीकार गरिँदैन। जसरी तेल सकिएपछि दियो निभ्दछ र प्रकाश कहाँ गयो भनी खोजीनीति गरिँदैन त्यसरी नै शरीरको भौतिक सामर्थ्य सकिएपछि स्वतः चेतनतत्वको अवसान हुने कार्य निर्वाण वा मोक्ष हो भन्ने बुझिन्छ।[४] तसर्थ निर्वाणमा चेतन तत्वको पनि सत्ता स्वीकार्य हुँदैन। आत्मा पाँच तत्वहरूको सङ्घात वा संयोग मात्र हो र ती तत्वहरूलाई पञ्चस्कन्ध पनि भनिन्छ। ती हुन् :- रूप, विज्ञान, वेदना, संज्ञा र संस्कार। यसरी हेर्दा मुख्य तीन बौद्ध मौलिक मान्यता रहेको देखिन्छ :-

क) सर्वमनित्यम् (अर्थात् सबै अनित्य छ। ख) सर्वमनात्मम् (अर्थात् समग्र वस्तुहरू आत्मारहित छन् र ग) निर्वाणं शान्तम् (अर्थात् निर्वाण नै शान्त हो)।

उक्त मान्यताका साथै बुद्धका दार्शनिक विचारमा निम्न मान्यताहरू पर्दछन्।

क) प्रतीत्यसमुत्पाद : यसको अर्थ सापेक्ष कारणवाद पनि हो। कुनै एक वस्तुको सत्ता हुँदा त्यसबाट अर्को वस्तु उत्पन्न हुन्छ

[१] ॐ खं ब्रह्म, यर्जुवेदः ४०/१८ ॥
[२] ईश्वरः सर्वभूतानां हृद्देशेर्जुन तिष्ठति । भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥ श्रीमद्भगवद्गीताः १८/६१॥
ईशावास्यमिदं सर्वं यत् किञ्च जगत्यां जगत् ॥
तेन त्यक्तेन भुञ्जीथाः मा गृध कस्यस्विद्धनम् ॥ ईशोपनिषत्ः १/१ ॥
[३] सैयद असद अली , व्यावहारिक उर्दू-हिन्दी शब्दकोश, पृ.२६९ ॥
[४] दीपो यथा निर्वृतिमभ्युपेतो नैवावनिं गच्छति नान्तरिक्षम् ।
दिशं न काञ्चिद्विदिशं न काञ्चित् स्नेहक्षयात्केवलमेति शान्तिम् ॥
तथा कृती निर्वृतिमभ्युपेतो नैवावनिं गच्छति नान्तरिक्षम् । दिशं न काञ्चिद्विदिशं न काञ्चित् क्लेशक्षयात्केवलमेति शान्तिम् ॥ (अश्वघोष, सौन्दरानन्द, १६/२८,२९॥

भन्नु नै प्रतीत्य समुत्पाद हो । बुद्धले अस्मिन् सति इदं भवति् (यस्तो कारण भए यस्तो कार्य हुन्छ) भनी कार्यकारणको नियम दिई आफ्नो दर्शनप्रति सबैलाई जागरुक बनाएका छन् । यसले भाग्यवादलाई निरुत्साहित गरेको देखिन्छ । त्यस्तै योसँग सम्बन्ध राख्ने अर्को शब्द हो कारणवाद । यो कार्य हुनुको पछाडि यो कारण हुन्छ भन्ने मान्यता राख्नु नै कारणवाद हो । कारणलाई हेतु वा हेतु प्रत्यय पनि भनेको पाइन्छ । विविध दुःखको कारण लगायत पुनर्जन्ममा भूमिका खेल्ने यी हेतुको संख्या बौद्ध मत अनुसार फरक-फरक रहेको पाइन्छ । त्यसमा स्थविरवादीले २४ तथा सर्वास्तिवादीले ६ भनेका छन् ।[५] तसर्थ यसले कुनै कार्य हुनमा केही कारण हुन्छ भन्ने खोजी गरी सो पत्ता लगाउने कोशिस गर्दछ । कार्य हुनमा कुनै अज्ञात शक्ति वा कारण हुन सक्छ भन्ने यसले विश्वास गर्दैन । अत : यो आधुनिक विज्ञानको कार्यकारण (Cause and Effect) सिद्धान्तसँग मेल खाने देखिन्छ ।

ख) अनात्मवाद : बुद्ध आत्मा हुन्छ भन्ने कुरामा विश्वास गर्दैनथे । यसलाई नै अनात्मवाद , नैरात्म्यवाद वा पुद्गलनैरात्म्य आदि भन्ने गेरेको पाइन्छ । उनले भनेका छन् - अयं भिक्खवे , केवलो परिपुरो बाल धम्मो अर्थात् हे भिक्षुहरू १ यो (आत्मा नित्य, ज्ञेय, अपरिवर्तनशील आदि) भन्ने भावना केवल अपरिपक्व धर्म वा बुझाइ हो ।[६] आत्मा नै सबै काम वा तृष्णाको कारण हो र यसलाई स्वीकार गर्दा प्राणीमा तृष्णा रहिरहन्छ, जुन दुःखको कारण भएकोले अन्ततोगत्वा आत्माको कारणले नै प्राणी दुःखमा अल्झिरहने देखिन्छ । र दुःख रहुन्जेल प्राणीको मुक्ति सम्भव नहुने देखिएकाले बुद्धले आत्मालाई स्वीकार नगरेको देखिन्छ ।

ग) अनीश्वरवाद : माथिका पञ्चस्कन्धहरूको सङ्घात वा संयोजनको कारण चेतन तत्वको सिर्जना हुने भएकोले त्यसमा ईश्वरको सत्ता देखिँदैन । बुद्धको विचारमा यदि ईश्वरको सत्ता हुने हो भने : क) कुनै प्राणीलाई दुःख हुने थिएन । ख) जस्तो कर्म गरे पनि राम्रै फल प्राप्त हुनुथ्यो । ग) कर्म नगरे पनि ईश्वर कृपाद्वारा वैभव प्राप्ति हुनुथ्यो । घ) आत्माको स्वरूप एउटै भएकोले सबै प्राणी समान हुने थिए जस्ता कुराहरू संसारमा हुने थिए । तर संसार त्यस्तो नदेखिएकाले ईश्वरको सत्ता छैन भन्ने बुद्धको भनाइ रहेको देखिन्छ ।

घ) अभौतिकवाद : बुद्धले आत्मा तथा ईश्वरको खण्डन गरेकाले उनी भौतिकवादी हुन् भन्ने शङ्का उत्पन्न हुन्छ तर त्यस्तो पनि देखिँदैन । भौतिक पदार्थहरू पनि सर्वमनित्यम् अनुसार अनित्य नै हुने भए । तसर्थ यसमा पनि प्राणीको दुःख निवारण देखिँदैन । साथै दुःख रहुनजेल निर्वाण पनि असंभव देखिन्छ । जीव त्यही हो, त्यही शरीर होस् र जीव अर्कै हो, शरीर अर्कै हो भन्नुमा ब्रह्मचार्यवास हुन सक्दैन ।[७] किनकि शरीर र जीवको सत्ताको तुलना गर्दैमा दुःख निवारण असम्भव देखिन्छ भन्ने बुद्धको मान्यता रहेको पाइन्छ ।

३. बौद्ध धर्ममा विभाजन (Slpit in Buddhism)

बुद्धले देखाएको बाटो बढी कठीन अनुभव गरेर भिक्षुहरूबीच क्रमशः मतभेद देखिन थाल्यो । यसै क्रममा विभिन्न बौद्ध सम्मेलन भए जसलाई सङ्गीति पनि भनिन्छ । प्रथम सङ्गीति मगधको राजधानी राजगृहमा वि.पू. ४३६ मा भयो जुन समय गौतम बुद्धको महापरिनिर्वाणको समय पनि हो । दोस्रो सङ्गीति वैशालीमा वि.पू. ३२६ मा सम्पन्न भयो । यसै सङ्गीति मार्फत् वंज्जिपुत्तक, वज्जिपुत्तिक, वात्सीपुत्रीय आदि असन्तुष्ट भिक्षुहरूले दश हजार भिक्षुहरूलाई लिएर यिनीहरूले कौशम्बीमा अलग भेला गरे र आफूलाई महासांघिक भन्न थाले । पुराना मान्यता राख्नेहरू स्थविरवादी वा थेरवादी भनिए । तिनै महासाङ्घिकहरू नै आफूलाई महायानी भन्न थाले भने थेरवादीहरूलाई हीनयानी ।

महायानीहरू थेरवादी भन्दा केही लचिलो देखिन्छन् । आफ्नो दुःख निवारण र निर्वाण थेरवादीहरूको मुख्य उद्देश्य देखिन्छ तर महायानीहरूको भने सबैको दुःख निवारण, अन्य प्राणीको कल्याण र मुक्ति आफ्नो उद्देश्य भएको देखिन्छ । त्यसरी नै पूजा, आराधना, तन्त्र, कर्मकाण्ड, देवता, आत्मा, पुनर्जन्म जस्ता कुराहरू महायानले स्वीकार गरेको देखिन्छ ।[८] तसर्थ बौद्धदर्शनमा यसलाई मध्यममार्गी बाटो भनेर पनि चिनिन्छ । त्यसैले यसले कर्म, भक्ति, ज्ञान आदिलाई सहजै अँगालेको देखिन्छ ।

४. श्रीमद्भगवद्गीतामा कर्मयोग, भक्तियोग तथा बौद्धधर्म (Shrimadvagavad Geeta: With Karma Yoga, Bhakti Yoga and Buddhism)

श्रीमद्भगवद्गीतामा भिन्न-भिन्न योगका १८ अध्याय छन् । तीमध्ये तेस्रो र बाह्रौं अध्याय क्रमशः कर्म र भक्ति योगका बारेमा बताइएका छन् । बुद्धको महापरिनिर्वाण पछि महायानीहरूले उनलाई भगवानको अवतार मानी पूजा आराधना गर्न थाले । निर्वाणका अनेक बाटाहरू हुन्छन् साथै गृहस्थाश्रममा रहेर पनि यसलाई प्राप्त गर्न सकिन्छ भन्ने उनीहरूको भनाइ रहेको देखिन्छ । यसरी महायानी सम्प्रदायमा सांसारिक वस्तुलाई पुनःस्वीकार गरिएको देखिन्छ । जसबाट पुनः पूजा आराधना, तन्त्र-मन्त्र कर्मकाण्ड भक्ति आदि उपासनाहरूको विकास भएको देखिन्छ ।

महायानीहरूले कर्म र भक्तिको स्वीकार श्रीमद्भगवद्गीताबाट गरेका हुन् भन्ने विद्वान्हरूको निष्कर्ष रहेको छ । निम्न कारणले श्रीमद्भगवद्गीतासँग यिनीहरूको समानता पाइन्छ भन्ने विद्वान्हरूको भनाइ देखिन्छ ।

क) केवल अनात्मवादी तथा सन्यास प्रधान हीनयानद्वारा भक्ति तथा प्रवृत्ति प्रधान तत्व निष्पादित हुन असम्भव भएकोले ।

ख) महयान पथ निष्पत्तिका विषयमा स्वयं बौद्ध ग्रन्थकारहरूले कृष्णको नाम स्पष्ट रूपमा उल्लेख गरेकोले ।

ग) श्रीमद्भगवद्गीताका भक्तिप्रधान तथा प्रवृतिप्रधान तत्वहरूमा महायान मतको शब्दतः तथा अर्थतः समानता पाइनु ।

घ) मूल बौद्धधर्मको साथसाथै जैन आदि अरु धर्ममा चाहिँ तत्कालीन प्रचलित वैदिक मार्गको तथा प्रवृतिप्रधान मार्गको प्रयोग एवं प्रचारप्रसार नहुनु ।[९]

उक्त मान्यतालाई श्रीमद्भगवद्गीताको कर्मयोग तथा भक्तियोग अन्तर्गत विश्लेषण गर्दा विशेषतः कर्मलाई प्राथमिकतामा राखिएको पाइन्छ । जुन विषयलाई तथ्यपरक ठानेर महायानीहरूले पनि स्वीकार

[५] बलदेव उपाध्याय, बौद्धदर्शन मीमांसाः पृ. ६०/६५ ॥
[६] मज्झिमनिकाय : १/१/२ ॥
[७] उपाध्याय, पूर्ववत् : पृ.७९ ॥
[८] ऐजन : पृ.९२-११० ॥
[९] ऐजन : पृ.३६९ ॥

गरेको देखिन्छ । मानिसले वा प्राणीले कुनैपनि कार्य नगरी बस्न सक्दैन । कर्मयोग नै योगीहरूका लागि उत्तम निष्ठा वा मुक्तिमार्ग हो ।[१०] प्रभावशाली व्यक्तिले समाजमा जस्तो कर्म गर्दछ, त्यसलाई आम जनमानसले अनुसरण गर्दछ, त्यसैले संसारमा पाउन केही बाँकी नरहे पनि आफू कर्ममा लागिरहेको तथ्य कृष्णले यहाँ बताएका छन् ।[११] यसरी यो कर्मयोगले ईश्वर र भाग्यमा भन्दा कर्ममा जोड दिने भएकोले बौद्धमार्गीहरूले पनि सहजै स्वीकार गरेको देखिन्छ ।

त्यस्तै एउटा कर्म अर्को कर्मका लागि कारण बन्नु प्रतीत्यसमुत्पाद तथा कारणवादसँग सम्बन्ध राख्ने यहाँको अर्को सिद्धान्त हो । अन्नद्वारा प्राणी, मेघबाट अन्न, यज्ञद्वारा मेघ, कर्मद्वारा यज्ञ, ब्रह्मद्वारा कर्म, र अक्षर(अविनाशी तत्व)द्वारा ब्रह्मको सिर्जना भएको बताइएको छ ।[१२] प्राणी, अन्न (आहार), मेघ, यज्ञ, कर्म, ब्रह्म, र अक्षर अवस्थानुसार उत्तरोत्तर कार्यकारण भावलाई प्राप्त गर्दछन् । जस्तै अन्नबाट प्राणीहरू बन्दछन् तसर्थ प्राणी बन्ने कारण अन्न हो त्यस्तै अन्नको कारण मेघ हो वा मेघको कार्य अन्न हो । प्राणी कर्मको कारण हो भने अक्षरको कारण कर्म हो । यसरी कार्यकारणको सिलसिला बडो रोचक ढंगमा प्रस्तुत हुनुले अस्मिन् सति इदं भवति अनुसार उक्त बौद्ध मान्यतासँग मिलेको देखिन्छ । कर्मकै कारणले जनक आदि राजाहरू विख्यात हुनुले यसको महानता स्पष्टै देखिन्छ ।[१३] तर राग र द्वेषले इन्द्रियहरूलाई आफ्नो स्वार्थका लागि प्रयोग गर्ने हुनाले यिनले असल कर्म गर्न दिँदैनन् तसर्थ बुद्धिमान् मानिसले यिनलाई त्याग्नुपर्छ ।[१४] र यही निर्दिष्ट कर्म गर्नु नै धर्म हो जुन व्यक्ति नै पिच्छे फरक हुन जान्छ । अरुको नक्कल गरियो भने त्यो भयावह वा संकट निम्त्याउने हुन सक्छ । त्यस्तै रजोगुणबाट उत्पन्न काम र क्रोधले मानिसलाई असल काम गर्नबाट वञ्चित गर्दछन् । यिनको वशमा परेर मानिसले पाप कर्म गर्दछ र दुःख पाउँदछ । प्राणीका लागि यी ठूला शत्रु हुन् । गर्भलाई साललालले ढाके झैं ज्ञानलाई यसले ढाकेको हुन्छ ।[१५] त्यसैले ज्ञानको अनुसरण गर्नेले यिनलाई जित्नुर्पदछ भन्ने संदेश श्रीमद्भगवद्गीतामा कर्मयोगको पाइन्छ । यसरी हेर्दा पापको कारण काम क्रोध लोभ आदि हुन् र सुख, शान्ति तथा मुक्तिका लागि सचेत मानिसले यिनलाई त्याग गर्नुपर्छ भन्ने साझा सन्देश वैदिक तथा बौद्ध दुवै धर्मको रहेको देखिन्छ ।

त्यस्तै भक्तियोगको प्रसँगमा दुःखको परिचय र माथि भनिएका काम क्रोधादि (कारण) लाई त्याग्ने उपाय साथै शानति प्राप्त गर्ने मार्गलाई वर्णन गरिएको देखिन्छ । प्राणीले सुख भन्दा पनि शान्ति चाहन्छ । यदि कृष्णमा भक्ति लगाई कर्म गरेमा त्यो असल मार्ग भएर निष्पादित हुन्छ । त्यसले पाप पनि ग्रहण गर्दैन जसबाट प्राणी कर्मबन्धनमा पर्दैन र त्यसो हुँदा उसले शान्ति प्राप्त गर्दछ भन्दै यहाँ शान्तिलाई पहिलो प्राथमिकतामा राखिएको छ । ज्ञानभन्दा अभ्यास, अभ्यासभन्दा ध्यान, ध्यानभन्दा कर्मफलको त्याग र कर्मफलको त्यागभन्दा निरन्तरको शान्ति विशेष उत्तरोत्तर उत्कृष्ट हुन्छन् ।[१६]

यस्तो अविरल शान्ति कसले पाउन सक्छ भन्ने जिज्ञासामा भनिएको छ - सबै प्राणी मा द्वेष नगरी मैत्री र करुणाको भावले हेर्ने अहङ्काररहित, दुःखसुखलाई समान रूपमा लिने, क्षमावान्, सन्तोषी, योगमा चित्त भएको, आत्मज्ञानी, दृढ निश्चयी, तृष्णा नभएको, तथा सुख, दुःख, शत्रु, मित्र, चिसो, तातो, निन्दा, स्तुति आदिलाई समान रूपले लिने, अल्पभाषी, सन्तुष्ट, गृहादि भौतिक सुविधामा लिप्त नभएको, र दृढचित्त भएको मानिस नै सबै क्लेशहरूलाई त्याग्न सक्षम हुने र सो व्यक्ति नै योगी वा ज्ञानी भएकोले भगवानलाई पनि प्यारो लाग्ने यस भक्तियोगमा उल्लेख छ ।[१७] वास्तवमा भगवानलाई स्मरण गर्नु यहाँ साक्षीभावलाई स्वीकार्नु हो भन्ने भक्तियोगमा देखिन्छ । भक्तिमा लगाव राखेर कर्म गर्नु भन्ने नै यहाँको वास्तविक सन्देश देखिन्छ । तसर्थ कर्मको प्रधानता दर्शाउनु नै यहाँको मुख्य लक्ष्य रहेको देखिन्छ ।

यसरी कर्म अनुसारको फल सबैले भोग्नु अनिवार्य हुने भएकाले असल कर्ममा प्रेरित गर्नु, कुनै कर्मको पछाडि कारण विद्यमान हुने हुनाले असल कारण खोज्नु, कर्मफल वशमा नहुने हुनाले यसलाई प्राणीले त्याग गर्नु नै उत्तम भन्ने शिक्षा श्रीमद्भगवद्गीतामा उक्त योगहरूको देखिन्छ ।यसरी नियाल्दा निम्न पक्षहरू उल्लेख हुनुले बौद्ध दर्शनसँग यसको समानता रहेको पाइन्छ ।

अ) कारण र कार्यको सापेक्ष सम्बन्ध आ) पृथ्वी, जल आदि भौतिक तत्वद्वारा प्राणीको संरचना । इ) सांसारिक अनित्यता ई) प्राणीहरूमा दुःख

उ) तृष्णा नै दुःखको कारण ऊ) काम क्रोध आदिले दुःख बढाउने ।

ऋ) इन्द्रिय निग्रह गर्नुपर्ने । ऌ) शान्ति प्राप्त गर्न सकिने ।

ए) कर्मको प्रधानता ऐ) परम् (निरन्तरको) शान्ति नै निर्वाण वा मोक्षको कारण हुने ।

यी सबै पक्षहरूलाई मनन गर्दा कर्म भक्ति तथा ज्ञान मार्गको विस्तारित क्षेत्रले भरिएको श्रीमद्भगवद्गीताको मार्गलाई महायानी बुद्धधर्मीहरूले अक्षरशः स्वीकार गरेको देखिन्छ । माथि भनिए अनुसार बुद्धका आधारभूत मान्यतामा परिसकेको यो सिद्धान्त पछि गएर अरु बौद्ध मान्यतामा हुबहु स्वीकार हुनु स्वभाविक नै देखिन्छ । आचार्य नागार्जुन का गुरु राहुलभद्र (जो ब्राह्मण थिए) को कल्पनाअनुसार नै महायानी बौद्धधर्मको विकास भएको देखिन्छ ।[१८] तसर्थ वैदिक सनातन धर्मका मान्यताहरू, जस्तै कर्मकाण्ड, पूजा, उपासना, भक्ति, वन्दना, अर्चना, तन्त्र आदिको पनि सँगसँगै वृद्धिविकास भएको देखिन्छ जुन माथि नै उल्लेख गरिसकिएको छ ।

५. कर्म र भक्तियोगका केही प्रायोगिक भाषिक पक्ष
(Karma and Bhakti Yogas: Some Aspects on Aplpied Linguistics)

प्रायोगिक भाषिक पक्ष (Aspects of Aplpied Linguistics) लाई परिभाषित गर्नुपर्दा :

अ) भाषा र विज्ञानका कोश विधान, अनुवाद, कथन उपचार, आदि प्रयोगात्मक समस्याहरूको सम्बन्धपरक अध्ययन ... भाषा प्रयोग सम्बन्धी विविध सैद्धान्तिक ढाँचाहरूको विकास गर्ने आदिमा प्रायोगिक

[१०] लोकेऽस्मिन् द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ । ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥३/३॥

[११] यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः । स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥
न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन । नानावाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥

[१२] अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः । यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥३/१४॥ कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् । तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥३/१५॥

[१३] कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः । लोकसङ्ग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ॥३/२०॥

[१४] इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ । तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३/३४॥

[१५] काम एष क्रोध एष रजोगुणसमुद्भवः । महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥३/३७॥
धुमेनाव्रियते वह्निर्यथादर्शो मलेन च । यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३/३८॥

[१६] श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते । ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२/१२॥

[१७] अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ...,... श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥१२/१३-२०॥

[१८] उपाध्याय : पृ.३६७-३६९ ॥

भाषा विज्ञानको प्रयोग गरिन्छ। (ज्यक सी. रिर्चडस् र अन्य (ई.१९९९)।

आ) ...नयाँ प्राज्ञिक अनुशासनका रूपमा दोस्रो र विदेशी भाषा शिक्षण र सिकाइका क्षेत्रमा आमन्त्रण गरिएको प्रयुक्ति प्रायोगिक भाषा विज्ञान हो। (किथ जोन्सन र हेलेन जोन्सन (ई.१९९९)।

इ) प्रायोगिक भाषा विज्ञान उपभोक्ता पक्षसँग सम्बन्धित भाषा वैज्ञानिक अध्ययन हो। यसले भाषा वैज्ञानिक अध्ययनद्वारा प्राप्त हुने भाषा सम्बन्धी ज्ञानहरूको उपयोग के कसरी गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिन्छ र भाषाको ज्ञानबाट तत् सम्बन्धी व्यावहारिक कार्य क्षमतामा सुधार गर्ने अपेक्षा राख्दछ। - एस. पिट कडर (ई.१९७३)।

ई) प्रायोगिक भाषा विज्ञान सामान्य भाषा वैज्ञानिक सिद्धान्तहरूको प्रयोग पक्षसँग सम्बन्धित शाखा हो। यसको सम्बन्ध भाषाका विभिन्न क्षेत्रका समस्याहरूको व्याख्या विश्लेषण गर्नमा हुन्छ। - डेभिड क्रिष्टल (ई.१९८५)।

उ) भाषाका सिद्धान्तहरूको व्यावहारिक उपयोगिताको अध्ययन गर्ने विज्ञानलाई प्रायोगिक भाषा विज्ञान भनिन्छ। - हेमाङ्गराज अधिकारी (वि.सं.२०६२)।

ऊ) प्रायोगिक भाषाविज्ञानको सीमित क्षेत्र अन्तर्गत भाषाशिक्षण, व्यतिरेकी विश्लेषण, त्रुटिविश्लेषण, पाठ्यक्रमनिर्माण, पाठ्यपुस्तक लेखन, शैक्षणिक व्याकरण, शिक्षाशास्त्रीय भाषाविज्ञान, भाषिक मूल्याङ्कन आदि पर्दछन् भने व्यापक क्षेत्र अन्तर्गत शैलीविज्ञान, सङ्कथन विश्लेषण, कोशविज्ञान, अनुवादविज्ञान, भाषायोजना, प्राचीन ग्रन्थ सम्पादन, बोली उपचार, सामाजिक भाषाविज्ञान आदि पर्दछन्। (पारसमणी भण्डारी र अन्य (वि.सं.२०६८)।

उक्त परिभाषाहरूलाई मध्यनजर गर्दा श्रीमद्भगवद्गीताको कर्म तथा भक्तियोगमा प्रयोग गरिएको भाषालाई प्रायोगिक भाषाविज्ञानका पक्षहरूमध्ये केही विशेषताहरू निम्न देखिन्छन्।

क) संवादको भाषा: दुई वा सोभन्दा बढी व्यक्तिहरूको कुराकानीको प्रस्तुतिलाई संवाद भनिन्छ। प्रस्तुत अध्यायहरूमा कृष्ण र अर्जुन बीचको कुराकानी भएकोले यहाँ संवादको भाषा प्रयोग गरिएको छ। कृष्ण र बुद्ध दुवैलाई भगवानको अवतार मानिएकोले साथै उनीहरूले यही भाषा प्रयोग गरेको कारणले संस्कृतलाई देवभाषा भनिनुमा थप आधार यहाँ देखिन्छ।[१९]

ख) संस्कृत भाषा: यसमा संवादको भाषा २०० ई. पू.[२०] वा महाभारत कालमा बोलिने संस्कृत भाषा रहेको छ। अधिक जनमानसले त्यतिबेला बोल्ने यो नै एकमात्र भाषा देखिन्छ।

ग) लौकिक भाषा: वेदमा प्रयुक्त भाषालाई वैदिक तथा लोक (आम जनमानसले प्रयोग गर्ने) मा प्रयोग हुने भाषालाई लौकिक भाषा भनेर चिनिन्छ। वेदको रचनाकाल (ई.पू १२००)[२१] को करीब ६०० वर्ष पछिदेखि भाषिक परिर्वतनको कारण वेदको भाषा भिन्न हुँदै गयो साथै त्यसलाई प्रयोग गर्न पनि छोडियो। यसरी पाणीनिले दुवैको व्याकरण पनि अलग अलग बनाएका छन्।[२२] श्रीमद्भगवद्गीतामा प्रयुक्त भाषा लौकिक भाषा हो।

घ) सरल भाषा: समास धेरै भएको तथा मिश्रित र संयुक्त वाक्यको बाहुल्यता भएको प्रयोग संस्कृतमा जटिल र क्लिष्ट मानिएको छ। एकमात्र समापिका क्रिया भएको वा एक उद्देश्य र एक विधेय भएको वाक्य सरल मानिन्छ। यहाँ यस्तै सरल भाषाको प्रयोग पाइन्छ। साथै संवादको भाषा भएकोले श्लेष आदि अर्थ लाग्ने पद र वाक्यको यहाँ बाहुल्यता देखिँदैन।[२३]

ङ) छन्दमा बोलिएको भाषा: निश्चित संख्या र स्वरूपमा वर्णहरूलाई मिलाउनु छन्द हो भने त्यसरी लेखिएको रचना पद्य हो। यसरी हाल को बोलीमा श्रीमद्भगवद्गीतालाई पद्यकविता पनि भन्न सकिन्छ। सम्पूर्ण श्रीमद्भगवद्गीतामा विविध छन्द भएपनि कर्म र भक्तियोगमा अनुष्टुप छन्दको मात्र प्रयोग छ।[२४] यसको एक पाउमा ८ अक्षर गरी एक श्लोकमा जम्मा ३२ अक्षर हुन्छन्।

च) मधुर भाषा: रचनामा क,च,ट,त,प जस्ता अघोष साथै ङ,ञ,ण,न,म जस्ता नासिक्य वर्णको अधिक प्रयोगले लयात्मकता र मिठास थपिन्छ। यसलाई मार्धुय गुणयुक्त काव्य पनि भनिन्छ।[२५] तसर्थ यहाँ यस्तो प्रयोग भएकोले उक्त गुण व्यञ्जित छ।

छ) आदर प्रयोग गरी बोलिएको भाषा: उक्त कर्म तथा भक्तियोगमा शिष्ट तथा आदरात्मक भाषाको प्रयोग गरिएको छ। हुनत क्रियापद मात्र हेरेर संस्कृतमा आदरार्थी भए नभएको छुट्याउन सकिँदैन। यसका लागि सम्बोधनमा प्रयुक्त पद तथा अरु तत्व हेर्नुपर्ने हुन्छ। यहाँ सम्बोधनको क्रममा कृष्णले अर्जुनलाई पार्थ, अर्जुन, कौन्तेय जस्ता पद र अर्जुनले कृष्णलाई, जर्नादन, केशव, वार्ष्णेय जस्ता पद प्रयोग हुनु शिष्टाचार देखिन्छ। दुवैले मध्यमपुरुषवाची सर्वनाम तथा क्रियापदको प्रयोग गरेका छन् जसबाट शिष्टता एवं आत्मीयता प्रकट भएको देखिन्छ।[२६]

ज) प्रश्नोत्तरको भाषा: संवाद पनि जिज्ञासा र समाधानयुक्त हुनुले यहाँ पूरै प्रश्नोत्तर देखिन्छ, जसमा युद्धमा विरक्तिएका जिज्ञासु अर्जुन प्रश्न गर्दछन् अनि कृष्ण सारगर्भित उत्तर दिन्छन्।[२७] वास्तवमा पाश्चात्य दार्शनिक प्लेटोको संवादसँग मिल्ने शैली यहाँ पनि प्रयुक्त देखिन्छ।

झ) निर्देशात्मक भाषा: कृष्णको भाषा निर्देशात्मक शैलीको पनि देखिन्छ। कतै यही भाषा आज्ञार्थकको रूपमा पनि देखिन्छ। उनी अर्जुनलाई कुरु (गर), निवेशय (राख), भव (होऊ), युध्यस्व (लडाइँ गर), प्रजहि (परास्त गर) जस्ता पद यहाँ प्रयोग गर्दछन्।[२८]

ञ) विध्यर्थक भाषा: ईच्छार्थक क्रियापदहरू जस्तै भावयन्तु (प्रेरणा गरुन्), कुर्यां (गरुँ) आदि पदहरूको प्रयोग यहाँ देखिन्छ तसर्थ विर्ध्यथक भाषिक शैली यहाँ प्रस्टै देखिन्छ।[२९]

ट) आलंकारिक भाषा: विविध दृष्टान्तले युक्त भएकोले यहाँ प्रयुक्त भाषा आलंकारिक देखिन्छ। यसले भाषामा सुगमता, सहजता, सरलता र सुललितता थपेको देखिन्छ। धुवाँले आगोलाई, फोहोरले ऐनालाई ढाकेजस्तै अनि सालनालले गर्भलाई बेरेजस्तै काम र क्रोधले ज्ञानलाई ढाकेको छ जस्ता वाक्यमा उपमा अलङ्कार[३०] तथा 'विभिन्नार्थक वाक्यले मेरो बुद्धि भ्रमित पार्दे

---

[१९] तदेकं वद निश्चित्य येन श्रेयो□हमाप्नुयाम् ...,..लोके□स्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ॥३/२-३॥

[२०] सांकृत्यायन : पृ.८४-२०० ॥

[२१] ऐजन : पृ.१-७४ ॥

[२२] भट्टोजीदीक्षित, सिद्धान्तकौमुदी : वैदिकप्रकरण ॥

[२३] न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन। नानावाप्तमवाप्तव्यं वर्त एव च कर्मणि॥३/२२॥ ।

[२४] एक पाउमा ८ अक्षर हुने गायत्री छन्द हुन्छ, यसैलाई ४ पाउ (३२ अक्षर) पूरा गरेमा अनष्टुप् छन्द हुन्छ। - छन्दशास्त्र।

[२५] विश्वनाथ, साहित्यर्दपण : पृ.५८०-५८६ ॥

[२६] ...अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३/३६॥...जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥३/४३॥

[२७] 'तत्किं कर्मणि घोरे मां नियोजयसि केशव,...नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ॥३/१॥

[२८] जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥३/४३॥

[२९] देवान्भावयतानेन ते देवा भावयन्तु वः। परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥३/११॥

हुनुहुन्छ' जस्ता वाक्यले उत्प्रेक्षा अलङ्कारलाई जनाएका छन् ।[३१]

ठ) संकेतार्थक भाषाः यज्ञ गरे पानी पर्छ , पानी परे अन्न फल्छ, सन्तोषी व्यक्ति भए मेरो प्रिय हुन्छ जस्ता वाक्यहरू संकेतार्थक वाक्यको रूपमा यहाँ प्रयुक्त देखिन्छन् ।[३२]

ड) समानताको भाषाः यसको भाषिक प्रयोगमा कुनैपनि विशेष समुदायलाई लक्षित गरिएको पाइँदैन । कुनै वर्ग, जात, क्षेत्र, लिङ्ग आदिलाई मात्र लक्षित नगरी, मानव तथा मानवेतर सबैलाई समान रूपमा गम्य हुने भाषाको प्रयोग देखिन्छ ।[३३] यसरी वसुधैव कुटुम्बकम् (संसार नै भातृमय हो) एवं यत्र विश्वं भवत्येकनीडम् (जहाँ विश्व एक चराको गुँड वा वासस्थान समान हुन्छ), जस्ता उक्ति चरितार्थ भएको देखिन्छ । तसर्थ यहाँ समानताले युक्त भएको भाषा छ भन्न सकिन्छ ।

ढ) विविध दृष्टिविन्दु भएको भाषाः भाषामा कथनको शैली प्रथम, द्वितीय वा तृतीय पुरुष मध्ये कुन वक्ता छ सोही नै त्यसको दृष्टिविन्दु भनिन्छ । (अ) प्रथमपुरुष दृष्टिविन्दु जस्तैः मैले कर्म नगरी बसें भने जनता भ्रष्ट भएर जानेछन् र यस्तो भएमा वर्णसंकर उत्पन्न भई म नै उनीहरूको संहारकर्ता हुन पुग्नेछु अनि सबैले मेरो बदनाम गर्नेछन् । (आ) द्वितीय पुरुष दृष्टविन्दु जस्तैः (देवता र तिम्रो परस्परको सेवाभावले तिमी कल्याण प्राप्त गर्नेछौ । (इ) तृतीय पुरुष दृष्टिविन्दु जस्तैः कामवसनाद्वारा क्रोध उत्पन्न हुन्छ, ...भक्तियोगमा लागेकाहरू मलाई प्यारो लाग्छन् इत्यादि । संस्कृतमा यसलाई क्रमशः उत्तम, मध्यम तथा प्रथम पुरुषको दृष्टिविन्दु भएको विधा भन्ने बुझिन्छ ।

ण)विशेष परिस्थितिमा बोलिएको भाषाः यो भाषा कृष्णद्वारा युद्ध मैदानमा बोलिएको हुनाले विशेष परिस्थतिको भाषा भन्नुपर्ने देखिन्छ । युद्धको सिर्जना हुनु एक विशेष परिसथिति हो । निराश भएका अर्जुनलाई कर्ममा फर्काउन व पुर्नताजगी ल्याउन विशेष चुनौति पनि देखिन्छ । र युद्धको समयमा रणभुमिमा बोल्नुर्पने स्थितिले विशेष परिस्थति रहेको देखिन्छ । अर्जुन आफ्नो कर्तव्यबाट विमुख हुन खोज्नुले पनि विशेष परिस्थिति सिर्जना भएको देखिन्छ ।

त) संवेदनशीलता बोकेको भाषाः माथि भने झैं कर्तव्यबाट निराश मानसिकता भैसकेका योद्धा अर्जुनलाई यथोचित कर्तव्यपथमा फर्काउनुपर्ने भएकोले यहाँ भाषिक गहनता, तथ्यता र यथार्थता झल्किन्छ । सबैको जीवन एक युद्ध वा युद्ध मैदान जस्तै विविध चुनौतिहरूले भरिएको र यही निर्देशनद्वारा सो को व्यवस्थापन गर्न सकिने जस्तो अर्थगत व्यापकता यहाँ पाइन्छ । एकछिन हाँसेर रमाइलो गर्ने जस्तो भाषा यहाँ पाइँदैन ।

थ) व्यापकतालाई आत्मसात गरेको भाषाः एकातर्फ यो श्रोताकेन्द्रित भाषा भएकोले यसका श्रोता व्यापक हुने र अर्कोतर्फ विविध क्षेत्रमा यसको अर्थ विस्तारित हुन सक्ने हुनाले उद्देश्यगत र अर्थगत व्यापकता यहाँ देखिन्छ । त्यस्तै नीति, ज्ञान, विज्ञान, योग, दर्शन आदि क्षेत्रमा पनि यसको व्यापकता स्पष्ट नै देखिन्छ ।

६) निष्कर्ष (Conlcusion)

बौद्ध दर्शनसँगको तुलनात्मक परिप्रेक्षमा श्रीमद्भगवद्गीताका उक्त कर्म र भक्ति योगलाई नियाल्दा प्रतीत्यसमुत्पाद आदि मूल बौद्धधर्म दर्शन सँग मेल खाने देखिन्छ । भगवानको सर्वोपरिता, कर्म, पूजा, भक्ति, आदि जस्ता विषयहरू महायानी बुद्धधर्मको दर्शनसँग मिल्ने देखिन्छन् । तृष्णा, दुःख, पाप, निर्वाण जस्ता विषयहरू पनि समान देखिन्छन् । दार्शनिक समानता देखिनुले कृष्ण र बुद्ध दुवै एउटै भगवानको अवतार हो भन्ने बलियो तर्क यहाँ देखापरेको छ । कृष्णको अवतार पहिले भएकोले तथा श्रीमद्भगवद्गीता त्यसै समयमा निर्देशित भएकोले बौद्धर्मागीले श्रीमद्भगवद्गीताको दर्शनलाई आत्मसात गरेका हुन् भन्ने पनि स्पष्ट हुन्छ ।

भाषिक पक्षमा पनि यसमा प्रयोग भएको भाषालाई दृष्टिगत गर्दा र त्यसका केही प्रायोगिक पक्षलाई केलाउँदा मात्र पनि विविध व्यावहारिक पक्षहरू तथा तिनका उपयोगिता पाइन्छन् । यस बाहेक साहित्यिक, व्याकरणिक, शैक्षणिक, सामाजिक, मनोवैज्ञानिक, अनुवाद, शैली विज्ञान, तुलनात्मक अध्ययन, कम्प्युटर प्रयुक्त भाषाविज्ञान (ऋयःउगतबतष्लबि ील्लनगष्कतष्अक) आदिमा पनि उपयोगिता देखिन्छ । छन्द, सङ्गीत, लयात्मकता (एचयकयमष्अ ँभबतगचभक) आदिमा यसको छुट्टै अध्ययन हुन सक्ने पनि देखिन्छ । समग्रमा आजको भाषाविज्ञानको क्षेत्रमा यसको अध्ययनले नवीन प्रयोगहरू सिर्जना हुने देखिन्छ ।

(७ वैशाख,२०६९, कीर्तिपुर, काठमाण्डौं)

सन्दर्भसामग्री (Bilbiography)

१. उपाध्याय, बलदेव, (ई. १९९९), पञ्चम संस्क. बौद्धदर्शनमीमांसा, वाराणसी : चौखम्बा विद्याभवन ।

२. श्रीमद्भगवद्गीता (शाङ्करभाष्य),(ई.१९६८), व्याख्याकारहरू, आनन्दगिरि र अन्य, दो.सं., नयी दिल्ली : मुन्सीराम मनोहरलाल पब्लिकेशनस् ।

३. श्रीमद्भगवद्गीता (३७००),(वि.सं.२०५६), गोरखपुर : गीताप्रेस ।

४. श्रीमद्भगवद्गीता (यथारूप),नेपाली अनुवाद, (ई.१९९७), व्याख्याकार श्री श्रीमद् अभयचरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपाद, भारत : भक्तिवेदान्त बुक टस्ट्र ।

५. श्रीमद्भगवद्गीता (कमलगीता), (वि.सं.२०५९), कचौलीगडी वाराणसी : बंबई पुस्तक भवन ।

६. सांकृत्यायन, राहुल, (ई. १९५८), संस्कृत काव्यधारा, इलाहावाद, दिल्ली : किताब महल ।

७. मज्झिमनिकाय (सुत्तपिटक पालि), (ई.१९५८), सम्पा. भिक्षु कश्यप, विहार, भारत : राजकीय पालि प्रकाशन मण्डल ।

८. अश्वघोष, (ई.१९८०), सौन्दरानन्दमहाकाव्यम्, अनु. सूर्यनारायण चौधरी, पञ्चम संस्क., दिल्ली : मोतीलाल बनारसीदास ।

९. १०८ उपनिषत्, (ई.१९६७), तृतीय संस्क., भाष्यकार श्रीराम शर्मा आचार्य, उत्तर प्रदेश : संस्कृति संस्थान बरेली ।

१०. पिङ्गलनाग, (ई.१९३८), छन्दशास्त्रम्, व्याख्याकार, हलायुध, मुंबई : पाण्डुरङ्ग जवाजी ।

११. शुक्लयर्जुवेद, (वि.सं.२०६६), अनु. तिलकप्रसाद लुइँटेल, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

१२. विश्वनाथ, (ई. १९५५), साहित्यर्दपण, सं.तथा टीकाकार आ.श्री कृष्णमोहन शास्त्री, वाराणसी : चौखम्बा विद्याभवन ।

१३. भट्टोजीदीक्षित, (ई.१९५४) सिद्धान्तकौमुदी, व्याख्याकारहरू शारदारञ्जन राय र अन्य, द्वितीय संस्क., कलकत्ता : मुकुन्द रञ्जन राय ।

---

[३०] धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च । यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३/३८॥
[३१] व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ॥३/२॥
[३२] अन्नाद्भवन्ति..., टिप्पणी १२, ॥
[३३] इन्द्रियस्येन्द्रियस्यार्थे.....पूर्ववत् ॥

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मणिराज दाहाल
नि.कोषाध्यक्ष, अनेरास्ववियु, वाल्मीकि क्याम्पस कमिटि

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

मदन अधिकारी
संयोजक, अनेरास्ववियु वाल्मीकि क्याम्पस कमिटि

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नवराज रेग्मी
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

चन्द्रमाया कार्की
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

पूर्णमान डंगोल
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

भाइचा पोडे
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

कृष्णमाया पोडेनी
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

डिल्लीप्रसाद अधिकारी
कर्मचारी, वाल्मीकि विद्यापीठ

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

श्याम कुश्ले
कर्मचारी
तीनधारा संस्कृत छात्रावास

हार्दिक शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुनील श्रेष्ठ
जमल, काठमाडौं

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

बिपीराज न्यौपाने
सहायक प्राध्यापक, वाल्मीकि विद्यापीठ

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक भगवान् गौतम बुद्धका महान् विचार, दर्शन र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक अनुसन्धानात्मक पत्रिकाले बुद्धका सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

द्वारिका प्याकुरेल
सचिव, अखिल (क्रान्तिकारी) वाल्मीकि इकाइ

बुद्धको व्यक्तित्व

■ रूपेश सापकोटा
वाल्मीकि विद्यापीठ

> बुद्धको सारा जीवन नै परोपकारको प्रतीक हो, मानव सेवा त उदाहरण मात्र हो, र लोकमंगल ज्वलन्त उदाहरण मात्र हो । बुद्धको यहि परोपकार वृत्तिलाई हेर्दै मानिसहरू उनले अँगालेको मार्गलाई स्वीकार गर्दछन् ।

यस धर्ममा बुद्धको व्यक्तित्वमा एउटा यस्तो चिज छ, जो संसारका अरु मानिसहरूलाई अनायासै उनको तिर खिच्दछ । जुन बुद्धको व्यक्तित्व साँच्चै महान् अलौकिक छ । उनको व्यक्तित्वको प्रतिभारुपी प्रकाशले गर्दा संसारका पापी मानिसहरूले उनको व्यक्तित्वलाई जानेपछि नराम्रा कर्महरू गर्नबाट झस्कने छन् । त्याग नै उनको जीवनको एउटा महान् कडी हो । एउटा राजपरिवारमा जन्मेर पनि उनले आफ्नो विशाल साम्राज्यलाई पन्छाएर अर्थात् एउटा नरम मखमलको ओछ्यानमा सुत्न छोडेर एउटा जंगलको अनकन्टार ठाउँलाई आफ्नो वासस्थान स्वीकार गरे । उनले राजकीय सम्मानले हुर्केको सुकोमल शरीरलाई सुकाएर एउटा सुकेको मुढोजस्तो बनाए । जब लुम्बिनीका यी राजकुमार संसारको संम्पूर्ण विषयवासना, राज्य, घर, पत्नी, आफन्त, मित्र, सबैसँग नाता तोडेर विरक्त जीवन बिताउदै तपस्याद्वारा सम्बन्ध जोड्दै, एउटा आफ्नो भिक्षापात्र लिएर विश्वशान्तिको उपदेश दिएर घुमेका थिए । त्याग, तपस्या, दमन, शमन, शान्ति र अहिंसालाई एकैठाउँमा एकत्रित गर्ने संयोग बुद्धको व्यक्तित्वलाई छोडेर अन्यत्र पाँउन कठिन छ ।

बुद्धको चरित्रको अर्को गुण आत्मसंयम थियो । इतिहासविद्हरू मान्दछन् कि उनले आफ्नो जवानी अवस्थामानै गृह त्याग गरेका थिए । उनकी पत्नी यशोधरा परमसुन्दरी थिइन् तर पनि बुद्धले आफ्नो कामवासनालाई कुल्चेर आफ्नो जीवनलाई आत्मदमन र संयम भएर बिताए, जहिले उनी तपस्यारत थिए, त्यसैबेला परिक्षा गर्नका लागि धेरै अप्सराहरू र परमसुन्दरी युवतीहरूलाई लिएर उनको तपस्यालाई भङ्ग गर्न खोजे तर पनि उनको वितरराग हृदय र कामवासना रहित शरीरमा अलिकति पनि विकार आएन र दृढ प्रतिज्ञा लिएर वसेका बुद्ध आफ्नो आसनबाट हल्लिएनन् । यस्तो थियो, उनको इन्द्रिय निग्रह वा आत्मसंयमको परीक्षामा बुद्ध पुर्णतया सफल भए । यस्तो प्रकारको उनको चरित्र अत्यन्त उज्वल पवित्र र अनुकरणीय थियो । यस्तै प्रकारले बुद्धको अर्को विशेषता परोपकार थियो । बुद्धको हृदय मानवप्रेमले भरिएको थियो । मनुष्यहरूको विभिन्न किसिमको दू:खहरूलाई देखेर उनको हृदय छिया छिया हुन्थ्यो । अरुको दू:खमा पनि उनी स्वयं दुखित हुन्थे । यहि कारणले नै हो, उनले मानव दू:खलाई नास गर्नुनै आफ्नो जीवनको चरम लक्ष्य बनाए । मनुष्यहरूको दू:खलाई हटाउने औषधी खोज्नका लागि नै बुद्ध धेरै वर्षसम्म जंगलमा भौतारिए र अन्तिममा सो औषधी प्राप्त गरेरै छोडे । उनले चार आर्यसत्य तथा अष्टाङ्गिक मार्गको अनुसन्धान गरेर मनुष्यहरूको दू:ख निवारणका उपायहरू बताए ।

उनले राज्य छोडे, घर छोडे, पत्नि छोडे, सुख छोडे । तर, उनले के प्राप्त गरे ? आफ्नो लागि केहि पाएनन्, मानव दू:खलाई हटाउने परमौषधि पाए । बुद्धको सारा जीवन नै परोपकारको प्रतीक हो, मानव सेवा त उदाहरण मात्र हो, र लोकमंगल ज्वलन्त उदाहरण मात्र हो । बुद्धको यहि परोपकार वृत्तिलाई हेर्दै मानिसहरू उनले अँगालेको मार्गलाई स्वीकार गर्दछन् । बुद्धको हृदय अत्यन्त उदार थियो । देवदत्तले बुद्धलाई शत्रु मान्दथे, पछि उ पनि शिष्य बन्यो । बुद्ध सबै मनुष्यहरूलाई समान दृष्टिले हेर्दथे, यहि कारणले गर्दा नै गिरिव्रजका राजा अजातशत्रु, साधारण व्यक्ति र पतित व्यक्ति पनि उनको शरणमा आएका थिए । बुद्ध पापलाई घृणा गर्दथे, तर पापीलाई अत्यन्त प्रेमको दृष्टिले हर्दथे, त्यसैले उनले एकचोटि एउटी वेश्याको आतिथ्यता ग्रहण गरेका थिए । साच्चै नै बुद्धको व्यक्तित्व महान थियो, जसको साथमा गिरिव्रजका महान सम्राट दर्शन गर्न आएका थिए । जसको साथमा झगडा मिलाउनका लागि लिच्छवी तथा कोलिय जस्ता प्रसिद्ध राजवंशज आएर उनलाई मध्यस्थता गरिदिन आग्रह गरेपछि उनीहरूले बुद्धको मध्यस्थता स्वीकार गरेका थिए । आफ्नो सुख शान्तिको अलिकति पनि चिन्ता नगरिकन मनुष्यहरूलाई अहिंसा र विश्वशान्तिको पाठ पढाउने शाक्यमुनिको व्यक्तित्व कति ठुलो होला यसको अनुमान गर्न पनि कठिन छ । काषायवस्त्र धारण गर्दै हातमा एउटा भिक्षापात्र लिई भगवान बुद्धको व्यक्तित्वको कल्पनाले नै पनि सबैको हृदयलाई मोहित पारेको छ । अझ मध्यकालिन युगमा बुद्धको व्यक्तित्वले मानिसहरूलाई आकर्षित गर्दथ्यो । पश्चिमा लेखक मार्को पोलेले आफ्नो किताबमा लेखेका थिए, 'यदि यी (बुद्ध) ईसाई भएको भए त क्राइष्ट धर्मको धेरै ठुलो सन्तमध्येमा समेत श्रेष्ठ हुन्थे । बुद्ध र क्राईष्टको चरित्र र शिक्षामा केहि समानता पाईन्छ । सुप्रसिद्ध विद्वान बार्थले लेखेका छन् 'बुद्धको व्यक्तित्वमा शान्ति र माधूर्यको सम्पूर्ण आदर्श पाइन्छ । त्यसैले अनन्त, कोमलता, नैतिकता, स्वतन्त्रता र पाप रहितको प्रतिमूर्ति नै बुद्ध हो ।

❁❁❁

'प्रौढमनोरमा' पाठ्यांश परिचय

■ डा. विष्णु दाहाल
सह–प्राध्यापक
वाल्मीकि विद्यापीठ

फलामलाई फलामले काट्छ भनेझैं लौकिक संस्कृतको माध्यमले वैदिक संस्कृतमाथि प्रश्न उठाइयो । लौकिक वा वैदिक शब्दज्ञानका निम्ति पाणिनि व्याकरणको अध्ययन अनिवार्यजस्तै थियो । त्यसकारण पाणिनि व्याकरणलाई सर्वप्रथम प्रकरणमा विभाजन गरेर अध्ययन गर्ने परिपाटी आरम्भ गरियो । यसैको विकसितरूप सिद्धान्तकोमुदी हो । रूपावतार रूपमाला भाषवृत्ति परिभाषवृत्ति हुँदै सिद्धान्तकौमुदीमा आइपुग्दा ठीक उल्टो अवस्था देखिन्छ । आर्षवाद र पौराणिक अवतारवादबाट पन्छिएर पर्यावरण वनस्पतिविज्ञान र लोकवादको सेरोफेरोमा भाषालाई केन्द्रीकृत गर्न बौद्ध आचार्यहरूले एउटा बाटो तय गरेका थिए ।

१. प्राक्कथन

व्याकरणको अध्ययन नगरी शब्दज्ञान पाउन सकिँदैन । शब्दव्युत्पादन र अर्थनिर्धारण व्याकरणले गर्छ । यसर्थ धेरै विषयको अध्ययन गरिसकेको भए पनि व्याकरणको अध्ययन नछुटाउनु भन्ने पुर्ख्यौली वचन छ । समयको प्रवाहसँगै धेरै व्याकरणहरू निर्मित भएका छन् । केही नाममा उपलब्ध छन्, केही ग्रन्थकारमा । केही अपूर्ण प्राप्त छन्, केही पूर्णाकारमा । पूर्णाकारमा प्राप्त व्याकरणहरूमध्ये पाणिनिव्याकरण चर्चाको शिखरमा छ । लोक र वेद दुवै सन्दर्भमा समानरूपले उपयोगी भएका कारण पाणिनि व्याकरणको ख्याति चुलिएको हो । संसारभरिका सुप्रसिद्ध भाषावैज्ञानिकहरू पाणिनिको नाममा नतमस्तक छन् । पाणिनिले बडो उदरतापूर्वक आफूभन्दा पूर्वका वा समकालका विशिष्ट आचार्यहरूको वैकल्पिक विषयलाई मनोयोगले सम्मान प्रकट गरेका छन् । त्यसैले आज पाणिनि श्रद्धाको केन्द्रमा छन् । वैदिक, बौद्ध र जैनहरूले प्रयोग गर्ने शब्दहरू पाणिनि अष्टाध्यायीमा पढिएका छन् । बौद्धाचार्यहरूले प्रथम पटक पाणिनि अष्टाध्यायीलाई प्रकरणमा विभाजन गरेका थिए ।

२. भट्टोजिदीक्षित र सिद्धान्तकौमुदी

पाणिनि अष्टाध्यायीमा वैदिक र लौकिक विषयक सूत्रहरू घुलमिलेका छन् । जतिखेर वैदिक विषयहरू बढी चर्चामा थिए र लौकिक विषयहरू गौण थिए । वैदिक विषयहरूमा पनि यज्ञपरक, कर्मकाण्डपरक, शास्त्रीय धारमा विकसित चिन्तन र व्यवहार पद्धतिहरू बढि प्रभावकारी देखिन्थे । तिनको महत्त्वलाई गौण तुल्याउन साधारण लौकिक विषयहरूलाई माथि उठाउन सबैतिरबाट प्रयास हुन थाल्यो । पाणिनि व्याकरण पनि अछुतो रहन सकेन । फलामलाई फलामले काट्छ भनेझैं लौकिक संस्कृतको माध्यमले वैदिक संस्कृतमाथि प्रश्न उठाइयो । लौकिक वा वैदिक शब्दज्ञानका निम्ति पाणिनि व्याकरणको अध्ययन अनिवार्यजस्तै थियो । त्यसकारण पाणिनि व्याकरणलाई सर्वप्रथम प्रकरणमा विभाजन गरेर अध्ययन गर्ने परिपाटी आरम्भ गरियो । यसैको विकसितरूप सिद्धान्तकोमुदी हो । रूपावतार रूपमाला भाषवृत्ति परिभाषवृत्ति हुँदै सिद्धान्तकौमुदीमा आइपुग्दा ठीक उल्टो अवस्था देखिन्छ । आर्षवाद र पौराणिक अवतारवादबाट पन्छिएर पर्यावरण वनस्पतिविज्ञान र लोकवादको सेरोफेरोमा भाषालाई केन्द्रीकृत गर्न बौद्ध आचार्यहरूले एउटा बाटो तय गरेका थिए । काशिकावृत्तिको भावपनि उक्त कथन नै केन्द्रित थियो । प्रकरण विभाजनलाई बढी वैज्ञानिक तुल्याएर आर्षवाद र पौराणिक अवतारवादलाई सैद्धान्तिक रूप दिन भट्टोजिदीक्षित सफल भए । बौद्ध आचार्यहरूको बाटो पछ्याउँदै आफ्नो अनुकूल सिद्धान्त निर्माण गर्नु योग्य देखिए । आज सिद्धान्तकौमुदीले महाभाष्यलाई पनि अँध्यारोमा धकेलिदिएको छ । यो नकारात्मक प्रवृत्ति हो ।

३. प्रौढमनोरमा

नेपाल र भारतका संस्कृत विश्वविद्यालयहरूमा शब्दशास्त्र अध्ययन गर्न आउने विद्यार्थीहरूका लागि प्रौढमनोरमा रहस्यमय आवश्यक टीकाग्रन्थको रूपमा पढाएने गरिन्छ । यो विगत चार शताब्दीदेखि वैयाकरणहरूको सिद्धान्त विषय बन्दै आएको छ । यहाँ विषयको तात्पर्य हो प्रतिपाद्य वस्तु । प्रौढमनोरमा टीकाग्रन्थमा वैयाकरणसिद्धान्तको ज्ञान प्रयोजन[1] बनिरहेको हुन्छ ।

---

[1] प्रयोजयति प्राधान्येन यत् तत् प्रयोजनम् - संज्ञाप्रकरणम्

[2] वेद प्रामाण्याभ्युपगन्तृत्वं शिष्टत्वम्- संज्ञाप्रकरणम्

वैयाकरणसिद्धान्त जिज्ञासु अधिकारी मानिन्छ । अधिकारीलाई इष्टसाधनता र कृति साध्यताको ज्ञात आवश्यक हुन्छ। मानिस जुन कार्यलाई आफ्नो इष्टसाधन र प्रयत्न साध्य सम्झिन्छ, त्यसैको सम्पादनमा प्रवृत्त भइरहन्छ । जसको ज्ञान हासिल भइसकेपछि ग्रन्थको अध्ययनमा प्रवृत्ति बढ्छ । ग्रन्थको साथ विषयको र विषयको साथ ग्रन्थको प्रतिपाद्य र प्रतिपादकत्व सम्बन्ध हुन्छ । शिष्ट[२] परम्परा अनुसार अनुबन्ध चतुष्टयको सन्दर्भ आरम्भ नै प्रतिपादन गर्ने गरिन्छ । प्रौढमनोरमा[१] ग्रन्थलाई शब्दव्युत्पत्तिका माध्यमले नियाल्दा सम्पूर्ण दर्शनशास्त्रको रहस्य आत्मसात गरी महाभाष्यको अभीष्ट गुप्तज्ञान हासिल गरिसक्ने व्यक्तिको मनलाई खुशी तुल्याउने भनेर बुझिन्छ । यो अत्युक्ति हो कि यथार्थ हो केलाउन बाँकी छ ।

शास्त्री द्वितीयवर्षको कवर्ग नव्यव्याकरण विषयको तृतीय पत्रमा यो टीकाग्रन्थ पढाइने गरिन्छ । रूपसिद्धि सूत्रार्थनिर्धारण र फक्किकाको सहाराले भट्टोजिदीक्षित मतको अनुशीलन गर्न पाठ्याँशमा समावेश गरिएको यो विषयलाई पाणिनिव्याकरणको पूर्वीय परम्परामा बडो आदरले हेरिन्छ ।र आफ्ना कुरा सिद्धि गर्नको निम्ति पूर्वपक्षको स्थापना, आफ्नै भनाइ र प्रतिज्ञालाई निरन्तर चलायमान गराइराख्न नयाँ विधिको प्रयोग नै फक्किका

विधि हो । परवर्ती आचार्यहरूले पनि यसको अनुसरण गरेका छन् । प्रक्रियाकौमुदीकार आदि प्राचीन वैयाकरणहरूको मत खण्डन गर्दै स्वानुकूल मार्गको स्थापनामा यथेष्ट सहयोग पुगोस भन्ने ध्येयले यो प्रयत्नलाई निरन्तरता दिन भट्टोजिदीक्षित सफल छन् ।

श्रीगोपालदत्त पाण्डेय महाशयले सिद्धान्तकौमुदीको दीपिका व्याख्याको भूमिकामा डा. सूर्यकान्त बलीको हवाला दिंदै सिद्धान्तकौमुदीको एक्काइस टीकाहरूको उल्लेख गरेका छन् ।

उनले प्रौढमनोरमा, बृहच्छब्देन्दुशेखर तथा लघुशब्देन्दुशेखर भन्दा अतिरिक्त टीकाहरूमा उक्त संख्याको हिसाब सम्झाएका छन् । बालमनोरमा तत्त्वबोधिनी आदिको पर्याप्त चर्चा भइरहे पनि ती स्वतन्त्र पाठ्यग्रन्थको रूपमा स्थापित छैनन् । शेखरग्रन्थहरूको स्वतन्त्र अस्तित्व विद्यमान छ र ती ग्रन्थहरू पठन पाठनमा पनि प्रचलित छन् । प्रौढमनोरमा आफैं टीकाग्रन्थ भए पनि यसको व्याख्या शब्दरत्न वृत्तान्त स्पष्टीकरण सहित संस्कृत विश्वविद्यालयहरूको पाठ्यक्रममा समावेश छ ।

आशीर्वादात्मक, नमस्कारात्मक र वस्तुनिर्देशनात्मक गरी मङ्गलाचरण तीन प्रकारका हुन्छन् । सिद्धान्ततः ग्रन्थ समाप्ति, ग्रन्थप्रचारादिको प्रतिबन्धक बाधा अड्चन निराकरण गर्नको निम्ति यो पुरानो शिष्ट परम्परा ग्रन्थको आदिमा निभाइने गरिन्छ । सम्पूर्ण जगत्को उपादान कारण परब्रह्मको पटक–पटक ध्यान गरेर, गुरुले पढाउनु भएका विषयको स्मरण गरेर सिद्धान्तकौमुदीको व्याख्या प्रौढमनोरमा बनाउँछु भनेर भट्टौजिदीक्षितले मङ्गलाचरण गरेका छन् । मङ्गलाचरण गरिसकेपछि माहेश्वर सूत्रमा दोहऱ्याएर पढिएको हकारको प्रयोजन स्पष्ट पारिएको छ । पञ्चम माहेश्वर सूत्रमा (ह य व र ट्) हकार उपदेश गर्नाले अट्, अश्, हश्, इण् प्रत्याहारमा हकार सन्निवेश हुन्छ । उक्त प्रत्याहारहरूमा ह आइसकेपछि देखिने प्रयोजनहरू देखाइएको छ । चौधौं (हल्) माहेश्वर सूत्रमा हकार उपदेश गर्नाले वल्, रल्, झल्, शल् प्रत्याहारमा हकार समावेश हुन्छ र उक्त प्रत्याहारहरूमा हकारको प्रयोग हुँदा हुने लाभहरू स्पष्ट तरिकाले उदाहरण सहित प्रस्तुत गरिएको छ । भगवान् पाणिनिले गरेका संकेतहरूलाई प्रौढमनोरमाकाले उजागर गरिदिएको छ । सिद्धान्तकौमुदीमा सूत्र–अर्थ–उदाहारण–वार्तिक–शङ्का–समाधान आदि क्रमशः पढिरहँदा स्पष्ट नभएका अंशहरूलाई कोट्याएर प्रौढमनोरमामा व्याख्या गरिएको छ । भन्नेहरू भन्छन् प्रौढमनोरमाको ख्याति विस्तारित गर्न भट्टोजिदीक्षितले आफ्ना गुरुका नाममा शब्दरत्न नामको टीका लेखिदिए । शब्दरत्न आफैंमा गूढ छ । पूर्ण चातुर्यका साथ पाणिनि व्याकरण परम्परामा भट्टोजिदीक्षित स्थापित भएका छन् ।

सिद्धान्तकौमुदीको प्रकरण विभाजनअनुसारै प्रौढमनोरमामा पनि संज्ञा, सन्धि, लिङ्ग आदिलाई व्यवस्थित गरिएको छ । समासप्रकरणसम्म प्रौढमनोरमाको टीका उपलब्ध छ । उनको कृति यतिमात्र हो वा उपलब्ध यति हो, यकीन छैन । व्याख्या गर्दै जाँदा कुरा बाँकी रह्यो भने उनी महाभाष्यको शब्दकौस्तुभ नामक टीका हेर्नु भन्ने सङ्केत गर्दछन् । शास्त्रार्थ परम्पराको जीवान्तताका लागि यो ग्रन्थ उपयोगी छ । जहाँ शास्त्रार्थ परम्परा जीवित छैन, मात्र शब्दज्ञानका लागि व्याकरण पढाइन्छ, त्यहाँ प्रौढमनोरमाको सार्थकता सन्देहास्पद छ । प्रौढमनोरमालाई ने. सं. वि.को शास्त्री द्वितीयवर्ष व्याकरण विषयको पाठ्यग्रन्थमा राखिएकाले बडो मनोयोगले विद्यार्थी र प्राध्यापकमहरूले अध्ययन गर्नु गराउनु पर्छ । पाणिनि, कात्यायान, पतञ्जली (त्रिमुनि) ओझेलमा पारेर नागेश भट्ट र भट्टोजिदीक्षितलाई बढी चिनाउने परम्परा विकसित भएको भट्टोजिदीक्षितलाई बढी चिनाउने परम्परा विकसित भएको छ । त्रिमुनिलाई यिनै दुई आचार्यका माध्यमले चिन्नुपर्ने बाध्यता विद्यमान छ । मध्यमा र शास्त्री द्वितीयसम्म भट्टोजिदीक्षितको कृति पढाइन्छ भने त्यसपछि नागेश भट्टका कृति । कौण्डभट्ट, गदाधर भट्टाचार्य र आचार्य भर्तृहरिका कृतिहरू आंशिक छन् । भट्टोजिदीक्षितका माध्य मले पाणिनि व्याकरण पढाइन्छ । त्यसकारण उनका ग्रन्थहरूलाई गहिरिएर बुझ्ने प्रयत्न गरौं ।

सन्दर्भग्रन्थसूची

१. अष्टाध्यायी पाणिनि विरचित, चौखम्बा सुरभारति प्रकाशन वाराणसी, सन्. १९८७
२. प्रौढमनोरमा, श्रीमद्भट्टोजिदीक्षित, चौखम्बा विद्याभवन वाराणसी, सन् २००७
३. वैयाकरणसिद्धान्तकौमुदी दीपिकाव्याख्यासहित श्रगोपालदत्त पाण्डेय चौखम्बा सुरभारती प्रकाशन वाराणसी, सन् २००९

❀❀❀

[१] रमयतीति रमा, प्रौढानां मनः प्रौढमनः, प्रौडढमनसो रमा प्रौढमनोरमा । प्रौढानां मनो रमयतीत्यर्थिका मनोरमा सिद्धान्तकौमुदीव्याख्यां प्रौढमनोरमाम् – संज्ञाप्रकारणम्

आसौच

■ प्रा.डा. देवमणि भट्टराई
वाल्मीकि विद्यापीठ

आफ्नो कूलवंशमा रहेका आफन्तका, सन्तति जन्मिएमा वा वंशपरम्पराले नजिकका आफन्तको मृत्यु भएमा सात पुस्ताभित्रका बन्धुवान्धवलाई विशेषरूपले १०दिने असौच संक्रमण हुन्छ भने ८ पुस्तादेखि १४ पुस्तासम्मकालाई तीनदिने र १५-२१पुस्तासम्मकालाई १दिने आसौच संक्रमण भई त्यति समयसम्म नित्यकर्मादि गर्न अयोग्य हुन्छ । २२ पुस्ताभन्दा पराकालाई स्नानमात्रले शुद्ध मानिन्छ । यहाँ दिन भन्नाले रात्रि सहितंलाई मान्नुपर्दछ, अर्थात् १० दिन भन्नाले १० रात्रि व्यतीत भई भोलिपल्ट बिहान सँगवकाल (दिनलाई ५ भाग लगाउँदाको दोस्रो भाग)मा असौच शुद्धि स्नान गरेपछि मात्र ऊ कर्माहं (नित्यादि कर्म गर्ने अधिकारी) मानिन्छ । मृताशौचमा भने कतदिखि चौथोपुस्तासम्मलाई नित्यकर्ममात्र गर्न पाउने अधिकार रहन्छ भने ५,६,७ पुस्ताकालाई भने ११ दिनदेखि श्राद्धादि नैमित्तिक कर्म गर्न सक्दछ । माङ्गलिक कृत्य भने एक महिनापछि मात्र गर्नुपर्दछ ।

यसरी आफ्नो कुलवंश र अफूसँग सम्बन्धित नातामा पर्ने निश्चित नातेदारहरूको मृतासौचका बारेमा निम्नानुसार वार्नुपर्ने देखिन्छ ।

मृताशौचसम्बन्धी नातापरक सामान्य जानकारी :

१. मातामहः (मामलका हजुरबा) तीन रात्री ।
२. मातामहीः (मामलकी हजुरआमा) पक्षिणि/तीन रात्री ।
३. मातुलः (मामा) त्रिन रात्री ।
४. मातुलानीः (माइजू) पक्षिणी ।
५. सापत्नमातुलः (सौतेने मामा) अहोरात्र, गुणवानको तीन रात
६. सापत्नमातुलानीः (सौतेने माइजू) आशौच लाग्दैन ।
७. पितृष्वसाः (फुपू) पक्षिणी ।
८. आत्मबन्धुः (आफ्ना फूपुका, मामाका, सानिमाका, ठूल्यामाका छोरा) पक्षिणी ।
९. पितृबन्धुः (बुवाका फूपुका, घरकी हजुरआमाका, दिदीबहिनीका, मामाका छोरा) पाक्षिणी ।
१०. मातृबन्धुः (आमाका फूपुका, मामाका, सानिमाका, ठूल्यामाका छोरा) पाक्षिणी/एकाह (गुण-निर्गुणका भेदले) ।
११. बन्धुत्रयः (आतमबन्धु, पितृबन्धु र मातृबन्धु)का छोरीको आशौच गुणवतीको पक्षिणी, सामान्य, अनुपनीत र गुणहीनको एकदिन ।
१२. गायत्रीगुरु, दीक्षागुरुः तीन रात्रि ।
१४. गुरूपत्नी र गुरूपुत्रः अहोरात्र ।
१५. स्वयंद्वारा उपनीत र पाठित शिष्यको आशौचत तीन रात्री ।
१६. आफ्नो जाति र माथिल्लो जातिमा आफ्नी पत्नी पोइल गएमा सबैजातिलाई तीन रात ।
१७. हीन जातिमा गएमा आशौच लाग्दैन ।
१८. सासुससुरा एकैघर मरेमा (ज्वाईंलाई) तिन रात्री । एकै गाउँमा मरेमा पक्षिणी र छुट्टै गाउँ वा टढा रहेछन् भने अहोरात्र । उपकारी सम्भिएमा तीन दिन ।
१९. सानाबा ठूलाबा (मातृष्वसृपतिः) र फूपाजको स्नानमात्र ।
२०. आफ्नो सालोः अहोरात्र, अनुपनीतका स्नानमात्र, सालाका छोराको स्नानमात्र ।
२१. आफ्नी सालीः एकदिन/स्नानमात्र ।
२२. सौतेनी सालो, सौतेनी सालीः स्नानमात्र ।
२३. समानजातीय सहपाठीः पक्षिणी ।

> आशौचले आफ्नो रक्तसम्बन्धी नजिकको नातालाई देखाउँदछ, त्यसैले आशौच अनिवार्यरूपमा बार्नुपर्दछ । आशौच पऱ्यो भन्ने निश्चय हुनेबित्तिकै आशौच संक्रमण प्रारम्भ हुन्छ । त्यहाँ कुनै अवस्था विशेषको सोच बनाइरहने समय नै रहँदैन । आशौच सुनेपछि बार्नुपर्ने व्यक्तिको उमेर, औषधि, रोग, अवस्था आदिको विचर भनेको व्यक्तिगत मात्र हुन सक्दछन् ।

२४. पुरोहितः अहोरात्र ।
२५. काम लगाएको पुरोहित काम गर्दागर्दै मरेमाः तीन रात्रि ।
२६. उच्च जातिको मित मरेमा पक्षिणी ।
२७. समान जातिको मीत मरेमा अहोरात्र ।
२८. तल्लो जातिको मीत मरेमा स्नानमात्र ।
२९. यति सन्यासी मरेमा स्नानमात्र (सपिण्ड दाजुभाई)
३०. यति सन्यासीका पत्नी पुत्रादिलाई १० दिनको ठाडो काजक्रिया गर्ने र ११ दिनमा नारायणवलि गरी १२ दिनमा पार्वण श्राद्ध एवं सन्यासी, ब्राह्मणण र अनाथहरूलाई भोजन गराई दक्षिणा, वस्त्र, जलपात्र आदि दान गर्ने ।
३१. आफ्नो घरमा आएर आपिण्ड मरेमा तीन रात्रि ।

३२. आत्म भगिनी (आफ्नी दिदी बहिनीं विवाहित पक्षिणी/त्रिरात्र, अविवाहित अहोरात्र ।
३३. सौतेने दाजु बहिनीको विविहिताको परस्परमा पक्षिणी, सौतेने दाजु बहिनीको अविवाहिताको १दिन ।
३४. दिदीबहिनीको पनि आपसमा पक्षिणी ।
३५. उपनीतभाञ्जाको तीनरात्रि, उपनीसौतेने(सौतेनी दिदीबहिनीको छोरो) भाञ्जाको पनि तीनरात्री/पक्षिणी, कृतचूड अनुपनीत भाञ्जाको पक्षिणी ।
३६. बहिने ज्वाई/भिनाजुः स्नानमात्र, उपकारीको एकदिन ।
३७. छोरीले बुबाआमाको र सौतेनी आमाको तीन अहोरात्र, दशदिनपछि सुनेमा पक्षिणी । तर दाजुभाइहरूसँगै बसी काजक्रियामा सरिक भई माइतीपट्टीकै अन्न खाएर बसेमा दाजुभाइसरह दसैं दिन असौच बार्नुपर्दछ ।
३८. बाबुआमाले छोरीको तीन रात्रि ।
३९. अविवाहित छोरीको पनि ३ अहोरात्र बार्ने र त्यसैभित्र १६ पिण्ड दिने, ६ पिण्ड मृत्युस्थान आदिमा र बाँकि १० पिण्डमा - पहिला दिन ३ पिण्ड, दास्रो दिन ४ पिण्ड र तेस्रो दिनमा ३ पिण्ड दिई तेस्रो दिनमा १० दिन बराबरको काम सक्ने, चौथो दिनमा एकोद्दिष्ट श्रद्धा गर्ने रा पाचौं दिनमा गीता, भागवतादि पाठ, हवन र दान दक्षिणा आदि गरी चोखिने । असंस्कृत भचकोले ढिकुरो अउठाउने । पञ्चकशान्ति भए पाचौं दिनका दिन नै गर्ने ।
४०. चूडा गरेको तर ब्रतबन्ध नगरेका छोराको पनि यही ३९ अनुसार नै गर्ने ।

आशौचले आफ्नो रक्तसम्बन्धी नजिकको नातालाई देखाउँदछ, त्यसैले आशौच अनिवार्यरूपमा बार्नुपर्दछ । आशौच पऱ्यो भन्ने निश्चय हुनेबित्तिकै आशौच संक्रमण प्रारम्भ हुन्छ । त्यहाँ कुनै अवस्था विशेषको सोच बनाइरहने समय नै रहँदैन । आशौच सुनेपछि बार्नुपर्ने व्यक्तिको उमेर, औषधि, रोग, अवस्था आदिको विचर भनेको व्यक्तिगत मात्र हुन सक्दछन् । अतः विधिसम्मत कर्त्तव्यपालन गर्नेहरूका लागि धर्मशास्त्र साधक बन्दछ भने शक्तले अशक्त छु भनी गरेको धर्मशास्त्रको नियमहरू बाधक हुन गई प्रयश्चित्ती समेत बताउँदछन्-

आपत्कल्पेन यो धर्म कुरुते नापदि द्विजः ।
स नाप्नोति फलं तस्य परत्रेति विचारितम् ॥
प्रभुः प्रथम कल्पस्य योऽनुकल्पेन वर्त्तते ।
न सांपराधिकं तस्य तुर्मतेर्विद्यते फलम् ॥

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक
भगवान् गौतम बुद्धका महान् विचार, दर्शन
र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक
अनुसन्धानात्मक पत्रिकाले बुद्धका
सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त
गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछु ।

राम थापा मगर
भानु-४, तनहुँ

हार्दिक शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन
विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित
गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक
पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य
गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न
महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने
हार्दिक शुभकामना व्यक्त गर्दछु ।

तारा ढुंगेल
सहायक प्रशासक
वाल्मीकि विद्यापीठ

हार्दिक शुभकामना

नववर्ष २०६९ साल तथा २५५६औं बुद्ध जयन्तिको पावन अवसरमा
बौद्धदर्शन विभागका विद्यार्थीहरूद्वारा प्रकाशन गर्न लागिएको श्रमणविद्या नामक
अनुसन्धानात्मक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथै समस्त दिदीबहिनी
दाजुभाइमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सन्तोष आचार्य
अध्यक्ष,अखिल क्रान्तिकारी वाल्मीकि इकाइ परिवार

'बुहार्तन' एकाङ्कीमा छरिएका केही दृष्टिकोणहरू

■ सहप्रा.डा.लेखप्रसाद निरौला
वाल्मीकि विद्यापीठ

'ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ' भन्दै ज्ञान र विज्ञानको भिन्नता दर्साउने नाट्यसम्राट् बालकृष्ण सम (१९५९-२०३८) को मूल दार्शनिक मान्यता भन्नु नै ज्ञान र विज्ञानका बीच समन्वय गर्नु हो । उनी नियमित आकस्मिकता नामक कृतिमार्फत जति समन्वयवादी दार्शनिक चिन्तन प्रस्तुत गर्दछन् त्यति नै आगो र पानी काव्यमार्फत दार्शनिक प्रकृतिका वैयक्तिक चिन्तनहरू प्रस्तुत गर्दछन् । यस दृष्टिले उनका स्वर्ग र देवता शीर्षकको कविता होस् अथवा देखेको निबन्धलगायतका कतिपय रचनाहरू होऊन् तिनमा उनले एउटा निश्चित उचाइ प्राप्त गरेको देखिन्छ । यसरी पूर्णाङ्की नाटक, काव्य, कविता, निबन्ध र प्रबन्धहरूमा जस्तै एकाङ्कीहरूमा पनि उनका केही दार्शनिक चिन्तनहरू अथवा कतिपय वैयक्तिक दृष्किोणहरू विकीर्ण अवस्थामा रहेका पाइन्छन् ।

बालकृष्ण समका प्रकाशित एकाङ्कीहरूमध्ये 'बोक्सी' (१९९९), 'भतेर' (२०१०), 'तपोभूमि' (२०१४), 'रणदुल्लभ' (२०२०), 'चार एकाङ्की' (२०२० : एकाङ्कीसङ्ग्रह), 'माटाको ममता' (२०२६), र 'बिरामी र कुरुवा' (२०२७) आदि उल्लेखनीय रहेका छन् । तिनमा सामाजिक यथार्थ, मानसिक समस्या, राष्ट्रवादी चिन्तन, ऐतिहासिक सन्दर्भ, मानवतावादी चिन्तन, जातीय अस्मिता र बौद्धिक धरातलका साथै दार्शनिक चिन्तनको पनि प्रभाव देखा पर्छ । कतिपय एकाङ्कीहरूको मूल प्रतिपाद्य विषय नै दार्शनिक मान्यतालाई प्रस्तुत गर्नु रहेको पाइन्छ भने कतिपयले गौण रूपमा दार्शनिक मान्यतालाई प्रस्तुत गरेका छन् । दार्शनिक उचाइका दृष्टिले उनको 'बिरामी र कुरुवा' नामक एकाङ्की निकै उच्च कोटिको रहेको छ । जहाँसम्म 'बुहार्तन (२०२० : 'चार एकाङ्की'मा सङ्कलित)' एकाङ्कीको सन्दर्भ छ; यसमा पनि सामाजिक अन्धविश्वासलाई प्रतिबिम्बित गर्ने क्रममा कतिपय दार्शनिक मान्यताहरू अथवा केही फरकफरक दृष्टिकोणहरू प्रस्तुत भएका पाइन्छन् ।

दर्शनको अभिप्राय हेराइ हो । हेराइ व्यक्तिपिच्छे फरकफरक हुन सक्छ । कतिपय महान् दार्शनिकहरूले शाश्वत हेराइका पक्षमा आफ्ना अभिमतहरू स्थापित गरेका छन् । धेरैले जीवन, जगत् र ईश्वरसम्बन्धी आफ्ना अभिमतहरू प्रस्तुत गरिसकेका छन् तर हरेक व्यक्तिको हेराइ समान हुनुपर्छ भन्ने हुँदैन । कतिपयलाई राम्रो लागेको कुरा कतिपयलाई राम्रो नलाग्न सक्छ । एउटै घटना पनि व्यक्तिको हेराइका आधारमा फरकफरक किसिमबाट व्याख्येय हुन सक्छ । जुन घटनालाई एउटा आँखाले समयसापेक्ष र उपयोगी देख्छ त्यसैलाई अर्को आखाँले अन्धविश्वास र अनुपयोगी सिद्ध गर्न सक्छ । कुनै पनि समाजभित्र निश्चित परम्परा र धर्मसंस्कृति विद्यमान हुन्छ । समाजमा कतिपय आदर्शवादीहरू परम्परित मूल्य र मान्यताका पक्षमा देखा पर्दछन् भने कतिपय नवीनतम प्रयोगका पक्षमा उभिएका पाइन्छन् । समाजमा मान-मर्यादा, आचरण-व्यवहार र सामाजिक विश्वासका आआफ्नै शृङ्खलाहरू हुने गर्दछन् । परिवेशको प्रभावसँगै व्यक्तिका दृष्टिकोणहरूमा व्यापक परिवर्तन देखा पर्न सक्छ ।

'बुहार्तन' एकाङ्कीले पनि त्यस्तै एउटा अविकसित नेपाली ग्रामीण समाजको परम्परा, प्रवृत्ति र प्रभावलाई प्रतिबिम्बित गरेको छ, जहाँ भौतिकवादी तथ्य र यथार्थभन्दा आदर्शवादी परम्परित दार्शनिक मान्यता वा दृष्टिकोणहरूको गहिरो प्रभाव रहेको छ । यस एकाङ्कीमा ग्रमीण सामाजिक बुहारीप्रति सासूहरूले गर्ने परम्परित व्यवहारलाई उद्घाटन गर्ने क्रममा अनेकौं विकृति-विसङ्गतिहरूको समेत भन्डाफोर भएको छ । छोरा र बुहारी आपसमा आन्तरिक रूपमा मिले पनि सासू र बुहारीमा त्यस किसिमको मिलनबिन्दु नपाइएको कुरालाई दर्साउँदै एकाङ्कीको कथावस्तुलाई अघि बढाइएको छ । एकाङ्कीको कथावस्तुअनुसार छोरा र बुहारीका बीच प्रेमालापका प्रसङ्गमा चुँडिएको मुगाको माला देखेपछि सासूलाई गाली गर्ने अरू कुनै विषय खोजिरहनु पर्दैन । अझ छोराको टोपी पनि देखेपछि त सासूले बुहारीलाई गाली गरिहाल्छे । त्यसैगरी बुहारीलाई गाली गर्नका लागि अनेकौं विषयहरू एकाएक गर्दै सासूका अगाडि आइरहन्छन् तर बुहारी पनि तिनीहरूको सफाइ दिइरहन्छे । बुहारीलाई घिउ सिध्याएको आरोप लागेपछि ऊ सिडमाड ल्याएर सासूका अगाडि राखिदिन्छे भने सिरानी र खास्टो आदि नधोएको आरोपलाई अहिले भटमास भुटिरहेकीले भोलि धोइदिने इच्छा प्रकट गर्दछे । भुटेका भटमास नटोकिएको बताउने सासूलाई साँचोको झुत्तो हराएकामा बुहारीप्रति गाली गर्ने राम्रो अवसर प्राप्त हुन्छ । सासू-बुहारीको बीचको तनावलाई केटाकेटीले खूब मन पराएर हेरेकामा सासूलाई औधि रिस उठ्छ र ऊ बाहिर निस्कन्छे । रामेकी आमाको बुद्धिबाट बुहारीलाई माइत गएको अभिनय गराइएपछि बुहारीको अभावमा उसको महत्व बुझेर सासूले बुहारी ल्याउने सर्तमा मात्र छोरालाई खान दिने बताउँछे । अन्ततः सामान लिन गएकी बाहना बताएर बुहारी पुनः त्यही घरमा फर्किन्छे । बुहारी फर्किएपछि सासूमा खुसीको सीमा रहँदैन र दुवैका बीच मेलमिलापको वातावरण सिर्जना हुन थाल्छ ।

यस एकाङ्कीभित्र रहेको घटनाक्रमका दुइटा पाटा छन्- एउटा परम्परित संस्कारले छोडेको छापका कारण उत्पन्न मानसिक प्रभाव र अर्को व्यक्तिगत व्यवहारका कारण उत्पन्न मानसिक प्रभाव । परम्परित संस्कारले त्यस्तो दृष्टिकोण तयार गरेको छ, जसमा सासूससुराका अगाडि बुहारीको हैसियत नगण्य हुन्छ अथवा एउटै परिवारको सदस्य भए पनि बुहारी भनेका सासूहरूका इच्छाधीन सहयोगी मात्र हुन् । अर्कातिर व्यक्तिको निजी अनुभूतिले सिर्जना गर्ने दृष्टिकोण परिवर्तनशील हुन सक्छ । जस्तै; बुहारीका अभावमा सासूले बिहोर्नुपरेका तिनै बुहारीले गर्ने कामहरू कठिनाइपूर्ण भएको अनुभूतिबाट सासूले पुनः बुहारीप्रति गर्ने व्यवहारमा परिवर्तन ल्याउनु । यसरी एकातिर अघिल्लो परिवेश अर्थात् परम्परित अवधारणा र पछिल्लो परिवेश अर्थात् बुहारीका

कामहरू पनि कठिनाइपूर्ण हुँदा रहेछन् भन्ने अनुभूतिपश्चात् उत्पन्न अवधारणाका आधारमा बुहारीलाई हेर्ने दृष्टिकोणहरूमा भिन्नता रहेको औंल्याउन सकिन्छ । वस्तुतः 'बुहार्तन' एकाङ्कीमा यस्तै परिवेशगत प्रभावका कारण उत्पन्न सामाजिक मान्यता र व्यक्तिगत भिन्नाभिन्नै दृष्टिकोणहरू प्रस्तुत गरिएका छन् ।

'बुहार्तन'लाई नियालेर हेर्दा यसभित्र समाजमा सासूससुराको अनुशासन सहनुपर्ने अन्धविश्वासी परम्पराको यथार्थ चित्रण देखा पर्छ । बुहारी भनेकी घरकी सबैभन्दा अधिकारविहीन कामदार वा सेविका हो भन्ने पुरानो मान्यतालाई देखाइएको छ । अझै पनि अर्थात् देशमा परिवर्तनका अनेक लहरहरू आए पनि नेपाली ग्रामीण समाजमा अन्धविश्वासको गहिरो प्रभाव रहेको प्रसङ्गलाई उठाइएको हो । ससाना कुरामा सासूले बुहारीलाई आरोप लगाउँदै आफ्नो शासनमा राख्ने प्रवृत्तिको अन्त्य भएको छैन । कतै जुठा भाँडा, कतै खाना नमीठो, कतै सरसफाइको अभाव, कतै राखनधरानको अव्यवस्थितता, कतै चोरीको अभियोग, कतै मुखालेपनको आरोप आदि अनेक बहानामा घरका अविभावक वर्गले (सासू-ससुरा आदि) बुहारीलाई टोकसो लगाउनुपर्ने र गाली अथवा कुटपिटसम्म गर्नुपर्ने अन्धविश्वासी रुढिवादी चिन्तनको परम्परा र परिदृश्यलाई देखाउनु नै यसको मूल उद्देश्य रहेको मानिन्छ । हुन त यस एकाङ्कीमा कान्तिपुरबाहिरको गाउँघरलाई सङ्केत गरिएको छ तापनि यसले सम्पूर्ण नेपाली ग्रामीण समाज यसरी नै अन्धविश्वासको चपेटामा परिरहेको दृष्टिकोण अगि सारिएको छ । बुहारीले जतिसुकै राम्रो काम गरे पनि अथवा जति चाँडो व्यवहार सुल्झाए पनि उसलाई प्रशंसा गरिनु हुन्न भन्ने मान्यताले बुहारीप्रतिको परम्परित दृष्टिकोण अन्धविश्वासी रहेको तथ्य प्रस्ट पार्दछ । बुहारीलाई राम्रो सम्मान दिइयो, उसले गरेका कामको प्रशंसा गरियो वा उसलाई घरमा सम्मानित व्यक्तिका रूपमा व्यवहार गरियो भने उसले टाउको टेक्ने प्रबल सम्भावना रहन्छ भन्ने आन्तरिक त्रास र अहम्का कारण अन्धविश्वासी दृष्टिकोणलाई हटाउनुपर्ने मान्यतालाई यस एकाङ्कीले आत्मसात् गरेको छ । यसर्थ प्रस्तुत एकाङ्कीभित्र परम्परित दृष्टिकोणहरूलाई दर्साउँदै नवीनतम दृष्टिकोण राख्नका लागि वातावरण सिर्जना गरिएको पुष्टि गर्न सकिन्छ ।

वस्तुतः सासू र बुहारीको व्यवहारका बीच सामञ्जस्य नहुनु नै हेराइमा पाइने अन्तर हो । यसलाई आधुनिक समाजमा सामाजिक कुरीतिका रूपमा व्याख्या गर्न सकिन्छ । बुहारीले जतिसुकै राम्रो काम गरे पनि प्रशंसा गरिनु हुँदैन भन्ने मान्यताबाट ग्रस्त सासूको चिन्तनलाई परम्परित समाजको देनका रूपमा लिनुपर्ने हुन्छ । बढी सम्मान दिइएकी बुहारी, राम्रो व्यवहारद्वारा पुल्पुल्याइएकी बुहारी अथवा बढी माया गरिएकी बुहारीले सासू-ससुरा आदिको टाउको टेक्ने गर्दछन् भन्ने दृष्टिकोण नै एउटा दर्शन हो, जसलाई हिजोआज अन्धविश्वासको संज्ञा दिइन्छ । वास्तवमा बुहारी भनेका घरका सबैभन्दा कमजोर, रातदिन काम गर्ने, घरका ठूलाठालुसरह भई राम्ररी खानुबस्नु नहुने, ठूलाबडाका अगाडि शिर ठाडो गर्नु नहुने, कसैसँग खुलेर बोल्नु नहुने तथा घरभित्रका नियन्त्रित वस्तु हुन् भन्ने पुरानो मान्यता आफैमा एउटा दर्शन हो । यसले परिवर्तित परिवेशमा पनि बुहारीहरूको त्यही दयनीय अवस्था आवश्यक छ भन्ने कुरा औंल्याउँछ । यस्तो हेराइ आदर्शवादी चिन्तनभित्रको एउटा अपरिवर्तित अवस्था हो । प्रजातान्त्रिक मान्यताको विकास हुन थाले पनि अथवा स्वतन्त्रताका कतिपय लहरहरू चल्न थाले पनि अन्धविश्वासी मान्यताले जरो गाडिरहेको यथार्थलाई प्रस्तुत गर्नु यस एकाङ्कीको सबल पक्ष हो । अतः समाजमा अझै पनि बुहारीप्रति कठोर व्यवहार र गलत दृष्टिकोण रहिरहेकाले मानसिक रूपमै त्यसको समाधान हुनुपर्छ भन्ने दृष्टिकोण अगि सार्न सक्नु नै यस एकाङ्कीको मूल प्राप्ति मानिन्छ ।

यस एकाङ्कीमा छोराले बुहारीसँग लुकीलुकी प्रेम वा अनुराग प्रकट गर्नुपर्ने, सासू-ससुराका डरले आन्तरिक एवम् घरायसी गफ गर्नु नहुने, बुहारीले सासूको जस्तोसुकै वचन पनि सहनुपर्ने, आवश्यक उत्तरसमेत दिनु नहुने, बुहारीले जतिसुकै राम्रा काम गरे पनि सासू-ससुराले प्रशंसा गर्नु नहुने र जसरी भए पनि सासूले शक्ति प्रदर्शन गरी बुहारीलाई नचाहिँदो झन्झट लगाएर सासूका अगाडि जहिलेसुकै डराउनुपर्ने परिस्थिति सिर्जना गरिएको लगायतका घटनाहरूका माध्यमबाट दुई किसिमको दृष्टिकोणका बीच देखा परेको द्वन्द्व प्रस्तुत गरिएको छ । यस किसिमको द्वन्द्व अन्त्यका लागि सामाजिक सचेतता र मानसिक समझदारीको आवश्यकता समेत औंल्याएको छ । खासगरी द्वन्द्व समाधानका पक्षमा आदर्श दृष्टिकोण राख्न सक्नु पनि एकाङ्कीकारको विशेषता मानिन्छ ।

आधुनिक किसिमका नयाँ प्रयोगहरूभन्दा परम्परित नाट्यढाँचाका साथ सरल एवम् सहज भाषामा लेखिएको यो एकाङ्की लघु आकारको छ । थोरै पात्रहरूको प्रयोग भए पनि विशेष गरी बुहारीको कारुणिक दयनीय अवस्थालाई देखाउनु यस एकाङ्कीको प्रमुख उद्देश्य मानिन्छ । एकाङ्कीमा विशेष गरी बुहारीको मानसिक अवस्था र क्रियात्मक अवस्थाको चित्रण गरिएको छ । सासू र बुहारी नै यस एकाङ्कीका द्वन्द्व सिर्जना गर्ने प्रमुख चरित्र हुन्, जसको संवादात्मक अभिव्यक्ति उल्लेखनीय रहेको छ । यद्यपि छोरो र रामेकी आमाको संवादयोजना पनि सचेत रूपमा भएकाले तिनका दृष्टिकोणहरू पनि त्यत्तिकै उल्लेख्य देखिन्छन् । जेहोस्, छोटाछोटा वाक्यहरू र छोटो संवादभित्रै पनि प्रशस्त उखानटुक्काको प्रयोगका साथ लेखिएको यस एकाङ्कीले नेपाली समाजमा सासूको बुहार्तन खप्न नसकी विवश जीवन बाँच्नुपरेका बुहारीहरूको यथार्थ चित्रण गर्दै समाजमा सासू-बुहारीको सम्बन्धमा सुधार हुनुपर्ने दृष्टिकोणलाई कलात्मक रूपले प्रस्तुत गरेको छ ।

सन्दर्भसूची

उपाध्याय, केशवप्रसाद, २०५६, नाटकको अध्ययन, ललितपुर : साझा प्रकाशन ।

..........................., २०५९, नेपाली नाटक तथा रङ्गमञ्च : उद्‌भव र विकास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद, २०६५, नेपाली नाटक एकाङ्की र निबन्ध, काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

थापा, हिमांशु, २०३६, साहित्य परिचय, ललितपुर : साझा प्रकाशन ।

निरौला फणीन्द्रराज र अन्य, २०६६, अनिवार्य नेपाली बि.ए.प्रथम वर्ष, काठमाडौं : प्रधान बुक हाउस ।

बन्धु, चूडामणि (सम्पा.), २०४०, साझा एकाङ्की, ललितपुर : साझा प्रकाशन ।

मल्ल, अशेष, (सम्पा.) २०५७, समकालीन नेपाली नाटक, ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ, २०३९, सम र समका कृति, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, २०६४, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, २०४९, केही समीक्षण केही विश्लेषण, ललितपुर : साझा प्रकाशन ।

विश्वशान्तिको यात्रामा संस्कृत शिक्षाको उपयोग

■ डा. ऋषिप्रसाद शर्मा

'शमु उपशमे' धातुबाट बनेको शान्ति शब्दको यहाँ युद्ध, वैर आदिको निराकरण, कोलाहल, आवेश आदिको अभाव अर्थ गर्न सकिन्छ । हाम्रो संस्कृतिमा 'शान्ति' नै मङ्गल एवम् सौभाग्यको प्रतीक रहिआएको छ ।

वस्तुतः यदि घृणा, अत्याचार, नरसंहार, द्वेष, अन्धकार र आतङ्कवादको नाउँ युद्ध हो भने प्रेम, सदाचार, अहिंसा, प्रकाश, आनन्द र सहअस्तित्वको नाउँ शान्ति हो । 'युद्ध' शब्दले नै विश्वलाई आतङ्कित गरेको छ भने 'शान्ति' शब्दले नै आत्मीयता र समताको साक्षात्कार गराएको छ। आज मानिस युद्धबाट प्राचीनकालको तुलनामा बढी डराएको छ । प्राचीनकालमा युद्धको स्वरूप आजको वैज्ञानिक युगजस्तो भयावह थिएन । रामायणकालमा एउटा युद्ध भएको थियो भने त्यसभन्दा अझ प्रचण्ड युद्ध महाभारतकालमा भएको पाइन्छ । त्यसपछि विश्वमा अलेकज्यान्डर, नेपोलियन आदिको युद्ध अभियानले पनि विश्वयुद्धको रूप लिएको थिएन। तर उन्नाइसौ शताब्दीमा विज्ञानको आश्चर्यजनक आविष्कार र विकासले गर्दा विध्वंसक बमहरूको पनि निर्माण भइसकेको हुँदा सन् १९१४ मा भएको युद्धले विश्वयद्धको रूप लिएको थियो भने हिटलर र मुसोलिनीको युद्धोन्मादले गर्दा सन् १९३९मा पनि विश्वयुद्धको आगोले हिरोसिमा र नागासाकीका साथै मानजालाई खरानी तुल्याएको थियो । दोस्रो विश्वयुद्धमा मात्र भएको धनको खर्चले विश्वका प्रत्येक मान्छेलाई चालीस हजार पुने थियो भन्ने अर्थशास्त्रीको कथनबाट नै त्यसमा कत्तिको धनराशि स्वाहा भएको रहेछ, सहजै अनुमान गर्न सकिन्छ ।

यसरी सन् १९१४-१८ को प्रथम विश्वयुद्धपछि अन्तर्राष्ट्रिय युद्धलाई रोक्न तत्कालीन अमेरिकी राष्ट्रपति विल्सनको प्रयासले राष्ट्रसंघको स्थापना भए पनि दोस्रो विश्वयुद्ध भएरै छाड्यो । दोस्रो विश्वयुद्धको भयङ्करताबाट त्रस्त मानिसहरूले शान्ति र सँगठनको खाँचो महसुस गर्न थाले । फलतः चर्चिल, रुजभेल्ट र स्टालिनको प्रारम्भिक प्रयासबाट १४ अप्रिल १९४५मा संयुक्त राष्ट्रसंघको जन्म भयो । संयुक्त राष्ट्रसंघको प्रथम अधिवेशन (१६ जुन १९४५) मा सानफ्रान्सिस्कोमा हस्ताक्षर गरिएको विधान (चार्टर) को प्रस्तावनामा उद्देश्यहरूको उल्लेख यसरीइ भएको पोइन्छ - दुईपटक मानवजातिलाई अकल्पनीय शोकमा डुबाउने युद्धको विभीषिकाबाट आउँदा पुस्ताहरूलाई बचउन मौलिक मानवहधिकारहरूमा पुनः आस्था जगाउन... सन्धिहरू र अन्तर्राष्ट्रिय कानुनहरूको अन्य उद्गमहरूबाट अद्भूत न्याय र कर्तव्यहरूका प्रति सम्मान बनाइराख्ने परिस्थिति जन्माइराख्न हामी संयुक्त राष्ट्रसंघका मानिसहरू कृतसङ्कल्प भएर के कुराको निर्णय गर्दछौं भने उक्त उद्देश्यहरूलाई पूरा गर्न सङ्गठित प्रयत्न गर्नेछौं ।

यसरी संयुक्त राष्ट्रसंघको जन्म संसारमा शान्तिपूर्ण जीवन बिताउने उद्देश्यले भएको छ र विश्वशान्तिको आशा त्यससँग जोडिएको छ । यही विश्वशान्तिको सन्दर्भमा 'वसुधैव कुटुम्बकम्' (स.सार नै एक परिवार हो) 'स्वदेशो भुवनत्रयम्' -तीनै लोक आफ्नो देशसमान हो) आदि संस्कृतमा निहित प्राचीन अन्तर्राष्ट्रिय भावनाको पृष्ठभूमिमा वर्तमान सयुक्त राष्ट्रसंघको स्थापना भएको पाइन्छ ।

वस्तुतः नेपालले अहिंसा, सत्य, परोपकार, त्याग, सहानुभूति, सहअस्तित्व, प्रेम, दया आदिबाट अति प्राचीनकालदेखि नै विश्वशान्तिको बहुआयामी स्वरूपलाई आत्मसात् गर्दै आइरहेको छ । सृष्टिको प्रारम्भदेखि नै हाम्रा पूर्वजहरूको जीवनको सर्वोच्च लक्ष्य नै शान्ति प्राप्ति रहेको थियो । हाम्रा देवी-देवता, वैदिक मन्त्र, काव्य, स्तोत्र, राजनीतिक आदर्श र चाडपर्वहरूले सधैं शान्तिको पाठ सिकाइआएका छन् । साँच्चै भन्ने हो भने विश्वको इतिहासमा नेपालले आफ्नो प्रसिद्धि अणुबम पड्काएर होइन, शान्तिको सन्देश फैलाएर पाएको छ । यहाँका सिद्धार्थ गौतमजस्ता राजकुमारहरू आफ्नो ऐश्वर्य-राज्यलाई लत्याएर विश्वलाई शान्ति-सन्देश दिंदै बुद्धत्व प्राप्त गर्छन् । हाम्रा राजनीतिशास्त्रका आचार्य कौटिल्य 'शमः समाधिः सन्धिः' भन्दै शान्तिलाई नै सन्धिको पर्याय मान्छन्, अर्थात् शान्तिबाट नै अन्तर्राष्ट्रिय सम्बन्ध सफल हुने ठान्छन् । किम् बहुना नेपाली संस्कृतिको आदिग्रन्थ वेदको पहिलो बाणी नै विश्वब्रह्माण्डमा शान्ति गर्ने सर्वोच्च लक्ष्यबाट प्रेरित भई शान्तिध्वनिका रूपमा यसरी प्रकट भएको पाइन्छ-

ॐ द्यौः शान्तिःअन्तरिक्षं शान्तिः पृथिवी शान्तिः आपः शान्तिः ओषधयः शान्तिः । वनस्पतयः शान्तिः विश्वे देवाः शान्तिः ब्रह्म शान्तिः सर्व शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥ (यर्जुवेद३६-१७)

यसप्रकार विश्वमा मात्र होइन, विश्वब्रह्माण्ड, यत्रतत्र-सर्वत्र र समग्र विश्वपरिवेश (विश्ववातावरण) मा नै शान्ति चाहने संस्कृत वाङ्मयबाट आजको युद्धत्रस्त संसारले ज्ञान प्राप्त गर्नु आवश्यक छ ।

ज्ञानप्राप्ति शिक्षा या विद्याबाट हुन्छ । शिक्षा र विद्या शब्दहरू समानार्थी छन् । शिक्षा शब्द संस्कृतको 'शिक्ष्' धातुबाट बनेको छ जसको अर्थ 'सिक्नु' हुन्छ । 'वद्' धातुबाट बनेको विद्या शब्दको अर्थ 'ज्ञान पाउनु' हो । पुस्तकस्थ अक्षरहरूको अभ्यांसको नाउँ मात्र होइन, अपितु विद्यां त्यही हो जसले मानिसलाई दुराचार र अशान्तिबाट छुटकारा दिलाई सदाचारी र शान्तिमय बनाउँछ- 'सा विद्या या विमुक्तये' । यसरी विद्या र शिक्षा ज्ञान हुन् भने शान्ति र सदाचार ज्ञानबाट पाइने गुण हुन् । क्रोध, हिंसा, झगडा आदिमा मन नलागी मन स्वस्थ रहनु नै शान्ति हो । गीता (४,३९) मा संयतेन्द्रिय भएर ज्ञानप्राप्तिमा लागेको श्रद्धावान् व्यक्तिले ज्ञान प्राप्त गरिसकेपछि तुरुन्त शान्ति पाउँछ भनिएको छ-

श्रद्धावान् लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥

शिक्षाबाट नै मानिस नम्र बन्दछ - 'विद्या ददाति विनयम्' जब मानिस निरहङ्कारी र नम्र बन्दछ तब उसले शान्ति पाउँछ

भन्ने कुरा गीता (२/७१) उल्लेख छ- **'निर्ममो निरहङ्कार स शान्तिमधिगच्छति'** । यसरी कुनै पनि व्यक्तिको सदाचारी र शान्तिमुखी व्यक्तित्वको विकासमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। अतः शिक्षा नै मानवजीवनको सदाचार र शान्तिरूपी भवनको आधारशीला हो भन्दा हुन्छ। वस्तुतः यस विश्वब्रह्माण्डमा मानिस एउटा तुच्छ प्राणी हो या सर्वोत्कृष्ट व्यक्ति भनी मूल्याङ्कन गर्ने आधार त्यस व्यक्तिका राम्रा वा नराम्रा आचरणहरू नै हुन्। यदि मानिसलाई सदाचारी र सहिष्णु बनाई समाजमा शान्ति कायम गर्नु छ भने उसलाई बाल्यकालदेखि नै जीवनमा अमृत भर्ने विद्या पढाउनुपर्छ- **'विद्ययाविन्दतेऽमृतम्'** । अर्थात् शिक्षाबाट समाजमा शान्ति पाइने मात्र होइन, अमृत नै भेट्टाउन सकिन्छ। अतएव मानिसको जीवनमा शान्ति, सहिष्णुता र प्रसन्नता ल्याउने माध्यम शिक्षा नै हो भन्नैपर्छ। अझ जन्मदेखि मृत्युपर्यन्त मानिसले जे-जति र जस्तो सिक्छ त्यसलाई जीवनमा उपयोग गरी उसले आफ्नो जीवनलाई उच्च वा नीच बनाउँछ, त्यो सबै शिक्षाकै परिणाम हो। यसरी मानिसले जीवनभर सिक्ने-सिकाउने कार्य गरिरहने हुँदा शिक्षाको स्वरूप व्यापक छ, तर साधारणतः 'शिक्षा' लाई सङ्कुचित अर्थमा प्रयोग गरिन्छ। अतः शिक्षा लिएको वा शिक्षित त्यस व्यक्तिलाई भनिन्छ जसले विद्यालय-विश्वविद्यालयस्तरमा उपाधि (डिग्री) लिएको हुन्छ। हामीकहाँ शिक्षित बन्नका लागि अथवा शिक्षाप्राप्तिका लागि प्राथमिक, माध्यमिक र उच्च-माध्यमिक गरी तीन तहका विद्यालय एवम् उच्च शिक्षाका लागि विश्वविद्यालयहरू सञ्चालित छन्। यी विद्यालय र विश्वविद्यालयहरूमा शान्ति सिकाउने कुनै विशेष प्रकारको पाठ्यक्रम छैन। कसैले शिक्षामा शान्ति सिकाउने पाठ्यक्रम राख्ने कुरा गऱ्यो भने त्यसलाई अप्रगतिशील भनी लाञ्छित गरिन्छ। अझ कति बुद्धिजीवीहरूले त कस्ता प्रश्नहरू गर्छन् भने शिक्षा क्षेत्रमा शान्तिको के काम ? यो त गुफामा बस्ने जोगीहरूका लागि होइन र ? यस्तो जोगीहरूलाई मात्र काम लाग्ने शान्तिको शिक्षा विद्यालयका पाठ्यक्रमहरूमा किन राख्ने ? यसबाट हामी विश्वसामु उपहासका पात्र बन्छौं र देशका लागि पनि के लाभ ? तर त्यस्ता प्रश्नजीवीहरूले के कुरा बुझ्नपर्छ भने आज नेपालको त के कुरा बेलायत र अमेरिकाजस्ता शक्तिशाली ठूला राष्ट्रहरूले समेत आफ्नो शान्ति र सुरक्षाका लागि विश्वसामु 'त्राहिमाम्-त्राहिमाम्' को पुकार गरिरहेका छन्। अझ बढ्ता भन्ने हो भने आज विश्वमा सर्वत्र अशान्ति छ। किनभने प्रत्येक व्यक्तिको हृदयमा सदाचार र शान्तिको बास नभएकाले सबै अशान्त छन्। यस्तो अशान्ति र असुरक्षित परिस्थितिका सन्दर्भमा विद्यालयका पाठ्यक्रममा शान्तिको पाठ पढाउने मात्र होइन विद्यालयहरूलाई नै शान्तिक्षेत्र बनाउनपर्ने आवश्यकता बढ्दै गएको छ। यस प्रसङ्गमा केही वर्षपूर्व नेपालको भ्रमणमा आउनुभएका राष्ट्रसंघीय बालकोषका कार्यकारी निर्देशक केरोल बेलाममीले पनि विद्यालयहरू शान्तिक्षेत्र हुन् र शिक्षालयहरूलाई विध्वंसात्मक क्रियाकलापहरूबाट अशान्त बनाइनु हुँदैन भन्ने आशय प्रकट गरेको कुरा यहाँ स्मरणीय हुन आउँछ। विद्यालयहरूलाई शान्तिक्षेत्र बनाउनका लागि मानिसको प्रकृतिलाई नै शान्तिमय बनाउन सक्नुपर्छ। आफू जतिसुकै असल भए पनि आफ्नो आसपासको समाज असल नभएमा कसैले पनि सुख र शान्ति प्राप्त गर्न सक्दैन।

अतः प्रत्येक मानिसको प्रकृतिलाई शान्तिमय बनाउनु छ भने प्रत्येक बालकलाई प्राथमिक विद्यालयको स्तरदेखि नै शान्ति र सदाचारको पाठ पढाउनुपर्छ। प्राकृतिक रूपमा पनि शान्ति र सदाचारको विकासका लागि बाल्यावस्था सर्वोत्तम समय हो। बाल्यकालमा केटाकेटीहरूलाई दिइएको शान्ति र सदाचारको शिक्षाको प्रभाव जीवनपर्यन्त रहन्छ। बाल्यकालदेखि नै चाहेअनुसारको संस्कार बसाल्नका लागि नै प्राथमिक तहको शिक्षाको थालनी भएको हो।

अतः शान्ति, सहिष्णुता, सदाचार आदि सद्गुणहरूलाई बालकहरूको संकारमा उतार्ने पाठ्यक्रम प्राथमिक विद्यालयस्तरदेखि नै लागू गर्नुपर्ने हुन्छ। 'वेद' र 'पुराणहरू' ले मात्र होइन, बाइबल र कुरानले समेत शान्ति र सदाचार बन्ने शिक्षा दिएका छन्। अतः शान्ति र सदाचार सबैको चाहाना मात्र होइन, मानवतारको गहना पनि हो। सद् अर्थात् सज्जनहरूको आचार अर्थात् आचरण नै सदाचार हो। हाम्रो संस्कृतिमा सदाचारलाई नै धर्म मानिएको छ -'आचार परमो धर्मः'। यहाँ धर्मको अर्थ कुनै सम्प्रदाय वा रिलिजन होइन, अपितु मानिसलाई मानिसको आचरण गर्न सिकाउने प्रथम कर्तव्य हो। महाभारतमा सदाचारलाई नै मानिसको प्रमुख धर्म मानिएको छ -'आचार प्रथमो धर्मः'। धर्मको लक्षण नै सदाचार हो भने व्यासले लेखेका छन् -'आचार लक्षणो धर्मः'। यदि मानिसलाई सदाचारी बनाउने शिक्षा नदिने हो भने उसले दुराचारी बनी सर्वत्र अशान्ति फैलाउँछ। यस सन्दर्भमा सदाचारी राम र दुराचारी रावणलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ। रामले बाल्यकालमा विश्वामित्र र वशिष्ठबाट शान्ति र सदाचारको शिक्षा पाएकाले उनी पुरुषहरूमा उत्तम पुरुषोत्तम बने तर रावण ठूलो विद्वान् भए पनि बाल्यकालमा सदाचार वा नैतिकताको शिक्षा नपाएको उसले दुराचारी र आतङ्कवादी बनेर अशान्ति फैलायो। अतः हाम्रो संस्कृतिमा दुराचारीको सदा निन्दा गरिएको छ - **'दुराचारो हि पुरुषो लोके भवति निन्दितः।'** विष्णुपुराण ३/१२/४२मा सम्पूर्ण पृथ्वी नै सदाचारीको टाउकामा अडेको बताइएको छ। त्यस्तै बौद्धधर्ममा पनि राग द्वेष र मोहरहित जीवनलाई सम्यक् जीवन भनिएको छ। जैन आचार्यहरूद्वारा बताइएका सदाचारका पाँच लक्षणहरूमा अहिंसालाई सबैभन्दा महत्त्वपूर्ण मानिएको छ। अतः वर्तमान विश्वमा व्याप्त हिंसा, हत्या र आतङ्कबाट विश्वलाई बचाउन एउटै उपाय छ र त्यो हो शिक्षामा सुधार। संस्कृतको नीति छ -'शिक्षा विकारे सकलो विकारः शिक्षा सुधारे सकलः सुधारः।' अर्थात् सबै प्रकारका विकृतिहरूलाई शिक्षाबाट नै सुधार्न सकिन्छ। यसर्थ प्राथमिक कक्षादेखि नै शान्ति सिकाउने उद्देश्यले पाठ्यक्रममा संस्कृत शिक्षाको उपयोग गरेमा विश्वशान्तिको यात्रामा गन्तव्यसम्म पुग्न सकिन्छ।

सन्दर्भग्रन्थसूची

१. अर्थशास्त्र(कौटिल्य)
२. अष्टाध्यायी
३. ऋग्वेद संहिता
४. कुरान(हिन्दी अनुवाद)
५. ईश, केन, कठ, श्वेताश्वतर आदि उपनिषद्
६. वाल्मीकि रामायण
७. महाभारत
८. जातक (हिन्दी अनुवाद)
९. विष्णुपुराण
१०. बाइबल(हिन्दी अनुवाद)
११. श्रीमद्भागवत्गीता
१२. श्रावकाचार
१३ यजुर्वेद संहिता
.१४.पाणिनीय शिक्षा

कालसर्पयोग : केही भ्रम, केही सत्यता

■ उपप्रा. जनकराज भट्ट
वाल्मीकि विद्यापीठ

परिचय :

कालसर्पयोग राहु र केतुद्वारा बन्ने ज्योतिषसम्बन्धी योग हो । कुण्डलीमा राहु र केतु सधैं सात घर वरपर हुन्छन् । यदि सबै ग्रहहरू राहु र केतु वा केतु र राहुका बीचमा एकतिर मात्र परेभने कालसर्पयोग बन्दछ । यसमा पहिले राहु अनि केतु भएर बीचमा ग्रह पर्दा उदित कालसर्पयोग बन्दछ । यसको विपरीत पहिले केतु अनि राहु भएर बीचमा अरु ग्रह पर्दा अनुदित कालसर्पयोग बन्दछ । कालसर्पयोग अत्यन्त दुःखदायी मानिन्छ । यदि एकमात्र ग्रह राहु र केतुको घेराबाट बाहिर भएमा आंशिक कालसर्पयोग बन्छ । यो योग पनि केही मात्रामा दुःखदायी नै मानिन्छ ।

कालसर्पयोगको प्रकार :

कालसर्पयोगका बारेमा अनेक मतभेद छन् । प्रचीन ज्योतिष ग्रन्थहरूमा यस योगको विस्तृत र महत्त्पूर्ण रूपमा चर्चा गरिएको पाइँदैन । त्यसैले कतिपय विद्वान्हरू यसलाई कुनै योग मान्न नै तयार छैनन् । यो योग विगत १०० वर्षयता विस्तृत चर्चामा आएको छ । नयाँ अध्यायन, अनुसन्धान र प्रयोगले यो योग कष्टकारी नै भएको पुष्टि हुन्छ। त्यसैले यसलाई अनिष्ट योगकै रूपमा स्वीकार्नु उपयुक्त हुन्छ।

उदित कालसर्पयोग



अनुदित कालसर्पयोग



उदित, अनुदित र आंशिकभित्र कालसर्पयोगका २०१६ प्रकार छन् । तिनको चर्चा व्यावहारिक र आवश्यक पनि छैन । कुण्डलीका १२ भावअनुसार बन्ने १२ प्रकारका कालसर्पयोगभित्र मोटामोटी रूपमा सबैलाई समेट्न सकिन्छ । यस योगको अध्ययन गर्नुअघि राहुकेतुको भावस्थितिका साथै तिनको पञ्चम, सप्तम र नवम दृष्टिबारे ध्यान दिनुपर्छ । अन्य ग्रहहरूको बलाबलअनुसार यस योगको फलमा ठूलो अन्तर पर्छ । अब यहाँ उक्त १२ प्रकारका कालसर्पयोगका लक्षण र फल यथासम्भव उदाहरणसहित प्रस्तुत गरिन्छ-

अनन्त कालसर्पयोग

लग्न र सप्तम भावमा क्रमशः राहुकेतु बसी शेष ग्रहहरू तिनको घेराबन्दीमा दायाँ वा वायाँ मध्ये एकातिर मात्र बसेमा अनन्त कालसर्पयोग बन्छ । यसले व्यक्तिको शरीर, सन्तान, विद्या, दाम्पत्य, व्यवसाय, धर्म आय पराक्रम, दाजुभाइ जस्ता विषयमा अनेक झमेला आउन सक्छ । काजी कालु पाँडेका छोरा दामोदर पाँडेको यही योग परेको थियो । यिनले झुट्टा आरोप खेपेर लुमणिस्थान (भद्रकाली मन्दिर)मा काटिनुपर्‍यो । स्वतन्त्र भारतको घोषणा पनि अनन्त कालसर्पयोग परेकै समयमा भयो । त्यसैले भारतलाई युद्ध, आन्तरिक कलह, जनसंख्यावृद्धि, धार्मिक दङ्गाजस्ता समस्याले बढी सताइरहेको छ ।

काजी दामोदर पाँडेको कुण्डली :



अनन्त कालसर्पयोग

कुलिक कालसर्पयोग :

द्वितीय र अष्टमभावमा क्रमशः राहुकेतु बसी तिनको घेराबन्दीमा बाँकी सात ग्रह बसेमा यो योग बन्दछ । यो योगले आर्थिक कष्ट, पारिवारिक संघर्ष, घरजग्गा विवाद, शत्रुबाधा, दुर्घटना, बाबुआमालाई कष्ट आदि हुन्छ । यो योगवाला व्यक्तिहरू सामान्य परिवारमा जन्मेर पनि अनेक संघर्ष गर्दै उच्च पदमा पुगेका उदाहरणहरू धेरै छन् । भारतका केन्द्रीय मन्त्री स्व. राजेश पाइलटको यही योग परेको थियो ।

वासुकी कालसर्पयोग :

तृतीय नवममा राहु र केतु बसी बाँकी सात ग्रह तिनको घेरामा एकैतर्फ पर्दा यो योग बन्दछ । संघर्षमय जीवन, सन्तानबाट दुःख, व्यावसायिक झमेला, भाग्यले साथ नदिनु, आयमा कठिनाइजस्ता फलहरू यस योगबाट भोग्नुपर्दछ ।

शंखपाल कालसर्पयोग :

चतुर्थ र दशममा क्रमैले राहुकेतु भएर बाँकी ग्रह तिनको बीचमा एकातर्फ पर्दा यो योग बन्छ । यसले जग्गाजमीन, घर, आमा, सम्पत्ति, दाम्पत्य, विद्या जस्ता कुरामा झन्झट आउँछ । गला र काँधको समस्या हुन्छ । मानसिक तनाव आउँछ । विश्वप्रसिद्ध क्रिकेट खेलाडी सचिन तेन्दुलकरको यही योग परेको छ । यसले उनलाई विश्वमा ठूलो ख्याति दिलाए पनि बढी चोटपटक लाग्ने र टीमको कप्तानीसमेत लामो समयसम्म सम्हाल्न नपाएको अवस्था छ ।

सचिन तेन्दुलकरको कुण्डली



शंखपाल कालसर्पयोग

पद्म कालसर्पयोग :

पञ्चम-एकादशमा क्रमशः राहु केतु भई बाँकी ग्रह तिनको भित्र एकातर्फ मात्र पर्दा पद्म कालसर्पयोग बन्छ । सन्तान उत्पत्तिमा बाधा, महिलाको मासिक धर्ममा अनियमितता, प्रसवरोग, प्रेम विवाहमा झमेला, शिक्षा प्राप्तिमा बाधा, धनलाभमा बाधा, वृद्धावस्थामा सन्यासको सम्भावना आदि यसका फल हुन् । दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेलाको यही योग परेको थियो । उनलाई यही योगले सफल राजनेता बनाए पनि जीवनमा अनेक झमेला आइलाग्यो । जेल जानुपर्‍यो । दाम्पत्यमा विछोड भयो ।

महापद्म कालसर्पयोग :

नेल्सन मण्डेलाको कुण्डली



पद्म कालसर्पयोग

षष्ठ राहु र एकादश केतु बसेर बाँकी ग्रह तिनको घेरामा पर्दा यो योग बन्दछ । मावली कष्ट, अकारण शत्रु वृद्धि, मुद्दामालिला, ऋण लाग्ने र रोगमा खर्च बढ्छ । शारीरिक कष्ट बढ्ने र प्रेमको क्षेत्रमा दुर्भाग्यशाली हुने हुन्छ ।

तक्षक कालसर्पयोग :

सबै ग्रहहरू सप्तमको राहु र लग्नको केतुद्वारा एकैतर्फ पर्दा यो योग बन्छ । दाम्पत्य झमेला, कारोबारमा साझेदारीबाट धोका, पैतृक सम्पत्ति प्राप्त नहुने, गुप्त रोग, मानसिक तनाव आदि यसका फल हुन् । भारतीय सम्राट अकवरको यही योग परेकोले दाम्पत्यमा यिनलाई असन्तोष भएको थियो ।

कर्कोटक कालसर्पयोग :

अष्टम राहु र द्वितीय केतुको घेरामा सबै ग्रह पर्दा यो योग बन्छ । यसले दाम्पत्य विवाद, विवाह विच्छेदको सम्भावना, पेटको रोग, पैतृक सम्पत्ति नमिल्नु, परिवारका सदस्यहरूसँग विवाद आदि यसका लक्षण हुन् ।

शङ्खचूड कालसर्पयोग :

नवम राहु र तृतीय केतु बसेर बाँकी सात ग्रहहरू तिनको घेरामा पर्दा यो योग बन्छ । व्यवसायमा झमेला, नोकरी र रोजगारीको क्षेत्रमा कठिनाइ, गृहस्थीमा कलह आदि यसका लक्षणहरू हुन् । बेलायतकी प्रथम महिला प्रधानमन्त्री श्रीमती मगरिट थ्याचरको कुण्डलीमा यही योग परेको छ ।

विषधर कालसर्पयोग :

मार्गरेट थ्याचरको कुण्डली



घातक कालसर्पयोग

एकादश राहु र पञ्चम केतुबाट अन्य ग्रहहरू एकेतर्फ घेराबन्दीमा पर्दा यो योग बन्छ । यस योगमा जन्मेको व्यक्तिले दाजुबाट सहयोग नपाउने, देब्रेकानमा समस्या हुने आर्थिक अवस्था खराब हुने जस्ता समस्या बेहोर्नु पर्छ । सन्तानबाट कष्ट, नेत्र र हृदयरोग स्मरण शक्तिमा कमी र उच्च शिक्षा प्राप्तिमा बाधा पनि हुन्छ । राजा पृथ्वीनारायण शाहको यही योग थियो ।

शेषनाग कालसर्पयोग :

पृथ्वीनारायण शाहको कुण्डली



विषधर कालसर्पयोग

द्वादश राहु र षष्ठ केतु बसी बाँकी ग्रहहरू तिनको घेराबन्दीमा एकतर्फमात्र पर्दा यो योग बन्छ। यस्तो योग पर्दा व्यक्तिमा धेरै गुप्त शत्रु हुन्छन् । अदालती झमेला, मानसिक तनाव, बद्नामी, आर्थिक समस्या, चर्मरोग, उदर विकार आदि समस्या हुन्छन् । यस्तो योग पर्ने व्यक्तिको मृत्युपछि भने राम्रो ख्याति फैलिन्छ । भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूको कुण्डलीमा यही योग परको थियो ।

कालसर्पयोग शान्तिका उपाय :

जवाहरलाल नेहरूको कुण्डली



शेषनाग कालसर्पयोग

राहु र केतुका बीचमा २/४ वर्षको अवधिभित्र सबै ग्रहहरू आएर कालसर्पयोगपरिरहन्छ। त्यसैले धेरै व्यक्तिहरूको कालसर्पयोग पर्न सक्छ । पृथ्वीनारायण शाह र जवाहरलाल नेहरूदेखि सचिन तेन्दुलकर वा नेल्सन मण्डेलासम्मका व्यक्तिहरूमा यो योग परेको छ । साधारण मानिसहरूमा पनि यो योग परेका धेरै उदाहरण छन् । यस योगको मुख्य असर भनेको व्यक्तिमा अनेक झमेला आइपर्ने हो । रोग लागे उपचारले असर नगर्ने र ऋण लागे त्यसबाट मुक्ति नमिल्ने यसका मुख्य फल हुन् । सबै ग्रहहरू राहु र केतुका बीचमा मात्र पर्ने हुँदा ग्रहहरूमा असन्तुलन पैदा भई भूकम्प, सुनामी आदि दैवी विपत्ति पनि

कालसर्पयोग परेका बेलामा आउन सक्छ । व्यक्तिमा आउने यस योगको दुष्प्रभाव कम गर्न अनेक उपायहरू बताइएका छन् । तीमध्ये केही सरल उपाय निम्न छन्-

१. पारद शिवलिङ्गको नित्य पूजा गर्नु, यस योगबाट मुक्ति पाउने सरल उपाय हो ।

२. नागको दोष मानिने हुँदा यस योगमा नाग पूजा गर्ने, र पानीमा नाग-नागिनको जोडा बगाउने चलन छ। भगवान् शिवको मालामा नाग रहने र भगवान् विष्णु शेषनागमै सुत्ने हुनाले शिव र विष्णु पूजाबाट पनि यो दोष शान्त हुन्छ भन्ने विश्वास छ ।

३. भगवान् शिवको रुद्राभिषेक गर्नाले पनि यो दोषबाट मुक्ति मिल्छ ।

४. घरमा कालसर्पयोग यन्त्र स्थापना गरी पूजा गर्ने र कालसर्प लकेट धारण गर्ने पनि चलन छ ।

५. नागको बेरुवा औंठी धारण गर्नाले पनि यस दोषबाट केही मुक्ति मिल्ने विश्वास छ ।

६. राहु, केतु, शिव र विष्णुका मन्त्रहरू नियमित जप गर्नाले पनि यो दोष कट्ने विश्वास छ । त्यसैगरी महामृत्युञ्जय मन्त्र जपको पनि चलन छ ।

कालसर्पयोग शान्तिका उपायहरू कुनै सोमबार, जन्मतिथिमा, शिवरात्रि वा नागपञ्चमीमा गर्नु उपयुक्त मानिन्छ ।

निष्कर्ष :

ज्योतिषमा कालसर्पयोग लगायतका दोषहरू अनेक छन् । यस्ता दोष देखाएर शान्ति गराउने नाममा ठगी गर्ने प्रवृत्ति पनि बढ्दो छ । यसतर्फ सचेत रही सामान्य, सरल र कम खर्चिलो उपायबाट यसको शान्ति गराउनु राम्रो हुन्छ । ज्योतिषीले पनि दुःख कष्टको भूमरीमा परेका व्यक्तिलाई अफ ठूलो डर, त्रास र निराशा जगाउनु भन्दा सात्विक, सरल र व्यावहारिक उपाय बताएर नयाँ आशा र उत्साह जगाउनु आवश्यक छ ।

सन्दर्भग्रन्थसूची :

१ देवकी नन्दन सिंह ज्योतिष रत्नाकर

२. ओमप्रकाश कुमरावत आचार्य ग्रहानिष्ट और उनके सहज शान्ति उपाय

३. मणिप्रसाद तिवारी त्रिकाल जन्मकुण्डली दर्पण

४. सं अरुण वंशल फ्यूचर समाचार (वर्ष११अंक६)

६. ' ' (वर्ष१२अंक८)

७. ' ' (वर्ष१३अंक४)

७. www.hindijyotish.com

कविता

शान्तिको खोज

दामोदर नेपाल
उ.म. दोस्रो वर्ष
वाल्मीकि विद्यापीठ

शान्तिको खोजमा रहेछन् जनता नगर अन्य खोज ।
मिलेर हामी अगाडी बढौं, गरौ भविष्यको सोच ।।

नेपाली हामी मिलीजुली गरौ सबैको आदरमान ।
भनेर सानो-ठूलो नेपाली हामी नगरौँ अभिमान ।।

मिलेर गरौं चौतर्फी विकास देशको श्रमदान ।
असली नागरिक बनेर गरौं देशमा बलिदान ।।

जनताको सेवा तनले गर मनले शिष्टाचार ।
गरीब जनताको चुसेर रगत नगर भष्टाचार ।।

बुद्धको मुलुक शान्त बनाऊ छोड न हतियार ।
अति नै भयो हत्या र हिंसा नगर मतियार ।।

ब्रह्मप्राप्तिका उपाय

■ मोहनप्रसाद पोखेल
वाल्मीकि विद्यापीठ

विषयप्रवेश

ब्रह्मशब्दले सृष्टिकर्तालाई जनाउँछ । यस चराचर जगत्को सृष्टिसँगै शब्दको पनि सृष्टि भएको हो । जगत् सृष्टिको कर्ता दृश्यमान छैन, तर उसको कार्य भने प्रत्यक्ष छ । कार्यलाई हेरी त्यसको कर्ताको अनुमान गरिनुलाई न्यायमा अनुमानवाद मानियो । यता वैयाकरणहरूले सृष्टिकर्तालाई परब्रह्म र वाणीको स्वरूप शब्दलाई भने शब्दब्रह्म स्वीकार गरे ।

शब्दमा अर्थ रहन्छ । शब्द र अर्थका बीचमा सम्बन्ध रहेको हुन्छ । शब्द ब्रह्मस्वरूप नित्य छ । शब्द नित्य भएकाले त्यसमा रहेको अर्थ पनि नित्य नै हुने भयो । जब शब्द र अर्थ दुबै नित्य हुन्छन् तब ती दुईका बीचको सम्बन्ध पनि नित्य नहुने कुरै भएन । अतः वैयाकरणहरूका मतमा शब्द, अर्थ र सम्बन्ध नित्य हुन् भनिन्छ । पाणिनीय व्याकरणका त्रिमुनि मध्येका अन्तिम प्रामाणिक मुनि पतञ्जलिले आफ्नो महाभाष्यनामक ग्रन्थमा सिद्धेः शब्दार्थ सम्बन्धे भन्ने वार्तिक लेखी यसै कुरालाई बताएका छन् । उता मैत्र्युपनिषद्मा-

द्वे ब्रह्मणी वेदितव्ये शब्दब्रह्म परं च यत् ।
शब्दब्रह्मणी निष्णातः परं ब्रह्माधिगच्छति ॥६।२२॥

भनी ब्रह्मका दुई अवस्थालाई बताउँदछ । ब्रह्म र परब्रह्म यी दुई शब्दले व्यक्त गर्ने तत्त्व कार्यरूप अनित्य र पररूप नित्य हुन् भन्ने गरेको पनि पाइन्छ । यस प्रकारका चिन्तनहरू दर्शन भेदका कारण आएका हुन् । महाभारतमा भनिएको धर्मस्य तत्त्वं निहितं गुहायाम् भन्ने उक्तिमा भनिए जस्तै सम्पूर्ण चिन्तनहरूको समष्टिरूपलाई वैयाकरणहरूले ब्रह्म मानेका छन् र त्यो ब्रह्म नै शब्दब्रह्मका रूपमा आएको हो । त्यसलाई प्राप्त गर्न सके हो भने परब्रह्म प्राप्ति हुन्छ भन्ने आशय वैयाकरणहरूको रहेको छ । अब यहाँ शब्दब्रह्मको स्वरूप र त्यसलाई प्राप्त गर्ने उपाय के हो ? भन्ने विषयमा चर्चा गरिन्छ ।

ब्रह्मको स्वरूप

ब्रह्मतत्त्वका बारेमा चिन्तन गर्ने विभिन्न चिन्तकहरूले आ-आफ्ना प्रकारले चिन्तन गरी निष्कर्ष निकालेका प्रमाणहरू विभिन्न दर्शनका ग्रन्थहरूमा भेटिन्छन् । शब्दब्रह्मका बारेमा विशेष चिन्तन गर्ने चिन्तकहरूमध्ये एक चिन्तक हुन् भर्तृहरि । व्याकरणका क्षेत्रमा यिनलाई चौथो मुनि मानिएको समेत पाइन्छ । यिनले ब्रह्मको स्वरूपलाई यसरी प्रतिपादन गरेका छन् -

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् ।
विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः ॥(वा.प.ब्र.का.श्लोक १)

यस श्लोकले ब्रह्म भन्ने तत्त्वको स्वरूप शब्दात्मक हो । जसको आदि थाहा छैन, निधन पनि हुँदैन त्यो नै ब्रह्म हो । त्यो ब्रह्म अक्षर छ र शब्दतत्त्वात्मकरूपमा रहन्छ । त्यसैको अर्थात्मक विवर्तले जगत्को प्रक्रिया चल्दछ भनी ब्रह्मको स्वरूपलाई प्रष्ट पारेको छ । वास्तवमा ब्रह्म भन्ने तत्त्व शब्द नै हो । आकाशलाई खं वा शून्य भनिन्छ । त्यो शून्य आकाश नै शब्दको गुण हो । शब्द ध्वनिका साथमा विवर्तित भएपछि आफ्नो गुण भएका ठाउँमा जान्छ, गुण चाहिँ गुणीमा लिन हुन्छ । अनि अविनाशी भएर रहन्छ । शून्यको आधार ब्रह्म हो, आधेयचाहिँ शून्य हो । यसरी ब्रह्मको स्वरूप अक्षरात्मक शब्दतत्त्वका रूपमा उपस्थित भएपछि यसैलाई आधार मानी शब्दलाई प्रकृति प्रत्ययात्मक रूपमा विभाजन हुन पूर्वको अर्थयुक्त सिङ्गो शब्दस्वरूप स्फोट हो । त्यो स्फोट अविनाशी छ, अनि अक्रमरूपमा रहन्छ । क्रम रूप प्राप्त गर्नासाथ विवर्तित हुन्छ र पछि फेरि अक्रमरूपमा स्थित हुन्छ । स्फोट वक्ता पक्षमा अक्रम, क्रम, अक्रम हुन्छ भने श्रोता पक्षमा पनि अक्रम, क्रम, अक्रम नै हुन्छ । वक्ताले बोल्नुभन्दा पहिले अक्रम बोल्न थालेपछि क्रम बनेर क्रमशः आउँछ र बोली सकेपछि अक्रम नै भएर बस्तछ । उता श्रोताले ध्वनि सुन्नासाथ अक्रम क्रममा परिणत हुन्छ र क्रमलाई सुन्दछ । सुनी सकेपछि क्रम फेरि अक्रममा परिणत हुन्छ । श्रोता पक्षमा क्रमपछि अक्रममा स्थिर भइसके पनि क्रमोपस्थिति चाहिँ रहिरहन्छ, त्यो नै अर्थबोधको अवस्था हो । शब्दब्रह्मको विवर्तावस्था पनि त्यही हो । अब यस किसिमको शब्दब्रह्मलाई प्राप्त गर्ने उपायका बारेमा चर्चा गरिन्छ ।

ब्रह्मप्राप्तिका उपाय

ब्रह्म प्राप्त गर्ने उपाय वेद नै । त्यसैले भर्तृहरि प्राप्त्युपायोऽनुकाशच तस्य वेदः लेख्दछन् । वेदभन्दा भिन्न मार्ग अवलम्बन गरेर ब्रह्म प्राप्ति गर्न सकिन्न तापनि सबैको गति वेदमा पुग्न नसकेको हुनसक्छ भनी महर्षिहरूले अन्य पृथक् पृथक् मार्गहरू पनि ब्रह्मप्राप्तिका लागि बताएका छन् । महर्षिभिः एकोप्यनेकवर्त्मेव समाम्नातः पृथक् पृथक् ।(वा. प.ब्र.का.श्लोक ५) भनी भर्तृहरि नै ब्रह्म प्राप्तिका अन्य उपायहरूका बारेमा समेत सङ्केत गर्दछन् । वाक्यपदीयको ब्रह्मकाण्डमा अम्बाकर्त्रीटीकाकार तत्र दर्शनेषु ब्रह्मणः प्राप्तिर्दशधा विकल्पिता भनी लेख्दछन् । अम्बाकर्त्रीटीकाकारले लेखेका दशप्रकारका ब्रह्मप्राप्तिका उपायहरू जुन हुन् तिनलाई अब क्रमश चर्चा गरौं ।

उपनिषद्

अद्वितीयात्मसाक्षात्कारेणममाहमित्यहङ्कारदातात्म्याध्यास-रूपग्रन्थिसमतिक्रमपात्रं ब्रह्मणः प्राप्तिरित्यौपनिषदाः । सामान्य अवस्थाले ब्रह्म प्राप्त गर्न सकिन्न । अद्वितीय आत्मसाक्षात्कार हुनैपर्छ । यो मेरो, यो तेरो, म वा मेरो भन्ने खालको अहङ्कारसित

तादात्म्य भएर ज़ुनु भ्रम उत्पन्न हुन्छ, त्यो भ्रम उत्पन्न गर्ने ग्रन्थिलाई अतिक्रमण नगरी ब्रह्मप्राप्ति हुन सक्दैन त्यसकारण भ्रम वा अज्ञानका ग्रन्थिहरूबाट मुक्त भएर मात्र ब्रह्मप्राप्ति गर्न सकिन्छ भन्ने उपनिषद्को भनाई रहेको छ ।

साङ्ख्य

प्रकृतिपुरुषान्यताख्यात्या प्रकृतेश्चरिताधिकारत्वात् तं प्रति निवृत्या विकाराणां प्रकृतिमावापत्या भोगनिवृत्तिरूपोऽपवर्ग इति साङ्ख्यापथानुगाः ॥ साङ्ख्यदर्शनले भोगनिवृत्तिरूपलाई अपवर्ग भन्दछ । यस दर्शनले प्रकृति र पुरुष दुई तत्त्वलाई मान्दछ । यहाँ प्रकृतिप्रतिको भोगबाट निवृत्त हुनु जरुरी छ । अन्यथा अपवर्ग प्राप्त हुन सक्दैन । साङ्ख्यको अपवर्ग प्राप्ति नै ब्रह्मप्राप्तिमार्ग हो । अतः भोग निवृत्तिरूप नै साङ्ख्यदर्शनको ब्रह्मप्राप्तिको उपाय हो ।

योग

विषयहरूबाट निवृत्ति हुनु नै ब्रह्मप्राप्तिको उपाय हो । ...**बाह्याभ्यान्तरकरणानां यत्नपूर्वकनिरोधाभ्यासेन परिपक्वेन स्वभावते विषयेभ्यो निवृत्तिरेव, तदेव ब्रह्मप्राप्तिरिति योगानुशारिणः।** वास्तवमा भित्र र बाहिर, सोचाइ र बोलाइमा प्रयत्नपूर्वक सुधार गर्दै विस्तारै विषयहरूबाट निवृत्ति हुन खोज्नु पर्दछ । यसरी परिपक्वता सहित विषयबाट निवृत्त भएपछि मात्र ब्रह्मप्राप्त गर्न सकिन्छ अन्यथा सकिन्न । योगश्चित्तवृत्तिनिरोधः योगको मूलमन्त्र हो । मनका चुल्बुले वृत्तिलाई नरोक्ने हो भने एकाग्रता असम्भव छ । विना एकाग्रता साधना संभव छैन । अनि विना साधना विषयवस्तुबाट निवृत्त हुन सकिदिनै भन्ने योगको निष्कर्ष रहेको छ । अतः विषय निवृत्तिरूप ब्रह्मप्राप्तिको उपाय हो भन्ने ठम्याई छ ।

क्वचित्

आनन्दानुभगावस्था विशेष एव ब्रह्मप्राप्तिः भनी क्वचित् मत लेखिएको छ । यहाँ कस्तो आनन्दावस्थाले ब्रह्मप्राप्ति हुन्छ त ? भन्दा भन्दछन्- **अवहिः साधना परितृप्तिर्विषयलौल्याननुविद्धश्चेतसः** । बाहिरी अनुकूलविषय साधनाबाट हुने जुन तृप्ति हो त्यो भन्दा भिन्न भन्नका लागि अबहि शब्दको प्रयोग गरेको यहाँ देखिन्छ । अतः बाह्यानन्दभन्दा आन्तश्चेतको आनन्दानुभूति नै ब्रह्मप्राप्तिको उपाय हो ।

क्वचित्

अद्वितीय स्वप्रकाशित आत्मतत्त्व नै ब्रह्मप्राप्तिको उपाय हो । यहाँ क्वचित् भन्दछन् - **निरस्तसमस्तोपाधिपङ्कसम्पर्कमद्वितीयं स्वप्रकाशमात्मतत्त्वमेव ब्रह्मप्राप्ति** : । सम्पूर्ण उपाधिगत पङ्कबाट मुक्त भई अद्वितीय स्वप्रकाश आफैँ उज्यालो देख्ने जुन आत्मतत्त्वावस्था हो त्यो नै ब्रह्मप्राप्तिको उपाय पनि हो ।

क्वचित्तु

आत्मकामत्व नै ब्रह्मप्राप्तिको उपाय हो । यहाँ क्वचित् भन्छन्- **आत्मकामत्वमेव ब्रह्मप्राप्तिः** । आफ्नो इच्छा वा चाहनानुकूलता नै ब्रह्मप्राप्ति हो । सच्चिदानन्दस्वरूप ब्रह्मसाक्षात्कार गर्ने इच्छा वा चाहना जाग्नु र तदनुकूल आत्मप्रवृत्त रहनु नै ब्रह्मप्राप्तिको उपाय हो।

केचित्

अनागन्तुकार्थ पनि ब्रह्मप्राप्तिको उपाय हो । उहाँ केचित् भन्छन्- **अनागन्तुकार्थत्वं ब्रह्मप्राप्तिरितिः** । जो निरन्तरको भोगाइ हो त्यसैलाई वैषयिक सुख भनिन्छ । त्यो भन्दा भिन्न अर्थलाई यहाँ अनागन्तुकार्थ भनिएको हो । ब्रह्मप्राप्तिका उपायहरूमध्ये अनागन्तुकार्थ पनि एक हो ।

केचित्

परिपूर्णशक्तित्वलाई पनि ब्रह्मप्राप्तिको उपाय हो भनिएको छ । यहाँ केचित् भन्दछन्- **परिपूर्णशक्तित्वं ब्रह्मप्राप्तिरिति** । परिपूर्णशक्ति सगुणशक्तिलाई भनिन्छ ।

केचित्

कालव्यापारमा आत्मशक्तिको सम्बन्ध नरहनु पनि ब्रह्मप्राप्तिको उपाय हो भनिएको छ । यहाँ केचित् भन्दछन्- **कालवृत्तीनामात्ममात्रस्वसमावेशो ब्रह्मप्राप्तिरिति** । सम्पुर्ण संसार कालव्यापारद्वारा नियन्त्रित छ । त्यसमा सम्बन्ध रहुञ्जेल ब्रह्मप्राप्त गर्न सकिन्न । तर सम्बन्ध टुट्नासाथ ब्रह्मप्राप्ति गर्न सकिन्छ । त्यसकारण काल व्यापारमा आत्ममात्रको असम्बन्ध पनि ब्रह्मप्राप्तिको उपाय हो भनी केचित्को ठम्याइ छ ।

माध्यमिक :

सम्पूर्ण तवरले नैरात्म्य उत्पत्ति नै ब्रह्मप्राप्तिको उपाय हो । माध्यमिकहरू भन्दछन्- **सर्वात्मना नैरात्म्यमेव ब्रह्मप्राप्तिरितिः** । आशले विषयलिप्त बनाउँछ। निराशले विषयमा विरक्ति ल्याउँछ। विषय प्रतिको निराशको भाव नै नैराश्य हो । सम्पूर्ण तबरले आतममा नैराश्योत्पत्ति हुनु नै ब्रह्मप्राप्ति हुनु हो ।

निष्कर्ष

यसरी वेदशारिभिन्न विभिन्न दर्शन र दार्शनिकहरूले ब्रह्मप्राप्ति विभिन्न मार्गहरू बताएका छन् । यी सबैले बताएको मार्गको प्राप्य वस्तु एउटै हो । जति विकल्प जसरी तयार पारे पनि अन्ततोगत्वा ब्रह्मप्राप्तिको मुख्य मार्ग वेद नै हो । वेदको मुख व्याकरण हो । व्याकरणका माध्यमबाट मात्र वेदमा प्रवेश गर्न सकिन्छ । वेदमा प्रवेश गरेपछि परब्रह्मको प्रप्ति हुन्छ । परब्रह्मको जुन स्थिति वा अवस्था हो त्यो नै शब्दब्रह्ममा आएको हुन्छ । त्यसैले व्याकरणको ज्ञानले शब्दब्रह्म हुँदै परब्रह्मसम्म पुग्न सकिन्छ भन्ने निष्कर्ष निकाल्नका लागि **शब्दब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति** भनिएको हो भन्ने निष्कर्ष निस्कन्छ ॥

सन्दर्भग्रन्थहरू :-

१. वाक्यपदीयम् ब्रह्मकाण्डम्भर्तृहरि, सम्पूर्णानन्द सं.वि.वि. प्रकाशन वाराणसी, (अम्बाकर्त्रीटीकासहितम्) सन् १९७६

२. वेदान्तसार व्या. आचार्य वदरीनाथ शुक्ल, मोतीलाल वनारसीदास प्रकाशन, वाराणसी, सन् १९७९

३. साङ्ख्यकारिका सम्पा.आचार्य जगन्नाथ शास्त्री, (च.सं.) मोतीलाल वनारसीदास प्रकाशन वाराणसी, सन् १९७५

वेदान्त दर्शनमा ईश्वर, जीव र साक्षी



■ बिपीराज न्यौपाने
सहायक प्राध्यापक
वाल्मीकि विद्यापीठ

ईश्वर भन्नाले निर्गुण परब्रह्मको सगुण सविशेष रूप या अपर ब्रह्म हो । निरूपाधिक पर-ब्रह्म मायाका उपाधिद्वारा ईश्वरका रूपमा भासित हुन्छ । मायामा प्रतिबिम्बित या मायाद्वारा अवच्छिन्न अथवा मायाकै कारण आभासित पर-ब्रह्मलाई नै ईश्वर भनिन्छ । पर-ब्रह्म बुद्धिद्वारा अग्राह्य छ, अतः पर-ब्रह्मलाई जुनसुकै शब्द प्रयुक्त गरिएता पनि त्यस किसिमका शब्दहरूले ईश्श्वरलाई नै बोध गराउँदछन् । सापेक्ष बुद्धिका लागि ईश्वरलाई नै सर्वोच्च मानिएको छ । मयाकै कारणले ब्रह्म ईश्वर, जीव र जगतका रूपमा प्रतीत भइरहेको छ । माया निवृत्त भएपछि शुद्ध पर-ब्रह्मले प्रकाशित हुन्छ । यद्यपि ईश्वर , जीव र जगत तीनओटाको व्यावहारिक सत्ता छ, र तीनओटै एकैसाथ प्रतीत हुन्छन् तथा एकैसाथ निवृत्त पनि हुन्छन् ।तथापि जीवका दृष्टिमा ईश्वर नै सवैथोक हो ।[1] यो पनि भन्न सकिन्छ कि मायाका कारणले यंश्वर जीव र जगतका रूपमा प्रतीत हुन्छन् । माया जब निवृत्त हुन्छ त्यस अवस्थामा ईश्वर जीव र जगत् तीनओटैको आभास एकैसाथ निवृत्त हुन्छ ।

ईश्वर निरूपाधिक निर्वैयक्तिक पर-ब्रह्मको सोपाधिक व्यक्तित्वसम्पन्न रूप मानिन्छ । ईश्वर ब्रह्मको सर्वोच्च आभास पनि हो । ईश्वर आफैमा व्यक्तित्वपूर्ण छ । त्यो सर्वगुण सम्पन्न छ । त्यसको स्वरूप सच्चिदानन्द हो, सत्, चित् र आनन्द पृथक्-पृथक होइन अपितु एउटै नै हो र ईश्वरस्वरूप छ । त्यो यो माया पनि हो, या मायाको स्वमी । त्यो यो सम्पूर्ण सृष्टिको कर्ता, धर्ता,हर्ता र नियन्ता पनि भनिन्छ । सृष्टिको अन्तर्यामी नियन्ता तथा सृष्टिकै पारगामी पनि हो । ईश्वर सृष्टिमा छ र सृष्टि उसैमा छ, तर पनि ईश्वर सृष्टिमा सीमित भने छैन । जीव र जगत् दुवै ईश्वरका सूक्ष्म र स्थूल शरीर हुन् तथा ईश्वर जीवको र जगत्को आत्मा पनि हो । त्यो आराध्यदेव प्रभु भगवान पनि हो । उहाँ नै भवितद्वारा प्रसन्न भएर भक्तहरूलाई अनुग्रह पनि गर्दछन् । भुक्ति, मुक्ति, प्रदाता पनि ईश्वर नै हो । शङ्कराचार्य भन्दा लगभग ३०० वर्ष पछि रामानुजाचार्यले ब्रह्मको विषयमा जस्तो निरूपण गरेका छन् त्यो सबै शङ्कराचार्यले ईश्वरका विषयमा बताएभैंmi मिल्दो छ तथा त्यसैको विस्तृत निरूपण सरह छ । शङ्काराचार्य भन्दा पछिका अद्वैतवेदान्तिहरूले ईश्वर र जीवका विषयमा प्रतिबिम्बवाद, अवच्छेदवाद र आभासवादको अवधारणा लिएका छन् । प्रतिबिम्ब नै ईश्वर हो र अविद्यमा भएको प्रतिबिम्ब नै ईश्वर हो । तर ब्रह्म र माया दुवै निराकार छन् अतः निराकारको निराकारमा कसरी प्रतिबिम्ब हुनु सम्भव छ । त्यसैले केही अद्वैती ईश्वरलाई बिम्ब र जीवहरूलाई ईश्वरको प्रतिबिम्ब मान्दछन् । अवच्छेदवादअनुसार मायावच्छिन्न ब्रह्म नै ईश्वर हो एवं च अविद्या अथवा अन्तः करणावच्छिन्न ब्रह्मलाई नै जीव मानिन्छ तर माया या अविद्या नित्य अनन्तरुपी ब्रह्मलाई कसरी सीमित गर्न सक्छ ? आभासवादअनुसार ब्रह्मको मायामा आभास हुँदा ईश्वर र अविद्या या अन्तःकरणमा आभास हुदा जीव भनिन्छ । माया अथवा अविद्या सदसदनिर्वचनीय र मिथ्या भएकाकारण आभास पनि सदसदनिर्वचनीय र मिथ्या मानिन्छ। आदिशंकराचार्य आभासबादलाई मान्दछन् , यद्यपि उहाँले प्रतिबिम्ब र अवच्छेद दुवैको उपमाहरू र दृष्टान्त पनि दिनु भएको छ । आदि शंकराचार्यले प्रतिबिम्ब र अवच्छेदलाई कुनै 'वाद'का रूपमा ग्रहण भने गर्नु भएको छैन केवल उपमा का रूपमा मात्र प्रयोग गर्नु भएको छ किनकि प्रतिबिम्ब र अवच्छेद दुवै आभासवादकैअन्तर्गत पर्दछन् । भगवत्पादका अनुसार माया या अविद्या वस्तुतः ब्रह्मलाई न प्रतिबिम्बित गर्न सक्दछ न सीमित नै गर्न सक्दछ । माया या अविद्या भनेको केवल भ्रान्ति मात्र हो अतः त्यसको आभास पनि मिथ्या हो । आभास ब्रह्मकै विवर्त हो, परिणाम भने होइन । ईश्वर मायाको स्वामी मात्र हो ईश्वर माया या अविद्याको 'आवरण' छैन मायाले उनलाई आवृत गर्न सक्दैन । अतः ईश्वर स्वयंलाई ईश्वर कै रूपमा होइन, अपितु परब्रह्मकै रूपमा नै अनुभव गर्दछ , जीवले त्यसलाई ईश्वर मान्दछ किनकि जीव अविद्याकै कारणले ब्रह्मलाई ईश्वर मान्दछ ।

शङ्कराचार्यका अनुसार सर्वज्ञ, सर्वशक्तिमान, सर्वव्यापक जगत्कारण एवं जगन्नियन्ता इत्यादि ईश्वरका सिद्धि श्रुतिवाक्यहरूकै आधारमा हन्छन्, अनुमान र तर्कका आधारमा हुँदैन । सविकल्प बुद्धि आफ्नो युक्तिहरूले या तर्कहरूले ईश्वर सिद्धि हुँदैन । पाश्चात्य दार्शनिक काण्टले पनि ईश्वरको सत्तालाई बुद्धि सिद्धि न मानेर त्यसलाई श्रद्धाको विषय मानेका थिए । पाश्चात्य दार्शनिक काण्टले अन्य पाश्चात्य दार्शनिकहरूको ईश्वर सिद्धिका तर्कहरूको खण्डन गदै आफ्नो मत प्रस्तुत गरेका छन् बुद्धिले ईश्वर सिद्धि र असिद्धिका निम्ति दुवैतिर समान तर्क दिन्छ किन्तु ईश्वर समान तर्क दिन्छ किन्तु ईश्वर सिद्धि अथवा असिद्धिको निर्णय वुद्धिले गर्न सक्दैन । सविकल्प वुद्धि स्वभावतः अन्तर्विरोधग्रस्त हुन्छ । त्यो यसप्रकारका विरोधभास मुक्त हुन सक्दैन शङ्कराचार्य पनि न्यायद्वारा ईश्वर सिद्धिका लागि दिइएका तर्कहरूद्वारा[2] सहमत छैनन् । ईश्वरको सिद्धि श्रुतिवाक्यहरूद्वारा मात्र संभव हुन्छ, अनुमान या तर्कद्वारा सिद्ध गर्न सकिँदैन ।[3]

जसरी ईश्वर वस्तुतः ब्रह्म नै हो त्यसैगरी जीव पनि ब्रह्म हो । माया या अविद्याका कारणले ब्रशह्मको प्रतीति ईश्वर र जीवका रूपमा हुन्छ र ईश्वरको प्रतीति हुनुमा पनि जीवकै दृष्टिद्वारा हुन्छ । तत्त्वमसि आदि श्रुतिवाक्यजन्य ज्ञानद्वारा जीव

---

[1] कर्तुं अकर्तुं अन्यथा कर्तुं सर्वसमर्थ ईश्वरः ।
[2] भारतीय दर्शन पृ.१८९/९०
[3] शारीरिक भाष्य १/१/२

आफ्नो ब्रह्मस्वरूपलाई प्राप्त गर्दछ । तथापि ईश्वर तथा जीवका विषयमा शङ्करोत्तर अद्वैत वेदान्तिहरूमा मतभेद रहेको छ । तिनीहरू प्रतिबिम्बवाद, एकबिम्बवाद, अवच्छेदवाद तथा आभासवादका रूपमा प्रतिपादित भएका छन्, तरपनि ईश्वर तथा जीवका विषयमा निर्विवाद तथ्य यसरी पनि बताउन सकिन्छ - ब्रह्म माया या अविद्याका उपाधिद्वारा जीव र ईश्वरका रूपमा प्रतीत हुने गर्दछ । ईश्वर मायापति हो भने जीव मायादास हो ।[४]

ईश्वरका अधिनमा बसेर माया या अविद्याको विक्षेपशक्तिले आफ्नो कार्य सम्पादन गर्ने गर्दछ । ईश्वरमा माया या अविद्याको आवरणशक्ति सर्वथा अथवा अज्ञानको सर्वथा अभाव छ । त्यसैले, ईश्वर स्वयंलाई अखण्ड चिदानन्द पर ब्रह्मका रूपमा नै[५] अनुभव गर्दछ तर जीव माया या अविद्या (अज्ञान) र विक्षेप (मिथ्याज्ञान) दुवै शक्तिहरूद्वारा आबद्ध रहेको छ ।

ईश्वर निरतिशयोपाधिसम्पन्न छ भने जीव निहीनोपाधिसम्पन्न रहेको छ । ईश्वरमा मायाको शुद्धसत्त्वमात्र छ, जीव त्रिगुणात्मक छ । ईश्वरमा अज्ञान र अन्तःकरण तथा भौतिक देहेन्द्रियादि भने छैन किनकि त्यो आत्मस्वरूप छ, त्यसको देहादि दिव्य र चिन्मय छ । जीवलाई अज्ञान र अन्तःकरणद्वारा अविच्छिन्न चैतन्य भनिन्छ, तथा उसका लागि भौतिक देहेन्दियादि भने आवश्यक पर्दछ । ईश्वर जगत्‌को कारण हो, त्यसैले यो जगत्‌लाई विक्षेप गर्दछ ,किन्तु त्यो विक्षपले स्वयं भने मोहित हुँदैन जस्तै कुनै मायावी आफूले प्रसारित मायाद्वारा स्वयं मोहित हुँदैन,[६] तर उसैको मायाले जीव मोहित हुन्छन्, अतः ईश्वरमा भोक्तृत्वको सर्वथा अभाव हुन्छ । जीवमा अज्ञानजन्य कर्तृत्व र भोक्तृत्व हुन्छ, जीव अज्ञानताका कारणले कर्म गर्दछ र स्वयंलाई अभिमानी कर्ताका रूपमा उभ्याउँदछ । साथै आफूलाई सुखदुःखरूपी कर्मफलको भोक्ता पनि मान्दछ । ईश्वरमा भने शुद्ध आस्था हुन्छ, जीवमा सविकल्प वुद्धिको प्रमातृत्व रहन्छ, अर्थात् जीव भनेको प्रमातृप्रमेयप्रमाणान्तर्गत व्यवहारको प्रमाता हो । तथा ईश्वर सर्वज्ञ, सर्वशक्तिमान् र विभु छ, जीव अल्पज्ञ, अल्पशक्तिमान् र देहिन्द्रियान्तःकरणदेखि सीमित छ । त्यसैले ईश्वरलाई स्वामी भनिन्छ र जीवलाई सेवक । ईश्वर आराध्य, उपास्य भगवान् हुन् जीव आराधक उपासक, भक्त हो जीवलाई ईश्वरको अंश मानिन्छ ।[७] जस्तै आगोबाट विस्फुलिंग निस्कन्छ, त्यसरी नै ईश्वरबाट जीव । शङ्कराचार्यका अनुसार अंशत्व लाई वास्तविक मानिदैन, अपितु अविद्याजन्य प्रतीतिमात्र हो किनकि ईश्वर वस्तुतः निरवयव ब्रह्म हो ।[८] ईश्वर सत्‌चित् र आनन्द हो । जीव सत्, असत्, चित अचित र सुख दुःखको मिश्रण हो । जीव अविद्या र कर्मकै कारण संसार चक्रमा र जन्म मरण चक्रमा घुमिरहेको छ । ईश्वर जगत्‌को कर्ता, धर्ता, हर्ता र नियन्ता पनि र त्यो अन्तर्यामी हो त्यसैको कृपाले जीव अपरोक्षानुभूतिद्वारा आत्मैक्य प्राप्त गर्न सक्दछ ।

जीव र ईश्वरको भेद परस्पर व्यावहारिक छ । परमार्थतः जीव र ईश्वरमा कुनै पनि भेद छैन जीवो ब्रह्मैव नापरः । वस्तुत जीव ईश्वर र ब्रह्म एउटै हुन् । कसरी द्वैतमा भेद हुन सक्दछ ? अनादि अविद्याको प्रगाढ निद्रामा चिरकालदेखि सुतेको जीव जब तत्वमसि आदि वाक्यज्ञान भएर ब्युँझिन्छ, त्यतिखेर उसलाई शरीर, इन्द्रिय, बुद्धिको उपाधिभन्दा पर अद्वैत आत्मतत्त्वको साक्षात्कार हुन्छ । अविद्यासँगै तज्जन्य कार्यजाल पनि नष्ट हुन्छ । त्यस्तै जीवत्व, कर्तृत्व, भोक्तृत्व आदिको मिथ्या कल्पनाहरू पनि विलीन हुन्छन् । त्यसपछि यस्तो कथन पनि पाइन्छ कि जीव ब्रह्म हुन जान्छ । वस्तुतः जीव सदा सर्वदा ब्रह्म नै छ । जीवत्व मान्नु भनेको अविद्याजन्य भ्रान्ति हो, जस्तै रज्जुसर्प शुक्तिरजत, आकाशतलमलिनता आदिकै समान अथवा निकटस्थ जवाकुसुमकै कारण सक्त प्रतीत हुनेवाला शुभ स्फटिकझैं । बन्धन र मोक्ष दुवै व्यावहारिक छन् । तर, पारमार्थिक होइनन् । जीवको जन्म-मरण या उत्पत्ति विनाशको संसर्ग अविद्या-कृत छ । जबसम्म अविद्या रहिरहन्छ, तबसम्म जीवका जीवत्व पनि रहन्छ जहिले सम्म देहेन्द्रियमनो वुद्धि रूपी जीवत्व रहन्छ । अविद्या निवृत्ति पश्चात् जीव आफ्नै शुद्धात्मस्वरूपमा प्रकाशित हुन्छ । वेदान्तमा एउटामात्र कूटस्थ नित्य विशुद्ध विज्ञानस्वरूप परमात्मतत्व छ र यो विज्ञान धातु अविद्याद्वारा अनेक रूपहरूमा प्रतीत हुन्छ तथा यो भन्दा अतिरिक्त अन्य कुनै तत्व छैन ।[९]

साक्षीका विषयमा पनि शङ्करोत्तर अद्वैतिहरूमा मतभेद पाइन्छ ।कति विद्वान प्रत्येक शरीरमा साक्षीलाई भिन्न मान्दछन् कतिपये सम्पूर्ण शरीरमा एउटै साक्षी स्वीकार गर्दछन् । केही विद्वान साक्षीलाई जीव साक्षी र ईश्वर साक्षी यिनलाई द्विविध रूपमा मान्दछन् । साक्षीका विषयमा तथ्य यस प्रकार पाइन्छ -

साक्षी भनेको अद्वैत वेदान्तको एउटा विशिष्ट तत्व हो जुन आत्मा या ब्रह्म , ईश्वर र जीव, यी तीनवटै भन्दा भिन्न छ । साक्षी परब्रह्मकै समान निर्गुण, निर्वशेष र नित्य चैतन्य छ जुन स्वतः सिद्ध र स्वप्रकाश छ र विशुद्ध आत्मभूतत्वझैं समान यो साक्षी समस्त ज्ञान र अनुभवको अधिष्ठान हो । परब्रह्म या आत्मतत्व निरूपाधिक छ भने साक्षी सोपाधिक छ, यद्यपि त्यो उपाधिमा कुनै प्रकारले पनि लिप्त छैन । साक्षी, जीव र ईश्वरमा अभिव्यक्त हुन्छ । प्रत्येक जीवमा साक्षी विद्यमान रहन्छ । जीवमा अविद्याजन्य देह, इन्द्रिय, अन्तः करणको संघात हुन्छ । जीव अन्तः करणावच्छिन्न चैतन्य हो जुन देहेन्द्रियान्तः करण संघातमा लिप्त छ एवं अहंकार, ममकार युक्त छ तथा कर्ता, भोक्ता र प्रमाता हो । साक्षी भनेका अन्तः करणोपहित चैतन्य हो । अन्तःकरणमा भएको उपाधि निर्विशेष ब्रह्मलाई साक्षिचैतन्य बनाउँछ । साक्षी अविद्या तथा देहेन्द्रियान्तः करण युक्त जीवको अधिष्ठानभूत भनेको कूटस्थ नित्यचैतन्य हो, जुन स्वयं प्रकाशित भएर जीव, देह, इन्द्रिय, अन्तःकरण र विषयहरूलाई प्रकाशित गर्दछ । यो निर्लिप्त र निर्विकार द्रष्टा या साक्षीका रूपमा विद्यमान रहन्छ । यो उपाधिहरूबाट कुनै प्रकारले पनि स्पष्ट हुँदैन । साक्षीकै कारण जीव विविध अनुभवहरूमा एकता भइनैरहन्छ । सुषुप्ति अवस्थामा जीव र अन्तःकरण अविद्यामा लीन हुन्छन् । त्यस अवस्थामा सम्पूर्ण विषय वासनाहरूको अभाव रहन्छ तर पनि साक्षी भने

---

[४] स ईशो यद्वशके माया स जीवो यस्तयार्दितः
[५] शारीरिक भाष्य २/३/४५
[६] शारीरिक भाष्य २/३/४३ र २/१/९
[७] ममैवाशो जीवलोके जीवभूतः सनातनः । गीता १५/७
[८] शारीरिक भाष्य २/३/४३/४७
[९] शारीरिक भाष्य १/३/१२ यावदविद्या ...यावद...देहेन्द्रियमनोवुद्धिद्विसंघतः तावज्जीवस्यजीवत्वम् । अविद्याकल्पितं जीवभेदम् दर्शयति -वस्तुस्तु जीवः कूतस्थोनित्यदृक्स्वरूप आत्मा ।
[१०] सर्वं वस्तु ज्ञाततया अज्ञाततया वा साक्षी चैतन्यस्य

स्वयं प्रकाशित भई नै रहन्छ तथा त्यसैका कारणले सुषुप्तिपूर्व र पश्चात्को अनुभवहरूमा एकता भई नै रहन्छ । ज्ञात अथवा अज्ञात रूपले सवै वस्तुहरू साक्षी चैतन्यका विषय हुन् ।[१०] साक्षी कहिल्यै पनि विषयका रूपमा ज्ञात हुन् सक्दैन । किनकि, त्यो द्रष्टाका रूपमा प्रत्येक अनुभवमा प्रकाशित रहन्छ । अहं-प्रत्यय कर्ता र भोक्ता हो, साक्षी केवल निर्विकार द्रष्टा हो ।[११]

दुई पक्षी साथसाथ (एकैसाथ) सखा (मित्र) भावले एउटै वृक्षमा बस्दछन् तीमध्ये एउटा स्वादु फल मिठोगरी खान्छ भने अर्को नखाईकन केवल टुलु-टुलु हेरिमात्र रहन्छ ।[१२] यो उपनिषद् वाक्यले जीव र साक्षीलाई एक आपसमा अन्तर बनाउँदछ । शङ्कराचार्यले यसै विषयलाई आफ्नो भाष्यमा यसरी भनेका छन् कि जीव भोक्ता हो र ईश्वर द्रष्टा एवं प्रेरयिता हो, ईश्वर आफ्नो दर्शनमात्रले भोक्ता र भोग्य दुवैलाई प्रेरित गर्दछ ।[१३] केही विद्वान्हरूले यसबाट यो प्रतिपादित गरेका छन् कि साक्षी भनेको ईश्वरको नै एक विशेष रूप हो । अन्य विद्वानहरूका कारणले केवल अरु निर्गुण छैन, अतः निर्विशेष विशुद्ध ब्रह्म नै साक्षी रूपमा प्रतीत हुन्छ । यसरी निर्विवाद रूपले निर्विशेष शुद्ध नित्य चैतन्य हो जुन उपाधिका कारणले उपाधिदेखि सर्वथा निर्लिप्त भएर देहेन्द्रियान्तःकरणविषयादिलाई प्रकाशित गर्ने तथा दख्ने भएको कारण साक्षी भनिएको हो । उपाधिभेदले अन्तःकरणद्वारा उपहित साक्षी जीवका संज्ञाले अभिहित गरिएको छ । विद्यारण्य स्वामीले साक्षीको उपमा नृत्यशालामा भएको त्यो दीपकसँग दिएका छन्, जुन सूत्रधारलाई नर्तकी र सम्यहरूलाई (दर्शकहरू) समभावले प्रकाशित गरेको हुन्छ । अहंकार भनेको सूत्रधार हो वुद्धि नर्तकी हो विषय दर्शक हो र साक्षीचाहिँ दीपक हो[१४] साक्षी चैतन्य भनेको समस्त ज्ञान अनुभवको अधिष्ठान हो एवं स्वतः सिद्ध तथा स्वप्रकाश छ । जीव 'सत्यानृतमिथुनीकरण'हो । उसमा सव्यको अंशचाहिँ अविद्याकृत जीवत्वको हुन्छ । अविद्या निवृत्त हुँदाहुँदै जीव, साक्षी र ईश्वर एकै साथ परब्रह्मका रूपमा प्रकाशित हुन्छन् ।

[११] साक्षी चेता केवलो निगुर्णश्च । श्वेता.उप ।
[१२] द्वा सुर्पणा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते ।
तयोरन्यः पिप्पलं स्वादवत्ति अनश्नन्नन्यो ऽभिचाकशीति ॥ - मुण्डुक उप. ३/३/१
[१३] दर्शनमात्रेण हि तस्य प्रेरयितृत्वं राजवत् । मुण्डुक भाष्य ३/१/१
[१४] नृत्यशालाचितो दीपः प्रभुं सभ्योश्च नर्तकीम् ।
दीपयोदविशेषेण तदभावे ऽपि दीप्यते ॥ -पञ्चदशी ११

सन्दर्भग्रन्थसूची

१. शर्मा, चन्द्रधर - भारतीय दर्शन, मोतीलाल वनारसीदास, १९९८
२. स्वामी, सत्यानन्द सरस्वती - शरीरकभाष्य (ब्रह्मसूत्र शङ्करभाष्य) हिन्दी अनुवाद एवं व्याख्या सहित गोविन्द मठ,
३. श्रीमद्भगतवद्गीता (शङ्करभाष्य) हिन्दी अनुवाद सहित, वाराणसी, १९६५
४. मुण्डक उपनिषद् (शङ्करभाष्य) गीताप्रेस गोरखपुर
५. श्वेताश्वतर उपनिषद् (शङ्करभायष्य) गीतोप्रेस गोरखपुर
६. पञ्चदशी चौखम्बा विद्यँभवन, वाराणसी, १९९७
७. माण्डूक्योपनिषद् (गौडपादकारिका) शङ्कराचार्य, भाष्यकार गीताप्रेस वि.सं. २०३२

बलराम बडाल (सागर)
उ.म.द्वितीय

पशुपक्षीतन्त्र

कविता

मानिसलाई लोकतन्त्र चाइएझैं ।
पशुपंक्षिलाई चाहिन्छ पशुंपक्षीतन्त्र ।।

मानिसहरू स्वतन्त्र बाँच्न पाएझैं ।
पशुपंक्षिहरू पनि खोज्छन् स्वतन्त्र ।।

कोइलीचरी कुहुकुहु गर्दै रुन्छे विरहको वनमा।
नारावाजी गर्दै होलान् आफ्नो अधिकार पाउन ।।

चिरबिर गर्दै छट्पटाउँदै बिताएका छन् दिन वनमा ।
पशुपंक्षिको रक्षा गर्ने इच्छा जागोस् सबैको मनमा ।।

नचोर्नु, हिंसा नगर्नु, सत्यबोल्नु, बुद्धको मूलमन्त्र हो
आ-आफ्नो ठाउँमा स्वतन्त्र भएर बाँच्न पाउनु पशुपंक्षि तन्त्र हो ।

शुभकामना छ आम जनसमुदायलाई २०६९ बुद्ध जयन्तिको
देवी देवताको मन्दिरमा पशुपंक्षी होइन फूलमाला चढाऔं ।।

न्यायदर्शन : एक चिन्तन

■ पुरुषोत्तम आचार्य
वाल्मीकि विद्यापीठ

दृश्यते ज्ञायते वस्तुतत्त्वमनेनेति दर्शनम् अर्थात् जुन शास्त्रद्वारा वस्तुतत्त्वको यथार्थ ज्ञान हुन सक्छ त्यसलाई दर्शन भनिन्छ। पूर्वीय र पाश्चात्य गरी दर्शनशास्त्रलाई दुई भागमा विभाजन गर्न सकिन्छ। यहाँ पूर्वीय दर्शनको चर्चा नै इष्ट भएको हुनाले त्यसलाई अनुसरण गर्न आवश्यक ठान्दछु।

पूर्वीय दर्शनहरू अनेक छन् । त्यसमा पनि विशेषतः आस्तिक र नास्तिक गरेर दर्शनलाई दुई भागमा विभाजन गरिएको छ। न्याय, वैशेषिक, सांख्य, योग, पूर्वमीमांसा र उत्तरमीमांसा गरेर आस्तिकदर्शन छ प्रकारका छन् । यहाँ पूर्वमीमांसा शब्दले कर्मकाण्डभाग र उत्तरमीमांसा शब्दले ज्ञानकाण्डभाग सम्भनुपर्दछ । त्यस्तै गरेर चार्वाक, जैन र बौद्ध गरेर नास्तिक दर्शन तीन प्रकारका हुन्छन् । बौद्धदर्शनमा चार वटा सिद्धान्तहरू प्रचलित छन्। ती सिद्धान्तहरू यस प्रकार छन्- वैभाषिकसिद्धान्त, सौत्रान्तिकसिद्धान्त, योगाचारसिद्धान्त र माध्यामिकसिद्धान्त। यहाँ आस्तिक भन्नाले जसले ईश्वरलाई मान्दछ र नास्तिक भन्नाले जसले ईश्वरलांई मान्दैन यस्तो कुरा स्वीकार गर्नु अत्यन्त गलत हो। नास्तिको वेदनिन्दकः यो नियम अनुसार वेदलाई जसले स्वीकार गर्छ त्या आस्तिक हो र जसले वेदलाई निन्दा गर्छ त्यो नास्तिक हो। आस्तिक दर्शनहरूमा न्यायदर्शनको स्थान प्रधान छ। न्यायदर्शनको महत्त्वको बारेमा भन्नुपर्दा सम्पूर्ण शास्त्रहरूको उपकारक भएको हुनाले न्यायदर्शन अत्यन्त उत्कृष्ट छ। सबै आचार्य र विद्वान्हरूद्वारा स्वीकार गरिएको र अनुभव गरिएको विषय हो यो।

न्याय शब्दको व्युतपत्ति यस प्रकार छ- नीयते, प्राप्यते, अयनम् मोक्षो येनासौ न्यायः।

अर्थात् जसबाट मोक्षको प्राप्ति हुन्छ त्यो न्याय हो। अथवा नीयत अधिगम्यते विवक्षितार्थसिद्धिरनेनाऽसौ न्यायः। अर्थात् विवक्षित अर्थको सिद्धि जसबाट हुन्छ त्यो न्याय हो।

यस्तो न्यायको जुन दर्शन अथवा अनुभव हो त्यसलाई न्यायदर्शन भनिन्छ।

महर्षि गौतमद्वारा प्रणीत न्यायदर्शन सबै दर्शनहरूमा अत्यन्त अपेक्षित देखिन्छ। यसको प्रमाणको रूपमा हामी यो श्लोकलाई मनन गर्न सक्छौं-

काणादं पाणिनीयञ्च सर्वशास्त्रोपकारकम्॥

अर्थात् काणाद शास्त्र र पाणिनीय शास्त्र सम्पूर्ण शास्त्रहरूका लागि उपकारक हुन्। यहाँ काणादशास्त्र भन्नले वैशेषिकशास्त्र बुझिन्छ भने पाणिनीयशास्त्र भन्नले व्याकरणशास्त्र बुझिन्छ। अब यहाँ सन्देह हुन्छ कि काणाद र पाणिनीयशास्त्रलाई मात्र सम्पूर्ण शास्त्रहरूका लागि उपकारक हुन् न्यायशास्त्रको चर्चा नै छैन भन्ने प्रश्नमा यसको समाधान यसरी बुझ्नु आवश्यक देखिन्छ - न्यायशास्त्र र काणादशास्त्र वस्तुतः एकै हुन् भन्दा फरक नपर्ला। किन कि विश्वनाथपञ्चाननभट्टाचार्यले मुक्तावलीमा यीनै विषयवस्तुलाई उद्धृत गर्दै भन्नुहुन्छ-

एते च सप्तपदार्थाः वैशेषिकनये प्रसिद्धाः नैयायिकानामप्यविरूद्धाः। इति॥[१]

यसबाट स्पष्ट हुन्छ कि न्यायशास्त्रमा महर्षि गौतमले सोह्र पदार्थ स्वीकार गरेका छन् भने वैशेषिकशास्त्रमा कणादले सात वटा पदार्थ स्वीकार गरेका छन्। तथापि यी दुवै शास्त्रको एक आपसमा कुनै विरोध छैन।

वास्तवमा न्याय भनेको के हो ? यस्तो प्रश्न उठ्नु स्वभाविक नै हो। यहाँ न्यायशब्दको अर्थ व्यापक छ- प्रमाणैरर्थपरीक्षणं न्यायः।[२] यस नियमका अनुसार विभिन्न प्रमाणहरूको सहायताले वस्तुतत्त्ववके हो भनी परीक्षण गर्नु नै न्याय हो। न्यायशब्दको अर्थ परिभाषित गर्ने क्रममा वार्तिककारको मत यस प्रकार छ-

समस्तप्रमाणव्यापारादर्थाऽधिगतिर्न्यायः।[३] न्यायशब्दको विशिष्ट पारिभाषिक अर्थ हो पञ्चावयववाक्य। पञ्चावयववाक्यो न्यायः।[४] अर्थात् पाँच अवयव वाक्यहरूको समुदाय न्याय हो। ती पाँच अवयव वाक्य के के हुन् ? भन्दा प्रतिज्ञा, हेतु, उदाहरण, उपनयन र निगमन। वस्तुतः सम्पूर्ण न्यायदर्शन पाँच अवयव वाक्यमा नै अन्तर्निहित छ। यी पाँच अवयव वाक्यहरूको राम्रो तरीकाले ज्ञान गर्न सकियो भने नैयायिक नभइएला भन्न सकिँदैन।

न्यायदर्शनको धेरै नाम छन्। जसलाई आन्वीक्षिकी पनि भनिन्छ। प्रत्यक्षागममाश्रिमतमनुमानं साऽन्वीक्षा=प्रत्यक्षागमाभ्यामीक्षितस्यान्वीक्षणमन्वीक्ष तया प्रवर्तत इत्यान्वीक्षिकी न्यायविद्या=न्यायशास्त्रमिति।[५] अर्थात् अन्वीक्षाको अर्थ हुन्छ प्रत्यक्ष तथा आगममा आश्रित अनुमान अथवा प्रत्यक्ष तथा आगमप्रमाणको सहयोगले अवगत विषयको अनुपछाडि, ईक्षा पर्यालोचन ज्ञान अर्थात् अनुमिति हुनु। अनुमानप्रक्रियामा हेतुको अत्यन्त महत्त्व हुन्छ। अतः यो शास्त्रलाई हेतुविद्या अथवा हेतुशास्त्र पनि भनिन्छ।

वात्स्यायनले न्यायदर्शनको महत्त्वलाई यसरी वर्णन गर्छन्-

प्रदीपः सर्वविद्यानामुपायः सर्वकर्मणाम्।
आश्रयः सर्वधर्माणां विद्योद्देशे प्रकीर्तिता॥[६]

अर्थात् यो आन्वीक्षिकी न्यायविद्या सम्पूर्ण विद्याको प्रदीप हो। सम्पूर्ण कर्मको उपाय हो र सम्पूर्ण धर्मको आश्रय हो। जयन्तभट्टले न्यायमञ्जरीमा न्यायदर्शनको महत्त्वको बारेमा राम्रो सँग

[१] न्यायसिद्धान्तमुक्तावली, कारिका- २
[२] वात्स्यायनभाष्य १।१।१
[३] न्यायवार्तिकम् - १ (पृ. १४)
[४] वात्स्यायनभाष्य १।१।१
[५] ऐजन
[६] ऐजन

चर्चा गरेको देखिन्छ- **न्यायविस्तरस्तु मूलस्तम्भभूतः सर्वविद्यानाम् वेदप्रामाण्यहेतुत्वादिति ।**[७]

अहिलेसम्म सामान्यरूपले न्यायशब्दको अर्थ र महत्त्वको बारेमा चर्चा गरियो । अब सबैको मनमा जिज्ञासा उत्पन्न हुन्छ कि वास्तवमा न्यायदर्शनको मुख्य उद्देश्य के हो ? यसको उत्तरमा हामी यो भन्न सक्छौं कि प्रमाणहरूद्वारा प्रमेय अथवा पदार्थको यथात्म्य विचार गर्नु नै न्यायदर्शनको मुख्य उद्देश्य हो । नैयायिकहरू चार प्रमाण मान्दछन्- **प्रत्यक्षानुमानोपमानशब्दाः प्रमाणानि ।**[८] अर्थात् प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी चार प्रमाण न्यायदर्शनमा स्वीकार गरिएका छन् । न्यायदर्शनमा प्रमाणहरूद्वारा प्रमेयको यथात्म्य विचार गर्नु एउटा मार्ग हो भने प्रमाणहरूको विस्तृत विवेचन गर्नु अर्को मार्ग हो । मानाधीना मेयसिद्धिः । यो कथन अनुसार प्रमेय अथवा पदार्थहरूको सिद्धि प्रमाणद्वारा नै हुने हुनाले सर्वप्रथम प्रमाणको नै सबै शास्त्रमा प्रतिपादन गरिएको देखिन्छ । किनभने जबसम्म प्रमाण स्वीकार गरिदैंन तबसम्म पदार्थको सिद्धि सम्भव हुदैंन । पदार्थहरूको सिद्धि गर्नु सम्पूर्ण दर्शनशास्त्रहरूको मुख्य उद्देश्य हुन्छ । यस कारणले पनि सबै दार्शनिकहरूले प्रमाणलाई स्वीकार गरेका छन् । प्रमाणको संख्या कुन दर्शनमा कति छन् भन्ने कुरा यसप्रकार छ- चार्वाकदर्शनमा प्रत्यक्षप्रमाण मात्र स्वीकार गरिएको छ । बौद्धदर्शनमा प्रत्यक्ष र अनुमान गरी २ प्रमाण । सांख्यदर्शनमा प्रत्यक्ष, अनुमान र उपमान गरी ३ प्रमाण । न्यायदर्शनमा प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी ४ प्रमाण । मीमांसादर्शनमा प्रभाकरको मतमा प्रत्यक्ष, अनुमान, उपमान शब्द र अर्थापत्ति गरी ५ प्रमाण । मीमासंककै भट्टको मतमा प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति र अनुपब्धि गरी ६ प्रमाण । पौराणिकहरूले प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति, अनुपब्धि, साम्भविक एवं ऐतिऽय गरी ८ प्रमाण । तान्त्रिकहरूले प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति, अनुपब्धि, साम्भविक, ऐतिह्य र चेष्टा गरी ९ प्रमाण मान्दछन् । न्यायदर्शन सम्पूर्ण दर्शनको उपादेय हो भन्ने कुरा विर्सनु पनि हुँदैन । न्यायशास्त्रको इतिहास महर्षि गौतमबाट प्रारम्भ भएको हो । जो न्यायसूत्रका प्रणेता पनि हुन् । यस सम्बन्धमा प्रसिद्ध कथन यसप्रकार छ-

कणादेन तु सम्प्रोक्तं शास्त्रं वैशेषिमं महत् ।
गौतमेन तथा न्यायं सांख्यं तु कपिलेन वै ॥[९]

न्यायसूत्रको प्रारम्भमा महर्षि गौतमले सोह्र पदार्थहरूको वर्णन गरेको देखिन्छ- **प्रमाणप्रमेयसंशयप्रयोजनदृष्टान्तसिद्धान्ताऽवयवतर्कनिर्णयवादजल्पवितण्डाहेत्वाभासच्छलजाति-निग्रहस्थानानां तत्त्वज्ञानाद् निःश्रेयसाधिगमः ॥**[१०] न्यायसूत्रमाथि महर्षि वात्स्यायनले भाष्य लेखेका छन् जसलाई वात्स्यायन भाष्य भनिन्छ। भाष्यमाथि उद्योतकर भारद्वाजले वार्तिक लेखेका छन् । वार्तिकमाथि वाचस्पति मिश्रले तात्पर्यटीका लेखेका छन् । मिश्रद्वारा रचित तात्पर्यटीकामाथि उदयनाचार्यले तात्पर्यपरिशुद्धि नाम गरेको टीका लेखेका छन् । यिनी पाँच ग्रन्थहरूको सम्यक्तया अध्ययन गर्न सामान्य परिश्रमले सम्भव छैन ।

न्यायदर्शन अन्तर्गत सोह्रपदार्थको विस्तृत रूपमा विवेचत गरिएको छ । शास्त्रार्थ व्यवहारमा यिनीहरूको प्रयोग एक आपसमा परास्त गर्नका लागि आफ्नो सिद्धान्तसम्म पुनका लागि गरिन्छ । न्यायसूत्रमा पाँच अध्याय छन् । प्रत्येक अध्यायमा दुई-दुई आऽिनक छन् । यसमा सबै मिलाएर ८४ प्रकरणहरू छन् भने सूत्रहरूको संख्या ५२८ छन् । १९६६पद तथा ८३८५अक्षर न्यायसूत्रमा रहेका छन् । यो गणना वाचस्पति मिश्रको न्याय सूचि निबन्ध नामक ग्रन्थको आधारमा गरिएको छ । वास्तवमा भनुपर्दा बौद्धहरूले न्यायसूत्रको खण्डन गर्न धेरै प्रयास गरेका थिए । पछि आचार्यहरूले बैद्धद्वारा गरिएको खण्डनको पनि मण्डन गरेका छन् । सबै दर्शनहरूको मुख्य ध्येय भनेको तत्त्वज्ञानद्वारा मोक्ष प्राप्ति गर्नु हो । न्यायदर्शनमा पनि षोडशपदार्थहरूको तत्त्वज्ञानबाट मोक्षको प्राप्ति हुन्छ भने कुरा गौतमको प्रथम सूत्रबाट ज्ञात हुन्छ ।

नव्यन्याय र प्राचींनन्यायको संक्षेपमा परिचय

न्यायदर्शमा दुई प्रकारका धारा दृष्टिगत छन् । न्यायदर्शनको इतिहास लगभग दुईहजार वर्ष प्राचीन छ । पहिलो धारा महर्षि गौतमबाट प्रारम्भ भएको हो, भने अर्को धारा गङ्गेशोपाध्यायबाट प्रारम्भ भएको हो । पहिलो धारा प्राचीनन्यायको नामले प्रसिद्ध छ भने दोस्रो धारा नव्यन्यायको नामले प्रसिद्ध छ । गङ्गेशोपाध्यायद्वारा रचित तत्त्वचिन्तामणि नामक ग्रन्थ नव्यन्यायको मूल ग्रन्थ मान्न सकिन्छ । प्राचीनन्यायमा सोह्र पदार्थहरूको निरूपण गरिएको गरिएकाले त्यसलाई पदार्थ मीमांसात्मक दर्शन भनिन्छ । नव्य र प्राचीनमा मुख्य भेद तत्तद् भाषामा र शैलीमा आश्रित छ । नव्यन्यायको मुख्य वैशिष्ट्य चाहिँ सम्बन्धहरूको सूक्ष्म विवेचनामा आश्रित रहेको पाइन्छ । यसका लागि नव्याचार्यहरूले प्रकारता-विशेष्यता-प्रतियोगिता-अनुयोगिता-अवच्छेद्यता-अवच्छेदकता इत्यादि सम्बन्धहरूको प्रयोग गरेको देखिन्छ । विषय प्रतिपादनमा दुबै दर्शनको भेद स्पष्ट थाहा पाउन सकिन्छ । अन्तमा अधीत्य गौतमीं विद्यां सार्गालीं योनिमाप्नुयात् ॥ यस बचनलाई भुल्नु हुँदैन ॥

सन्दर्भग्रन्थसूची

१. तर्कसङ्ग्रह अन्नं भट्ट, गोविन्दाचार्य, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी सन् २०११
२. न्यायदर्शनका प्रमाण चतुष्टय डा. अभेदानन्द भट्टाचार्य, परिमल पब्लिकेशन, दिल्ली, सन् १९९५,
३. न्यायभाष्यम् गौतम (प्रशन्नपदव्याख्यासहित) सुदर्शनाचार्य, बौद्धभारती ग्रन्थमाला वाराणसी, वि.सं. २०५४
४. न्याय वैशेषिक एक चिन्तन राममूर्ति शर्मा, राष्ट्रिय संस्कृत संस्थानम्, दिल्ली, वि.सं. २०५४
५. न्यायसिद्धान्तमुक्तावली विश्वनाथपञ्चाननभट्टाचार्य (बालप्रिया हिन्दी व्याख्यासहित) डा. गजानन शास्त्री मुसलगाँवकर, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् २००३
६. भारतीयदर्शन बलदेव उपाध्याय, शारदा मन्दिर वाराणसी, सन् १९९७

[७] न्यायमञ्जरी-प्रथमाऽिनक
[८] न्यायसूत्रम् - १।१।३।
[९] पद्मपुराणम्, उत्तराखण्ड, अध्याय- २६३
[१०] न्यायसूत्रम् - १।१।१।

विपश्यना साधना के हो ?

■ शिव 'शिव'
उ.म. दोस्रो वर्ष
वाल्मीकि विद्यापीठ

विपश्यना शब्द पश्य मा वि उपसर्ग लागेर बनेको शब्द हो । वि को अर्थ भित्र र पश्य को अर्थ हेर्नु हुन्छ । तसर्थ आफूभित्र आफैंले गरिने आत्मनिरीक्षण नै विपश्यना हो । जुन स्थिति जस्तो छ, त्यसलाई त्यस्तै बुझ्नु नै विपश्यनाको अभिप्राय हो । आत्मनिरीक्षणद्वारा मन नर्मल गर्दागर्दै यस्तो अनुभव हुन थाल्छ । विपश्यनाले हामीलाई आफैंभित्र शान्ति र सामान्जस्यता अनुभव गर्न योग्य बनाउँछ । यसले चित्तको व्यकुलता र त्यसको कारणलाई हटाउँदै चित्तलाई निर्मल बनाउँछ । यो एक सरल एवं उपयोगी ध्यानविधि हो, जसको अभ्यास गरिरहेमा क्रमशः अगाडि बढ्दै आफ्नो मानसलाई विकारबाट मुक्त बनाउनुको साथै नितान्त विमुक्त अवस्थाको साक्षात्कार गर्न सकिन्छ ।

ऐतिहासिक पृष्टभूमि

विपश्यना एक अत्यन्त पुरानो ध्यानविधि हो । अगभग पच्चीससय वर्ष पूर्व भगवान् गौतम बुद्धले यस विद्यालाई पुनः प्रकाशमा ल्याउनुभयो । उहाँले आफूले अनुभव गरेको ज्ञान पैंतालीस वर्षसम्म भारत र नेपालमा बाड्नुभयो । समयको साथ-साथै यो विधि छिमेकी देशहरू वर्मा, श्रीलङ्का, थाइल्याण्ड आदिमा फैलियो । बुद्धको महापरिनिर्वाणको लगभग पाँच सय वर्षपछि यो अमूल्य विद्या भरतबाट लुप्त भयो । अरु देशमा पनि यसको शुद्धता नष्ट भयो । केबल म्यानमा (वर्मा)मा मात्र यस विधिप्रति समर्पित आचार्यहरूको एक समूहले गुरुशिष्य परम्पराले यस विधिलाई अक्षुण्ण रूपमा सञ्चित राखे । यही परम्पराका प्रख्यात आचार्य सायजीले विपश्यना सिकाउन सन् १९६९मा श्री सत्यनारायण गोयन्काज्यूलाई अधिकृत नियुक्त गर्नुभएको थियो । हाल उहाँकै प्रयासले भारत र नेपाल लगायतका विश्वका अन्य विभिन्न असीभन्दा बढी मुलुकका मानिसहरूले विपश्यनाको लाभ उठाइरहेका छन् ।

अभ्यास कसरी गर्ने

विपश्यना सिक्नका लागि योग्यता प्राप्त आचार्यको सान्निध्यमा दश दिवसीय आवासीय शिविरमा सामेल हुन आवश्यक छ । यसको निम्ति साधकले शिविरको आचारसंहिता पालन गर्नु जरुरी हुन्छ । विपश्यना अभ्यासका लागि संयभन्दा बढी केन्द्रहरू स्थापना भइसकेको छ । जसमध्य सात नेपालमा छन् । विश्वभर नै शिविरको सञ्चालन स्वेच्छिक दानबाट हुन्छ र यो दान ती साधकहरूबाट मात्र ग्रहण गरिन्छ जो पहिले नै शिविरबाट लाभान्वित भएर पछि आउने साधकहरूलाई सहयोग गर्न चाहन्छन् ।

पालना गर्नुपर्ने नियमहरू :

कुनै पनि विपश्यना गर्ने नयाँ साधकले निम्न पञ्चशील पालना गर्न जरुरी हुन्छ-

१. जीवहत्या (हिंसा) नगर्ने
२. चोरी नगर्ने
३. ब्रह्मचर्यको पालना गर्ने
४. झुटो नबोल्ने
५. नसालुपदार्थ (अम्मल)को सेवन नगर्ने

साम्प्रदायिकताविहीन विधि

विपश्यना भगवान् बुद्धको शिक्षाको परम्परामा सुरक्षित छ । यसमा केही पनि साम्प्रदायिक तत्व मिसिएको छैन र कुनै पनि पृष्टभूमि भएको व्यक्तिले यसलाई अपनाउन सक्छ । विपश्यना शिविर यस्ता व्यक्तिका लागि पनि खुल्ला छ, जो इमान्दारीपूर्वक यस विधि सिक्न चाहान्छ । कूल, धर्म, जाति, राष्ट्रियता आदिले फरक पार्दैन । हिन्दू, जैन, मुस्लिम, यहूदी, इसाई, बौद्ध, शीख तथा अन्य अन्य सम्प्रदायका मानिसहरूले पनि सफलतापूर्वक विपश्यनाको अभ्यास गरेका छन् । किनभने रोग सार्वजनिक छ, अतः यसको औषधी पनि सार्वजनिक नै हुनुपर्दछ ।

विपश्यनाको सान्दर्भिकता

जातीयता, व्यक्तिवाद, भाई-भतिजावाद तथा जातपातलाई अत्यधिक महत्त्व दिनाले उत्पन्न भएका समस्याहरू, गरीबी, लाडाँई, नरसंहार, रोग, नशालु औषधिकको पञ्जा, आतङ्कवादको भयानकता, पर्यावरण प्रदूषण तथा नैतिक मूल्यको घट्दो स्तर यी सबैले सभ्यताको भविष्यमा कालो पना देखिने निश्चित छ । यदि शान्ति र समामञ्जस्य, सद्गुण स्थापित गरी सबै प्रकारका उत्पीडनबाट मानिसलाई मुक्ति दिई सुरक्षा प्रदान गर्न सक्ने कुनै उपाय छ, भने त्या विपश्यना नै हुनसक्छ ।

नेपालको परिवेशमा विपश्यना

नेपालमा सन् १९८१मा सर्वप्रथम विपश्यना शिविर गोयन्काज्यूले काठमाण्डौको आनन्दकुटी विहारमा सञ्चालन गर्नुभएको थियो । यो र यो लगायतका अन्य शिविरबाट लाभान्वित साधकहरूको प्रेरणाले नेपालमा केन्द्रधम्मश्रृङ्ग बुढानिलकण्ठको मुहानपोखरीमा स्थापना भएको छ । करीब तीन एकड जमीनमा अवस्थित धम्मश्रृङ्गमा हाल प्रत्येक अंग्रेजी महिनाको १ र १४ तारिख, महिनाको दुई पटक शिविर सञ्चालन भइरहेको छ । नेपालको अन्य केन्द्रहरू मध्य धम्मतराई (पर्शा), धर्म विरात (इटहरी), धम्मजननी (लुम्बिनी), धम्मकीर्ति (कीर्तिपुर), धम्मपोखरा (पोखरा) आदि स्थानहरूमा शिविरहरू आयोजना गरिन्छ र धम्मचितवनमा निर्माणाधीन अवस्थामा छ । यी केन्द्रहरूले विपश्यना सिक्ने इच्छुक नेपाली तथा विदेशी साधकहरूलाई सक्दो सेवा प्रदान गरी सहयोग गरिरहेको छ ।

■ उदयराज भुषाल
आचार्य द्वितीय वर्ष
वाल्मीकि विद्यापीठ

धर्म एक विमर्ष

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः । तस्माद्धर्मो न हन्तव्यो मानो धर्मो हतोऽवधित् । यसरी मनुले भनेका छन् धर्मले नष्ट गर्नेलाई नै नाश गर्दछ भने रक्षा गर्नेलाई रक्षा गर्छ । त्यसकारण आफू रक्षित बन्न धर्मलाई रक्षा गनु पर्दछ । मानवले जीवनयापन गर्दा अनेक उतारचढाव आउँछन् अनेक साथी र सहयोगीहरु आउँदछन् तर ती सबै यही जीवनसँगै नष्ट हुन्छन् तर धर्म यस्तो मित्र हो जुन मृत्युपछि पनि साथमा जान्छ ।

धृञ् धारणे धातुबाट धर्म शब्दको निष्पत्ति हुन्छ,[१] जसको अर्थ धारण गर्नु भन्ने हुन्छ । मानिसले जुन किसिमको व्यवहार गर्छ त्यो नै उसको धर्म हो साधारण भाषामा । यति भन्दैमा मानवले गरेका सबै कर्महरू धर्मअन्तर्गत पर्दछन् त भन्ने प्रश्न खडा हुन्छ । वास्तवमा धर्मलाई को हो भनी भन्नुपर्दा मानवका सत् व्यवहार नै धर्मका कारक हुन् भने असत् व्यवहार पापका । जुन व्यवहारले चित्तलाई वा मनलाई अर्थात् आत्मलाई खुसी बनाउँछ त्यो नै धर्म हो । धर्मले कसैको चित्तमाथि प्रहार गर्दैन, यसले प्रश्रय दिन्छ र जीव प्रसन्न भएर बाँच्दछ ।

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रिय निग्रहः।
एतं समासिकं धर्म चातुर्वर्ण्येऽब्रवीन्मनु ॥[२]

कसैलाई पनि मन वचन र कर्मले दुःख नदिनु, सत्य बोल्नु, चोरी नगनु, शौचादि कर्म गरी पवित्र रहनु, इन्द्रीयहरूको निग्रह गर्नु, जस्ता कर्मलाई नै मनुले चारै वर्णको अर्थात् यस संसारका सबै मानवको साधारण धर्म भनेका छन् । यिनै कर्मद्वारा मानव जीवन धार्मिक कहलाउँछ भने विपरीत कर्मद्वारा जीवन अनर्थ हुनुका साथै व्यक्ति समाजबाटै अपहेलित बन्न पुग्छ । विभिन्न धर्मशास्त्राकारहरूले मानवलाई चार वर्णमा व्यवहारअनुसार विभाजन गरी ती चारै वर्णको आ-आफ्नो धर्म तथा कर्मका विषयहरू बताएका छन् । ब्राह्मण क्षेत्री वैश्य शुद्रगरी चार वर्णहरूका जीवनयापन गर्ने आ-आफ्नै तौरतरिका छन् । त्यस्तो भए तापनि सर्वमान्यरूपले धर्मलाई हेर्दा आ-आफ्ने कर्मद्वारा आफू वा अन्य प्राणीको चित्तमा आघात नपुगुनु अर्थात् हितकारी हुनु नै धर्मै हो । भनिएको छ -'परोपकाराय पुण्याय पापाय परपीडनम् ।' अर्काको उपकार गर्नु पुण्य (धर्म) हो भने पीडा दिनु पाप हो । धर्म गर्ने मानवले यस लोकमा (जीवनकाल) मा सुख प्राप्त गर्दछ भने परलोकमा अर्थात् मृत्यु पश्चात् मोक्ष प्राप्त गर्दछ । मानवको अन्तिम ईच्छा पनि यही हुन्छ । जीवनमा सुख प्राप्त गर्नु अन्ततः मोक्ष प्राप्त गर्नु । यी धर्मद्वारा नै सिद्ध हुन्छन् तसर्थ मानव धर्ममा तल्लीन रहन्छ । आजको मानिस कहाँ सुख छ र कहाँ समृद्धि छ भन्नेतर्फ लम्किरहेको छ, यी दुबै कुरा धर्ममा छन् अन्ततः ऊ यही धर्ममा आउँछ र आफ्ना ईच्छा पूर्ति गर्दछ ।

धर्मलाई यही कुराले पनि अनित्य प्रमाणित गर्दछ । जुन व्यक्ति धर्म गर्दछ वा धर्मलाई जोगाउँदछ ऊ पनि आपत्कालीन अवस्थाबाट जोगिन्छ । जसले धर्मको अपमान गर्दछ, निन्दा गर्छ त्यसलाई धर्मद्वारा नै अनिष्ट हुन्छ अथवा ऊ नासिन्छ ।

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद्धर्मो न हन्तव्यो मानो धर्मो हतोऽवधित् ॥[३]

यसरी मनुले भनेका छन् धर्मले नष्ट गर्नेलाई नै नाश गर्दछ भने रक्षा गर्नेलाई रक्षा गर्छ । त्यसकारण आफू रक्षित बन्न धर्मलाई रक्षा गनु पर्दछ । मानवले जीवनयापन गर्दा अनेक उतारचढाव आउँछन् अनेक साथी र सहयोगीहरू आउँदछन् तर ती सबै यही जीवनसँगै नष्ट हुन्छन् तर धर्म यस्तो मित्र हो जुन मृत्युपछि पनि साथमा जान्छ । त्यसैले यस्तो साथीलाई हामीले अवश्य स्वीकार गर्नुपर्छ जब अत्यन्तै आपत्कालीन परिस्थिति हाम्रो जीवनमा आउँछ त्यतिबेला हामीलाई साथ दिने हाम्रा छोराछोरी, साथीभाइ, बन्धुबान्धव कोही पनि हुने छैनन् मात्र धर्म रहन्छ । मनिसको तन र मनमा रहेको दोष अपवित्रभाव तथा विचारलाई परिमार्जित गरी शुचिता, निश्छलता तथा सुभावनालाई मन, वचन र व्यवहारमा प्रतिष्ठित गर्नु संस्कार कर्म हो र यही संस्कार कर्म धर्म पनि हो । संस्कारका कारणले अथवा संस्कारित आचरणले मानसिक मलको परिमार्जन हुनका साथै वैयक्तिक आचार र व्यवहारलाई पवित्र बनाउँदै पुरुषार्थ प्राप्त गर्ने अधिकारी बनाउँछ । त्यसकारण संस्कार धर्मको एक बीज हो मानव समाजमा जो यिनै संस्कारगत व्यवहार गर्दछ ऊ त्यति नै सभ्य तथा सामाजिक कहलाउँछ अतः संस्कारगत व्यवहारमा रहनका निम्ति मनु, गौतम, पाराशर, याज्ञवल्क्यजस्ता स्मृतिकारहरू जोड दिन्छन् भने अठारै

---

[१] अमरकोश ।
[२] मनुस्मृति १०।६३
[३] मनु ।८।१५॥
[४] पाराशर स्मृति १।२३ ।

पुराणहरूमा पनि संस्कारलाई उत्तिकै महत्त्व दिएर धर्मको प्रथम खुड्किलोका रूपमा उल्लेख गरिएको पाइन्छ। मानव जीवनकालमा अनेकन कर्महरू गर्दै जीवनयापन गर्नु मानवको धर्म हो त्यसमा पनि सुसंस्कृत तरिकाले जुन कर्म गर्न सकिन्छ त्यसले उसको सोही कर्ममा सफलता प्राप्त गर्दछ । अतः जीवन सफलीभूत बनाउन धर्ममा भनिएका जन्मदेखि मृत्युपर्यन्तका विविध संस्कार गर्नपर्छ ती संस्कार गर्ने चारै वर्णका फरक-फरक विधि र विधान भए तापनि अन्ततः फल भनेको एउटै हुन आउँछ। धर्म पनि एक चलायमान अर्थात् गतिशील छ मानव जसरी नै। यसको निष्ठा र अनुष्ठानका निम्ति जति समय बित्दै गयो उति व्यवहार गर्न सरल बन्दै गएको छ।

तपः परम् कृतयुगे त्रेतायां ज्ञानमुच्यते ।
द्वापरे यज्ञमेऽवाहुदानमेव कलौयुगे ।[४]

सत्ययुगमा तपस्या नै धर्मको सर्व श्रेष्ठ मानिन्थ्यो । त्यसपछि त्रेतामा सत्यमा जस्तो मानवले कठोर तपस्यालाई अङ्गिकार गर्न कठिन भएर होला अर्थात् धर्मको समाजिकताका दृष्टिले ज्ञानलाई धर्मको प्रमुख दृष्टिले हेर्न थालियो र अङ्गिकार पनि गरियो । द्वापरयुगमा यज्ञ गर्नुलाई प्रमुखता दिइयो भने कलियुगमा अर्थात् वर्तमानमा दानलाई नै धर्मको प्रधानता दिइएको छ । यसलाई आधार मान्दा जतिजति समय बित्दै जान्छ धर्म पनि सामाजिक रहन सरलतातिर बगेको देख्न सकिन्छ। तपस्या गर्न जति कठिन छ ज्ञानार्जनमा सरलता अवश्य रहन्छ। ज्ञानआर्जनमा जति कठिन छ, यज्ञ गर्न त्योभन्दा सरल छ। र यज्ञ गर्न जति कठिन छ। दान गर्न त्योभन्दा सरल छ। यसरी धर्मको प्रधानतामा पनि जसरी मानवले देश, काल र परिस्थिति अनुसार चल्नुपर्छ भने बुझेको छ त्यसरी नै सरलताबाटै मानवको परम ईच्छा स्वर्ग, मोक्ष प्राप्त गराउँछ। अतः संस्कारित कुराप्रति आस्था नै नराखेर वा कठिन छ गर्न सकिँदैन भनेर हिंड्नुभन्दा जति सकिन्छ त्यति भए पनि धार्मिक कर्म गर्नु नै सफल जीवनका लागि अपरिहार्यता स्पष्ट देखिन्छ । आचार व्यवहार तथा प्रायश्चित्तादि कर्म गर्नका लागि सत्ययुगमा मनुस्मृति, त्रेतामा गौतमस्मृति, द्वापरमा शंख र कलियुगमा पाराशरस्मृतिलाई प्रधान मानिएको छ।

कृते तु मानवा धर्मास्त्रेतायां गौतमाः स्मृताः ।
द्वापरे शंख लिखिताः कलौ पाराशराः स्मृताः ॥[५]

यदि कुनै व्यक्ति धर्मच्युत हुन्छ भने सत्ययुगमा देश त्याग गर्नुपर्ने त्रेतामा गाउँ त्याग, द्वापरमा केबल उसको कुल त्याग गर्नुपर्ने र कलियुगमा जसले अधर्म गर्छ उसलाई त्यागेमा हुने कुराले पनि धर्मलाई व्यावहारिकतातर्फ उन्मुख भएको कुरा स्वीकार गर्नुपर्छ अतः धर्म कुनै छुट्टै विशाल दर्शन र त्यसको अनुसरणबाट मात्र हुन सक्ने नत्र नहुने नभएर दैनिक व्यवहारका आचरणबाटै हुने हुँदा निरन्तर आफ्ना व्यवहारहरूलाई सत्यतातर्फ उन्मुख गराऊँ, जीवनको हित हुने कर्म गरौं, चित्त शुद्धि राखौं यो नै धर्म हो ।

सन्दर्भग्रन्थ सूची

१. अमरकोश ।
२. याज्ञवल्क्यस्मृतिः, गङ्गासागरराय(व्या.),चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली
३. धार्मिक निबन्ध सङ्ग्रह, मेरीगोल्ड प्रेस, अनामनगर, काठमाण्डौं (२०६८)
४. मनुस्मृतिः, श्रीकुल्लूक भट्ट,चौखम्बा संस्कृत सिरिज,वाराणसी(१६७०)

[५] पाराशर ।१।२४

फर्केर आऊ

गोकर्ण प्याकुरेल

कविता

आत्तिन्छ मात्रै किन शान्त छैन ?
मैलो छ दृष्टि किन कान्त छैन ?
मान्छेहरू छन् किन आज यस्ता ?
संवेदनाहीन, पिशाच जस्ता ।।

कारणविना बन्दछ व्यक्ति क्रुद्ध,
त्यै क्रुद्धताले अनि हुन्छ युद्ध ।
अहो ! मनुष्यत्व कता हरायो ?
कस्तो यहाँ दानवराज्य आयो ।

परम्परा, रीतिरिवाज सारा ।
संस्कार, नीति अनि भाइचारा ।।
बिर्सेर अस्तित्व अमूल्य खास ।
पाश्चात्यको आज छ अन्धदास ।।

सद्ज्ञान देऊ सुविचार देऊ ।
विवेकको ज्ञान अपार देऊ ।।
मैलो पखालेर बनाऊ शुद्ध ।
फर्केर आऊ तिमी आज बुद्ध ।।

'ध्वनि' एक परिचय

■ पुष्पलाल न्यौपाने

काव्यको आत्माका रूपमा 'ध्वनि' शब्दको प्रयोग 'ध्वन्यालोक' लक्षण ग्रन्थमा गरिएको छ । नवौं शताब्दीका आचार्य आनन्दवर्धनले आफ्नो लोकप्रिय लक्षण ग्रन्थ ध्वन्यालोकमा 'ध्वनि' शब्दको प्रयोग पाँच अर्थमा गरेका छन् । व्यङ्ग्यार्थ, वाचक शब्द, वाच्यार्थ, व्यञ्जना व्यापार र समुदाय रूप काव्य ।[1] ध्वनि शब्दको व्युत्पत्ति अनुसार माथिका पाँच अर्थमा यसरी प्रष्ट्याइन्छ- ध्वनतीति ध्वनिः, ध्वन्यत इति ध्वनिः, ध्वननं ध्वनिः ।

पहिलो अनुसार वाच्यार्थ एवं वाचक शब्द 'ध्वनि' शब्दबाट प्रकाशित हुन्छ । दोस्रो अनुसार केवल व्यङ्ग्य रूप अर्थ ध्वनि हुन्छ । त्यसैगरी तेस्रो अनुसार व्यञ्जना व्यापार ध्वनि हुन्छ । ध्वनि शब्दको पाँचौं विषय 'समुदाय रूप काव्य' हो, किनकि माथि उल्लिखित यी चार ओटै प्रकार 'समुदाय रूप काव्य' मा हुन्छन् ।

ध्वन्यालोककार आनन्दवर्धन 'ध्वनि'को लक्षण गहन ढङ्गले प्रस्तुत गर्दछन् जस्तै-

यत्रार्थः शब्दो वा तमर्थमुपसर्जनीकृतस्वार्थौ ।
व्यङ्क्तः काव्यविशेषः स ध्वनिरिति सुरिभिः कथितः ॥ [2]

अर्थात् आफ्नो अर्थलाई गुणीभूत गरेर प्रतीयमान अर्थलाई अभिव्क्त गर्ने काव्यविशेषलाई विद्वान्‌हरूले 'ध्वनि' का रूपमा स्वीकारेको विचार यहाँ प्रकट गर्दछन् । यसैगरी साहित्य दर्पणकार विश्वनाथ 'ध्वनि'को लक्षण यसरी प्रस्तुत गर्दछन्- वाच्यातिशयिनि व्यङ्ग्ये ध्वनिस्तत्काव्यमुत्तमम् ॥[3]

अर्थात् जुन काव्यमा व्यङ्ग्यार्थ वाच्यार्थको अपेक्षा बढी चमत्कार पूर्ण हुन्छ त्यसैलाई ध्वनि भनिन्छ । ध्वनि काव्यलाई अर्को शब्दमा 'उत्तमकाव्य' पनि भनिन्छ ।

इदमुत्तममतिशयिनि व्यङ्ग्ये वाच्याद् ध्वनिर्बुधैः कथितः ॥[4]

व्यङ्ग्यार्थका दृष्टिकोणबाट आचार्य आनन्दवर्धन आफ्नो लक्षण ग्रन्थ ध्वन्यालोकमा 'ध्वनि'को परिचय यसरी दिन्छन्-

काव्यस्यात्मा ध्वनिरिति बुधैर्यः समाम्नातपूर्व-
स्तस्याभावं जगदुरपरे भाक्तमाहुस्तमन्ये ।
केचिद्वाचां स्थितमविषये तत्त्वमूचुस्तदीयं
तेन ब्रूमः सहृदयमनः प्रीतये तत्स्वरूपम् ॥[5]

बुधजनहरूले काव्यको आत्मा 'ध्वनि' हो भनी प्रकट गरे पनि केहीले चाहिँ ध्वनिको अभावलाई माने । त्यसैगरी अन्य विद्वान्‌हरूले ध्वनिलाई 'भाक्त' भने । यस्तै अन्य केहीले चाहिँ वाणीको अगोचरका रूपमा चिनाए । त्यसैले सहृदयका मनलाई आनन्द प्रदान गर्ने चीज ध्वनि हो भनिएको छ । काव्यको तत्त्वबोध गर्ने बुधजनहरूले काव्यको आत्मा नै ध्वनि हो भने पनि अभाववादीहरू चाहिँ 'ध्वनि'लाई अभावकै रूपमा लिन्छन् ।

वस्तुतः ध्वनिकाव्य एउटा यस्तो विशिष्ट प्रकारको काव्य हो जसले आफ्नो शब्द वा अर्थको अभिप्रायलाई लुकाएर काव्यार्थलाई अभिव्यक्त गर्दछ, त्यस्तो काव्य नै ध्वनिकाव्य हुने भएकाले काव्यभित्र ध्वनिको स्थान उच्च रहेको छ । ध्वनिकाव्यको सर्वप्रथम यस्तो विशेषता रहेको हुन्छ कि यसमा वाच्यार्थको अपेक्षा व्यङ्ग्यार्थ नै अधिक सुन्दर तथा चमत्कारले भरिएको हुन्छ । त्यसैले काव्यको आत्मा नै 'ध्वनि' हो भनी ध्वनिवादी आचार्यहरू आफ्नो मत प्रकट गर्दछन् ।

> कुनै समय वाल्मीकि आफ्नो आश्रमबाट समिधादि सङ्ग्रह गर्नका लागि जंगलमा घुम्दै थिए । त्यही समय उनले व्याधाबाट वाणद्वारा क्रौञ्च जोडीमध्ये भालेलाई मारेको देखे । जसको वियोग व्यथाबाट आकुल-व्याकुल भएर पोथी क्रौञ्च अतिनै डराएर कराइरहेको थियो । त्यही बेला ऋषिका मुखबाट शापयुक्त छन्दोमय वाणी-
> मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः । यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥-

अत्ता एत्थ णिमज्जइ एत्थ अहं दिअसअं पलोएहि ।
मा पहिअ रत्ति अन्धअ सेज्जाए मह णिमज्जहिसि ॥[6]

यस प्राकृत कथनबाट वाच्यार्थ निषेध गरेर व्यङ्ग्यार्थ ग्रहण गर्दा उत्तमकाव्य अर्थात् ध्वनिकाव्यको रसानुभुति हुन्छ । जुन काव्यमा व्यङ्ग्यार्थ वाच्यार्थ भन्दा धेरै चमत्कारी हुन्छ त्यसलाई ध्वनि काव्य भनिन्छ ।

---

[1] आचार्य आनन्दवर्धन, ध्वन्यालोक, पृष्ठ १०४
[2] ऐजन..
[3] आचार्य, विश्वनाथ, साहित्यदर्पण पृष्ठ १२९
[4] आचार्य, मम्मट, काव्यप्रकाशः पृष्ठ १३
[5] आचार्य, आनन्दवर्धन, ध्वन्यालोक पृष्ठ ८

भ्रम धार्मिक विस्रब्धः स शुनकोऽद्य मारितस्तेन ।
गोदावरी नदीकूललतागहनवासिना दृप्तसिंहेन ॥[७]

हे बाबा जी ! अब तपाईं गोदावरी नदीको लता कुञ्जमा विना रोकटोक घुम्ने गर्नुहोस् । त्यो कुकुर, जसले तपाईंलाई दुःख दिन्थ्यो । आज गोदावरी नदीको किनार लताकुञ्जमा बस्ने मस्त सिंहले माऱ्यो । यस भनाइबाट व्यङ्ग्यार्थ प्रकट हुने हुँदा यहाँ अभिधामूलक ध्वनि पाइन्छ । अतः ध्वनिवादी आचार्यहरूका मतमा 'ध्वनि' नै काव्यको आत्मा हो भन्ने बोध हुन्छ ।

काव्यात्मालाई चिनाउने क्रममा आचार्य आनन्दवर्धन आदिकवि वाल्मीकि तर्फ संकेत गर्दै आफ्नो काव्यात्मक अभिव्यक्ति प्रकट गर्दछन् ।

काव्यस्यात्मा स एवार्थस्तथा चादिकवेः पुरा ।
क्रौञ्चद्वन्द्ववियोगोत्थः शोकः श्लोकत्वमागतः ॥[८]

काव्यको आत्मा त्यही हो , जस्तो कि प्राचीनकालमा क्रौञ्च पक्षीको जोडीको वियोगबाट उत्पन्न शोक आदिकवि वाल्मीकिको काव्य स्रोत बन्यो । यो ऐतिहासिक घटनालाई आधारभूमि मानेर रचिएको यस श्लोकमा कुनै समय वाल्मीकि आफ्नो आश्रमबाट समिधादि सङ्ग्रह गर्नका लागि जंगलमा घुम्दै थिए । त्यही समय उनले व्याधाबाट वाणद्वारा क्रौञ्च जोडीमध्ये भालेलाई मारेको देखे । जसको वियोग व्यथाबाट आकुल-व्याकुल भएर पोथी क्रौञ्च अतिनै डराएर कराइरहेको थियो । त्यही बेला ऋषिका मुखबाट शापयुक्त छन्दोमय वाणी-

मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः ।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥[९]

का रूपमा प्रकटित भयो, जुन काव्य शोकका रूपमा देखियो । यसमा करूण रसको स्थायीभाव शोक भएका कारण काव्यको आत्मा शोक हुन पुग्यो । रसको स्थिति विना काव्य उत्पत्ति हुँदैन । शोक करूण रसको स्थितिमा पुगेर 'मा निषाद......' श्लोक ऋषिका मुखबाट निस्किएको थियो । जसमा ध्वन्यार्थ नै अभिप्रेरित भएको पाइन्छ । जस्तो कि हे निषाद ! (हे रावण !) रामसीताका जोडीमा सीतालाई हरण गरेर जुन मृत्युभन्दा पनि बढी पीडा दियौ । त्यसकारण तिमीले लङ्कामा प्रतिष्ठा पाउन सक्दैनौ भन्ने ध्वन्यार्थ प्रस्तुत गरेर काव्यको आत्मा ध्वनि हो भन्ने कुरालाई सिद्ध गरिएको छ ।

[६] आचार्य, आनन्दवर्धन, ध्वन्यालोक, पृष्ठ ७१
[७] आचार्य, अभिनव गुप्त, लोचनटीका (ध्वन्यालोक) पृष्ठ ५२
[८] आचार्य, आनन्दवर्धन, ध्वन्यालोक, पृष्ठ ८६
[९] आचार्य, अभिनव गुप्त, लोचनटीका (ध्वन्यालोक) पृष्ठ ८८

सन्दर्भग्रन्थ सूची

१. आचार्य, आनन्दवर्धन , ध्वन्यालोक, चौखम्बा विद्याभवन, वाराणसी- सन् २००९
२. आचार्य, विश्वनाथ, साहित्यदर्पण, व्याख्या, शालिग्राम शास्त्री, नवौं संस्करण, मोतिलाल बनारसी दास, वाराणसी- सन् १९७७
३. आचार्य, मम्मट, काव्यप्रकाश, व्याख्या, सत्यव्रत सिंह, चौखम्बा विद्याभवन, वाराणसी- सन् १९५५
४. आचार्य, अभिनवगुप्त, लोचनटीका-ध्वन्यालोक, चौखम्बा विद्याभवन, वाराणसी- सन् २००९
५. आचार्य, जगन्नाथ, रसगङ्गाधर, व्याख्या, मदनमोहन झा, चौखम्बा विद्याभवन, वाराणसी- सन् १९५७
६. भट्टाचार्य, कान्तिचन्द्र, काव्यदीपिका, (सम्पा.)- वेणीमाधव ढकाल, प्रकाशिका श्रीमती प्रभालक्ष्मी राणा, लालदरबार, काठमाडौं, नेपाल- वि.सं. २०५७

आम नागरिकहरूमा अनुरोध !

- फोहरमैलालाई स्रोतमै छनौट गरी कुहिने फोहरलाई घरमै व्यवस्थापन गरी फोहरको पुनःचक्रिय प्रयोग गरौं ।
- जैविक फोहरबाट कम्पोष्ट मल, बायो ग्यास उत्पादन गरी श्रोतको रूपमा प्रयोग गर्ने बानी बसालौं ।
- जहाँतही, जतिबेला पायो त्यतिबेला फोहोर नफालौं, तोकिएको समय र स्थानमा मात्र फोहोर व्यवस्थापन गरी सभ्य नागरिकको परिचय दिऊँ ।
- फोहर मैला व्यवस्थापन ऐन, २०६८ लागु भैसकेको छ त्यसैले हानिकारक स्वास्थ्यजन्य तथा रासायनिक फोहोर मैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ । यस्ता फोहरमैला जथाभावी फल्ने, राख्ने वा निष्काशन गर्ने गराउनेलाई कसूर गरेको मानिनेछ ।
- कसूर गर्ने व्यक्तिलाई स्थानीय निकायले दण्ड, जरिवाना तथा ३ महिनासम्मको जेल सजाय समेत हुन सक्नेछ ।
- जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई सम्बन्धित स्थानीय निकायले सम्मान एवं पुरस्कार समेत दिन सक्नेछ ।
- नविर्सौं टोल, शहर सफा राख्नु हामी सबैको कर्तव्य हो ।
- सफा शहर, स्वच्छ वातावरण र स्वास्थ विचार राखौं ।

फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र
श्रीमहल पुल्चोक, ललितपुर
फोन नं. ०१-५५४४४०४, फ्याक्स नं. ०१-५५४४४०५

आचार

■ धर्मेन्द्रप्रसाद शर्मा
गुलरिया, बर्दिया

विषय प्रवेश

मनुष्य जीवन सफलताका लागि आचारको आवश्यकता हुन्छ । आचार विना शास्त्र विपरीत स्वतन्त्र रहनाले कुनै प्रकार जीवन सफल हुन सक्तैन । धर्मको मूल नै आचार भएको कारण आचारवानलाई नै आयु, धन, संतति, स्वर्ग, कीर्ति, धर्म, सम्मान र मोक्ष प्राप्त हुन्छ । सबै शास्त्रहरूको निचोड, निश्चित मत पनि यहि छ कि आचारनै सर्व श्रेष्ठ धर्म हो । आचारहीन मनुष्य यदि पवित्र भए पनि यो लोक र परलोक दुवै नष्ट हुन्छ । 'आचारहीनं न पुनन्ति वेदाः' आचारहीनलाई वेदले पनि पवित्र गर्न सक्तैन तसर्थ हाम्रा प्राचिन ऋषि, महर्षि, देवर्षि, राजर्षि र दिव्याचार्यहरूले आचारलाई अत्याधिक, महत्त्व र प्रधानता दिएका छन् । हामी सबै उनै पूर्वाचार्य ऋषि-महर्षिकै संतति हौ । उँहाहरूले गरेको आचरण गर्न आवश्यक हुन्छ ।

मनुष्य

जीवनमा प्रातः काल जागे देखि लिएर रात्रि शयनपर्यन्त दैनिक कार्यक्रमहरूको पर्याप्त महत्त्व छ । पुराणहरूमा यो प्रकरण दैनन्दिन सदाचारमा निर्दिष्ट छ । प्रायः कैयौ सज्जन दुई चार घडी भगवदाराधन, पूजा-पाठ, समाजसेवा तथा परोपकारादि कार्यमा व्यतीति गर्दछन् परन्तु शेष समय व्यवहार-जगतमा स्वेच्छापूर्वक काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य तथा छल-कपट युक्त असत् कार्यहरूमा पनि लाग्दछन् । जसबाट पाप-पुण्य, दुःख-सुख दुबै भोग्नु पर्दछ ।

साँचो, सत्य, सुख, नित्य, सनातन र एकरस शान्तिमा छ । त्यसको आश्रय हो मंगलमय भगवान् । प्रत्येक स्त्री-पुरुषले प्रयत्न उनै परम-प्रभुलाई प्राप्त गर्नको लागी हुनु पर्दछ । अतः यस भव-बन्धन बाट मुक्ति पाउन यो आवश्यक छ । चौबिसै घण्टाको समय सम्पूर्ण कार्यक्रम भगवदाराधनको रूपमा होस् । जस्तै हिड्न-फिर्नु उठन-बस्नु, खान-पिउनु, सुत्न आदि सबै कार्य भगवान् प्रीतिको निमित्त पूजाको रूपमा होस् । पापचरणको अलिकति पनि केहि अवकाश नहोस् । तब स्वतः कल्याणको मार्ग प्रशस्त हुन सक्छ । आफ्नो दिनचर्या शास्त्र-पुराणोक्त वचनहरू अनुसारनै व्यवहारमा उतार्नु पर्दछ, जसबाट जीवन आचार बनोस । यँहा संक्षेपमा यसको किञ्चित दिग्दर्शन गराउने प्रयास गरिन्छ । वेदपुराणहरूले आचारपालनाको वारेमा यसरी वर्णन गरेको पाइन्छ ।

वेदपुराणादि

शास्त्रहरूमा आचार-विचारको अत्यधिक महिमा छ । जो मनुष्य आचारवान् छ उसलाइ दीर्घ आयु, धन, संतति, सुख र धर्मको प्राप्ति हुन्छ । संसारमा, त्यो विद्वानहरूबाट पनि मान्यता प्राप्त गर्दछ र र उसलाई नित्य अविनाशी भगवान् विष्णुको लोक प्राप्त हुन्छ ।

आचारवन्तो मनुजा लभन्ते आयुश्च वित्तं च सुतांश्च सौख्यम् ।
धर्म तथा शाश्वतमीशलोक मत्रापि विद्वज्जनपूज्यतां च ॥

सबै शास्त्रहरूको यो निश्चित मत छ कि आचार नै सर्व श्रेष्ठ धर्म हो । आचार हीन पुरुष यदि प्रवित्रात्मा भए पनि योलोक र परलोक दुवै नष्ट हुन्छ-

आचारःपरमो धर्मः सर्वेषामिति निश्चयः ।
हीनाचारी पवित्रात्मा प्रेत्य चेह विनश्यति ॥

यो पनि भनिएको छ कि 'आचारहीनं न पुनन्ति वेदाः'
(विष्णुधर्मो. ३।२५१।५)

अर्थात् जो व्यक्ति आचारहीन छ, उसलाई वेदले पनि पवित्र गर्न सक्तैन । अपवित्र व्यक्तिद्वारा अनुष्ठित धर्म निष्फल-जस्तो हुन्छ । यस सम्बन्धमा इतिहास-पुराणहरूमा एक वडो रोचक कथा प्राप्त हुन्छ । तदनुसार, वेदका एक शिष्य थिए उत्तंक । उनले केही खाएर उभिएरनै आचमन गरे, जसकारण राजा पौष्यको प्रतिव्रता रानीको राजमहलमा दर्शनसम्म पनि भएन । पछि पौष्यद्वारा उच्छिष्टता या अपवित्रताको सम्भावना व्यक्त भयो तव उत्तंकले राम्रो तरहले आफ्नो हात, गोडा, मुख धोएर पूर्वाभिमुख आसनमा बसेर हृदयसम्म पुग्ने योग्य पवित्र जलले तीन फेर आचमन गरे तथा आफ्नो नेत्र, नासिका आदिलाई जलसिक्त औलाले स्पर्श गरेर शुद्ध भएर अन्तःपुरमा प्रवेश गरे, तब उनलाई पतिव्रता रानीको दर्शन भयो ।

पुराणहरूमा आचारको धेरैनै सूक्ष्म विचार गरिएको छ, जसबाट सामान्यजन परिचित नभएको कारण पूर्ण लाभ प्राप्त गर्न सक्तैनन् । आचारका दुइ भेद छन्- एक सदाचार तथा अर्को शौचाचार ! मनुष्य जीवनमा सफलताका लागि सदाचार रहन अत्यन्त आवश्यक छ । विष्णुपुराणमा और्व ऋषिले गृहस्थहरूलाई सदाचारको विषयमा भनेका छन्:-

सदाचाररतः प्राज्ञो विद्याविनयशिक्षितः ।
पापेऽप्यपापः परुषे ह्यभिधत्ते प्रियाणि यः ।
मैत्रीद्रवान्तः करणस्तस्य मुक्तिः करे स्थिता ॥ (३।१२।४१)

बुद्धिमान् गृहस्थ पुरुष सदाचारलाई पालन गर्नाले नै संसारको बन्धनबाट मुक्त हुन्छ । सदाचारी विद्या र विनयबाट युक्त रहन्छ तथा पापी पुरुष प्रति पनि पापमय कष्टप्रद व्यवहार गर्दैन । उ सवै सँग हित, प्रिय र मधुर भाषण गर्दछ । सदाचारी पुरुष मैत्रीभावले द्रवित अन्तःकरणवाला हुन्छ, उसका लागि मुक्ति हस्तगत रहन्छ ।

सदाचार अन्तर्गत काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, राग-द्वेष, भूठ, कपट, छल-छद्य, दम्भ आदि असत् आचारणहरूको त्याग तथा सत्य, अहिंसा, दया, परोपकार, क्षमा, धृति, इन्द्रियनिग्रह,

अक्रोध आदि सत् आचारणहरू ग्रहण गर्नु मुख्य हुन् ।

आचारवान् सदा पूतः सदैवाचारवान् सुखी ।

आचारवान् सदा धन्यः सत्यं सत्यं च नारद ॥ दे.भा. (११।२४।९८)

विष्णुधर्मोत्तरपुराणमा भनिएको छ कि सबै शुभ लक्षणहरूबाट युक्त भएर पनि त्यो पुरुष यदि आचार देखि रहित छ भने उसलाई न विद्यानै प्राप्त हुन्छ र न अभिष्ट मनोरथहरू नैं प्राप्त हुन्छ । त्यस्तो व्यक्ति नर्कको भागी हुन्छ ।

सर्वलक्षणयुक्तोऽपि नरस्त्वाचारवर्जितः ।

न प्राप्नोति तथा विद्यां न च किञ्चिदभीप्सितम् ।

आचारहीनः पुरुषे नरकं प्रतिपद्यते ॥ विष्णुधर्मो. पु. (३।२५०।४)

यसको विपरीत जो सत्- आचारको पालन गर्दछ, त्यसको स्वर्ग, कोर्ति, आयु, सम्मान तथा सबै लौकिक सुखलाई भोग गर्दछ । आचारवानूंलाई नै स्वर्ग प्राप्त हुन्छ, उ रोगबाट रहित रहन्छ, उसको आयु पनि लामो हुन्छ र सबै ऐश्वर्यको भोग गर्दछ ।

आचारः स्वर्गजनन आचारः कीर्तिवर्धनः ।

आचारश्च तथायुष्यो धन्यो लोकसुखावहः ॥

आचारयुक्तस्त्रिदिवं प्रयाति आचारवानेव भवत्यरोगः ।

आचारवानेव चिरं तु जीवेदाचारवानेव भुनक्ति लक्ष्मीम् ॥

(विष्णुधर्मो. (२७।११,४)

अतः शास्त्रहरूमा वर्णित सदाचरणहरूको नै सर्वदा व्यवहार गर्नु पर्दछ ।

सन्दर्भग्रन्थसूची

१. विष्णुधर्मोत्तरपुराण
२. देविभागवत
३. स्कन्धपुराण
४. ज्योतिषसार
५. मत्स्यपुराण
६. गरुडपुराण
७. पुराणसार

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक
भगवान् गौतम बुद्धका महान् विचार, दर्शन
र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक
अनुसन्धानात्मक पत्रिकाले बुद्धका
सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त
गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछु ।

बलराम अर्याल
तीनधारा छात्रावास

हार्दिक शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन
विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित
गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक
पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य
गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न
महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने
हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष
उत्तम भट्ट
प्राज्ञिक विद्यार्थी परिषद्

हार्दिक शुभकामना

शान्ति, करुणा र मैत्रीका प्रतीक
भगवान् गौतम बुद्धका महान् विचार, दर्शन
र बौद्ध अध्ययनसम्बन्धी श्रमणविद्या नामक
अनुसन्धानात्मक पत्रिकाले बुद्धका
सन्देशहरूको प्रचारप्रसार गर्ने आफ्नो लक्ष्य प्राप्त
गरोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछु ।

कालीबहादुर थापा
तीनधारा छात्रावास

हार्दिक शुभकामना

वाल्मीकि विद्यापीठअन्तर्गत बौद्धदर्शन
विभागका विद्यार्थीहरूले प्रथमपटक प्रकाशित
गरेको श्रमणविद्या नामक अनुसन्धानात्मक
पत्रिकाले समाजमा व्याप्त हिंसा र कलहको अन्त्य
गरी भ्रातृत्व, करुणा र मैत्रीभाव विकसित गर्न
महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने
हार्दिक शुभकामना व्यक्त गर्दछु ।

उदयप्रसाद पोखरेल
लेखापाल, वाल्मीकि विद्यापीठ

सुलोचना महाकाव्यकी सुलोचना

■ प्रशान्त निरौला
एम्.ए. दोस्रो वर्ष
त्रिभुवन विश्वविद्यालय

पृष्टभूमि :

नेपाली काव्यपरम्परामा महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं १९६६)२०१६) विलक्षण प्रतिभा सम्पन्न एक विराट काव्यपुरुष हुन् । उनका कृतिहरू गुणात्मक र संख्यात्मक दुवै दृष्टिले उत्कृष्ट छन् । देवकोटोको शाकुन्तल (२००२) महाकाव्य पहिलो काव्य हो । यसमा पौराणिक विषयवस्तुको प्रयोग छ । त्यसपछिको दोस्रो काव्य सुलोचना (२००३) हो । यो नेपाली महाकाव्यको इतिहासमा पहिलो सामाजिक महाकाव्य हो । देवकोटाका सुरुका दुई महाकाव्य नारीपात्रका नामबाटै नामाकरण गरिएका छन् । नारीहरू समाजका आधा हिस्सा हुन् । त्यसैले समाजलाई समुन्नत र समृद्ध बनाउन पुरुष बराबर नारीहरूको भूमिका रहेको हुन्छ । साहित्य समाजको दर्पण हो भन्ने धारणलाई हृदयङ्गम गर्ने हो भने साहित्यमा पनि पुरुष पात्र जत्तिकै नारी पात्रको भूमिका हुनुपर्छ, र रहन्छ पनि । सुलोचना महाकाव्यमा ४२ पात्रहरू रहेका छन्, त्यस मध्ये १२ जना पात्र पुर्ख्यौली वर्णनमा आएका छन् । बीस पुरुष पात्र र १० नारी पात्रको उपस्थिति महाकाव्यमा पाइन्छ ।

विषय प्रवेश

सुलोचना महाकाव्य सामाजिक महाकाव्य हो । यस महाकाव्यले तत्कालीन समाजका नारीलाई महाकाव्यको धरातलमा उभ्याएको छ । समाजका नारीको जुन अवस्था र परिस्थिति थियो, त्यसको यथार्थरूप महाकाव्यमा पाइन्छ । यस महाकाव्यभित्र मखना, सुलोचना, कला, मुडुली बज्यै, वाइफाले, धेनु, कर्णेल्नी, विजुली, गिलास, शत्रुमर्दनसिंहको बाह्र पुस्ताको वर्णनमा आएका सुकला, विमला, पार्वती हुन् । यी सबै नारीपात्रका उपस्थितिमा महाकाव्यले आफ्नो उद्देश्य पुरा गरेको छ । प्रस्तुत लेखको अभीष्ट सुलोचना महाकाव्यको शसक्त नारीपात्र सुलोचनाको विविध पक्षबाट विश्लेषण गर्नु हो । तसर्थ यस महाकाव्यको नारीपात्र सुलोचनालाई विविध पक्षबाट हेरिनेछ ।

सुलोचना

सुलोचना यस महाकाव्यकी नायिका हुन्, र महाकाव्यको मुख्य पात्र पनि हुन् । यस महाकाव्यले सुलोचनालाई नायकी शैलीमा प्रस्तुत गरेको छ । महाकाव्यको नामकरण सुलोचनाकै माध्यमबाट गरिएको छ । महाकाव्यभित्र जम्मा ४२ पटक सुलोचना, १२ पटक मैया भनेर र अन्य थुप्रैपटक गाली र प्रशंसापूर्ण विशेषणद्वारा बोलाइएको छ । सुलोचनाले दुई परिवार संयोजन गर्ने संयोजकका रूपमा महाकाव्यभित्र देखाइएको छ । बाल्यकालकी, यौवनकी, विवाह पछिकी र आर्यघाटकी गरी चारस्तरमा सुलोचनालाई उपस्थित गराइएको छ । सुलोचनाका जीवनका दुई खुड्किला छन्, विवाहपूर्व विवाहपश्चात् । सुलोचनाका चार स्तर र जीवनका दुई खुट्किलाको कृष्ण गौतमले आफ्नो कृति : देवकोटाको प्रबन्धत्मक काव्यमा विवाहपूर्वकी सुलोचना यौवना, सौन्दर्य मुग्धता र मुस्कानकी हुन् भने विवाह पश्चात्की सुलोचना निराश, पीडा, वेदाना, व्यथाकी हुन्, भन्दै व्याख्या गरेका छन् ।

महाकाव्यमा सुलोचनाको भूमिका

सुलोचना महाकाव्यमा सुलोचना विविधरूपमा देखापरेकी छिन् । सुलोचना, शत्रुमर्दन शिंह र मखना यी दुई दम्पत्तिको एक्ली छोरी हुन् । उनी जस्तोसुकै दुःख पर्दा पनि बाबुआमासँग सहयोग माग्न नआई असल छोरी बनेकी छिन् । बाबुआमाको आज्ञालाई पालना सुलोचनाबाट भएको छ । शत्रुमर्दन र तिमिरमर्दन दाजुभाईकी एक बहिनी सुलोचना दाजुको प्रगति र उन्नतिमा खुशी भएकी छिन् । यसरी उनी असल बहिनी देखिन्छिन् । बिलास सिंहकी पत्नी भएर पनि पतिलाई माया र सद्भाव दिन सकेकी छैनन् । पत्नीत्व धर्म सुलोचनामा निष्क्रिय देखिन्छ । कर्णेण प्रताप र कर्णेल्नीकी बुहारी हुन् सुलोचना । सुलोचनामा बुहारीमा हुनुपर्ने गुण भेटिए तापनि समाजका दृष्टिमा बुहारी हुन सकेकी छैनन् । बिजुलीकी भाउजु हुन् सुलोचना । बाध्यतावश बनेकी बुहारी, पत्नी जस्तै बाध्यतावश बनेकी भाउजू भएकी छिन् । उनका अन्यभूमिका भन्दा प्रेमिकाको भूमिका बढी शसक्त र प्रभावकारी देखिन्छ । आफ्नो प्रेमलाई आदर्श र जीवन्त बनाउन उनले गरेका त्याग र तपस्याले उनलाई प्रेमिकाको भूमिका बढी मात्रमा सुहाएको छ र ओजस्वी पनि बनेको छ । जीवनका उत्तरार्द्धमा उनी कवयत्री र नन्द पनि बनेकी छिन् ।

यसरी सुलोचना छोरी, बुहारी, पत्नी, भाउजू, नन्द, प्रेमिका र कवियत्री बनेर महाकाव्यलाई सामाजिकता दिन सफल भएको छ ।

सुलोचनाका चारित्रिक विशेषता

सुलोचना प्रस्तुत महाकाव्यकी प्रमुख पात्र हुन् । पात्रहरूभित्र विभिन्न स्वभावहरू रहेका हुन्छन् । तिनै स्वभावनै विशेषता हुन् । सुलोचना हिन्दूनारी सङ्घर्षशील पात्र, असल प्रेमिका, सहनशील नारी, स्पष्टवक्त्री, ईश्वरभक्त आदि विशेषता सुलोचनामा पाइन्छ ।

हिन्दू संस्कृतिका मूलभूत गुणहरूलाई स्वीकार गर्नु हिन्दू नारीको कर्तव्य हो । हिन्दू नारीमा हुनुपर्ने शिष्टता र संयमता सुलोचनामा देख्न पाइन्छ । आमाबाबुको इच्छा अनुरूप चल्नु, ईश्वरप्रति अत्यधिक निष्ठा हुनु, साशुप्रति इमान्दार बन्नु, पतिबाट हेलिन

हुँदापनि पतित्याग नगर्नु यी सबै कार्य समाजले हिन्दूसंस्कारभित्र राखेको छ। यी संस्कारबाट नायिका सुलोचना टाढिएकी छैनन्। अनङ्गलाई प्रेम गरेपछि सुरु भएको सङ्घर्ष यात्रा जीवनान्त्यसम्म यथावत् रहयो । सङ्घर्ष नै जीवन हो, भन्ने मान्यतालाई सुलोचनाले पूर्णतः पालना गरेकी छिन् र उनी सङ्घर्षमयी बनेकी छिन् । मन एकजनालाई तन अर्कोजनालाई दिनुपरे पनि मन दिएको व्यक्ति प्रमधारा सुलोचनाको अटुट छ । आफ्नो प्रेमीको आरोप सुलोचनाले श्रीकृष्णमा गरेकी छिन् । आफ्नो प्रेमीको अनुहार हेरेपछि मात्र सुलोचनाको प्राण गएको छ । यो असल प्रेमिकाको विशेषता हो। उनको यो विशेषता नै बढी तेजिलो देखिन्छ। सुलोचनाले सम्पूर्ण पीडाहरू सहेकी छिन्। आमाबाबुदेखि लिएर सासू, सौता, श्रीमान् लागयत नोकहरूबाछ उपेक्षित हुँदा पनि कुनै बिरोध जनाएकी छैनन्। सबै अन्याय र अत्याचारलाई श्रकृिष्णभक्त बनी बिर्सिराकी छिन्। यो उनीभित्रको सहनशीलता हो । यसले महाकाव्यको उद्देश्य पूरा गर्न सहयोग गरेको छ। आफ्ना मनमा लागेका कुराहरू निर्धक्क भन्नसक्नु, चित्त बुझेका कुरामा समर्थन र नबुझेका कुरामा असहमति जनाउनु स्पष्टवक्तृत्वताको प्रतिफल हो । श्रीकृष्णलाई नै आराध्यदेव बनाई उसकै मन्दिरमा सपना देख्नु, टोहोलाउनु, सासूले यातना दिँदा पनि ईश्वरकै सेवामा लागिरहनु, असल भक्तका गुण हुनु । यी गुण सुलोचनामा पाइन्छ, त्यसैले सुलोचना ईश्वरभक्त हुन्।

महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको सुलोचना (२००३) स्वच्छन्दतावादी भावधारामा प्रस्तुत गरिएको सामाजिक महाकाव्य हो । यसमा नारी पात्रलाई विशेष महत्व दिइएको छ । नायिकाकै नामबाट नामाङ्कन गरिएको यस महाकाव्य नारीकवो विविध रूपलाई देखाइएको छ । सुलोचना यस महाकाव्यकी नायिका हुन् र मुख्य पात्र पनि हुन् । उनको महाकाव्यभित्र बहिनी, छोरी, पत्नी, बुहारी लगायतका भूमिका देखिन्छ ।

सुलोचना मुख्य नारी पात्र हुन् । प्रेममा जीवन समर्पण गर्ने नारीहरूको वर्गीइ चरित्र भएकी सुलोचना मञ्चीय अनकूल साथै बद्ध पात्र हुन्। महाकाव्यमा सुरुदेखि अन्त्यसम्म एकैनास देखिएकीले उनी गतिहीन पात्र हुन्।

सुलोचनामा दर्शन

महाकवि देवकोटा पूर्वीय तथा पाश्चात्य दर्शनबाट प्रभावित थिए, तसर्थ उनका पात्रहरूमा पूर्वीयका साथ साथै पाश्चत्यदर्शनको पनि मिश्रणरूप पाइन्छ। त्यसै गरी पात्रहरूकै जीवन घटनाहरूबाट देवकोटा जीवनदर्शन दिन्छन्। वेदप्रमाण, ईश्वरीय सत्ता र परलोकको अस्तित्व प्रायशः पूर्वीय आस्तिक दर्शनले स्वीकारेको पाइन्छ । ईश्वरीय सत्ता छ भन्ने पक्षमा बेल्ने अनङ्गलाई सुलोचनाले साथ दिएकी छिन् । त्यसैगरी सुलोचनाले स्वर्गका कुराहरू पनि गरेकी छिन् । तसर्थ उनमा पूर्वीय दर्शनको प्रभाव प्रशस्त परेको देखिन्छ । सुलोचनाको दुःख बिसाउने साथी ईश्वर भएकाले दुःख पर्दा पनि ईश्वरमै रमाउँछिन् ।

सुलोचनाबाट प्रवाहित भएको अर्को दर्शन दुःखवादले जुन आस्तिक दर्शनकै वेदान्तको मायावादबाट निःसृत देखिन्छ । दुःखवाद सुलोचनाको जीवनभरी देखिन्छ । सुलोचनाको गतिमा मायावाद निराशावादीले स्थान जमाएको छ । यस महाकाव्यमा दुःखवादलाई सबैभन्दा बढी प्रस्रय सुलोचनाले दिएकी छिन् । पूर्वका दार्शनिक संसारमा दुःखहरू देखेर त्यसबाट मुक्तिका लागि चिन्तन एवं साधनामा लाग्दछन् । त्यसैगरी सुलोचना आफ्नो जीवनमा लागेकी छिन् । दुःख सिवाय जिन्दगीमा केही नदेखेकी सुलोचना यसो भन्छिन्- 'दुःखमात्र जगना विपना छ ।' त्यसैले उनी सर्वत्र निस्सारता देखिछन् । दुःखमय संसारमा नआउनु आइसकेपछि फेरी नआउनु परोस् भन्दै मुक्तिको लक्ष्य राखेकी छिन् । वेदान्तको निचोड मुक्ति हो । यस कुरालाई सुलोचनामा पाइन्छ । उनले झिलिमिली चमत्कार ईश्वरकै देन मान्नु, जिन्दगी दुःख र निस्सारको घर देख्नु, भक्तिमा लाग्नु, मुक्तिको याचना गर्नु आस्तिक दर्शनको प्रभाव हो । सुलोचनाले देखेको निस्सारता बौद्धदर्शनको प्रभाव मान्न सकिन्छ । व्यक्ति एक्तो छ र तज्जन्य पीडाले ऊ ग्रसित छ, भन्ने दुवै दर्शनको विचार हो । सुलोचना दुवै दर्शनको विचारलाई समन्वय गर्दै यसो भन्छिन्- 'केही छैन गजद्विषे शिव हरे एक्लो छ यो जिन्दगी ।'

सुलोचनाबाट अभिव्यक्त भएको अभिव्यक्त भएको दर्शन भनेकै दुखवाद हो। दुःखवाद सुलोचनाको जीवनको नतिजा हो । त्यसैगरी नियतिवाद, कर्मवाद जस्ता वादलाई पनि सुलोचनाले अङ्गालेकी छिन्।

सुलोचनाको मनोविज्ञान

मानिसका सारा क्रियाकलाप कामवृत्तिद्वारा सञ्चालित हुने गर्दछ। मान्छेको यस वृत्तिको विकास शैशवास्थादेखि नै हुन्छ। मानिसका अनेकौं काम-आकाङ्क्षाहरू रहेका हुन्छन्, तर ती सबै पूर्ण हुन पाउँदैनन् । विशेषतः मानिसका अहं र पराहंले यस्तो काम-आकङ्क्षाहरूलाई जहिले पनि दमन गरिरहेको हुन्छ । यो

फ्रायडीय मान्यता हो । यस दृष्टिले सुलोचनलाई हेर्दा सुलोचनामा मनोविज्ञान प्रशस्तरूपमा पाइन्छ । सुलोचना बगैंचामा खेल्नु, सियो-धागो लिई माला उन्नु, गीत गाउँनु यी उनका बालमनोभाव हुन् । यौवना भएपछि बगैंचामा गीत गाउँदै गर्दा अनङ्ग आइपुग्छ । त्यसबखत सुलोचना शर्माउनु, उनका मनमा भागौं-भागौं हुनु, उनी भित्रको कामवासना जागृत भएको अवस्था हो । ईश्वरी सत्ता विषयको विवादमा अनङ्गलाई समर्थन गर्नुपनि कामवृत्तिको प्रभाव हो । त्यसैले तिमिरमर्दन सुलोचनाका कुराहरूलाई सेक्सकम्पेक्सको नामकरण दिन्छन् । नैतिक, धार्मिक, सामाजिक बन्धनले कुण्ठाहरू कुनै न कुनै रूप लिएर बाहिरिन्छन् । सुलोचनाको दमित कुण्ठाहरू परिष्कृत हुँदा अनङ्गसँगको प्रमको रूपमा परिणत हुन्छ । व्यक्तिमा भएका कमजोरी वा अभाव वा पुरा हुन नसक्ने चाहनाहरू अन्य माध्यमद्वारा पूर्ति गर्नु क्षतिपूर्तिको सिद्धान्त हो । यहाँ सुलोचनामा पाइन्छ। आफूले गरेको प्रेम असफल भएपछि आफ्नो प्रेम कृष्णलाई खन्याएकी छ। सुलोचनाका कुण्ठाहरू भक्तिमा परिवर्तन भएको छ। सुलोचनाले श्रीकृष्णको मन्दिरमा सपना देख्नु, टोऽलाउनु, दराजभित्र चिठीपत्रहरू राख्नु, दराजकै अगाडि श्रीकृष्णको मूर्ति स्थापना गर्नु, श्रीकृष्णको समीपमा भक्ति गर्नु आदि यी सबै सुलोचनाको असफल प्रेमका कुण्ठाहरूको पूर्ति गुर्ने माध्यमहरू हुन् । त्यसकै परिणाम सुलोचनाको मृत्यु हो । यी सबै सुलोचनाको मनोविज्ञान केलाउने आधारहरू हुन् । अतः कुण्ठाहरू परिष्कृत हुँदा प्रेम र पूरा नहुँदा मृत्यु सुलोचनाको मनोविज्ञान हो ।

महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको सुलोचना (२००३) स्वच्छन्दतावादी भावधारामा प्रस्तुत गरिएको सामाजिक महाकाव्य हो । यसमा नारी पात्रलाई विशेष महत्त्व दिइएको छ । नायिकाकै नामबाट नामाङ्कन गरिएको यस महाकाव्य नारीकवो विविध रूपलाई देखाइएको छ । सुलोचना यस महाकाव्यकी नायिका हुन् र मुख्य पात्र पनि हुन् । उनको महाकाव्यभित्र बहिनी, छोरी, पत्नी, बुहारी लगायतका भूमिका देखिन्छ । त्यसै गरी उनका चारित्रिक विशेषताले महाकाव्यलाई आफ्नो उद्देश्य पूरा गर्न सहयोग मिलेको छ । दुःखवादलाई नै मुख्यरूपमा सुलोचनाको चरित्रबाट प्रस्तुत गरिएको छ । सुलोचनाभित्रको मनोविज्ञान पनि महाकाव्यमा देख्न पाइन्छ ।

सन्दर्भग्रन्थसूची :

१. गौतम, कृष्ण देवकोटाका प्रबन्धात्मक काव्य, ललितपुर, इन्दु प्रकाशन, प्र.सं. वि.सं. २०५५
२. जोशी, कुमारबहादुर महाकवि देवकोटा र उनका महाकाव्य, ललितपुर, साझा प्रकाशन, दो.सं. वि.सं. २०४४
३. बन्धु, चुडामणि देवकोटा, ललितपुर, साझा प्रकाशन, वि.सं. २०५८
४. पौड्याल हिरामणि शर्मा समालोचनाको बाटोमा, ललितपुर, साझा प्रकाशन, वि.सं. २०४१
५. लामिछाने, बुनु सुलोचना महाकाव्यको विश्लेषण, काठमाण्डौ, डबली प्रेस, वि.सं. २०५८

श्वेता न्यौपाने

शान्तिको प्रतीक्षामा

कविता

हाँसिरहेको देश, फुलिरहेको देश अनि थियो
शान्तिले छाएको देश भएका थिए सबै उमङ्ग
मस्त र दङ्ग
छरिएका भावनाहरू बटुलिरहेका थिए
आत्मविश्वास अनि गाम्भीर्यता
त्यो सामीप्यता अहिले भएको
भए सायद यस्तो दुर्गति
हुन्थेन होला देशको ।
धन्य छ यो मातृभूमिलाई
जसले एशियाकै ज्योतिको उत्पत्ति
गऱ्यो अरनिको, सीता, भृकुटीजस्ता
महान् पुरुषहरुको र मातृभूमिको नाममा
आफ्नो बलिदान दिन रुचाउने लाखौं सहिदहरुको
तर,
दुःख लाग्छ अहिले अवस्थाको स्मरण गर्दा
बुद्ध जन्मिएर आए, सद्भावना बढाए, मानवता देखाए
शान्तिको
स्थापना गर्दै हत्या, हिंसा र मानवताको पाठ पढाएर गए,
खै त हामीहरुले बुझेको शान्ति ? कता गयो
कता गयो मानवता र सद्व्यवहार ?
बुद्धका ती मैत्रिक करुणतालाई मूर्खहरुले बुझेनन्
शान्तिका दूतलाई चिन्न सकेनन्
बुझ्नेछन् र पछुताउनेछन्
खै त हाम्रो देश ?
खै त हाम्रो बुद्ध ?
बुद्ध तिमी आउनेछौ
अवश्य पनि आउनेछौ
यी मूर्खहरुलाई सम्झाउनेछौ
मातृभूमिको अस्मिता जोगाउनेछौ
म तिम्रै प्रतीक्षामा छु
आऊ बुद्ध आऊ
शान्तिको ज्योति बालेर जाऊ ।

अथर्ववेदमा सामाजिक सुरक्षा

■ रूपक अधिकारी (अलङ्कार)
वाल्मीकि विद्यापीठ

विशेषतः वेदलाई हिन्दूधर्मको मूलस्रोतका रूपमा चिनिन्छ ।[१] हाम्रा जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण संस्कारहरू, अन्य यज्ञ अनुष्ठानहरू पनि वेदलाई मूल प्रमाण मानेर सम्पन्न गरिन्छन् । वेदपश्चात् रचना गरिएका महाभारतादि शास्त्रीय ग्रन्थहरूको भन्दा माथिल्लो स्थान वेदलाई नै दिइन्छ । वेदले भनेको मात्रै धर्म हो भन्ने समेतका कुरा मीमांसा शास्त्रमा पाइन्छ ।[२] यसरी हेर्दा वेदलाई ज्ञानमा मात्रै धर्म प्राप्तिका लागि विनियोग गरिएको पाइन्छ र पूर्वीय वेद व्याख्यान परम्परामा वेदको व्याख्या अनुष्ठान सापेक्षतामा नै गरिएको पाइन्छ । वैदिक यज्ञहरूमा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदद्वारा कार्यसम्पादन गरिने भएकाले यज्ञहरूमा सम्बद्ध कामका लागि सम्बद्ध वेदपाठीको समेत व्यवस्था गरिएको हुन्छ र उनीहरूले त्यसै अनुरूप आफ्नो कार्यसम्पादन गर्दछन् ।[३] वेदप्रतिको पूर्वीय दृष्टिकोण आध्यात्मिक रहिआएको हुनाले पनि वेदका व्याख्या अध्यात्मपरक, धर्मपरक र अनुष्ठानपरक वेदव्याख्यानको सन्दर्भमा खासै खुट्टो घुमाउन सकेको देखिँदैन । वेदलाई इष्ट प्राप्ति र अनिष्ट परिहारको अलौकिक साधनको रूपमा हेर्दिँदै आइरहेको छ ।[४] वेदलाई अलौकिक, अपौरुषेय, स्वयंप्रामाण्य, ईश्वरतिःश्वास आदिका रूपमा हेरिने भएकोले पनि ऐतिहासिक सामाजिक दृष्टिकोणबाट पढिने परम्परा पूर्वीय अध्ययन-अध्यापन परम्परामा राम्ररी स्थापित हुन सकेन । श्रद्धावानले मात्र पढ्नसक्ने[५] र तत्वज्ञान गर्नसक्ने र जसले श्रद्धा गर्दैन अथवा आलोचना गर्छ त्यो नास्तिक हो[६] भन्ने व्यवस्थाका कारण वेदको -ऐतिहासिक, भौगोलिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, आर्थिक, विश्लेषणात्मक अध्ययन प्राच्यपरम्परामा गम्भीर ढङ्गबाट पनि अध्ययन गरेका छन् तर नेपालको परिप्रेक्ष्यमा भन्नुपर्दा त निकै अप्ठयारो छ ।

वेदलाई विषयवस्तुका आधारमा छुट्याउने हो भने यजुर्वेद र सामवेदका तुलनामा ऋग्वेद र अथर्ववेद अधिक समाजसापेक्ष देखिन्छन् र ऋग्वेद र अथर्ववेदमध्ये अथर्ववेद बढी समाजसँग नजिक देखिन्छ । मन्त्रसंख्याको आधारमा ऋग्वेदपछिको ठूलो आकार अथर्ववेदको छ । दर्शनपरक सुक्तहरू धेरै हुँदाहुँदै पनि विषयविविधता अथर्ववेदको वैशिष्ट्य हो । आयुर्वेद, अभिचार, चिकित्सापद्धति, राजनीति, कृषिजस्ता विविध विषयको सङ्ग्रह हो अथर्ववेद । रीतिरिवाज, चालचलन, सभ्यता, संस्कृति, अन्धविश्वास, अरिष्ट-निवृत्ति, पापमोचन,शकुन-अपशकुन विचार, जडीबुटी प्रयोग आदीत्यादि विषयका कारण अथर्ववेदमा यही विषयमात्र छ भन्न अत्यन्त कठिन छ तर अथर्ववेद तात्कालीन समाजको सिङ्गो चित्र हो भन्ने शङ्का छैन । अतः विद्वानहरूले समाजिक तथा साँस्कृतिक अध्ययनार्थ अथर्ववेदलाई बढी उपयोगी मानेका छन् ।[७]

तत्कालीन समाज अध्ययनका लागि एकछिन यज्ञमा ब्रह्मकर्म सम्पादनत्वलाई एकातिर राखी अथर्ववेदमाथि सामाजिक दृष्टिकोण डुलाउने चेष्टा गरिन्छ । यति सानो लेखमा सम्पूर्ण कुरा उतार्नु सम्भव पनि हुँदैन र सकिँदा पनि सकिँदैन त्यसकारण यहाँ केही सूक्तका आधारमा अथर्ववेदकालीन समाजमा देखिने सुरक्षात्मक स्थितिको केही पक्षका बारेमा चर्चा गरिन्छ । मानिस सामाजिक प्राणी भएकोले ऊ समाजमा नै बस्न रुचाउँछ र त्यसका लागि विशिष्ट सामाजिक व्यवस्था पनि उसले कायम गरेको हुन्छ । चिरकालको भोगाइ अनुभव र यात्राले समाजमा व्यवस्थाको विकास गर्दछ । आज सामान्य देखिएको र एक जनाले प्रारम्भ गरेको कार्यले भोलिको समाजमा एउटा सिङ्गो व्यवस्थाको स्वरूप ग्रहण गर्न सक्छ । समाज विकासको प्रक्रिया यो कुरा स्वाभाविक हो साहित्य समाजको दर्पण हो साहित्यमा समाजको तात्कालिक स्वरूप प्रतिबिम्बित भएको हुन्छ । यस मान्यताका आधारमा भन्नुपर्दा वैदिक साहित्यमा पनि वैदिक समाज प्रतिविम्बित भएको पाइन्छ । एउटा पूर्णसमाजका लागि चाहिने सम्पूर्ण उपकरण वैदिक समाजमा देखिन्छन् । मानिसले आफ्ना लागि आवश्यक विषयको हरतरहले व्यवस्था गरेका छन् । समाज सुरक्षाको दृष्टिकोणले संवेदनशील क्षेत्र हो । समाजलाई चार, तस्कर, दास, दस्यु, असुर आदिबाट सुरक्षित राख्न विविध प्रयास गरिएको कुराका वर्णनयुक्त सूक्तहरू अथर्ववेदमा प्रशस्त पाइन्छन् । वैदिककालमा राज्य राज्यबीचका युद्ध त हुन्थे नै । गाउँसमुदायस्तरमा पनि चोरी, डकैती र लुटपाटका घटनाहरू बारम्बार भइरहने कुराको सूचना पाइन्छ । त्यस्ता अवाञ्छित घटनाबाट त्राण पाउन मानिसहरूले विभिन्न उपाय अपनाएका छन् ।

विशेषगरी मानिसहरूले दैवीप्रकोप र राजदण्डबाट बच्न प्रार्थना गरेका छन् अनि रोगव्याधि दुर्घटना आदिबाट बच्न र बचाउँन प्राथना गरेका छन् यिनका अतिरिक्त लुटपाट, चोरीडकैती आदिबाट जोगिनका लागि पनि उत्तिकै ध्यान दिएका छन् । तस्कर, यातुधान, दास, दस्यु, असुरजस्ता आर्येतर जातिबाट भइरहने बेलाबेलाको हमलाले पनि वैदिक आर्यहरूलाई निकै पिरेको देखिन्छ । तस्करहरूको पनि उत्तिकै बिगबिगी तत्कालीन अवस्थामा हुने गरेको थियो । रुद्रलाई समेत तस्करहरूको नायकको रूपमा

---

[१] मनुस्मृति-२०६ ।
[२] वेदेन प्रयोजनमनुदिश्य विधेयमानो अर्थो धर्म :-मीमांशान्यायप्रकाशः ।
[३] ऋचां त्वः पोषमास्ते पुपुष्वान् - ऋक् १०.७१.१२ ।
[४] तैत्तिरीयसंहिताभाष्य भूमिका ।
[५] श्रद्धावान् लभते ज्ञानम् -श्रीमद्भागवत् गीता
[६] नास्तिको वेदनिन्दकः -मनुस्मृति
[७] म्याकडोनाल -संस्कृत साहित्यका इतिहास -पृ.१७१

प्रशंसा गरेकाले वैदिक आर्यहरूलाई रौद्रसमुदायले पनि बेलामौकामा पिर्ने गरेको हुनुपर्छ त्यसबाट बच्नलाई उनीहरूले कामना गरेका छन् । वैदिक मन्त्रहरूमा, बनस्पतिको पति, वनको पति , स्नायुका पति, व्याधिका पति भनेर रुद्रको प्राथना गर्नुले पनि यसै कुराको पुष्टि गर्दछ ।[८]

अथर्ववेदमा 'यातुधाननाशन सूक्त' धेरै छन् । यातुधान भनेको कसैलाई मार्ने उद्देश्यले लुकिछिपी हिँडने राक्षस हो ।[९] यसै प्रसङ्गमा दस्युको पनि उल्लेख भएको छ । दस्युलाई पनि 'यातुधान' कै समानार्थीको रूपमा वर्णन गरिएको छ ।[१०] यो पनि हिंसात्मक गतिविधिले जीवन निर्वाह गर्ने राक्षस हो । वैदिकसमाजमा राक्षसलाई आर्येतरका अत्यन्त जङ्गली समुदायको रूपमा सम्बोधन गरिएको पाइन्छ । यसर्थ राक्षस कुनै पारलौकिक तत्व नभएर कुनै असभ्य मानवसमुदाय नै थिए भन्ने बुझिन्छ । यस्ता समुदायले आर्यहरूको धर्मकर्ममा बाधा पुऱ्याउने, यज्ञयाज्ञादि विध्वंश गरिदिने जस्ता कुकृत्यले दुःख दिने गर्थे । यिनका विरुद्धमा शारीरिकरूपमा न उत्रिएर यज्ञकै सहायत लिने गर्थे आर्यहरू र आफ्ना इष्टदेव, अग्नि र इन्द्र आदिको प्रार्थना गर्थे । उनीहरूले यस्ता राक्षसहरूलाई भगाउन, पाता कस्न, सन्तानसहित मारिदिन अङ्गभङ्ग गरिदिन आग्रह गरेका छन् भने शरणमा आएकालाई आफ्नो पक्षमा सामेल गराउन पनि आग्रह गरेका छन् ।[११] जसरी नदीले फिँजलाई बगाएर अन्यत्र पुऱ्याएर छिन्नभिन्न पारिदिन्छ त्यसैगरी उपद्रवकारी राक्षसलाई पनि छिन्नभिन्न गरी भगाउन अग्निको प्रार्थना गरिएको छ ।[१२] यस्ता दस्युयातुधानहरूले आर्यहरूको गाइवस्तु, घोडाहरू लुट्ने, मान्छे मार्ने जस्ता कार्य गर्थे यस्ता राक्षसहरूलाई सिसाको हतियारद्वारा मार्न अग्निसँग प्राथना गरिएको छ । यहाँनेर स्मरणीय कुरा के छ भने अग्निले नै उपस्थित भएर सिसाको हतियारले राक्षसको नाश गर्ने कुरा सम्भव हुँदैन अग्निको मन्त्रद्वारा अभिमन्त्रण गरिएको सिसाको हतियार उनीहरू आफैंले बनाएका थिए र त्यसको प्रहारको कुरा हो । यसरी, ढाल, तरबार,त्रिशूलभन्दा फरक किसिमको शिशास्त्रको अस्तित्व यहाँ देखिन्छ । अथर्ववेदमा शत्रुनिवारण सूक्तहरू पनि धेरै छन् । यातुधानदस्युस्तायुहरू भने एकल वा सङ्गठित लुटेराहरूको समूह हुन् । तर शत्रुले भने अलि व्यापक स्वरूप ग्रहण गरेको छ । व्यक्तिगत शत्रुमात्र नभएर जातीय शुत्र बढी प्रसङ्गमा आएका छन् । यिनीहरू सधैं युद्धमा निरत रहने, हतियारको राम्रो व्यवस्था भएमा, अधिक शक्तिशाली र लुटपाट मात्र नगर्ने, जितेको आर्यहरूलाई दास, नोकर बनाएर लैजाने खालका देखिन्छन् । यस्ता शत्रुपक्षबाट आर्यहरू बढी सशंकित र भयभीत देखिन्छन्[१३] । यस्ता अपकारक पक्षबाट बच्न उनीहरूले आफ्ना इष्टदेवको प्रार्थना गरेका छन् । लुटपाटमा पुरुषहरूमात्र नभएर स्त्रीहरू पनि सहभागी हुन्थे । यस्ता दासदस्युका स्त्रीहरूलाई समेत समान दण्डको अपेक्षा गरिएको छ । त्यस्ता स्त्रीहरूको आक्रमण विशेषगरी महिला बालबालिकामाथि हुने गर्दथ्यो ।[१४] यस्ता स्त्रीहरू अत्यन्त डरलाग्दा, विकराल, भयङ्कर आवाज निकल्ने, अति क्रोधी हुन्थे । यिनीहरूले घरगोठ जताततै आक्रमण गर्न सक्थे । यस्ता राक्षसहरूको समूल अन्त्यका लागि प्रार्थना गरिएकाले समाजिक सुरक्षामा खलल पुऱ्याउने तत्वका रूपमा यिनीहरूलाई लिन सकिन्छ ।

स्मरणीय कुरा के छ भने अग्निले नै उपस्थित भएर सिसाको हतियारले राक्षसको नाश गर्ने कुरा सम्भव हुँदैन अग्निको मन्त्रद्वारा अभिमन्त्रण गरिएको सिसाको हतियार उनीहरू आफैंले बनाएका थिए र त्यसको प्रहारको कुरा हो । यसरी, ढाल, तरबार, त्रिशूलभन्दा फरक किसिमको शिशास्त्रको अस्तित्व यहाँ देखिन्छ ।

यद्यपि सामाजिक सुरक्षाभित्र चोरी लुटपाटजस्ता विषयमात्र पर्दैनन् । व्यक्तिको जीउधनको सुरक्षा, धर्म, संस्कृतिलगायतका विषयलाई स्वतन्त्रतापूर्वक स्वीकार र बहिस्कार गर्न पाउने अधिकार पनि समाजभित्रकै कुरा हुन् । राज्यप्रशासनबाट पाउने सुविधा र सकस पनि यसै विषयमा समेटिन सक्छ । वैदिक समाजमा देवभय, असुर भय र राजभय, रोगभय जस्ता भयहरूले प्रशस्त ठाउँ पाएका छन् । राजाको प्रशस्ति गाइएको छ, देवताको प्रार्थना गाइएको छ अनि असुरभय विमुक्तिका लागि देवताको सहयोग मागिएको छ । असुरभय मुक्तिका लागि प्राकृतिक शक्तिको शरण लिएका छन् जस्तै अग्नि अर्को प्राकृतिक बल, ओज र आयुधारी देवताको पनि आश्रय लिएका छन्, जस्तै इन्द्र, वरुण र तेस्रो आफ्नै सामुदायिक शक्ति र आफूले निर्माण गरेको शस्त्रास्त्रको सहयोग लिएका छन् । यसरी सामाजिक दृष्टिकोणबाट वैदिक समाजको निकै लामो अनुसन्धान हुनसक्छ तर वैदिक समाजको सिङ्गो तस्वीर हामी प्राप्त गर्न सक्छौं ।

सन्दर्भग्रन्थसूची

१. अथर्ववेदसंहिता....२००३, नागप्रकाशन -दिल्ली
२. अथर्ववेदसंहिता, हिन्दी भावार्थ, श्रीराम शर्मा,(सातौं सं.२०६१) शान्तिकुञ्ज हरिद्वार
३. अथर्ववेदसंहिताभाष्य, सायण (सन् २००७) चौखम्भा संस्कृत संस्थान वाराणसी
४. निरुक्तम्, सम्पा. छज्जुरामशास्त्री (सन् २००९), मेहरचन्द्र लक्ष्मनदास पब्लिकेसन्स दिल्ली
५. मीमांसा न्यायप्रकाशः, सम्पा., रामनायदीक्षित, (वि.सं.२०६५), चौखम्भा संस्कृत संस्थान, वाराणसी
६. यजुर्वेद संहिता, (च.स.सन् २००४) नागप्रकाशन, दिल्ली
७. वैदिक साहित्य एवम् संस्कृति, डा.कपिलदेव मिश्र, (च.स. सन् २००८) विश्वविद्यालय प्रकाशन, वाराणसी
८. श्रीमद्भगवद्गीता, रामसुखदास, (७४औं सं. वि.स.२०६८ गीताप्रेस गोरखपुर .

[८] शुक्लयजुर्वेद -१६,१८-२१
[९] अथर्ववेद-१,७,१ सायणभाष्य
[१०] पूर्ववत्
[११] अथर्ववेद १. अध्याय, ७-८ सूक्त
[१२] अथर्ववेद १ अध्याय, सूक्त ८, मन्त्र १
[१३] अथर्ववेद -१ अध्याय , सूक्त १९,२०,२१
[१४] अथर्ववेद- १ अध्याय ,सूक्त २८

■ मदन पौडेल
आचार्य द्वितीयवर्ष
वाल्मीकि विद्यापीठ

संस्कार

'कृ' धातुमा 'सम्' उपसर्ग लागेर निर्मित शब्दमा 'अर्'गुण भएपछि संस्कार शब्द बन्दछ । जसको अर्थ शुद्ध पारी कर्मयोग्य बनाउनु हो । गुणको वृद्धि पनि संस्कारबाट सम्भव छ । हामीले दैनिक जीवनमा आवश्यक पर्ने सामग्रीलाई पटक-पटक सफा र शुद्ध बनाई प्रयोग गर्दा मन प्रशन्न हुन्छ ।

धर्मशास्त्रले संस्कार कसरी गर्ने ? भन्ने नियम नियमलाई परिपालन गरिने तरिकाको माध्यमबाट आत्मालाई चिनाउन प्रेरित गरेको छ । अर्थात् विधि र नियमलाई सिलसिलाबद्ध तरिकाले कुनै पनि सत्कर्ममा प्रेरित गराउने काम धर्मशास्त्रमा रहेको पाइन्छ । मनुस्मृतिमा धर्मशास्त्रलाई यसरी अर्थाइएको छ -

श्रुतिस्तुवेदोविज्ञेयो धर्मशास्त्रं तुवैं स्मृतिः ।
ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ ॥

यस श्लोकमा धर्मको बारेमा बताउँदा श्रुति भनेको वेद हो र स्मृति भनेको धर्मशास्त्र हो यिनीहरूबाट विहित कर्मलाई धर्मका रूपमा लिइएको छ । यी दुई ग्रन्थको आधारबिनाको तर्कग्राह्य हुँदैन त्यसकारण अपौरुषेय वेदविहित सत्कर्म सद्विचार सद्दृष्टिपूर्वक मानवमा धारण गर्नु जीवनको सार्थकता हो । धर्मशास्त्रमा **'अहिंसा परमोधर्मः'** भनिएको छ । कुनै पनि देहधारी प्राणीको अहितकार्य (हत्याहिंसा, बलात्कार, चोरी) बाट पर रहन वा त्यससम्बन्धी कुराको मनन नै नगर्नु राम्रो मानिन्छ । मानिस स्वतन्त्र रहेर समाजमा बाँच्न पाउने अधिकार भएजस्तै अन्य प्राणीलाई पनि स्वतन्त्रता चाहिन्छ भन्ने हेक्का राख्नु विद्वान्को धर्म हो । यी र यस्ता विविध विषयको ज्ञान लिनु मानवका लागि आवश्यक हुन्छ । **संस्कृयन्ते अनेन** इति संस्कारः यस्तो विग्रहअनुसार निष्पत्ति भएको संस्कार शब्दले शरीरको शोधनलाई जोड दिएको छ । धर्मशास्त्रले त्यही संस्कारित शरीरको धारण गर्ने क्षमता मानवमा मात्र रहेको बताउँछ । संस्कार भएको व्यक्ति र संस्कार नभएको व्यक्तिको उदाहरूण हेर्न टाढा जानु पर्दैन जसरी धोएको कपडा चम्किलो र सफा देखिन्छ नधोएको कपडा अग्राह्य(ग्रहण गर्न अयोग्य) हुन्छ ।

पापापनोधनपूर्वक(पापलाई प्रायश्चित्त) गुणको आधान संस्कारले गर्दछ । पापप्रक्षालन गर्न बाँकी जीवनलाई सुखमय सार्थकमा पुऱ्याउने कार्य संस्कारबाट मात्र संभव छ । घर, भवन, पाटी, पौवा, चौताराको निर्माण गर्दा पनि विशेष विधानपूर्वक पूजापाठले संस्कार गरेपछि बस्नका लागि योग्य बनाइन्छ । यसो गरिनु लामो समयसम्म प्रयोग गर्न योग्यहोस् यसको संरचना नबिग्रियोस् भन्नका लागि हो । विभिन्न भवन, अस्पताल, पसल, हाउजिङ्ग शुभदिनमा शिलान्यास गरी उद्घाटन गर्दा पनि शुभदिनमै गरिन्छ । यी विविध कार्य गर्नु राम्रो फल प्राप्तिका लागि हो, त्यसैले विविध विधि विधानसहित अन्यवस्तुलाई दीर्घकालसम्म प्रयोगमा ल्याउन राम्रो व्यवसायलाई शुभविधिबाट आरम्भ गरिन्छ भने यी विविध भौतिक वस्तुका डिजाइनर र निर्माणकर्ताको संस्कार गर्नु दीर्घायुका लागि, विवेकशीलका लागि र राष्ट्रभक्ति मानवका लागि नितान्त आवश्यक देखिन्छ । खराब सन्तान जन्माउन आमाबाबुलाई र खराब नागरिक उत्पादन गर्न देशको चाहना कदापि हुँदैन । संस्कारका विषयमा विभिन्न विद्वान्का मत फरक भएता पनि धेरैले १६ प्रकारमा सहमत जनाएका छन् । ती यस प्रकार छन् -

१. गर्भाधान	९. कर्णवेध
२. पुंसवन	१०. अक्षरारम्भ
३. सीमन्तोन्नयन	११. उपनयन
४. जातकर्म	१२. वेदारम्भ
५. नामाकरण	१३. केशान्त
६. निष्क्रमण	१४ समावर्तन
७. अन्नप्राशन	१५. विवाह
८. चूडाकर्म	१६.अन्त्यकर्म(मृत्यु संकार)

यी संस्कारलाई क्रमैसँग पालना गर्नुपर्छ । यी विविध संस्कारको पालना कुनकुन वर्णकाले कसरी पालना गर्ने भन्ने बारेमा योगीश्वर याज्ञवल्क्यले निम्नानुसारका धर्मशास्त्रकारको मतलाई लिएका छन् -

मन्वत्रिविष्णुहारीतयाज्ञवल्क्योशनोङ्गीराः ।
यमापस्तम्बसंवर्ता कात्यायन वृहस्पती ॥
पराशरव्यासशङ्ग लिखिता दक्षगौतमौ ।
शातातपो वशिष्ठश्च धर्मशास्त्रप्रयोजकाः ॥

याज्ञवल्क्यस्मृतिः।

अर्थात् योगीश्वरमुनिले मनु, अत्री, विष्णु, हारीत, याज्ञवल्क्य, उशना, अङ्गिरा, यम, आप, स्तम्ब, सवर्त, कात्यायन, वृहस्पति, पराशर, व्यास, शङ्ख, दक्ष, गौतम, शातातप, वशिष्ट आदिलाई संस्कारको मत राख्ने विद्वान्का रूपमा लिएका छन् । त्यसैगरी याज्ञवल्क्यले धर्मशास्त्रीय

ग्रन्थहरू उल्लेख गरेका छन् -

पुराण न्यायमीमांसा धर्मशास्त्राङ्ग मिश्रिताः ।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दशः ॥

माथि उल्लिखित ग्रन्थका माध्यमबाट संस्कार गर्दा समय, स्थान, अवस्था, महिना बार, तिथि, नक्षत्र, राशिअनुसार गर्नुपर्ने कुरालाई बिर्सनु हुँदैन ।

प्रत्येक संस्कार मानव समुदायका लागि उत्कृष्टताका परिपोषक हुन् ब्रह्मण, क्षेत्री, वैश्य, शूद्र चारै वर्ण र जातका लागि संस्कारको आफ्नै व्यवस्था रहेको छ । संस्कारले भविष्यलाई उज्ज्वल बनाउने भएकाले आफ्नो भविष्य बनाउने परिश्रम त गर्नै पर्छ जातकर्म, न्वारन, श्राद्ध, पूजाजस्ता कर्म ब्राह्मणका मात्रै हुन् भनी परसार्नु कर्मको फलबाट पछि हट्नु वा फलको भागी नहुनु हो । शास्त्रले कुनै पनि मानव समुदायलाई वरपर मानेको छैन । व्यक्तिले राम्रा काम गर्न सज्जन विद्वान्को अनुसरण गर्नु पर्दछ । संस्कार देखेर, सुनेर, पढेर, मन्त्रक र अमन्त्रक गर्न सकिन्छ । मन्त्रोच्चारणपूर्वक कर्मको फल धेरै र अमन्त्रक कर्मको फल कम पाइन्छ । गर्भाधानदेखि मृत्यु संस्कारसम्म मानवका लागि सबै संस्कार अत्यन्त उपयोगी छन् । मानवको विभिन्न संस्कार पछि मृत्यु पश्चात् वियोगका पीडाले आफन्त र नातेदार विह्वलित र दुःखित हुनुमा शास्त्रको निर्देश नभई त्यसलाई विधि र विधानपूर्वक मृत्यु संस्कार गर्नुमा शास्त्रद्वारा प्राथमिकता दिइएको छ । **कर्म गर फलको आशा नगर** भन्ने गीताको सार संक्षेपअनुसार कस्ता कर्मबाट समाजोचित हुन्छ, हितकर हुन्छ भन्ने कुरालाई ध्यान दिनुपर्छ । यही विविध विधानअनुसार वेद विहित कालमा संस्कारहरू सम्पादन गर्नाले व्यक्तिमा विशिष्ट गुणहरू प्रवेश हुन्छ भन्ने शास्त्रको कुरा बिर्सन सकिँदैन ।

समाजप्रति कर्तव्यपरायण व्यक्तिले नै उन्नति प्राप्त गरेको हुन्छ । **स्वे स्वे कर्मव्यभिरतः संसिद्धिं लभते नरः।** अर्थात् आ-आफ्ना कर्ममा निहित र निरन्तरता छ भने परिश्रमी मान्छेले सिद्धि प्राप्त गर्दछ । वेद विहित संस्कारहरू सम्पादन गर्नाले मानवमा मानवता प्राप्त भई समदृष्टि आदि भावहरू समाहितका साथ मोक्षोन्मुखी भइरहेको हुन्छ भने वेद अविहित कर्मको सेवन गर्नाले पतनोन्मुखी हुँदै जान्छ । आफ्नो परिवारको,समाजको, राष्ट्रको एवं विश्वकै लागि संस्कार अत्यन्त उपयोगी भएकोले संस्कारको अनुष्ठान गरी विशिष्ट गुण आधान हुने हुनाले व्यक्ति अवश्य संस्कृत हुनुपर्दछ । तसर्थ मानव जीवनमा संस्कारको अत्यन्त महत्त्व रहेको पाइन्छ ।

सन्दर्भग्रन्थ सूची

१. मनुस्मृतिः, श्रीकुल्लूक भट्ट,चौखम्बा संस्कृत सिरिज,वाराणसी(१६७०)
२. याज्ञवल्क्यस्मृतिः, गङ्गासागरराय(व्या.),चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली
३. धार्मिक निबन्ध सङ्ग्रह, मेरीगोल्ड प्रेस, अनामनगर, काठमाण्डौं (२०६८)

— कविता —

बुद्धप्रति शुभकामना

■ हंशराज कोइराला

श्रीविश्ववसु नाम सम्वत सँगै भूशस्यशाली रहुन्
हाम्रा स्वागतमा सदा प्रकृतिले सौन्दर्य छर्दै रहुन् ।
नेपाली अनुहारमा सुखदका मुस्कान हाँसी रहुन्
हामी मानवबीचका सुमनमा आनन्द बाँची रहुन् ॥१॥

हाम्रा षड्ऋतु छन् बसन्त उसमा पैलो भनी मान्दछन्
मैनाको शुरुमा गनेर पहिलो वैशाख हो भन्दछन् ।
पाखामा विरुवा विभिन्न थरि छन् ती वृक्षमा पाउला
हेर्दा लाग्छ हराभरा प्रकृतिकै मानौं सुनौला कला ॥२॥

ऐंसेलू-वन किम्बु काफल फले काली अगेरी अनि
वैंशालू अनुहार झैं प्रकृति नै कैलाश चेली पनि ।
उज्यालो शशि एकले गगनमा तारा हसाए सरी
नाची नांच हरा भरा छ लहरा नेपाल भू-सुन्दरी ॥३॥

शुक्लैपक्ष सुपूर्णिमा दिन थियो भू-सृष्टि कर्ता सरी
आए भूधरणी बनाउन बसे आफ्नै तपस्या गरी ।
रोपे मानव बीच ज्ञान गुण ती शिक्षा, अहिंसा सब
स्रष्टा सिर्जित लुम्बिनी घर थियो नेपालको गौरव ॥४॥

हुन् शुद्धोदन पुत्र बुद्ध उनकी माता त मायावती
पाएछन् अवतार विष्णु उनको बुद्धत्व ज्ञानोन्नति ।
गद्दी राज्य समाजका महलको माया दया विर्सन
लागे जङ्गलका घना विपिनमा आनन्द राखे मन ॥५॥

माया मोह हटाइ राज्य धनका टाढै बसे सज्जन
पल्याटी बनमा कसे तप सँगै एकाग्रको जीवन ।
मिल्यो ईश्वर ज्ञानको वर तथा ज्योत्स्ना प्रकाशोन्मुख
देखे झलमल ज्ञानले भुवनमा बुद्धत्व मित्रै सुख ॥६॥

सारा बुद्ध बनौं हिमाल तलका हामी गरौं गौरव
सीता जन्म भयो पिता जनकको राज्यै थियो वैभव ।
नेपाली इतिहासमा ऋषि सदा वस्ने तपस्यास्थल
हाम्रा ईश्वरको निगाह धरती देवादि देवस्थल ॥७॥

माया प्रेम सदा बनोस् प्रकृतिका जीवात्मा हुन् ईश्वर
आत्मा भित्र बुझौं चराचर सबै ब्रह्माण्ड उसको घर ।
हिंसा होइन बुद्धका नियममा सेवा अहिंसक बन
रक्षा साथ परोपकार गर लौ हो धर्म साचो भन ॥८॥

योगमा कुण्डलिनी जागरण

■ रामदेव पण्डित 'निसर्ग'
वाल्मीकि विद्यापीठ

> हठयोगको मुल उद्देश्य पनि इडा र पिंगला नाडीबाट गएको शक्ति अर्थात् श्वासलाई सुषुम्ना नाडीतर्फ लगेर माथितिरका बन्द चक्रहरूको उद्दीपन गर्दै सहस्रार सम्म पठाउनु हो। सुषुम्ना नाडीमा धेरै अवरोधहरु हुन्छन्, ती अवरोधहरु हटाएर श्वाँस अर्थात श्वाँसरुपी शक्तिलाई सुषुम्ना नाडी हुँदै ब्रम्हरन्ध्रमा पुऱ्याउनु नै वास्तविक रूपमा हठ्योगको लक्ष्य हो ।

मनुष्यको शरिर या मनको हरेक अभिव्यक्तिका पछाडी निरन्तर प्राण शक्तिले काम गरिरहेको हुन्छ। उसको शरिर र मनको कर्मले नै उ जीवित छ भन्ने कुरा प्रमाणित गर्दछ। त्यतिमात्र नभएर यस जगत्मा वरिपरि देखिने चल अथवा अचल हरेक वस्तु तथा प्राणीको अस्तित्वको मूल आधार प्राण हो भन्ने शास्त्रिय मान्यता छ। सर जगदी चन्द्र बोस भन्नु हुन्छ " जम्मै उद्भीदहरूमा अर्थात् आलु, प्याज, मूला, गाँजर आदिदेखि लिएर सम्पूर्ण रुखबिरुवाहरूमा प्राणको अस्तित्व विकसित रहेको छ" - किन कि त्यसबाट हामी उर्जा सङ्गाह गरी शक्ति प्राप्त गर्छौ। यस कुराको प्रमाण दिन विरुवाहरूको सुख दुःख आदि अनुभूती हेर्ने एउटा यन्त्र बनेको छ जसको नाम हो ' क्रेस्कोग्राफ ' ।

यस विश्व ब्रम्हाण्डमा प्राणशक्ति एउटा तत्वबाट अर्को तत्वमा सञ्चरित भइरहेको हुन्छ र समग्र ब्रम्हाण्ड पनि यही नै पद्दतिले चलिरहेको छ। यति सम्म कि शब्द, स्पर्श, रूप, रस र गन्धमा पनि प्राणशक्ति निहित भएको देखिन्छ। एउटा सुमधुर धून सुन्ने बित्तिकै जुनसुकै मनुष्यको प्राण उद्धीपित भइहाल्छ , त्यस्तै मनपर्दो मान्छेको हातको स्पर्शले पनि कष्ट दूर भई प्राण सतेज हुन्छ। सुन्दर दृष्य र मिठो गन्धले पनि प्राण उद्धीपित गर्छ।

प्राणलाई नियन्त्रण गर्नका लागि मन, बुद्धि र इन्द्रिय आदिको विकास हुनुपर्छ। सत् र सृजनात्मक चिन्तनका साथै कल्याणमूलक निष्काम कर्म, परोपकारी कर्म, ध्यान, प्राणयाम, मन्त्र, शास्त्रपाठ आदिको अभ्यासबाट प्राणलाई नियन्त्रण गरी शारीरिक , मानसिक र आध्यात्मिक उन्नतिको काममा लगाउन सकिन्छ।

प्राणशक्तिले यस जगत्का जीवहरूलाई नाना किसिमले क्रियाशील बनाउँछ। जीवीत मनुष्यका शरीरमा प्राणशक्तिले नाना रूपमा काम गरेको हुन्छ जसलाई प्राचिन ग्रन्थमा १० भागमा विभाजन गरिएको छ।

पञ्च अन्तर्वायु :

क्र.स.	वायुको नाम	स्थान	कार्य
१.	प्राण	हृदय केन्द्र	हेर्ने, सुन्ने, सुँघ्ने, स्वाद लिने, बोल्ने,चबाउने, समाउने
२.	अपान	मुलाधार केन्द्र	पुस्क , मल , मुत्र र शुक्र त्याग, हिड्ने, डुल्ने
३.	समान	नाभी केन्द्र	भोक, रुची, पाचन
४.	उदान	छाँती र घाँटी केन्द्र	भावनात्मक तत्वहरूको नियन्त्रण, प्रस्फुटन
५.	ब्यान	सम्पूर्ण शरिर	शरिरमा घुम्ने र शक्ति सञ्चार गर्ने काम

पञ्च बहिर्वायु :

क्र.स.	वायुको नाम	कार्य
६.	नाग	शरिर तन्काउने र मोड्ने , डकार गर्ने
७.	कृकर	शरिरमा स्वाँस भरेर फुलाउने, हाच्छिउँ गर्ने
८.	कूर्म	शरिर खुम्च्याउने, आखाँ झिम्काई
९.	देवदत्त	हाई र निद्रा लगाउँछ
१०.	धनञ्जय	जोर्नी स्वास्थ्य र सन्तुलित राख्छ

जीवन र प्राण शक्ति :

शरिरको काम क्रियाशिलता हो भने मनको काम मननशीलता। प्राणले बीचमा बसी दुवैलाई निरन्तर प्रेरणा र शक्ति प्रदान गरी जीवन्त र सक्रिय बनाइरहन्छ। वस्तुतः विचारशीलताबाट पनि प्राण शक्ति उद्दीपित, सञ्जीवित र स्वस्थ्य रहन्छ, मनको पवित्रता र सत्यतापूर्ण जीवनयात्राले मनुष्यमा प्राणशक्ति निरन्तर रूपले दृढ र सक्षम भइरहन्छ।

मनुष्यको प्राणशक्तिको सबै भन्दा ठूलो मुहान हो कुण्डलिनी। सत्य, शान्ति, प्रेम र आनन्दको स्रोत हो कुण्डलिनी। मनुष्यको स्वाभावमा उच्च कोटिका तत्वहरूको विकास गर्ने मूल उपाय नै कुण्डलिनी हो। प्रसुप्त कुण्डलिनी जागरित भई सुषुम्ना मार्गबाट

Types of Body : (सप्तशरिर)

1. Cleansing the Etheric Body
2. Cleansing the Astral Body
3. Cleansing the Emotional Body (All of your Emotions reside in this body)
4. Cleansing the Mental Body - (All of your Thoughts reside in this body)
5. Cleansing the Causal Body
6. Cleansing the Super Causal Body
7. Cleansing the Christ Body - (Also known as your Bliss Body)
8. Cleansing the Buddhaic Body (This body is in a constant state of Equanimity)
9. Cleansing the Monadic Body

जतिजति माथितिर उठ्न थाल्छ साधक भावमग्न हुँदै मनका द्वन्द्व र भयबाट मुक्त गर्न प्रशस्त मात्रामा जीवनीशक्ति अनुभव गर्न थाल्छ।

छान्दोग्योपनिषदका अनुसार :

वरिपरि दुष्टिगोचर हुने सम्पूर्ण प्राणीहरूको रस हो पृथ्वी।पथ्वीको रस (सार) हो जल । जलको रस हो औषधि । औषधिको रस हो पुरुष । पानीमा जुन प्राणशक्ति लुकेको छ , त्यसबाट नै प्राणी उत्पन्न हुन्छ ।

वृहदारण्यकोपनिषदमा याज्ञवल्क्य भन्नुहुन्छ :

मनुष्यको सारतत्व उसको वाक् अर्थात बोली हो। वाक्शक्तिको सदुपयोगले मानवमा भएको प्राणशक्तिले निरन्तर वृद्धि प्राप्त गर्छ। वाक्को सार हो ऋक अर्थात् ज्ञान। ऋक् अर्थात, ज्ञानको सार हो साम अर्थात भक्तिभाव, प्रेमभाव । सामको रस हो उद्‌गीत अर्थात ॐ। वेदमा यो प्राणशक्तिलाई मुख्य प्राण भनिन्छ भने तन्त्र शास्त्रमा यसैलाई नै कुण्डलीनीका नामले सम्बोधन गरिएको छ।

मनुष्यको शरिरमा कुण्डलिनी विपुल शक्ति र सम्भावनाको केन्द्र हो। हरेक मेरुदण्ड धारी प्राणीको मेरुदण्डको सर्वनिम्न प्रान्तमा यो कुण्डलिनी गुजुल्टिएर सर्पाकारमा विराजित हुन्छ।

नाकको देब्रे प्वालबाट एउटा नाडी भित्र गएको हुन्छ, त्यसलाई इडा (चन्द्र /गगां) र दाहिने नाकको प्वालबाट अर्को नाडी भित्र गएको हुन्छ त्यसलाई पिंगला, (सुर्य/ यमुना) नाडी भनिन्छ। यी दुवै नाडिहरू मुलाधार चक्रमा गएर मिल्दछन्। र त्यही स्थानबाट अर्को अत्यन्त महत्त्वपूर्ण नाडी मुलाधार देखि मेरुदण्ड हुँदै माथितिर गइरहेको हुन्छ जसलाई सुषुम्ना नाडी भनिन्छ। सुषुम्ना (सरस्वती) नाडीमा धेरै अवरोधहरू हुन्छन्। सुषुम्ना नाडी जेलिएर बसेको हुन्छ।

प्राणायामद्वारा प्राणशक्तिको उद्दीपन :

अष्टाङ्ग योगका चरणहरु :

१.यम (सत्य, अहिंसा, ब्रम्हचर्य, अस्तेय, अपरिग्रह)	५.प्रत्याहार
२.नियम(शौच, सन्तोष, तप,स्वाध्यय, इशवरपरणिधान)	६.धारणा
३.आसन	७.ध्यान
४.प्राणयम (रेचक, पुरक र कुम्भक)	८.समाधी
	(सविकल्प र निर्विकल्प)

कुम्भकात् कुण्डलिनीबाधः कुण्डलिनीबोधतो भवेत्।
अनर्गला सुषुम्ना च हठसिद्धिश्च जायते॥

—हठयोगप्रदिपिका (२–४७)

मनुष्यको प्राणशक्तिको सबैभन्दा ठुलो मुहान हो कुन्डलिनी। प्राणायाम मनुष्यमा भएको प्राणशक्तिलाई वशमा तथा उद्दीपन गर्न सक्ने एक शक्तिशाली विद्या हो। देह, मन र प्राण स्वास्थ्य नभई कुण्डलिनी गागरणको साधना सम्भव हुँदैन। देह, मन र प्राणलाई स्वास्थ्य राख्ने अचुक उपाय हो प्राणयाम। कुण्डलिनी शक्तिको जागरणका लागी इडा र पिङ्गला नाडी शोधित हुनुपर्छ र मात्र सुषुम्ना नाडीको द्वार खुल्छ। इडा र पिङ्गला नाडीको शोधनका लागि नाडीसोधन प्राणयाम गर्नुपर्छ (पुरक र रेचक) र साथै सुषुम्नाको द्वार खोल्न कुम्भक नै गर्नुपर्छ।

हठयोग प्रदिपीका अनुसार :

सुषुम्ना नाडी भित्र बज्र नाडी हुन्छ, बज्र नाडी भित्र चित्रणी नाडी हुन्छ र चित्रणी नाडीको मध्यमा ब्रम्ह नाडी हुन्छ। साधनाका वेला, स्पर्श या आधातले स्थिर भई जगल्टिएर बसेको कुण्डलिनी एकाएक फँणा उचाली सक्रिय भई मेरुदण्डवीचका (सप्त चक्र/षड्‌चक्र) बन्द चक्रहरूको उद्धीपन गर्दछ। जसले साधकलाई विभिन्न सिद्धि , अन्नत शक्ति, शान्ति र आन्नदको आभाष दिलाउँछ।

कुण्डलिनी जागरण पछी साधकमा आउने अष्ट सिद्धिहरू :

१.आणिमा	२. लधिमा	३. महिमा
४. प्राकाम्यम	५. वासित्त्व	६. इसित्त्व
७. कामावसियता (प्राप्ती)		८.गरिमा

वपु:कृशत्वं वदने प्रसन्नता
नादस्फुटत्वं नयने सुनिर्मले।
अरोगता विन्दुजयोऽग्निदीपनं
नाडीविशुद्धर्हठसिद्धि लक्षणम्॥

—हठयोगप्रदिपिका (२–४७)

हठयोगको मुल उद्देश्य पनि इडा र पिंगला नाडीबाट गएको शक्ति अर्थात् श्वासलाई सुषुम्ना नाडीतर्फ लगेर माथितिरका बन्द

मानवको मेरुदण्डमा अवस्थित सात चक्रहरू :

	चक्र	दल	तत्व/रङ्ग	स्थान	विज मन्त्र	देवता/देवी	कैफियत
१.	मुलाधार	४	पृथ्वी (रातो)	गुह्यद्वार	लं	गणेश/डाकिनी	युक्त त्रिवेणी
२.	स्वाधिष्ठान	६	जल(सुन्तला)	लिङ्ग केन्द्र	वं	विष्णु/राकिनी	
३.	मणिपुर	१०	अग्नि(पहेलो)	नाभी	रं	रुद्र/लाकिनी	
४.	अनाहत	१२	आकाश(हरियो)	हृदय	यं	शिव/काकिनी	
५.	विशुद्धी	१६	वायु(निलो)	कण्ठ	हं	सदाशिव/शाकिनी	
६.	आज्ञा	२	जीव(प्याजी)	आँखीभौको विच	ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे	अर्धनारेश्वर हाकिनी	
७.	सहस्रार	असंख्य	ब्रम्ह(सेतो)	तालु	ह्रीं श्रीं हुं फट्		मुक्त त्रिवेणी परमेश्वरको सिंहासन



चकहरूको उद्दीपन गर्दै सहस्रार सम्म पठाउनु हो। सुषुम्ना नाडीमा धेरै अवरोधहरू हुन्छन्, ती अवरोधहरू हटाएर श्वाँस अर्थात श्वाँसरूपी शक्तिलाई सुषुम्ना नाडी हुँदै ब्रम्हरन्ध्रमा पुर्‍याउनु नै वास्तविक रूपमा हठ्योगको लक्ष्य हो । कुण्डलिनी जागरणको सबभन्दा सजिलो उपाय हो मन्त्रसाधना। मन्त्रले प्रसुप्त कुण्डलिनीको टाउकोमा धक्का लाग्छ र ब्युँझिने प्रयास गर्छ । हठयोगीहरूका अनुसार आदिनाथ शिव बाट प्रारम्भ भएको यो पद्धति मत्स्येन्द्रनाथ, गोरखानाथ, धेरण्ड ऋषि, स्वात्मासाम योगी हुँदै संसारमा नैप्रचार प्रसार भइरहेको छ। विशेषगरी नेपालमा प्रचलित नाथसम्प्रदाय यस विद्याबाट बढी प्रभावित मानिन्छ।

हाम्रो चञ्चल , अतियन्त्रित मनका लागि यस सबभन्दा प्रभावशाली दवाई हो कुण्डलिनी । कुण्डलिनीको अनुभव नभएसम्म व्यक्तिले समाधिको ज्ञान प्राप्त गर्न सक्दैन र उभित्र भक्ति पनि जाग्दैन । मनको चेतन९त्रयलकअष्यगक० र अवचेतन ९क्गद(त्रयलकअष्यगक० तह लाई छेडेर अतिचेतन ९क्गउभच अयलकअष्यगक० स्तरबाट मौलिक भाव र चिन्तनलाई सङ्ग्रह गर्न कुण्डलिनीको सहाराबाहेक अरु केहीले पनि सम्भव हुँदैन ।

प्रतिभाको महागगनमा पुग्न कुण्डलिनी नै एकमात्र हवाईजहाज हो ।

हठ्योगको निर्देशअनुसार वायाँ खुट्टाको कुर्कुच्चाद्वारा मुलवन्ध गरी नित्य दिन शक्तिचालन अभ्यास गर्दै गयो भने कुण्डलिनी सक्रिय भई महावायुका रूपमा माथितिर लाग्न थाल्छ । खुट्टाका कुर्कुच्चाले मूलाधार दवाएर कुम्भकद्वारा श्वाँसलाई भित्र रोकी मनलाई मूलाधार चक्रमा स्थित कुण्डलिनीमा एकाग्र गरी गुहयाद्वार र लिङ्गमूलमा भएका कूहु र शङ्खिनी नाडीलाई लगनका साथ सङ्कुचन र प्रसारण गर्दै गयो भने शक्ति चालन क्रिया हुन्छ । यो क्रिया गर्ना साथ शरिरमा उत्साह र उर्जा अनुभव हुन थाल्छ । तर कुण्डलिनी जागरणको साधना सबल गुरुविना गर्नु खतरनाथ र जीवन घातक हुन्छ ।

कुण्डलिनी जागरणको क्रममा, सुरुवातमा देखापर्ने लक्षणहरू

योगका विघ्नहरू :	
१.रोगको भय	२.संसय
३.प्रमतता(घमण्ड)	४.आलस्य
५.अधिक निद्रा	६.लगन नहुनु
७.भ्रान्ती	८. विषयवासना
९.शास्त्रज्ञानको अभाव	१०. एकाग्रताको अभाव

(अष्टसात्विकी):

१. हुंकार (भित्रबाटै हुंकार ध्वनी उत्पन्न हुन्छ)
२. कम्पन (काम्न थाल्छ)
३. अश्रुपात (भावले आखाँबाट आँसु झर्ने गर्छ)
४. क्रन्दन (ध्यान गर्दा गर्दै कहिले काहीं रुन कराउन मन लाग्छ ।)
५. हसन (ध्यान गर्दा गर्दै कहिले काही अचाम्मको हाँसो उठिहाल्छ ।)
६. शिहरण (रौं ठाडो भई शरीर रोमाञ्चित हुने)
७. स्तम्भन (साधक रुखको ठूटाजस्तै एकदम निश्चल बन्छ)
८. उडान (साधन भूमि छोड्न सक्छ)

कुण्डलिनी जागेन भने सुषुम्ना पनि खुल्दैन । सुषुम्ना खुल्दा प्राणवायु यसमा प्रवेश गरी माथितिर गई चक्रभेद गर्ने प्रयास गर्न थाल्छ । मार्ग सफा नभएमा, मुलाधार, स्वाधिष्ठान र मणिपूरचक्र सम्म मात्रै चलिरहन्छ । यस अवस्थाबाट साधकलाई आन्नदको

आध्यात्मिक स्थिति प्राप्त हुन्न । जब छातीमा भएको अनाहत चक्र भेदन हुन्छ तब साधकलाई ज्योती दर्शन र नादश्रवण हुन थाल्छ । यो ज्याति र नादश्रवण त्यस उपरान्त कहिले पनि हराउँदैन । ज्ञान र भक्ति यी दुई तत्व त्यसवेला उसका लागि स्वाभाविक भइहाल्छ ।

सरस्वती नाडी उन्मोचित भई बुद्धि प्रखर हुन थाल्छ । अनाहत चक्रलाई मेदनगरी अझै माथी विशुद्धि र आज्ञाचक्रलाई पार गर्न सक्यो भने साधक सिद्ध हुन्छ । यस्तो सिद्ध साधकको हरेक इच्छा स्वतः पूर्ति हुन जान्छ । इश्वरले सधैं उहाँको जीवनयात्रामा विशेष रूपले कृपा गरिरहनु हुन्छ र परलोकको झाँकी पनि उसलाई स्पष्ट रूपले समयसमयमा प्राप्त भइरहन्छ । अनाहत चक्र भेदन गरिसकेका साधकले संप्रज्ञात र असंप्रज्ञात दुई प्रकारका समाधिलाई प्रत्यक्ष रूपमा अनुभव गरेका हुन्छन् । सर्वव्यापी ब्रम्हको अनुभव उसका लागि स्वभाव सिद्ध भइहाल्छ । कण्ठको विशुद्धी र भ्रूमध्यको आज्ञाचक्रलाई भेदन गरेका साधकले दिव्यज्ञान (वोधि) लाई प्राप्त गर्दछ र संसारका सर्वज्ञाता बन्दछ ।

सन्दर्भ सामग्री :

१. चन्द्रेश, स्वामी, कुण्डलिनी जागरण, काठमाडौंः बुढानिल्कण्ठ आश्रम (बि. स. २०६७)
२. पतञ्जली, महर्षि, हठयोगप्रदीपिका, बनारस
३. Osho, Kundalini Yoga: In Search of the Miraculous, Volume 1
४. Gurmukh Kaur Khalsa, Ken Wilber, Swami Sivananda Radha, Gopi Krishna, John White: Kundalini Rising: Exploring the Energy of Awakening
५. Iyengar, B. K. S., Light on Yoga
६. Khals, Shakta Kaur: Kundalini Yoga: Unlock Your Inner Potential Through Life-Changing ; Dk Pub (2001.01.01)
७. विकाशान्नद, डा. योगी, बैज्ञानिक मनोक्रान्ति योग, काठमाडौंः रेकी योग प्रकाशन (बि. स. २०६७)
८. प्रभुपाद, ए. सी. भक्तिवेदान्त स्वामी, श्रीमद्भागवतगीता यथारूप, मुम्बईः द भत्तिवेदान्त बुक ट्रष्ट (सन् २०१०)
९. Ramdev, Swami, AUM YOG SADHNA and Yoga Healing Secrets, Hridwar : Divya Prakashan
१०. Kundalini Kundalini - aus Italien. Von Bokka bis Shakti.

द्वारिका प्याकुरेल
शास्त्री प्रथम वर्ष

लौ म्याउँ पो भन्दियो

कविता

के हो मर्म समाजको र जनको के देश राष्ट्रियता
भन्देऊ सङ्घीयता अखण्ड धरती के हो त स्वाधीनता ।
राजा छैन सताउने तिमी सबै रैतीहरू शासक
कस्तो लाज पचाउँछौ अझ पनि हुन्छौ कि त शासक ।।

इच्छा नैतिक कानुन सबतिर भिज्ने के गर्छौ भन
राजा रैति बराबरी हक अधिकारी कहाँ छ भन ।
लाखौं रक्त बगाएर सहिदले के भो त बिल्ला भिरी
डुँक्र्यौ मात्र के भो त खै तिमी पनि दरबारमा नै छिरी ।।

भोका पेट सुसाउँथे अनि तिमी के दिन्छु भन्थ्यौ भन
नाङ्गा हात मिटाउने भनी कलम औजार बन्छौ भन ।
आफ्नै देश बनाउँदा पनि कतै बिक्दै त छैनौ भन
रैथानेहरुकै अघिपछि तिमी हिँड्दै त छैनौ भन ।।

निक्ल्यो भालु अजङ्गको तर कयौं ब्वाँसाहरू भित्रिए
साना म्याउँ लखेटिए अब झनै ढाडेहरू पल्किए ।
टाढा अन्तरमा भयक्कर बडो रागे र पाटे थियो
हार्दुट् गर्छ कि भन्दथे तर उही लौ म्याउँ पो भन्दियो ।।

Buddhism and World Peace: An Appraisal

■ **Tri Ratna Manandhar**
Lumbini Buddhist University, Nepal

Abstract

The concept of peace is as old as human civilization. Several wars and battles have disturbed peace in the world. In today's world of nuclear weapons, peace is a must. Because a few days of atomic conflict will perish the achievements of hundreds of years. Buddha's teachings and the Buddhist doctrines can do a lot to preserve peace in the world. The only thing we need to do is to adapt the Buddhist principles in our daily life and use them to avoid conflict in family, society, nation and finally the world.

Key words: Peace, conflict, Buddhism, Religion, Society, world.

Conceptual Framework:

The concept of peace is as old as the human civilization. With the foundation of human civilization, not only the human being but also the birds and beasts tried their best to live in peace. But the irony of history is that because of the lack of knowledge, the birds and beasts had to involve in regular conflict in the name of seeking peace for themselves. The human being possessed knowledge to judge what is right and what is wrong, and also the capacity to regulate their plans and programs in a satisfactory manner. Even then we read in history books about several wars which caused a lot of damage not only to the human being but also to the development of civilization itself. There was hundred years war between England and France during 14th and 15th centuries, and the same countries with the support of Prussia and Austria respectively fought seven years war in the 18th.Century. The First World War lasted for four years, and the Second World War for six years. The League of Nations was established after the First World War but it could not maintain peace for a long period. After the Second World War, the United Nations was founded, and today, it is facing multiple challenges to establish peace in the globe.

In the midst of today's nuclear weapons and sophisticated warfare technologies, any full-fledged war for a few days (not to talk of month or year) will perish the whole civilization preserved so far for thousands of years, leaving no victors or vanquished. Therefore, the prime need of today's world is the preservation of peace at any cost. A nation's development is possible only in the time of peace, and a few years conflict may destroy the achievements of hundreds of years. Rome was not built in a day, because it takes centuries to develop a nation, but Hiroshima was destroyed within a few hours of atomic bombardment in 1945.

However, the Peace should be for progress and development, and it should not serve the interests of a few persons at the cost of a nation or its people. If so happens, conflict may be inevitable. But we should remember that force and violence never solves anything. Conflict does not resolve any problem in a positive manner. "War to end all War" has only led to larger and more destructive wars.

Even if we feel our cause is just, if we in thought, word and deed make war against injustice, we are still part of the problem, and not contributing to the solution. On the other hand, if we concentrate on putting our minds at peace, then we can broadcast peace mentally and generate peace through our actions. We should use a peaceful mind to act for peace in the world.

At the same time, a peace which hinders the peace of a nation or mass cannot be acceptable in today's world, because peace is for progress and not for the suffering of a nation or its people.

A number of factors should be taken into

consideration for the preservation of peace. It should start from an individual and go ahead to family, society, nation and finally the world. The state's commitments to work for the welfare of all of its citizens, and the citizens' honest contributions to the nation without any reservation are the prime factors essential for the preservation of peace and leading the country to progress and development. A country is developed by its citizens and for this, they should be confident that they are working for their own benefit, not for any group or section. This truth is clearly visible, if we turn the pages of world history.

Science and technology have given us mastery of the forces of nature when they are hostile and dangerous, but these nuclear weapons, which are equally destructive, have created an atmosphere of fear and terror. We must also admit that the development of science and technology has narrowed down the map of the globe. No nation can remain aloof from the happening in other countries, especially the neighboring states. Scholars and writers have frequently used the words international peace and even the world government. The latter is only a philosophical expression but we should surely be serious about the preservation of peace in global context.

Religion and Peace:

It is widely believed that peace and religion are inter-related and inter-connected to one another. Religion is one's faith and belief on certain thought and principles and also a sentiment that binds a person to some specific philosophy. Every religion, be it Islam or Christianity or Hinduism or Buddhism, stands for peace and a peaceful life is the ultimate aim of all religions. But it is an irony of history that majority of wars and battles, especially in ancient and medieval times, were fought in the name of religion and millions of persons lost their lives or suffered a lot in the name of religion.

Every religion teaches us that all the problems should be solved through amicable means, and the use of force or violence is not a solution of problems. But the present world is greatly terrified by the arms race among nations-specially the powerful ones. It is a serious threat to the preservation of peace. Since the principal motto of a religion is the peaceful life, we should say -abolish nuclear weapons or at least use them only for positive activities and also stop the misuse and proliferation of conventional arms which greatly threaten the world peace and order. At the same time, we also must say -stop politicization of religion and put a ban on aggressive religious nationalism, which threaten the peaceful atmosphere of the globe.

